# कृषि तथा पशुपन्छी बीमा प्रतिवेदन, २०७८




बीमा समिति

# कृषि तथा पशुपन्छी बीमा प्रतिबेदन, २०७८

**प्रकाशक**

**बीमा समिति**
कुपण्डोल, ललितपुर ।

| | | |
|---|---|---|
| प्रकाशक | : | बीमा समिति |
| सर्वाधिकार | : | प्रकाशकमा |
| संस्करण | : | २०७८ |
| प्रकाशन प्रति | : | १००० प्रति |
| सेटिङ/मुद्रण | : | अग्नी छापाखाना, पुरानो बानेश्वर, काठमाडौं । |

# प्रक्कथन

नेपाल एक कृषि प्रधान देश हो । नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करीब २७ प्रतिशतको हाराहारीमा रहेको छ । हाल करीब ६०.४ प्रतिशत जनसंख्या कृषि पेशामा आश्रित रहेको भए तापनि देशलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन सकिएको छैन । यस परिप्रेक्ष्यमा कृषि क्षेत्रको विकास र कृषि क्षेत्रमा संलग्न जनताको व्यवसायिकता र आयस्तर बृद्धिमा जोड दिनुपर्ने देखिन्छ ।

कृषकहरूले गर्ने कृषि तथा पशुपन्छी व्यवसाय अन्तर्गत खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली, मत्स्यपालन, पशुपालन, पन्छीपालन, मौरीपालन, च्याउ खेती लगायत विभिन्न प्रकारका क्षेत्रमा जोखिमको कारणबाट उत्पन्न हुने क्षति तथा हानी विरूद्ध आर्थिक क्षतिपूर्ति प्रदान गर्न, कृषकहरूलाई व्यवसायिक खेतीतर्फ आकर्षित गर्न, कृषि तथा पशुपन्छीको क्षेत्रमा लगानी प्रोत्साहन गर्न, कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्देश्य सहित समितिबाट बि.सं. २०६९ साल माघ ०१ गते बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ जारी गरे पश्चात कृषि तथा पशुपन्छी बीमा औपचारिक रूपमा सुरूवात भई हाल यसले प्रभावकारी भूमिका निवार्ह गर्न सफल भएको पाइन्छ । समितिबाट बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ लाई समय सापेक्ष परिमार्जन गरी मिति २०७७।०८।१५ गते नयाँ कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ जारी गरिएको छ ।

कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रवर्द्धन तथा विकास गरी कृषि क्षेत्रको जोखिम कम गरी उत्पादकत्व बृद्धि र राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बृद्धि गर्ने उद्देश्य स्वरूप नेपाल सरकारले वि.सं. २०७० सालमा कृषि तथा पशुपन्छी बीमाको प्रिमियममा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको थियो भने हाल कृषि तथा पशुपन्छी बीमाको प्रिमियम ८० प्रतिशत कायम गरिएको छ । उक्त व्यवस्थाले कृषि तथा पशुपन्छी बीमाको दायरामा उल्लेखनीय रूपमा बृद्धि हुँदै गईरहेको देखिन्छ । समितिले कृषि तथा पशुपन्छी बीमालाई अझ बढी सशक्त र प्रभावकारी बनाई कृषि तथा पशुपन्छी बीमालाई गाँउगाँउसम्म पुर्याउनका लागि सबै निर्जीवन बीमा कम्पनीहरुलाई ७७ जिल्लामा अनिवार्य रूपमा कार्यक्षेत्र तोकिएको छ ।

कृषि तथा पशुपन्छी बीमामा आ.व. ०७७।०७८ सम्म भएका प्रगतिहरू संगालोको रूपमा प्रतिवेदन प्रकाशित गरिएको छ । यस प्रतिवेदन तयार पार्न सहयोग गर्नु हुने श्री राजु रमण पौडेल, कार्यकारी निर्देशक, बीमा समिति, श्री सुशिल देव सुवेदी, निर्देशक, श्री पुनम ज्ञवाली श्रेष्ठ, उप निर्देशक, सहायक निर्देशकद्वय श्री प्रिति देव तथा श्री सीता पाण्डेलाई धन्यवाद प्रकट गर्दछु । साथै, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग, कृषि विज्ञहरू, पशुपन्छी विज्ञहरू लगायत सबै निकायहरू प्रति धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

समितिले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासंगको सहकार्यमा कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन कृषि तथा पशुपन्छी बीमा अभिकर्ता तालिम लगायत विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु गर्दै आइरहेको छ । आगामी दिनहरुमा बीमा समितिले कृषि तथा पशुपन्छी बीमाको विकास र विस्तारमा सहयोग पुर्याउन सबै सरोकारवालाहरुको सहयोग र साथको अपेक्षा गर्दै कृषि तथा पशुपन्छी बीमा मार्फत देशको अर्थतन्त्रमा सकारात्मक भूमिका निर्वाह गर्न समिति निरन्तर लागिरहने छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

धन्यबाद !

सूर्य प्रसाद सिलवाल
अध्यक्ष

# बिषयसूची


| विवरण | पेज नं. |
|---|---|
| • **नेपालमा कृषि तथा पशुपन्छी बीमा एक चिनारी** | **१–१८** |
| • **कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्गत अवस्था** | **१९–४२** |
| • **कृषि तथा पशुपन्छी बीमा निर्देशिका** | **४३–७०** |
| • **कृषि तथा पशुपन्छी बीमालेखहरू** | **७१–३६०** |
| **कृषितर्फ** | |
| तरकारी खेती बीमालेख (लागत) | ७१–७८ |
| तरकारी खेती बीमालेख (उत्पादन) | ७९–१०० |
| धान बाली बीमालेख (लागत) | १०१–१११ |
| चैतेधान बाली (सामूहिक) बीमालेख (उत्पादन) | ११२–१२२ |
| फलफूल खेती बीमालेख (लागत) | १२३–१३२ |
| आलु खेती बीमालेख (लागत) | १३३–१४१ |
| केरा खेती बीमालेख (लागत) | १४२–१५२ |
| मौरी पालन बीमालेख (लागत) | १५३–१६० |
| अन्न बीउ बाली बीमालेख (उत्पादन) | १६१–१७५ |
| च्याउ खेती बीमालेख (लागत) | १७६–१८६ |
| अलैंची खेती बीमालेख (लागत) | १८७–२०० |
| अदुवा खेती बीमालेख (उत्पादन) | २०१–२१२ |
| बेसार खेती बीमालेख (उत्पादन) | २१३–२२३ |
| सुन्तला खेती बीमालेख | २२४–२३९ |
| जुनार खेती बीमालेख | २४०–२५३ |
| कागती खेती बीमालेख | २५४–२६८ |
| चिया खेती बीमालेख | २६९–२७९ |
| कफि खेती बीमालेख | २८०–३०३ |
| उखु खेती बीमालेख | ३०४–३१३ |
| मौसमी सूचाङ्क बीमालेख (उत्पादन) | ३१४–३२३ |
| घाँसे बाली बीमालेख | ३२४–३३५ |

**पशुपन्छीतर्फ**

| | |
|---|---|
| पशुधन बीमालेख | ३३६–३४७ |
| बाख्रा बीमालेख | ३४८–३५७ |
| पन्छी बीमालेख | ३५८–३७४ |
| अष्ट्रिच बीमालेख | ३७५–३८५ |
| कालिज बीमालेख | ३८६–४०१ |
| माछा बीमालेख | ४०२–४१७ |

- **कृषि तथा पशुपन्छी बीमासंग सम्बन्धित बीमा कम्पनीका प्रतिनिधिहरूको सम्पर्क नं.** **४१८–४२२**
- **बीमा कम्पनीको नाम, ठेगाना तथा सम्पर्क नं.** **४२३**

# नेपालमा कृषि तथा पशुपन्छी बीमा एक चिनारी

**बीमा**

नेपाल जस्तो बिकासोन्मुख मुलुक मात्र नभएर बिश्वका सम्पूर्ण बिकसित देशहरू जोखिमबाट सुरक्षित रहेका छैनन् । मानवीय जीवन, स्वास्थ्य तथा धन सम्पत्तिमा विभिन्न प्रकारका जोखिमहरू व्याप्त रहेका हुन्छन् । संसारमा जति जति प्रविधि र आधुनिकताको बिकास हुँदै गइरहेको छ त्यतिनै मात्रामा जोखिमको समेत बृद्धि हुँदै गइरहेको पाइन्छ । मानिसको जीवन तथा सम्पत्तिमा हुने विभिन्न प्रकारको भवितव्य, दुर्घटनाबाट सिर्जित क्षतिबाट हुने आर्थिक हानी नोक्सानीलाई  परिपूर्ति गर्ने माध्यम बीमा हो । बीमा जोखिम विरूद्ध अपनाइने सामाजिक एवं आर्थिक सुरक्षा रणनीतिको प्रभावकारी औजारको रूपमा रहेको हुन्छ । बीमा मानव जीवन र भौतिक सम्पत्तिमा आईपर्ने जोखिम व्यवस्थापनको सबैभन्दा उत्तम र सही उपाय मानिन्छ ।

बीमा वित्तीय क्षेत्रको एक प्रणालीको रूपमा रहेको छ । बीमाले देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । बीमाले जीवन तथा सम्पत्तिमा हुने क्षति हानी विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ, बचतमा प्रोत्साहन, आश्रित परिवारलाई भलाई, व्यवसाय निरन्तरका लागि पूँजीको व्यवस्था, कर छुट आदि जस्ता भूमिका निर्वाह गर्नाले बीमाको निकै महत्व रहेको छ ।

नेपाल प्राकृतिक प्रकोपका लागि बहु जोखिमयुक्त क्षेत्र हो । आफुले पालन गरेको पशुपन्छी, बाली नालीमा प्राकृतिक जोखिम जस्तैः- हावाहुरी, अधिक बर्षा, भुकम्प, बाढी, पहिरो, चट्याङ् आदिका कारणबाट हुने आर्थिक क्षतिको सुरक्षण गर्नका लागि कृषि तथा पशुपन्छी बीमाको महत्व रहेको छ । त्यसैगरी, व्यवसायिक भवन, पसल, घर, गोदाम आदि जस्ता सम्पत्तिमा हुने आगलागी, चोरी, भूकम्पको कारणले हुने क्षति आदि जस्ता बिपदाबाट उत्पन्न हुने खतरा विरूद्ध सम्पत्ति बीमाको महत्व रहेको छ । आफ्नो निजी तथा व्यवसायिक सवारी साधनमा हुने क्षति हानी विरूद्ध मोटर बीमाको महत्व रहेको छ । ग्रामिण क्षेत्रमा बसोबास गर्ने न्यून आय भएको वर्गको जीविकोपार्जन गर्न दैनिक जीवनमा तथा भविष्यमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणमा सहयोग पुर्याउनका लागि लघुबीमाको महत्व रहेको छ । बीमा अनिश्चित जोखिमलाई हस्तान्तरण गरी आर्थिक क्षतिपूर्ति प्राप्त गर्ने माध्यम हो भने बीमा बीमित र बीमक बीचको कानूनी करार समेत हो ।

**नेपालमा कृषि तथा पशुपन्छी बीमा**

कृषि नेपालको अर्थ व्यवस्थाको मूख्य आधार हो र देशको दुई तिहाई जनसंख्याको जीविकाको श्रोत कृषि हो । कूल ग्रार्हस्थ्य उत्पादनमा कृषिको योगदान २७ प्रतिशत रहेको छ । नेपाल कृषि प्रधान देश भएकोले कृषि क्षेत्रको विकास हुनु भनेको देशको आर्थिक विकास हुनु हो ।

नेपालको कृषि निर्वाहमुखी पेशाको रुपमा रहेको छ। धेरै जसो कृषि योग्य भूमी खास गरी पहाडी क्षेत्रमा सिंचाईको सुविधा पुग्न नसकेको हुँदा कृषि व्यवसाय आकाशे पानीमा निर्भर रहेको छ। कहिले सुख्खा तथा कहिले अत्यधिक वर्षा, कहिले बाढी, हावाहुरी, पहिरोको कारणबाट बाली नालीको क्षति जस्ता विभिन्न किसिमबाट हुने क्षति तथा बाली तथा पशुपन्छीमा लाग्ने विभिन्न किसिमका रोगहरु, वन्यजन्तुहरुबाट हुने चरन तथा जलवायु परिवर्तनजन्य विविध कारणहरुबाट हुने क्षतिहरुबाट निर्वाहमुखी कृषकहरु बढी प्रभावित हुन्छन्। कृषि बीमामा हुने जोखिमको भार कम गरी कृषकको आर्थिक उन्नति तथा शाख कायम राखी निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक कृषि पेशातर्फ उन्मुख गराउने उद्देश्यले बीमा समितिबाट वि.सं. २०६९ सालदेखि बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ मार्फत कृषि बीमाको शुरुवात गरिएको हो।

कृषि व्यवसाय अन्तर्गत बाली तथा पशुधनको सम्भावित हानी नोक्सानीबाट उत्पन्न हुने आर्थिक क्षतिपूर्तिका लागि गरिने बीमा कृषि बीमा हो। खेती गरिएको खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली, औद्योगिकबाली, मत्स्यपालन, मौरीपालन, च्याउ खेती लगायत विभिन्न प्रकारका बालीहरू र घरपालवा पशु तथा पन्छीहरूको जोखिम सुरक्षणको लागि कृषि तथा पशुपन्छी बीमाको अवधारणको विकास भएको हो।

## कृषि तथा पशुपन्छी बीमाको उद्देश्यहरू

मुलुकमा कृषि क्षेत्रको प्रवर्द्धन गरी आत्मनिर्भर मुखी अर्थतन्त्रको बिकास गर्नु नै कृषि तथा पशुपन्छी बीमाको मूख्य उद्देश्य रहदै आएको छ।

- कृषि क्षेत्रलाई विस्तार एवं प्रवर्द्धन गर्ने,
- कृषकहरुको काबु भन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणमा कृषकहरुलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने,
- कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्ने,
- कृषि क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्ने,
- कृषि उत्पादनलाई बृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने,

## कृषि तथा पशुपन्छी बीमाको क्षेत्र

समितिबाट बि.सं. २०७७।८।१५ मा बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ लाई खारेज गरी कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ जारी गरिएको छ। कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ बमोजिम कृषि तथा पशुपन्छी बीमाको क्षेत्रलाई निम्न बमोजिम बर्गिकरण गरिएको छ।

क. वनस्पतिको बीमा

ख. जीवजन्तुको बीमा

**वनस्पति तथा जीवजन्तु अन्तर्गत निम्न किसिमका बीमाहरू पर्दछन्।**

| क्र.सं. | जीवजन्तु | क्र.सं. | वनस्पति |
|---|---|---|---|
| क | गाइभैंसी | क | अन्नबाली |
| ख | भेडाबाख्रा | ख | दलहन |
| ग | घोडा वर्ग | ग | तेलहन |
| घ | सुंगुर वर्ग | घ | तरकारी |
| ङ | घरपालुवा जनावर | ङ | च्याऊ |
| च | पन्छी | च | फलफूल |
| छ | माछा | छ | सुख्खा फल (नट वर्ग) |
| ज | किरा | ज | कन्दमूल |
| झ | अन्य पशुपन्छी | झ | चिनीजन्य बाली |
| | | ञ | पेय |
| | | ट | मसला |
| | | ठ | फूल |
| | | ड | जडिबुटी |
| | | ढ | घाँसेबाली |
| | | ण | किरा (वनस्पति वर्गमा राखिने किरा वर्ग) |
| | | त | खाद्यान्न |
| | | थ | अन्य वनस्पति |

**कृषि तथा पशुपन्छी बीमाको बीमाशूल्कमा अनुदान**

नेपाल सरकारले कृषिमा आत्मनिर्भर हुन र स्वरोजगारी सिर्जना गर्ने उद्देश्यले मिति २०७० साउन १ गते देखि कृषि तथा पशुपन्छी बीमाको बीमा शुल्कमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरेको थियो। शुरुमा कृषि तथा पशुपन्छी बीमाको बीमा शुल्कमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएकोमा कृषि तथा पशुपन्छी बीमामा कृषकहरू आकर्षित गरी थप प्रभावकारी बनाउनका लागि २०७१ साउन १ गतेदेखि बीमा शुल्कको अनुदानलाई बृद्धि गरी ७५ प्रतिशत अनुदान दिने व्यवस्थाका साथै मूल्य अभिबृद्धि करमा छुट समेत प्रदान गर्ने नीति लिएको थियो। हाल प्रदान गरिदै आएको ७५ प्रतिशतको अनुदानलाई नेपाल सरकारको आ.व. ०७८।०७९ को बजेट बक्तव्यबाट ५० प्रतिशत पुर्याइएकोमा मिति २०७८।०६।०७ देखि लागू हुने गरी ८० प्रतिशत कायम गरिएको छ।

बाली तथा पशुपन्छी बीमा अनुदान सम्बन्धी व्यवस्था कार्यान्वयन गर्नका लागि बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० बमोजिम बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समिति स्थापना गरियो। उक्त कोषमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम लगायत अन्य क्षेत्रबाट प्राप्त हुने रकम जम्मा हुने व्यवस्था गरिएको छ। उक्त कोषमा रहेको रकम बीमकहरुलाई बीमा शुल्क अनुदान वापत उपलब्ध गराउन खर्च गरिन्छ।

बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिको संरचना देहाय बमोजिम रहेको छ ।

| | | |
|---|---|---|
| १. सचिव, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय (कृषितर्फ) | – | अध्यक्ष |
| २. सह–सचिव, अर्थ मन्त्रालय | – | सदस्य |
| ३. सह–सचिव, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय | – | सदस्य |
| ४. सह–सचिव, राष्ट्रिय योजना आयोग | – | सदस्य |
| ५. महा–निर्देशक, कृषि विभाग | – | सदस्य |
| ६. महा–निर्देशक, पशु सेवा विभाग | – | सदस्य |
| ७. मन्त्रालयले मनोनयन गरेको बीमा कम्पनीहरुको प्रतिनिधि | – | सदस्य (एक जना) |
| ८. मन्त्रालयले मनोनय गरेको कृषि विज्ञ वा पशु विज्ञबाट | – | सदस्य (एक जना) |
| ९. कार्यकारी निर्देशक, बीमा समिति | – | सदस्य–सचिव |

**बाली तथा पशुधन बीमा कोषको सञ्चालन देहाय बमोजिम गरिने व्यवस्था रहेको छः–**

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० बमोजिम कृषि तथा पशुपन्छी बीमा कार्यक्रम अन्तर्गत कोष स्थापना गरिएको छ । उक्त कोषमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम लगायत अन्य क्षेत्रबाट प्राप्त हुने रकम जम्मा हुने व्यवस्था रहेको छ । कोषको सञ्चालन देहाय बमोजिम रहेको छ ।

१. कोषमा प्राप्त हुने रकम नेपाल सरकारले तोकेको “क” वर्गको बैंकमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।
२. कोषको खातामा सञ्चालन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।
३. कोषबाट बीमा प्रिमियम अनुदानको लागि मात्र रकम खर्च गरिनेछ ।
४. नेपाल सरकारबाट जारी भएका वा जारी हुने नीति निर्देशन बमोजिम कृषि तथा पशुपन्छी बीमामा अनुदानको व्यवस्था गरिनेछ ।
५. कोषको आय–व्यय हिसाब विवरणको लेखापरीक्षण प्रत्येक वर्ष गरिनेछ ।
६. कोषको आय–व्यय हिसाब नेपाल सरकारको प्रचलित लेखा प्रणाली बमोजिम राखिनेछ ।
७. कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिनेछ ।
८. समितिले आवश्यक ठानेमा कोषको सञ्चालनका लागि छुट्टै निर्देशिका बनाई कार्य गर्न सक्नेछ ।

## लेखा र लेखापरीक्षण

कृषि तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० बमोजिम कृषि तथा पशुपन्छी बीमा कार्यक्रम अन्तर्गत स्थापना गरिएको कोषको आय व्यय हिसाब विवरणको लेखापरीक्षण प्रत्येक वर्ष गरिनेछ ।

१. कोषको लेखापरीक्षण नेपाल सरकारको प्रचलित लेखा प्रणाली बमोजिम राखिनेछ,
२. कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिनेछ ।

**कृषि तथा पशुपन्छी बीमाले रक्षावरण गर्ने जोखिमहरुः**

१. आगलागी वा अग्नीको कारणले भएको क्षति
२. हुरीबतासको कारणले भएको क्षति
३. आँधिबेहरी वा तुफानको कारणले भएको क्षति
४. अति वृष्टि र बेमौसमी वर्षाको कारणले भएको क्षति
५. असिना, हिउँको कारणले भएको क्षति
६. बाढी वा डुबानको कारणले भएको क्षति
७. खडेरीको कारणले भएको क्षति
८. तुसारो, शितलहरको कारणले भएको क्षति
९. भूकम्पको कारणले भएको क्षति
१०. पहिरो वा भू-स्खलनको कारणले भएको क्षति
११. चट्याङको कारणले भएको क्षति
१२. आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति (जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर, खोस्रेर वा उधिनेर वा झारेर)
१३. रोगको कारणले भएको क्षति
१४. किराको कारणले भएको क्षति

**हालसम्म जारी भएका कृषि तथा पशुपन्छी बीमालेखहरु**

बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ जारी गर्दा जम्मा चारवटा बीमालेख जारी गरी कृषि बीमाको शुरुवात गरिएकोमा हाल बीमालेखको संख्यामा उल्लेख्य रुपमा बृद्धि भएको छ । विगतमा लागतमा आधारित बीमालेखहरु जारी गर्ने गरेकोमा हाल उत्पादनमा आधारित बीमालेखहरु जारी गर्ने गरिएको छ । कृषकको माग समेतका आधारमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग तथा पशु सेवा विभाग समेतको प्राविधिक सहयोगमा विभिन्न बीमालेखहरु जारी गर्दै आएको छ । हाल जारी गरिएका लागतमा आधारित बीमालेखहरुमा तरकारी, च्याउखेती, धानबाली, आलुखेती, फलफूलखेती, मौरी तथा अलैँचीखेती बीमालेख छन् । त्यस्तै, उत्पादनमा आधारित बीमालेखहरुमा तरकारी, मौसमी सूचांक, उखु, अन्नबीउ बाली, चैतेधान, अदुवा खेती, बेसार खेती, चिया खेती, कफी खेती, सुन्तला खेती, जुनार खेती तथा कागती खेती बीमालेखहरु रहेका छन् । उत्पादनमा आधारित बीमालेख तयार गर्दा कृषकहरु बीमातर्फ थप आकर्षित भई बाली बीमाको दायरा अझ बढी

फराकिलो हुने कुरालाई मध्यनजर गर्दै बीमा समितिबाट ४९ वटा तरकारीमा (गोलभेडा, काँक्रो, घिरौला, करेला, फर्सी, जुकेनी, लौका, भिण्डी, सिमी, बोडी, काउली, बन्दा, ब्रोकाउली, मुला, गाजर, भेडे खुर्सानी, पिरा खुर्सानी, अकबरे खुर्सानी, प्याज, परवल, तरवुजा, भण्टा, हरियो केराउ, आलु) उत्पादनमा आधारित बीमालेख तयार गरी प्रचलनमा ल्याइएको छ । पशुपन्छी तथा माछा बीमा अन्तर्गत पशुधन बीमालेख, बाख्रा, पन्छी, अष्ट्रिच, कालिज तथा माछा बीमालेख जारी गरिएको छ । हाल जारी गरिएको कालिज बीमालेखमा अनुदानको व्यवस्था नभएको हुँदा सो बीमालेख खरिद गर्दा बीमितले बीमा शुल्क बापत लाग्ने पूरै रकम बीमकलाई बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

**हालसम्म जारी भएका बीमालेखका प्रकार र उक्त बीमालेखहरुमा भएको बीमा शुल्कको व्यवस्थाः**

| **कृषि बीमातर्फ** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **बीमालेख** | **प्रकार** | **बीमा शुल्क** |
| १ | तरकारी | उत्पादनमा आधारित | बीमाङ्कको ७ प्रतिशत (प्रति बाली) |
| | | लागतमा आधारित | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) |
| २ | अन्नबाली | चैत धान, बीज बृद्धि | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) |
| | | घाँसे बाली | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) |
| ३ | मसला | अदुवा | बीमाङ्कको ७ प्रतिशत (प्रति बाली) |
| | | बेसार | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) |
| | | अलैंची | बीमाङ्कको ५ प्रतिशत |
| ४ | फलफूल | स्याउ (मौसमी सुचाङ्कमा आधारित) | बीमाङ्कको ८ प्रतिशत (प्रति बाली) |
| | | केरा | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) |
| | | उखु | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली |
| | | सुन्तला | बीमाङ्कको ५ प्रतिशत |
| | | कागती | बीमाङ्कको ५ प्रतिशत |
| | | जुनार | बीमाङ्कको ५ प्रतिशत |
| ५ | अन्य | मौरी | बीमाङ्कको ५ प्रतिशत |
| | | चिया | बीमाङ्कको ५ प्रतिशत |
| | | कफि | बीमाङ्कको ५ प्रतिशत |

| पशुपन्छी बीमातर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | बीमालेख | प्रकार | बीमा शुल्क |
| १ | पशु बीमा | पशु | बीमाङ्कको ५ प्रतिशत |
| | | बाख्रा | बीमाङ्कको ५ प्रतिशत |
| २ | पन्छी बीमा | अष्ट्रिच | बीमाङ्कको २ प्रतिशत |
| | | कुखुरा (ब्रोइलर) | बीमाङ्कको १.२५ प्रतिशत |
| | | लेयर्स, प्यारेन्ट, हाँस | बीमाङ्कको ५ प्रतिशत |
| | | कालिज बीमालेख (अनुदानको व्यवस्था नरहेको) | बीमाङ्कको १.२५ प्रतिशत |
| ३ | माछा बीमा | माछा | बीमाङ्कको २ प्रतिशत |
| | | पोखरी | बीमाङ्कको १ प्रतिशत |

**कृषि तथा पशुपन्छी बीमा गर्ने प्रक्रिया**

कृषि तथा पशुपन्छी बीमा गर्ने एउटा निश्चित प्रक्रिया रहेको छ। आफुले बीमा गर्ने आफ्नो सम्पत्तिको बारेमा प्रथम जानकार स्वयम् बीमित आफै हुनु पर्दछ। कृषि तथा पशुपन्छी बीमा गर्न चाहने व्यक्ति वा संस्थाले कृषि तथा पशुपन्छी बीमा अभिकर्ता मार्फत वा सोझै बीमा कम्पनीमा गई बीमा गराउनका लागि अनुरोध गर्न सक्दछ। कृषि तथा पशुपन्छी बीमा प्रक्रियाका लागि सामान्यतया निम्न कागजपत्रहरु आवश्यक पर्दछ।

(क) पूर्ण रुपले भरिएको प्रस्ताव फाराम

(ख) प्राविधिकको जाँच सिफारिसपत्र (बीमा गरिने वस्तु बीमा योग्य छ वा छैन)

(ग) बीमालेखमा उल्लेख भए अनुसार सम्बन्धित निकायको सिफारिसपत्र

(घ) कम्तीमा पाँचवटा स्थिर फोटो तथा कम्तीमा तीन मिनेटको भिडियो (प्राविधिक आफैले खिचेको हुनुपर्ने)

**कृषि तथा पशुपन्छी बीमामा तोकिएका शर्तहरुः**

कृषि तथा पशुपन्छी बीमालेखहरु बमोजिम कृषि तथा पशुपन्छी बीमा गरेका बीमितहरूले आफुले पालेका पशुपन्छी तथा बाली, तरकारी, फलफूलहरू आदिको बीमा लेखमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्ने हुन्छ। यस्ता शर्तहरु निम्न अनुसार रहेका छन्ः

(क) पूर्ण स्वस्थ र निरोगी हुनुपर्ने

(ख) खोप लगाउनु पर्ने

(ग) रोग लागेमा उचित उपचार गराउनु पर्ने

(घ) बस्ने स्थान स्वच्छ, हावा जान सक्ने, सफा, व्यवस्थित गर्नुपर्ने

(ङ) सन्तुलित आहारको व्यवस्था गर्नुपर्ने

(च) बीमा कम्पनी निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न दिनुपर्ने,

(छ) बालीको उचित तरिकाले मलजल, गोडमेल, किटनासक प्रयोग गर्नुपर्ने,

**कृषि तथा पशुपन्छी बीमामा क्षतिपूर्ति सम्बन्धी व्यवस्था:**

कृषि तथा पशुपन्छी बीमा अन्तर्गत पशुपन्छीको क्षति नोक्सानी भएमा क्षतिपूर्ति सम्बन्धी व्यवस्था निम्न रहेको छ।

| | | |
|---|---|---|
| पशु | मृत्यु भएमा | बीमाङ्क रकमको ९० प्रतिशत |
| | पूर्ण स्थायी रुपमा अशक्त | बीमाङ्क रकमको ५० प्रतिशतसम्म |
| | थुनेलो रोग लागेमा | रोग ३० प्रतिशत |
| बाली | हानी नोक्सानी(लागत मूल्य) | वास्तविक क्षतिको ९० प्रतिशतसम्म |
| पन्छी | हानी नोक्सानी, मरेमा | वास्तविक क्षति बराबर |
| माछा | हानी नोक्सानी, मरेमा | वास्तविक क्षतिको ९० प्रतिशतसम्म |

**कृषि तथा पशुपन्छी बीमामा क्षतिपूर्ति नपाईने अवस्थाहरु**

(क) कानूनी निकायको आदेशमा नष्ट गर्नुपर्ने भएमा

(ख) बीमा गरिएको वस्तु हराएमा वा चोरी भएमा

(ग) बीमा गरिने वस्तुको बारेमा झुट्ठा बिवरण दिएमा

(घ) बीमालेखमा उल्लेख गरिएको क्षमता भन्दा बढी पालन गरेमा

(ङ) बर्डफ्लुको कारणबाट मरेमा (पन्छी बीमाको हकमा)

(च) अन्य प्रयोजनमा प्रयोग गरेमा (पशु बीमाको हकमा)

(छ) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित वस्तु वा सम्पत्तिको क्षति भएमा।

## कृषि तथा पशुपन्छी बीमामा मध्यस्थकर्ता सम्बन्धी व्यवस्था

कृषि तथा पशुपन्छी बीमा व्यवसायलाई व्यवस्थित गर्न कृषि तथा पशुपन्छी बीमामा मध्यस्थकर्ताको व्यवस्था गरिएको छ। ती मध्यस्थकर्ताहरूमाः-

- **कृषि तथा पशुपन्छी बीमा अभिकर्ता**
  - कृषि तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्न समितिबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा अभिकर्ता (व्यक्ति वा संस्था) सम्झनु पर्छ।
  - कृषि तथा पशुपन्छी बीमामा प्राविधिकको योग्यता प्राप्त गरेका व्यक्ति वा संस्थाले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गर्न सक्नेछन्।
  - कृषि तथा पशुपन्छी बीमा अभिकर्ता सम्बन्धी तालिम लिई समितिबाट बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त गरेको व्यक्ति वा संस्थालाई बीमकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गराउन सक्नेछ।
  - कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले एउटै बीमालेखमा कृषि तथा पशुपन्छी प्राविधिक र कृषि तथा पशुपन्छी अभिकर्ता भई कार्य गर्न पाउने छैन।
  - कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले निश्चित कार्य गरे वापत दश प्रतिशत कमिशन पाउने व्यवस्था रहेको छ।
  - यदि कुनै संस्था कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहेमा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि कार्य संग सम्बन्धित कृषि वा वनस्पति सम्बन्धी सहकारी संस्था वा कृषि सहकारी समूह वा कृषक समूह वा कृषि सम्बन्धी फर्म वा कम्पनी हुनुपर्ने, संस्थाको उद्देश्यमा कृषि तथा पशुपन्छी बीमा अभिकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने, संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मूख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्ति कृषि तथा पशुपन्छी बीमा अभिकर्ता सम्बन्धी तालिममा सहभागी भएको हुनुपर्ने प्रावधान रहेको छ।

- **कृषि तथा पशुपन्छी बीमा प्राविधिक,**
  - प्राविधिकको रूपमा कार्य गर्नका लागि न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि वा पशु वा वनस्पति विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि वा पशु विज्ञानमा सो भन्दा माथिल्लो योग्यता प्राप्त गरेको व्यक्ति हुनु पर्नेछ।
  - प्राविधिकले बीमा गरिने वस्तुको स्वास्थ्य जाँच सिफारिस वा गुणस्तर जाँच सिफारिस गरी उक्त वस्तुको स्वास्थ्य वा गुणस्तरको आधारमा बीमा गर्न योग्य छ वा छैन भनी सिफारिसपत्र बीमितलाई प्रदान गर्नु पर्नेछ।
  - प्राविधकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ता रूपमा समेत कार्य गर्न पाउने

व्यवस्था रहेको छ। तर, एउटै बीमालेखमा भने प्राविधिक तथा अभिकर्ता भई कार्य गर्न प्रतिबन्ध लगाएको छ।

* प्राविधिकले निश्चित कार्य गरे वापत पाँच प्रतिशत पारिश्रमिक रकमको पाउने व्यवस्था रहेको छ।
* यदि कुनै संस्थाले प्राविधिकको रूपमा कार्य गर्न चाहेमा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, वनस्पति वा पशुपन्छी कार्यसंग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने, संस्थाको उद्देश्यमा कृषि, वनस्पति तथा पशुपन्छी बीमाको प्राविधिक भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनु पर्नेछ।
* प्राविधिकले बीमालेखमा उल्लेख भएको भए सोही बमोजिम र बीमालेखमा उल्लेख नभएको भए आफ्नो बिशेषज्ञता भएको बीमा (कृषि वा पशुपन्छी मध्ये कुनै एक) सम्बन्धी कार्य मात्र गर्न पाउने व्यवस्था रहेको छ।

- **कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ता**
  * कृषि तथा पशुपन्छी बीमा अन्तर्गत जारी भएका बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।
  * कृषि तथा पशुपन्छी बीमा दावी अन्तर्गतको क्षतिको मूल्याङ्कन गर्नका लागि वि.सं. २०७८ साल माघ ०१ गते देखि लागू हुने गरी छुट्टै क्षति मूल्याङ्कनकर्ताको व्यवस्था गरेको छ।
  * बीमकले दुई लाख भन्दा बढी रकमको बीमाङ्क भएको बीमालेख अन्तर्गतको दावीको हकमा अनिवार्य रूपमा क्षति मूल्याङ्कनकर्ता खटाउनुपर्ने र सो को पारिश्रमिक भने बीमकले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ।
  * क्षति मूल्याङ्कनकर्ता हुनको लागि नेपाली नागरिक हुनुपर्ने, मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी सम्बन्धी बिषयमा कम्तीमा दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, समिति वा समितिको स्वीकृति लिई बीमकले सञ्चालन गरेको क्षति मूल्याङ्कनकर्ता सम्बन्धी बमोजिमको तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको।

## क्षतिको सूचना दिनु पर्ने

कृषि तथा पशुपन्छी बीमा अन्तर्गत बीमा गरिएको सम्पत्तिको क्षति भएको अवस्थामा बीमालेखमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा यथासम्भव छिटो वा क्षतिको प्रमाण नष्ट हुनु अगावै वा निरन्तर क्षति भइरहेको अवस्था भएमा त्यसरी क्षति भइरहेको अवधि भित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, इमेल, एसएमएस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट खबर वा जानकारी गराउनु पर्नेछ । हालसम्म जारी विभिन्न बीमालेख बमोजिम निम्नानुसारको समयावधि भित्र बीमितले बीमा कम्पनीलाई जानकारी गारउनु पर्ने व्यवस्था रहेको छ ।

- बीमितको पन्छी मरेमा दुई (२) दिनभित्र
- बालीको क्षति हानी भएमा तीन (३) दिनभित्र
- पशुधनको मृत्यु भएमा तीन (३) दिनभित्र
- माछा मरेमा दुई (२) दिनभित्र

## बीमालेख नामसारी गरिदिनुपर्ने

बीमा गरेको सम्पत्तिको बिक्री गरी स्वामित्व परिवर्तन गरेको अवस्थामा बीमकले बीमा कम्पनीलाई जानकारी दिनु पर्नेछ, बीमकले जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र निशुल्क नामसारी गरिदिनु पर्ने व्यवस्था रहेको छ ।

## कृषि तथा पशुपन्छी बीमामा बीमालेख रद्द गर्न सकिने अवस्थाहरू:

- बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
- बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
- बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भीर लापरवाही गरेको,
- बीमा गरेको वस्तु त्याग गरेको,
- गैरकानूनी तवरले बीमा गराएको,
- बीमायोग्य हित कायम नभएको ।

## कृषि तथा पशुपन्छी बीमामा दावी सम्बन्धी व्यवस्था

बीमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिमको कागजातहरू माग गर्नु पर्नेछः

- ➢ पूर्ण रूपले भरिएको दावी फाराम,
- ➢ पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति

- सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत)
- स्थानीय तहको वडा कार्यालयको सिफारिस
- सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिमको अद्यावधिक अभिलेखको प्रति।
- बीमकले आफू समक्ष परेको कृषि तथा पशुपन्छी बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

बीमा कम्पनी समक्ष उल्लेखित कागजात प्राप्त भएपछि बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ। दुई लाख रूपैयाँ भन्दा कम बीमाङ्क रकम भएको बीमालेखको हकमा बीमा कम्पनी आफैले क्षतिको मूल्याङ्कन गर्न सक्ने व्यवस्था रहेको छ। कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा तीन मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ। कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्र्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ। क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित लिखित जानकारी दिनु पर्नेछ। बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ। बीमकले दावी निवेदन अस्वीकार गरेमा, दावी भुक्तानी नदिएमा वा मर्का पर्ने गरी दावी बापतको दायित्व निर्धारण गरेमा बीमा समितिमा उजुरी गर्न सकिने व्यवस्था रहेको छ।  बीमा समितिले गरेको निर्णय उपर बीमितलाई चित्त नबुझेमा पैंतिस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था बीमा नियमावली, २०४९ मा व्यवस्था गरिएको छ।

**कृषि तथा पशुपन्छी बीमामा देखिएका चुनौतीहरू**

नेपाल सरकारले कृषि क्षेत्रको समग्र विकासको लागि अवलम्बन गरेको कृषि तथा पशुपन्छी बीमालाई ग्रामिण स्तरसम्म पुर्याउन बीमा समितिले तथा सम्बन्धित निकायहरूबाट अथक प्रयासहरू हुँदै आएको छ। तथापि, सञ्चालनमा रहेको नवौं वर्षमा प्रवेश गर्दा पनि यस क्षेत्रले अपेक्षित गति लिन सकेको छैन। यसो हुनुमा मूख्यतः निम्न कारणहरूलाई चुनौतिका रूपमा लिन सकिन्छः

- परम्परागत कृषि प्रणाली

- प्रचार प्रसारमा कमी
- कृषि तथा पशुपन्छी बीमा प्रति जनचेतनाको कमी
- व्यावसायिक कृषि पेशाको अभाव
- भौगोलिक कठिनाई
- बीमा शिक्षाको अभाव
- बेरोजारी तथा न्यून आयस्तर
- बीमा कम्पनीहरूको ग्रामिण क्षेत्रमा न्यून उपस्थिति
- बीमा कम्पनी प्रतिको अविश्वसनीयता
- बीमा क्षेत्रसंग संघीय, प्रादेशिक र स्थानीय सरकारको समन्वयको अभाव
- कृषि तथा पशुपन्छी बीमा अनुगमन कार्यमा कमी
- कृषि बीमाको लागि बीमा अभिकर्ता तथा कृषि प्राविधिकको कमी तथा प्रक्रियागत ज्ञानको अभाव

### कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा सुझावहरू

प्ररम्भिक चरणमा कृषि तथा पशुपन्छी बीमामा जनचेतनाको कमी र प्रचारप्रसारको अभावले सन्तोषजनक गति लिन नसकेपनि हालैका वर्षहरूमा द्रुत गतिमा यस बीमाको बृद्धि हुँदै गएबाट भविष्यमा कृषि तथा पशुपन्छी बीमाले व्यापकता प्राप्त गर्नेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ। कृषि तथा पशुपन्छी बीमालाई अझै बढी सशक्त रूपमा कृषकहरूको घरदैलोसम्म पुर्याई आम जनतामा समेत कृषि तथा पशुपन्छी बीमाको महत्व बोध गराउनका लागि निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छः

- प्रत्येक स्थानीय तहमा कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तयार गर्ने,
- स्थानीय तहमा बीमा कम्पनीसँग सम्झौता गरी कृषि तथा पशुपन्छी बीमालाई आवश्यक प्रयोजनमा ल्याउने,
- स्थानीय बीमा कम्पनी तथा कृषि कार्यालयसंग समन्वय गरी बाली तथा पशुपन्छी बीमालाई प्राथमिकता दिने,
- समितिको सहकार्यमा बीमा सम्बन्धी जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- समितिले सञ्चालन गरेको बीमा सम्बन्धी तालिममा अन्य पक्षलाई सहभागी गराउने,
- कृषि तथा पशुपन्छी बीमा गर्ने बीमकहरूको भूमिकालाई सक्रिय बनाउने,
- प्रचलनमा रहेका बीमालेखहरूमा आवश्यकता अनुसार परिमार्जन गर्ने।

| आ.व. ०७१/०७२ देखि आ.व. २०७७/०७८ सम्म कृषि तथा पशुपन्छी बीमाको प्रगति विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कृषि बीमा तर्फ** | | | | | | | | | | |
| आ.व. | बीमांक | वृद्धि प्रतिशत | बीमाशूल्क | वृद्धि प्रतिशत | अनूदान | वृद्धि प्रतिशत | दावी रकम | वृद्धि प्रतिशत | दावी संख्या | वृद्धि प्रतिशत |
| २०७०।७१ | १५,२२२,७४३।८० | - | ८५५,३१५।४० | - | ४२७,६५७।७० | - | ( | - | - | - |
| २०७१।७२ | १४८,४५५,००१।१३ | ८७५।२२ | ८,३३०,१३८।९७ | ८७३।९३ | ६,२५०,९६५।८६ | १३६१।६८ | १,७४१,४८२।२१ | - | - | - |
| २०७२।७३ | ४३८,७२१,०००।६८ | १९५।५२ | २१,६३३,९९८।०१ | १५९।७१ | १६,२२५,४९८।५१ | १५९।५७ | ९,७३९,८९८।०० | ४५९।२९ | - | - |
| २०७३।७४ | ७७६,२८३,१३१।०९ | ७६।९४ | ३८,५८८,२२५।४९ | ७८।३७ | २८,९४१,१६९।१२ | ७८।३७ | २९,५७७,७५८।४० | २०३।६८ | - | - |
| २०७४।७५ | ६१४,०२८,१५१।५० | (२०।९० | २९,८९०,५९७।९६ | (२२।५४ | २२,४१७,९४८।४७ | (२२।५४ | ३७,६९८,२२७।५० | २७।४५ | - | - |
| २०७५।७६ | १,१३३,७३७,९५२।०५ | ८४।६४ | ६४,९१२,४२०।८२ | ११७।१७ | ४८,६८४,३१५।६२ | ११७।१७ | ८६,८०१,४९८।२२ | १३०।२५ | - | - |
| २०७६।७७ | १,६०७,०३४,००६।९२ | ४१।७५ | ८२,९२३,५३२।७३ | २७।७५ | ६२,१९२,६४९।५५ | २७।७५ | ५९,९९६,७७५।३१ | (३०।८८ | ५६३ | - |
| २०७७।७८ | २,९११,८४७,२२६।४४ | ८१।१९ | १५३,८५२,०६५।७१ | ८५।५३ | ११५,३८९,०४९।२८ | ८५।५३ | १०४,०४७,१७४।६३ | ७३।४२ | १,९२३ | २४१।५६ |
| **पशुपन्छी बीमातर्फ** | | | | | | | | | | |
| आ.व. | बीमांक | वृद्धि प्रतिशत | बीमाशूल्क | वृद्धि प्रतिशत | अनूदान | वृद्धि प्रतिशत | दावी रकम | वृद्धि प्रतिशत | दावी संख्या | वृद्धि प्रतिशत |
| २०७०।७१ | ६१०,१८१,८७०।०० | - | ३३,१९३,७०७।६० | - | १६,५९६,८५३।८० | - | ( | - | - | - |
| २०७१।७२ | ३०३८३६७१९४।३४ | ३९७।९४ | १५२,६७२,३७७।२६ | ३५९।९४ | ११४३१४२९३।९३६ | ५८८।७७ | ५९,८८३,२७२।६७ | - | - | - |
| २०७२।७३ | ५,५९९,६९१,२२३।६९ | ८४।३० | २५७,१११,०८२।६४ | ६८।४१ | १९२,८३३,३११।९८ | ६८।६९ | १४९,८४२,९८०।२० | १५०।२३ | - | - |
| २०७३।७४ | ८४६८७७८६८४।२४ | ५१।२४ | ३८७,३३६,४७९।४६ | ५०।६५ | २९०,५०२,३५९।६० | ५०।६५ | २२९,७१४,७८५।०० | ५३।३० | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४।७५ | १२६०८५६०८७२।८ | ४८।८८ | ५४४४८७६८४।५ | ४०।५७ | ४०८,३६५,७६३।३८ | ४०।५७ | २७८,५८६,०४०।४६ | २१।२७ | - | - |
| २०७५।७६ | २०,९६१,१३८,१६२।६२ | ६६।२५ | ९३५,८५०,९२८।१७ | ७२।६१ | ७०४८८५४४७।०२८ | ७२।६१ | ४८०,९६५,९३६।९५ | ७२।६५ | - | - |
| २०७६।७७ | २४,७७३,१८५,५९१।८४ | १८।१९ | १,०५८,७७६,२५५।२१ | १६।९१ | ८२४,०८२,१९१।४१ | १६।९१ | ५६२,०३५,७६५।९१ | १६।८६ | ११,८७५ | - |
| २०७७।७८ | ४०,३९१,१५१,४२३।१५ | ६३।०४ | १,७८६,०१२,८२०।५६ | ६२।५५ | १,३३५,५०५,६१५।४२ | ६२।५५ | ५४५,२६२,६७०।५१ | (३।९९ | १९,७५२ | ६६।३३ |
| कृषि तथा पशुपन्छी बीमातर्फ | | | | | | | | | | |
| आ.व. | बीमांक | वृद्धि प्रतिशत | बीमाशूल्क | वृद्धि प्रतिशत | अनूदान | वृद्धि प्रतिशत | दावी रकम | वृद्धि प्रतिशत | दावी संख्या | वृद्धि प्रतिशत |
| २०७०।७१ | ६२५,४०४,६१३।८० | - | ३४,०४५,०२३।०० | - | १७,०२४,५११।५० | - | - | - | - | - |
| २०७१।७२ | ३,१८६,८२२,१९५।४७ | ४०९।५६ | १६१,००२,५१६।२३ | ३७२।८६ | १२०,५६५,२५५।८० | ६०८।१९ | ६१,६२४,७५४।८८ | - | - | - |
| २०७२।७३ | ६,०३८,४१२,२२४।३७ | ८९।४८ | २७८,७४५,०८०।६५ | ७३।१३ | २०९,०५८,८१०।४९ | ७३।४० | १५५,५८२,८७८।२० | १५८।९६ | - | - |
| २०७३।७४ | ९,२४५,०६१,८१५।३३ | ५३।१० | ४२५,९२४,७०४।९५ | ५२।८० | ३१९,४४३,५२८।७२ | ५२।८० | २५५,२९२,५४३।४० | ६२।४८ | - | - |
| २०७४।७५ | १३,२२२,५८९,०२४।३० | ४३।०२ | ५७४,३७८,२८२।४६ | ३४।८५ | ४३०,७८३,७११।८५ | ३४।८५ | ३१६,२८४,२६७।९६ | २१।९८ | - | - |
| २०७५।७६ | २२,०९४,८७६,११४।६७ | ६७।१० | १,००४,७६३,३४८।९९ | ७४।९३ | ७५३,५६५,७६२।६५ | ७४।९३ | ५६७,७६७,४३५।१७ | ७९।५१ | - | - |
| २०७६।७७ | २६,३८०,२१९,५९८।७६ | १९।४० | १,१८१,६९९,७८७।९४ | १७।६१ | ८८६,२७४,८४०।९५ | १७।६१ | ६२२,०३६,५४१।२२ | ९।५६ | १२,४३८ | - |
| २०७७।७८ | ४३,३०२,९९८,६४९।५९ | ६४।१५ | १,९३९,८६४,८८६।२७ | ६४।१६ | १,४५४,८९८,६६४।७० | ६४।१६ | ६४९,३०९,८४५।१४ | ४।३८ | २१,६७५ | ७४।२६ |

कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्कगत अवस्था हेर्दा यसको बृद्धि क्रमिक रूपमा हुँदै गईरहेको पाइन्छ। आ.व. २०७०।०७१ मा कृषि बीमातर्फ रू. १ करोड ५२ लाख २२ हजार ७ सय त्रिचालिस रहेको र पशुपन्छी बीमातर्फ करोड ६१ करोड १ लाख ८१ हजार ८ सय ७० गरी कूल जम्मा रू. ६२ करोड ५४ लाख ४ हजार ६ सय १३ बराबरको बीमाङ्क कायम भएको थियो। सोही अवधिमा कृषि बीमातर्फ ८ लाख ५५ हजार ३ सय १५ र पशुपन्छी बीमातर्फ ३ करोड ३१ लाख ९३ हजार ७ सय ७ गरी कूल जम्मा ३ करोड ४ लाख ४९ हजार २३ बीमा शुल्क संकलन भएको थियो। नेपाल सरकारबाट सोही अवधिमा प्रदान गरिएको ५० प्रतिशत अनदान रकम बापत कृषि बीमातर्फ ४ लाख २७ हजार ६ सय ५७ र पशुपन्छी बीमातर्फ १ करोड ६५ लाख ९६ हजार ८ सय ५३ गरी कूल जम्मा १ करोड ७० लाख २४ हजार ५ सय ११ रहेको थियो।

आ.व. २०७१।०७२ मा कृषि बीमातर्फ रू. १४ करोड ८४ लाख ५५ हजार रहेको र पशुपन्छी बीमातर्फ रू. ३ अर्ब ३ करोड ८३ लाख ६७ हजार १ सय ९४ गरी जम्मा कूल रकम रू. ३ अर्ब १८ करोड ६८ लाख २२ हजार १ सय पन्चानब्बे बराबर बीमाङ्क रकम रहेको थियो। त्यसैगरी कृषि बीमातर्फ रू. ८३ लाख ३० हजार १ सय ३८ बराबर बीमा शुल्क कायम भएको थियो भने पशुबीमातर्फ १५ करोड २६ लाख ७२ हजार ३ सय ७७ गरी जम्मा रू. १६ करोड १० लाख २ हजार ५ सय १६ बराबर बीमा शुल्क रकम कायम भएको थियो। नेपाल सरकारबाट आ.व. २०७१।०७२ मा कृषि तथा पशुपन्छी बीमामा प्रदान गरिदै आएको अनुदान बापतको रकम ५० प्रतिशतबाट बृद्धि गरी ७५ प्रतिशत कायम गरिएको थियो। जस अनुसार आ.व. २०७१।०७२ मा ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. ६ लाख २५ हजार ९ सय ६५ र पशुपन्छी बीमातर्फ ११ करोड ४३ लाख १४ हजार २ सय ९३ गरी जम्मा रू. १२ करोड ५६ लाख ५ हजार २ सय ५९ बराबरको अनुदान रकम रहेको थियो।

आ.व. २०७२।०७३ मा कृषि बीमातर्फ रू. ४३ करोड ८७ लाख २१ हजार रहेको र पशुपन्छी बीमातर्फ रू. ५ अर्ब ५९ करोड ९६ लाख ९१ हजार २ सय २३ गरी जम्मा कूल रकम रू. ६ अर्ब ३ करोड ८४ लाख १२ हजार २ सय २४ बराबर बीमाङ्क रकम रहेको थियो। त्यसैगरी कृषि बीमातर्फ रू. २ करोड १६ लाख ३३ हजार ९ सय ९८ बराबर बीमा शुल्क कायम भएको थियो भने पशु बीमातर्फ रू. २५ करोड ७१ लाख ११ हजार ८२ गरी कूल जम्मा रू.२७ करोड ८७ लाख ४५ हजार ८० गरी जम्मा रू. करोड १० लाख २ हजार ५ सय १६ बराबर बीमा शुल्क रकम कायम भएको थियो। नेपाल सरकारबाट प्रदान गरिदै आएको ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. १ करोड ६२ लाख २५ हजार ४ सय ९८ र पशुपन्छी बीमातर्फ रू. १९ करोड २८ लाख ३३ हजार ३ सय ११ गरी जम्मा रू. २० करोड ९० लाख ५८ हजार ८ सय दश बराबरको अनुदान रकम रहेको थियो।

आ.व. २०७३।०७४ मा कृषि बीमातर्फ रू. ७७ करोड ६२ लाख ८३ हजार १ सय ३१ रहेको र पशुपन्छी बीमातर्फ रू. ८ अर्ब ४६ करोड ८७ लाख ७८ हजार ६ सय ८४ गरी जम्मा कूल रकम रू. ९ अर्ब २४ करोड ५० लाख ६१ हजार ८ सय १५ बराबर बीमाङ्क रकम कायम भएको देखिन्छ। त्यसैगरी कृषि बीमातर्फ रू. ३ करोड ८५ लाख ८८ हजार २ सय २५ बराबर बीमा शुल्क कायम भएको थियो भने पशुबीमातर्फ रू. ३८ करोड ७३ लाख ३६ हजार ४ सय ७९ गरी जम्मा कूल रू. ४२ करोड ५९ लाख २४ हजार ७ सय ४ बराबर बीमा शुल्क रकम कायम भएको थियो। नेपाल सरकारबाट प्रदान गरिदै आएको ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. २ करोड ८९ लाख ४१ हजार १ सय ६९ र पशुपन्छी बीमातर्फ रू. २९ करोड ५० लाख २ हजार ३ सय ५९ गरी जम्मा रू. ३१ करोड ९४ लाख ४३ हजार ५ सय २८ बराबरको अनुदान रकम रहेको थियो।

आ.व. २०७४।०७५ मा कृषि बीमातर्फ रू. ६१ करोड ४० लाख २८ हजार १ सय ५१ रहेको र पशुपन्छी बीमातर्फ रू. १२ अर्ब ६० करोड ८५ लाख ६० हजार ६ सय ७३ गरी जम्मा कूल जम्मा रकम रू. १३ अर्ब २२ करोड २५ लाख ६१ हजार ८ सय १५ बराबर बीमाङ्क रकम कायम भएको देखिन्छ। त्यसैगरी कृषि बीमातर्फ रू. ३ करोड ८५ लाख ८८ हजार २ सय २५ बराबर बीमा शुल्क कायम भएको थियो भने पशुपन्छी बीमातर्फ रू. ३८ करोड ७३ लाख ३६ हजार ४ सय ७९ गरी जम्मा कूल रू. ४२ करोड ५९ लाख २४ हजार ७ सय ४ बराबर बीमा शुल्क रकम कायम भएको थियो। त्यसैगरी नेपाल सरकारबाट प्रदान गरिदै आएको ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. २ करोड २४ लाख १७ हजार ९ सय ४८ र पशुपन्छी बीमातर्फ रू. ४० करोड ८३ लाख ६५ हजार ७ सय ६३ गरी जम्मा रू. ४३ करोड ७ लाख ८३ हजार ७ सय ११ बराबरको अनुदान रकम रहेको थियो।

आ.व. २०७५।०७६ मा कृषि बीमातर्फ रू. १ अर्ब १३ करोड ३७ लाख ३७ हजार ९ सय ५२ तथा पशुपन्छी बीमातर्फ रू. २० अर्ब ९६ करोड ८५ लाख ११ लाख ३८ हजार १ सय ६२ गरी कूल जम्मा रकम रू. २२ अर्ब ९४ करोड ८७ लाख ६ हजार १ सय ११ बराबर बीमाङ्क रकम कायम भएको देखिन्छ। त्यसैगरी कृषि बीमातर्फ रू. ६ करोड ४९ लाख १२ हजार ४ सय २० बराबर बीमा शुल्क कायम भएको थियो भने पशुपन्छी बीमातर्फ रू. ९३ करोड ९८ लाख ५० हजार ९ सय २८ गरी जम्मा कूल रू. १ अर्ब ४७ लाख ६३ हजार ३ सय ४८ बराबर बीमा शुल्क रकम कायम भएको थियो। त्यसैगरी नेपाल सरकारबाट प्रदान गरिदै आएको ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. ४ करोड ८६ लाख ८४ हजार ३ सय १५ र पशुपन्छी बीमातर्फ रू. ७० करोड ४८ लाख ८५ हजार ४ सय ४७ गरी जम्मा रू. ७५ करोड ३५ लाख ६९ हजार ७ सय ६२ बराबरको अनुदान रकम रहेको थियो।

आ.व. २०७६।०७७ मा कृषि बीमातर्फ रू. १ अर्ब ६० करोड ७० लाख ३४ हजार ६ तथा पशुपन्छी बीमातर्फ रू. २४ अर्ब ७७ करोड ३१ लाख ८५ हजार ५ सय ९१ गरी कूल जम्मा रकम रू. २६ अर्ब ३८ करोड २ लाख १९ हजार ५ सय ९८ बराबर बीमाङ्क रकम कायम भएको देखिन्छ। त्यसैगरी कृषि बीमातर्फ रू. ८ करोड २९ लाख २३ हजार ५ सय ३२ बराबर बीमा शुल्क कायम भएको थियो भने पशुपन्छी बीमातर्फ रू. १ अर्ब ९ करोड ८७ लाख ७६ हजार ५५ गरी जम्मा कूल रू. १ अर्ब १८ करोड १६ लाख ९९ हजार ७ सय ८७ बराबर बीमा शुल्क रकम कायम भएको थियो। त्यसैगरी नेपाल सरकारबाट प्रदान गरिदै आएको ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. ६ करोड २१ लाख ९२ हजार ६ सय ४९ र पशुपन्छी बीमातर्फ रू. ८२ करोड ४० लाख ८२ हजार १ सय ९१ गरी जम्मा रू. ८८ करोड ६२ लाख ७४ हजार ८ सय ४० बराबरको अनुदान रकम रहेको थियो।

आ.व. २०७७।०७८ मा कृषि बीमातर्फ रू. २ अर्ब ९१ करोड १८ लाख ४७ हजार २ सय २६ रहेको र पशुपन्छी बीमातर्फ रू. ४० अर्ब ३९ करोड ११ लाख ५१ हजार ४ सय २३ गरी जम्मा कूल जम्मा रकम रू. ४३ अर्ब ३० करोड ३९ लाख ३९ हजार १ सय ४९ बराबर बीमाङ्क रकम कायम भएको देखिन्छ।

त्यसैगरी कृषि बीमातर्फ रू. १५ करोड ३८ लाख ५२ हजार ६५ बराबर बीमा शुल्क कायम भएको थियो भने पशुपन्छी बीमातर्फ रू.१ अर्ब ७८ करोड ६० लाख १२ हजार ८ सय २० गरी जम्मा कूल रू. १ अर्ब ९३ करोड ९८ लाख ६४ हजार ८ सय ८६ बराबर बीमा शुल्क रकम कायम भएको थियो। त्यसैगरी नेपाल सरकारबाट प्रदान गरिदै आएको ७५ प्रतिशत अनुदान बापत कृषि बीमातर्फ रू. ११ करोड ५३ लाख ८९ हजार ४९ र पशुपन्छी बीमातर्फ रू. १ अर्ब ३३ करोड ९५ लाख ९ हजार ६ सय १५ गरी जम्मा रू. १ अर्ब ४५ करोड ४८ लाख ९८ हजार ६ सय ६४ बराबरको अनुदान रकम रहेको थियो।

| आ.व. २०७०/७१ को कृषि तथा पशुपंन्छी बीमाको तथ्याङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | बीमक | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भुक्तानी रकम | दावी भुक्तानी संख्या |
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ६७ | ३०,०१८,३४७।०० | १,२५३,९५५।२७ | ६२६,९७७।८९ | | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | १३ | ७,४३९,०००।०० | ४०५,७८८।६५ | २०२,८६६।०८ | | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ३५ | १०,३५९,०००।०० | ५८५,२९१।०० | २९२,६४६।०० | | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं.लि. | १४ | १०,६०५,०००।०० | ५६१,०४९।५२ | २८०,५२४।७६ | | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | 39 | १८,७२८,०००।०० | ९९३,१२३।१० | ४९६,५६१।५५ | | |
| ६ | नेको इन्सुरेन्स लि. | १७ | १०,३२३,७००।०० | ५६४,०७९।०५ | २८२,०३८।९६ | | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४१ | २२१६०५०० | १,२५४,१९१।५२ | ६२७,०९५।७६ | | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ४३ | १९,००२,०००।०० | १,०७५,०५९।४० | ५३७,५०७।१० | | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ४४४ | १३८,०८०,९००।०० | ७,५६६,६२४।३५ | ३,७८३,३१२।१६ | | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ३२ | १४,६६६,७००।०० | ८२८,७०४।१५ | ४१४,३५४।५७ | | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | २० | १२,३८०,०००।०० | ६९९,४७७।९९ | ३४९,७३५।८४ | | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ९७४ | ३०८,६०२,७९९।८० | १६,९६०,०९६।०९ | ८,४८०,०४८।१३ | | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ८ | १९,१०३,६६७।०० | १,०७९,३५७।१८ | ५३९,६७८।५९ | | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ११ | ३,९३५,०००।०० | २२२,३२७।५० | १११,१६३।७५ | | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | - |
| १६ | राष्टिय बीमा कं. लि. | - | - | - | - | - | - |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | - |
| | जम्मा | १,७५८ | ६२५,४०४,६१३।८० | ३४,०४९,१२४।७७ | १७,०२४,५११।१४ | - | - |

## आ.व. २०७१/७२ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | १० | ३,३०३,०८७।०० | १९७,३६०।०० | ९८,६८०।०० | | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | - | - | - | | | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | - | - | - | | | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | | | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | - | - | - | | | |
| ६ | नेको इन्सुरेन्स लि. | - | - | - | | | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | - | - | - | | | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | - | - | - | | | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | - | - | - | | | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | | | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | - | - | - | | | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | १३६ | ११,०५६,४८९।८० | ६०९,१८६।४६ | ३०४,५९३।२३ | | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | २ | ३२५,०३१,१७१।३४ | ४८,७६८।९४ | २४,३८४।४७ | | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | - | - | | | | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | - | - | | | | |
| १६ | राष्टिय बीमा कं. लि. | - | - | | | | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | - | | |
| | जम्मा | ५,१८१ | १४,२२२,७४३।८० | ८५५,३१५।४० | - | | - |

## आ.व. २०७०/७१ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ५७ | २६,७१५,२६०।०० | १,०५६,५९५।२७ | ५२८,२९७।८९ | - | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | १३ | ७,४३५,०००।०० | ४०५,७८८।६५ | २०२,८६६।०८ | - | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ३५ | १०,३५९,०००।०० | ५८५,२९१।०० | २९२,६४६।०० | - | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १४ | १०,६०५,०००।०० | ५६१।०४९।५२ | २८०,५२४।७६ | - | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ३८ | १८,७२८,०००।०० | ९९३,१२३।१० | ४९६,५६१।५५ | - | |
| ६ | नेको इन्सुरेन्स लि. | १७ | १०,३२३,७००।०० | ५६४,०७९।०५ | २८२,०३८।९६ | - | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४१ | २२,१६०,५००।०० | १,०७५,०५९।४० | ६२७,०९५।७६ | - | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ४३ | १९,००२,,०००।०० | १,०७५,०५९।४० | ५३७,५०७।१० | - | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ४४४ | १३८,०८०,०००।०० | ७,५६६,६२४।३५ | ३,७८३,३१२।१६ | - | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ३२ | १४,६६६,७००।०० | ८२८,७०४।१५ | ४१४,३५४।५७ | - | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | २० | १२,३८०,,०००।०० | ६९९,४७७।९९ | ३४९,७३५।८४ | - | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ८३८ | २९७,५४६,३१०।०० | १६,३५०,९०९।६३ | ८,१७५,४५४।९० | - | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ८ | १८,२४०,५००।०० | १,०३०,५८८।२४ | ५१५,२९४।१२ | - | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ११ | ३,९३५,०००।०० | २२२,३२७।५० | १११,१६३।७५ | - | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | |
| १६ | राष्टिय बीमा कं. लि. | - | - | - | - | - | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | |
| | जम्मा | १,६११ | ६१०,१८१,८७०।०० | ३३,१९३,८०९।३७ | १६,५९६,८५३।४४ | - | - |

| आ.व. २०७१/७२ को कृषि बीमाको तथ्याङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बीमक | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भुक्तानी रकम | दावी भुक्तानी संख्या |
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३१२ | ७९,१०६,२१४।५० | ३,९१८,७३६।०० | २,९३९,०५२।०० | ४,६२७,८९७।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | ६८ | १३,३७२,९२०।०० | ६६८,३२८।२५ | ५०१,२४६।१९ | ३३७,०००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १८ | १,९७१,६८२।०० | ९८,५८४।१० | ७३,९३८।०८ | - | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं.लि. | १७५ | २९,४६८,९२०।३३ | १,२२४,१४४।०० | ९१८,१०८।०० | - | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | - | ३००,०००।०० | १५,०००।०० | ११,२५०।०० | - | |
| ६ | नेको इन्सुरेन्स लि. | २४४ | २८,८५३,२९९।४५ | १,३५०,९८७।७० | १,०१३,२४०।७८ | ६६९,०००।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ३० | २,८९८,५५८।०० | १४४,९२८।०० | १०८,६९६।०० | ५९,५७४।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | १५ | ४,१४७,२०१।१६ | २०७,३६०।०६ | १५५,५२०।०५ | - | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | २१७ | ३५,४८२,३०५।९५ | १,८६३,३४५।८८ | १,३९७,५०९।४१ | २,०७०,५०६।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | २ | - | - | - | - | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १९७ | १३५,७१३,३४५।०० | ६,७८५,९८९।४५ | ५,०८९,४९२।०९ | १,४९७,९२४।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ११२ | २७,५४३,७२८।२५ | १,३७७,१८७।१७ | १,०३२,८९०।३८ | १५,०००।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ३४४ | ४१,२६७,८९८।०४ | २,०४९,६६१।०० | १,५३७,२४५।७५ | २८२,०९०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ४४ | २४,९२२,५४८।०० | १,२४६,१२७।४० | ९३४,५९५।५५ | १८०,९०७।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २३ | ४,८२३,४५५।०० | २४१,१७२।७५ | १८०,८७९।५६ | - | |
| १६ | राष्टिय बीमा कं. लि. | १० | ५,७४३,९२५।०० | २८७,१९६।२५ | २१५,३९७।१९ | - | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | १८ | ३,१०५,०००।०० | १५५,२५०।०० | ११६,४३७।५० | - | |
| | जम्मा | १,८२९।०० | ४३८,७२१,०००।६८ | २१,६३३,९९८।०१ | १६,२२५,४९८।५१ | ९,७३९,८९८।०० | - |

## आ.व. २०७१/७२ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३४७ | २४८,०३०,९३५।२० | ९,१८५,७५१।९२ | ६,८८९,३१३।९४ | ३८१,०००।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २४ | १६,२९९,६००।०० | ७९०,०८१।८८ | ५९२,५६१।४१ | ५४७,९००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | २२ | ७,२४३,०००।०० | ४०९,२२९।५० | २९२,५१४।६३ | २८८,८९२।०० | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १२१ | ८०,१०७,०२५।०० | ४,४०४,५०६।६६ | ३,२५१,२५८।७४ | २,८५१,५६२।८८ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ६९ | ५८,२४८,५४०।०० | ३,२४७,६२२।२६ | २,४३४,६९९।७० | ३,१०६,३००।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | १३० | ५०,९०४,४१७।४७ | २,१५४,२४३।३० | १,६१५,६८२।४८ | ९६२,०२५।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४६२ | १५७,३४४,३२९।०० | ८,०३४,३९४।९२ | ५,९८०,०७३।५७ | ३,५५९,३५९।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ३०५ | ७१,३२०,२००।०० | ३,५०८,३७८।८० | २,६०३,८८२।२१ | १,२४४,३७२।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | १,३१२ | ३९७,१८१,४०२।०० | २१,३७६,२६६।९१ | १६,०१६,७३८।९६ | १२,६६२,३५८।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १०१ | ३४२,९५२,८००।०० | ९,९७९,७५३।२० | ७,४६४,४७४।९० | १,२८३,७००।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | ११० | ६७,७९९,१०४।०० | ३,४४५,०४५।८८ | २,५८३,७८४।४२ | ३,१८२,२१६।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ४,३४९ | १,१८१,८३०,०९१।४६ | ६६,६८६,४४४।९६ | ५०,०१३,१५२।८४ | २४,८९०,६४८।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | १,३३८ | ३२५,०३१,१७१।३४ | १७,७६१,४००।७४ | १३,३२१,०५०।५४ | ६,११२,१००।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | १३८ | १०७,८८५,०८०।०० | ५,८०१,९८१।०६ | ४,३५१,४८५।७९ | १९७,९४७।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | ३२८ | ७१,११०,०००।०० | ४,०१७,७१५।०० | ३,०१३,२८६।२५ | ३७९,८००।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | २५ | ३,५३४,५००।०० | १९९,६९९।२५ | १४९,७७४।४४ | - | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | |
| | जम्मा | ९,१८१ | ३,१८६,८२२,१९५।४७ | १६१,००२,५१६।२३ | १२०,५७३,७३४।८० | ८०,८२९,९२४।६० | - |

## आ.व. २०७१/७२ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३४७ | २४८,०३०,९३५।२० | ९,१८५,७५१।९२ | ६,८८९,३१३।९४ | ३८१,०००।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २४ | १६,२९९,६००।०० | ७९०,०८१।८८ | ५९२,५६१।४१ | ५४७,९००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | २२ | ७,२४३,०००।०० | ४०९,२२९।५० | २९२,५१४।६३ | २८८,८९२।०० | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १२१ | ८०,१०७,०२५।०० | ४,४०४,५०६।६६ | ३,२५१,२५८।७४ | २,८५१,५६२।८८ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ६९ | ५८,२४८,५४०।०० | ३,२४७,६२२।२६ | २,४३४,६९९।७० | ३,१०६,३००।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | १३० | ५०,९०४,४१७।४७ | २,१५४,२४३।३० | १,६१५,६८२।४८ | ९६२,०२५।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४६२ | १५७,३४४,३२९।०० | ८,०३४,३९४।९२ | ५,९८०,०७३।५७ | ३,५५९,३५९।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ३०५ | ७१,३२०,२००।०० | ३,५०८,३७८।८० | २,६०३,८८२।२१ | १,२४४,३७२।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | १,३१२ | ३९७,१८१,४०२।०० | २१,३७६,२६६।९१ | १६,०१६,७३८।९६ | १२,६६२,३५८।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १०१ | ३४२,९५२,८००।०० | ९,९७९,७५३।२० | ७,४६४,४७४।९० | १,२८३,७००।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | ११० | ६७,७९९,१०४।०० | ३,४४५,०४५।८८ | २,५८३,७८४।४२ | ३,१८२,२१६।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ४,३४९ | १,१८१,८३०,०९१।४६ | ६६,६८६,४४४।९६ | ५०,०१३,१५२।८४ | २४,८९०,६४८।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | १,३३८ | ३२५,०३१,१७१।३४ | १७,७६१,४००।७४ | १३,३२१,०५०।५४ | ६,११२,१००।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | १३८ | १०७,८८५,०८०।०० | ५,८०१,९८१।०६ | ४,३५१,४८५।७९ | १९७,९४७।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | ३२८ | ७१,११०,०००।०० | ४,०१७,७१५।०० | ३,०१३,२८६।२५ | ३७९,८००।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | २५ | ३,५३४,५००।०० | १९९,६९९।२५ | १४९,७७४।४४ | - | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | |
| | जम्मा | ९,१८१ | ३,१८६,८२२,१९५।४७ | १६१,००२,५१६।२३ | १२०,५७३,७३४।८० | ८०,८२९,९२४।६० | - |

| आ.व. २०७२/७३ को कृषि बीमाको तथ्याङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३१२ | ७९,१०६,२१४।५० | ३,९१८,७३६।०० | २,९३९,०५२।०० | ४,६२७,८९७।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | ६८ | १३,३७२,९२०।०० | ६६८,३२८।२५ | ५०१,२४६।१९ | ३३७,०००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १८ | १,९७१,६८२।०० | ९८,५८४।१० | ७३,९३८।०८ | - | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १७५ | २९,४६८,९२०।३३ | १,२२४,१४४।०० | ९१८,१०८।०० | - | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | - | ३००,०००।०० | १५,०००।०० | ११,२५०।०० | - | |
| ६ | नेको इन्सुरेन्स लि. | २४४ | २८,८५३,२९९।४५ | १,३५०,९८७।७० | १,०१३,२४०।७८ | ६६९,०००।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ३० | २,८९८,५५८।०० | १४४,९२८।०० | १०८,६९६।०० | ५९,५७४।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | १५ | ४,१४७,२०१।१६ | २०७,३६०।०६ | १५५,५२०।०५ | - | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | २१७ | ३५,४८२,३०५।९५ | १,८६३,३४५।८८ | १,३९७,५०९।४१ | २,०७०,५०६।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | २ | - | - | - | - | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १९७ | १३५,७१३,३४५।०० | ६,७८५,९८९।४५ | ५,०८९,४९२।०९ | १,४९७,९२४।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ११२ | २७,५४३,७२८।२५ | १,३७७,१८७।१७ | १,०३२,८९०।३८ | १५,०००।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ३४४ | ४१,२६७,८९८।०४ | २,०४९,६६१।०० | १,५३७,२४५।७५ | २८२,०९०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ४४ | २४,९२२,५४८।०० | १,२४६,१२७।४० | ९३४,५९५।५५ | १८०,९०७।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २३ | ४,८२३,४५५।०० | २४१,१७२।७५ | १८०,८७९।५६ | - | |
| १६ | राष्ट्रिय बीमा कं. लि. | १० | ५,७४३,९२५।०० | २८७,१९६।२५ | २१५,३९७।१९ | - | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं.लि. | १८ | ३,१०५,०००।०० | १५५,२५०।०० | ११६,४३७।५० | - | |
| | जम्मा | १,८२९।०० | ४३८,७२१,०००।६८ | २१,६३३,९९८।०१ | १६,२२५,४९८।५१ | ९,७३९,८९८।०० | - |

## आ.व. २०७२/७३ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ७१४ | ४९९७०६५८० | १४३०१५४ | १०७२७३६५।५ | ५०१०२६६ | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २२३ | ७६१५१४१0.१६ | ३०५८३५१।९२ | २२९३७६३।९४ | १३४५६१३ | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १,२७० | १०७८८२३५० | ५३८६६१८ | ४०३९९६३।५ | २७२१५०५ | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ५४७ | १९७८०३०९६ | ९००२२८९।७ | ६७५१७१७२५।२७५ | १३३०४३९४।२ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ८४१ | १४७०२०५००( | ७३५१०२५ | ५५१३२६८।७५ | ३११३९०० | |
| ६ | नेको इन्सुरेन्स लि. | ६१४ | १८८५३६९९० | ८५६२६५७।५८ | ६४२१९९३।१८५ | २४६८१६२ | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ८५७ | २९३८६९५३९।५ | १२३१९५०६।४८ | ९२३९६२९।८६ | ११३४३७८३ | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | २५१ | ६४५७५०९० | ३१८४९८१।८ | २३८८७३६।३५ | ४२०३७०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | २,७१४ | ५३५२४१४५२ | २४३४९२१५।३१ | १८२६१९११।४८ | २६९४६७९६ | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ९६४ | १६५२५६६०० | ७३५४१५७ | ५५१५६१७।७५ | २८८५८५० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | ७४८ | १०६३९२१०० | ५१७५३४५ | ३८८१५०८।७५ | ६४३६४७९ | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ५,६०१ | १७७६२३४९१७ | ८८७९२५९।८५ | ६६५९४४४।८९ | ३५२५१७०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ४,००० | ९११४४९३७६ | ४४८४३८६० | ३३६३२८९५ | २७०४८७४२ | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ७९५ | २२८६२५६२० | ९०३५१७१ | ६७७६३७८।२५ | ३३५२१०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | १,२९३ | १५०५११००३ | ७४९४०५० | ५६२०५३७।५ | ४२२४९५० | |
| १६ | राष्टिय बीमा कं. लि. | १०५ | २०६७२५०० | १०४३४२५ | ७८२५६८।७५ | १८५०४० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | १९१ | १२९७६२१०० | ५८५४६७९ | ४३९१००९।२५ | ० | |
| | जम्मा | २५,७२८।०० | ५५९९६९१२२४ | २५७१११०८२।६ | १९२८३३३१२ | १४९८४२९८०।२ | ० |

## आ.व. २०७२/७३ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | १,०२६ | ५७८,८१२,७९४।५० | १८,२२१,८९०।०० | १३,६६६,४१७।५० | ९,६३८,१६३।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २९१ | ८९,५२४,३३०।१६ | ३,७२६,६८०।१७ | २,७९५,०१०।१३ | १,६८२,६१३।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १,२८८ | १०९,८५४,०३२।०० | ५,४८५,२०२।१० | ४,११३,९०१।५८ | २,७२१,५०५।०० | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ७२२ | २२७,२७२,०१६।३३ | १०,२२६,४३३।७० | ७,६६९,८२५।२८ | १३,३०४,३९४।२० | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ८४१ | १४७,३२०,५००।०० | ७,३६६,०२५।०० | ५,५२४,५१८।७५ | ३,११३,९००।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | ८५८ | २१७,३९०,२८९।४५ | ९,९१३,६४५।२८ | ७,४३५,२३३।९६ | ३,१३७,१६२।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ८८७ | २९६,७६८,०९७।५० | १२,४६४,४३४।४८ | ९,३४८,३२५।८६ | ११,४०३,३५७।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | २६६ | ६८,७२२,२९१।१६ | ३,३९२,३४१।८६ | २,५४४,२५६।४० | ४,२०३,७००।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | २,९३१ | ५७०,७२३,७५७।९५ | २६,२१२,५६१।१९ | १९,६५९,४२०।८९ | २९,०१७,३०२।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ९६६ | १६५,२५६,६००।०० | ७,३५४,१५७।०० | ५,५१५,६१७।७५ | २,८८५,८५०।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | ९४५ | २४२,१०५,४४५।०० | ११,९६१,३३४।४५ | ८,९७१,०००।८४ | ७,९३४,४०३।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ९,७१३ | १,८०३,७७८,६४५।२५ | ९०,१६९,७८३।०२ | ६७,६२७,३३७।२७ | ३५,२६६,७००।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ४,३४४ | ९५२,७१७,२७४।०७ | ४६,८९३,५२१।०० | ३५,१७०,१४०।७५ | २७,३३०,८३२।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ८३९ | २५३,५४८,१६८।०० | १०,२८१,२९८।४० | ७,७१०,९७३।८० | ३,५३३,००७।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | १,३१६ | १५५,३३४,४५८।०० | ७,७३५,२२२।७५ | ५,८०१,४१७।०६ | ४,२२४,९५०।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | ११५ | २६,४१६,४२५।०० | १,३३०,६२१।२५ | ९९७,९६५।९४ | १८५,०४०।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | २०९ | १३२,८६७,१००।०० | ६,००९,९२९।०० | ४,५०७,४४६।७५ | - | |
| | जम्मा | २७,५५७ | ६,०३८,४१२,२२४।३७ | २७८,७४५,०८०।६५ | २०९,०५८,८१०।४९ | १५९,५८२,८७८।२० | - |

## आ.व. २०७३/७४ को कृषि बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३६ | २६५,७४०,६४९।०० | ८,०७७,७७६।०० | ६,०५८,३३२।०० | १४,३८७,७३१।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | ६७ | ४९,०५७,२२७।६९ | २,४८७,९७०।९२ | १,८६५,९७८।१९ | ११३,०००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ४२ | १९,४९५,८९१।३३ | ४११,९८१।६८ | ३०८,९८६।२६ | - | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ९४ | १११,६८०,०९६।६० | ५,३७९,५११।५० | ४,०३४,६३३।६३ | ८५६,९३५।०० | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ५ | १२,८४७,७६०।०० | ६४२,३८८।०० | ४८१,७९१।०० | - | |
| ६ | नेको इन्सुरेन्स लि. | ५५ | १३६,६५८,३४१।०० | ३,६३६,२५७।८५ | २,७२७,१९३।३९ | १,३६९,८२३।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४४ | ८५,१०१,४५४।०० | २,८९३,०७१।४० | २,१६९,८०३।५५ | ७०,०००।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ५० | २१,२८२,६२१।०० | ८८८,१२५।०० | ६६६,०९३।७५ | २७०,७५०।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ४३८ | ८०,२४८,२९४।०० | ३,४५७,७१३।३४ | २,५९३,२८५।०१ | २,२७३,८१२।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ७४ | ८७,३०८,४१८।०० | २,६८६,९४४।०० | २,०१५,२०८।०० | - | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १३१ | १०३,८३५,०७७।०० | ५,२८५,९२६।३० | ३,९६४,४४४।७३ | ८,७६५,१४७।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ११६ | ४४,८११,२८२।७५ | १,८९४,०६४।१५ | १,४२०,५४८।११ | ७९,५८३।४० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | १४८ | ५५,१५९,९१७।०५ | १,९३८,८८०।०० | १,४५४,१६०।०० | २८५,३४०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ६५ | ७२,३६९,१०१।०० | १,९६७,०९९।०५ | १,४७५,३२४।२९ | ३१४,६६९।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | ९९ | २८,७०५,२४७।०० | १,४३५,२६२।३८ | १,०७६,४४६।७९ | ३०२,११८।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | २९ | ७५,२९३,४३५।०० | ३,५४७,८७१।९५ | २,६६०,९०३।९६ | - | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ४४ | ९०,०३०,८८०।०० | २,५११,८९२।८५ | १,८८३,९१९।६४ | ४८८,८५०।०० | |
| | जम्मा | १,५३७।०० | १,३३९,६२५,६९६।४२ | ४९,१४२,७३६।३७ | ३६,८५७,०५२।२८ | २९,५७७,७५८।४० | - |

## आ.व. २०७३/७४ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र. सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ५३४ | १५९,१३६,४००।०० | ६,४५८,८२७।०० | ४,८४४,१२०।२५ | १४,०८८,९२५।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | १,१४३ | १४७,९६८,८७३।५० | ६,५८४,१८८।११ | ४,९३८,१४१।०८ | ८३७,९००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | २,४८० | २२३,२४७,४६५।०० | ११,०८१,९३७।७५ | ८,३११,४५३।३१ | ६,०६२,९२०।०० | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ३,२६७ | ४३१,०७२,७३९।६० | २१,४२२,५२६।०० | १६,०६६,८९४।५० | १६,६५७,४०७।०० | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | २६,१४१ | ४७३,२६९,५००।०० | २३,६१९,३९५।०० | १७,७१४,५४६।२५ | ९,८९३,०९०।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | १,८१० | २७६,१९३,०९८।०० | १३,३७४,२०४।८० | १०,०३०,६५३।६० | ११,२१२,७७६।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | १,५९६ | ४२३,६५४,२७३।७५ | १७,९७४,५२८।५९ | १३,४८०,८९६।४४ | १४,४६७,३३४।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ८४१ | ७१,७९८,४८८।०० | ३,५७१,९२३।०० | २,६७८,९४२।२५ | २,८६६,८६९।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ४,६६४ | ५९१,०७५,७८२।०० | २७,९१८,१६०।८० | २०,९३८,६२०।६० | २२,७९३,८२९।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ५,२०९ | ७२५,७४४,०३६।०० | २७,१०४,८९७।०० | २०,३२८,६७२।७५ | १०,००२,७५६।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १,७७० | २२१,९६८,६००।०० | १०,७९९,६८५।५० | ८,०९९,७६४।१३ | ४,६३५,७२९।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ११,५८५ | १,९५६,७५१,७०६।०० | ९७,७२७,१४७।८० | ७३,२९५,३६०।८५ | ३४,००५,१०१।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ५,७५० | १,१५६,१८०,१५४।०० | ५७,८९०,१९२।०० | ४३,४१७,६४४।०० | ४९,९७९,४९०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | २,२०९ | ४४९,७१४,१३६।०० | २१,९२३,३९४।९७ | १६,४४२,५४६।२३ | १८,२१२,९५०।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | १,३८४ | १८३,९३३,६२१।०६ | ९,१९६,५८१।०६ | ६,८९७,४३५।८० | ४,५३४,१५०।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | ४६८ | ५१,६७४,७५०।०० | २,५३६,९६५।६२ | १,९०२,७२४।२२ | ६०८,५८०।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | २,९०० | ३६२,०५२,४९६।०० | १७,५९७,४१३।५८ | १३,१९८,०६०।१९ | ८,८५४,९७९।०० | |
| | जम्मा | ७३,७५१।०० | ७,९०५,४३६,११८।९१ | ३७६,७८१,९६८।५८ | २८२,५८६,४७६।४४ | २२९,७१४,७८५।०० | - |

## आ.व. २०७३/७४ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ५७० | ४२४,८७७,०४९।०० | १४,५३६,६०३।०० | १०,९०२,४५२।२५ | २८,४७६,६५६।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | १,२१० | १९७,०२६,१०१।१९ | ९,०७२,१५९।०३ | ६,८०४,११९।२७ | ९५०,९००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | २,५२२ | २४२,७४३,३५६।३३ | ११,४९३,९१९।४३ | ८,६२०,४३९।५७ | ६,०६२,९२०।०० | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ३,३६१ | ५४२,७५२,८३६।२० | २६,८०२,०३७।५० | २०,१०१,५२८।१३ | १७,५१४,३४२।०० | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | २६,१४६ | ४८६,११७,२६०।०० | २४,२६१,७८३।०० | १८,१९६,३३७।२५ | ९,८९३,०९०।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | १,८६५ | ४१२,८५१,४३९।०० | १७,०१०,४६२।६५ | १२,७५७,८४६।९९ | १२,५८२,५९९।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | १,६४० | ५०८,७५५,७२७।७५ | २०,८६७,५९९।९९ | १५,६५०,६९९।९९ | १४,५३७,३३४।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ८९१ | ९३,०८१,१०९।०० | ४,४६०,०४८।०० | ३,३४५,०३६।०० | ३,१३७,६१९।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ५,१०२ | ६७१,३२४,०७६।०० | ३१,३७५,८७४।१४ | २३,५३१,९०५।६१ | २५,०६७,६४१।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ५,२८३ | ८१३,०५२,४५४।०० | २९,७९१,८४१।०० | २२,३४३,८८०।७५ | १०,००२,७५६।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १,९०१ | ३२५,८०३,६७७।०० | १६,०८५,६११।८० | १२,०६४,२०८।८५ | १३,४००,८७६।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ११,७०१ | २,००१,५६२,९८८।७५ | ९९,६२१,२११।९५ | ७४,७१५,९०८।९६ | ३४,०८४,६८४।४० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ५,८९८ | १,२११,३४०,०७१।०५ | ५९,८२९,०७२।०० | ४४,८७१,८०४।०० | ५०,२६४,८३०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | २,२७४ | ५२२,०८३,२३७।०० | २३,८९०,४९४।०२ | १७,९१७,८७०।५२ | १८,५२७,६१९।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | १,४८३ | २१२,६३८,८६८।०६ | १०,६३१,८४३।४४ | ७,९७३,८८२।५८ | ४,८३६,२६८।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | ४९७ | १२६,९६८,१८९।०० | ६,०८४,८३७।५७ | ४,५६३,६२८।१८ | ६०८,५८०।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | २,९४४ | ४५२,०८३,३७६।०० | २०,१०९,३०६।४३ | १५,०८१,९७९।८२ | ९,३४३,८२९।०० | |
| | जम्मा | ७५,२८८ | ९,२४५,०६१,८१५।३३ | ४२५,९२४,७०४।९५ | ३१९,४४३,५२८।७१ | २५९,२९२,५४३।४० | - |

## आ.व. २०७४/७५ को कृषि बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | | ५१२,२७७,३००।०० | ५,०५९,७९३।०० | ३,७९४,८४४।७५ | १०,९६८,२३४।५४ | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | | १२,८८१,३८८।२० | ६४४,०६९।४२ | ४८३,०५२।०७ | १,३२४,७००।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | | ३१,४५३,२५०।०० | ६१५,५२६।०० | ४६१,६४४।५० | २,१३१,९२५।८७ | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | | ९९,९७५,७५६।०० | ३,३१०,५५४।०५ | २,४८२,९१५।५४ | ३,३८६,२२५।४० | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | | १७,८३६,४००।०० | ४५९,३२०।०० | ३४४,४९०।०० | - | |
| ६ | नेको इन्सुरेन्स लि. | | २८०,२५५,०९१।५९ | ६,२५२,५५४।३० | ४,६८९,४१५।७३ | १,८१६,०६०।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | | ७३,५०१,०००।०० | २,३१३,०६८।०० | १,७३४,८०१।०० | ४,१३२,०१६।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | | २,८८५,८४१।०० | ६९,२७७।०० | ५१,९५७।७५ | ६१,५००।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | | ३५९,९४६,०५५।७४ | १६,७३१,२४२।३६ | १२,५४८,४३१।७७ | १,४४४,५८८।०० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | | ११८,२२३,७७५।०० | २,५२१,३९७।०० | १,८९१,०४७।७५ | - | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | | ३७,६४३,५००।०० | ७७४,१७०।०० | ५८०,६२७।५० | ३,११६,३००।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | | ३६,४८८,७९४।७५ | १,५६१,४३५।८६ | १,१७१,०७६।९० | ७९०,३८५।१९ | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | | ६४,९१५,०५४।२८ | २,१३५,६१६।०० | १,६०१,७१२।०० | २,५३९,११०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | | २३०,३८९,०००।०० | ४,८१३,७८०।०० | ३,६१०,३३५।०० | १,१६१,६१५।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | | १२,४११,९३२।५० | ३३५,५९६।६३ | २५१,६९७।४७ | ४९,७०५।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | | ५२,६०८,३४०।०० | २,४०७,४९८।६४ | १,८०५,६२३।९८ | ५६९,३६२।५० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | | ११०,६१६,२६०।०० | २,६४७,८१४।२० | १,९८५,८६०।६५ | ४,२०६,५००।०० | |
| | जम्मा | १,९३५ | २,०५४,३०८,७३९।०६ | ५२,६५२,७१२।४६ | ३९,४८९,५३४।३४ | ३७,६९८,२२७।५० | - |

## आ.व. २०७४/७५ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमा शूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | | ३७०,८०७,९४२।२० | १६,०५२,७०४।३२ | १२,०३९,५२८।२४ | ३,३८४,३९३।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | | २४८,४४९,२३५।३१ | १०,८३४,२१८।७४ | ८,१२५,६६४।०६ | ३,२९८,५५२।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | | २९४,५५५,७१८।१० | १४,६८९,२३७।२१ | ११,०१६,९२७।९१ | १५,८६०,२५९।६६ | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | | ७६३,१३६,८३१।०० | ३४,८७१,८८५।१७ | २६,१५३,९१३।८८ | ३३,८१८,२१५।३१ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | | ४९८,४०८,२६७।०० | २४,५७५,५०७।८५ | १८,४३१,६३०।८९ | १४,३०५,७१०।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | | ५८४,३६१,८५७।४५ | २७,३२३,१५५।३३ | २०,४९२,३६६।५० | १९,२८३,८६०।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | | ७३३,१९९,११२।७० | २४,६५७,१५३।३१ | १८,४९२,८६४।९८ | २२,८६९,५६७।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | | ५२,२७९,९५३।०० | २,६०३,१९१।०० | १,९५२,३९३।२५ | ३,०७२,८५०।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | | ९६०,२८२,९२९।६० | ४६,४६५,६८५।१८ | ३४,८४९,२६३।५२ | २१,२२७,३०१।४९ | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | | १,०८५,५४६,२०२।०० | ५४,०४८,१७५।०० | ४०,५३६,१३१।२५ | २७,८३१,९५५।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | | ३७२,३५७,९८५।६८ | १७,३८४,१९७।३९ | १३,०३८,१४८।०४ | ११,७८८,५४६।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | | २,३४०,९३९,९४८।६० | ११६,८७७,९८६।२८ | ८७,६५८,४८९।७१ | २३,७७०,१५०।०० | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | | १,०६९,८१७,४४५।०० | ५४,१९१,८४८।०० | ४०,६४३,८८६।०० | ३२,८४०,८५८।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | | ४६९,५६१,९४७।०० | २३,१३८,११२।४३ | १७,३५३,५८४।३२ | १५,६७८,४००।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | | १९६,८४७,९१२।०० | ९,८१६,८०८।९० | ७,३६२,६०६।६८ | ५,३७९,९४३।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | | ३५,३९६,०००।०० | १,७६९,८००।०० | १,३२७,३५०।०० | १,०७०,४५०।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | | १,०९२,३३०,९९९।१० | ४२,१४६,४५८।२६ | ३१,६०९,८४३।७० | २३,१०५,०३०।०० | |
| | जम्मा | ६३,९७३ | ११,१६८,२८०,२८५।७४ | ५२१,४४६,१२४।३७ | ३९१,०८४,५९२।९१ | २७८,५८६,०४०।४६ | - |

## आ.व. २०७४/७५ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | | ८८३,०८५,२४२।२० | २१,११२,४९७।३२ | १५,८३४,३७२।९९ | १४,३५२,६२७।५४ | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | | २६१,३३०,६२३।५१ | ११,४७८,२८८।१६ | ८,६०८,७१६।१२ | ४,६२३,२५२।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | | ३२६,००८,९६८।१० | १५,३०४,७६३।२१ | ११,४७८,५७२।४१ | १७,९९२,१८५।५३ | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | | ८६३,११२,५८७।०० | ३८,१८२,४३९।२२ | २८,६३६,८२९।४२ | ३७,२०४,४४०।७१ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | | ५१६,२४४,६६७।०० | २५,०३४,८२७।८५ | १८,७७६,१२०।८९ | १४,३०५,७१०।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | | ८६४,६१६,९४९।०४ | ३३,५७५,७०९।६३ | २५,१८१,७८२।२२ | २१,०९९,९२०।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | | ८०६,७००,११२।७० | २६,९७०,२२१।३१ | २०,२२७,६६५।९८ | २७,००१,५८३।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | | ५५,१६५,७९४।०० | २,६७२,४६८।०० | २,००४,३५१।०० | ३,१३४,३५०।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | | १,३२०,२२८,९८५।३४ | ६३,१९६,९२७।५४ | ४७,३९७,६९५।२९ | २२,६७१,८८५।४९ | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | | १,२०३,७६९,९७७।०० | ५६,५६९,५७२।०० | ४२,४२७,१७९।०० | २७,८३१,९५५।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | | ४१०,००१,४८५।६८ | १८,१५८,३६७।३९ | १३,६१८,७७५।५४ | १४,९०४,८४६।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | | २,३७७,४२८,७४३।३५ | ११८,४३९,४२२।१४ | ८८,८२९,५६६।६१ | २४,५६०,५३५।१९ | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | | १,१३४,७३२,४९९।२८ | ५६,३२७,४६४।०० | ४२,२४५,५९८।०० | ३५,३७९,९६८।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | | ६९९,९५०,९४७।०० | २७,९५१,८९२।४३ | २०,९६३,९१९।३२ | १६,८४०,०१५।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | | २०९,२५५,८४४।५० | १०,१५२,४०५।५३ | ७,६१४,३०४।१५ | ५,४२९,६४८।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | | ८८,००४,३४०।०० | ४,१७७,२९८।६४ | ३,१३२,९७३।९८ | १,६३९,८१२।५० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | | १,२०२,९४७,२५९।१० | ४४,७९४,२७२।४६ | ३३,५९५,७०४।३५ | २७,३११,५३०।०० | |
| | जम्मा | ६५,९०८ | १३,२२२,५८९,०२४।८० | ५७४,०९८,८३६।८३ | ४३०,५७४,१२७।२५ | ३१६,२८४,२६७।९६ | - |

## आ.व. २०७५/७६ को कृषि बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | १२६ | २८९,५४७,३५४।०० | ५,५८१,९२५।४२ | ४,१८६,४४४।०७ | ९३०,८९०।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २६ | २४,९६५,२५६।७५ | ७८१,५१४।०९ | ५८६,१३५।५७ | ५२०,५१०।०० | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | २३ | ४२,३५०,५३०।८२ | २,१०९,४४८।२४ | १,५८२,०८६।१८ | १,००५,८४७।६५ | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १२७ | ६४,७५०,९७८।१३ | २,४९७,८१९।१५ | १,८७३,३६४।३६ | ६,६२७,२७६।३३ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | १०३ | ५०,७१७,६५०।०० | १,७९२,३८२।५० | १,३४४,२८६।८८ | २०४,४८०।४१ | |
| ६ | नेको इन्सुरेन्स लि. | १४४ | ४०२,३१५,४३५।०८ | ८,६८८,८६५।०० | ६,५१६,६४८।७५ | ४,६९९,५७८।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ७७ | १२८,०९६,८२०।०० | ४,०२१,६०२।८० | ३,०१६,२०२।१० | १,६६९,६४९।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ३२ | १९,४२८,८९७।०० | ९३३,६१०।१२ | ७००,२०७।५९ | ७९,५००।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | २,५७२ | ७१६,५८३,५००।५२ | ३९,७२३,९९९।२४ | २९,७९२,९९९।४३ | ६२,८१७,८१९।६५ | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ७९ | ८९,५०३,६७३।५० | १,९४२,७३१।०० | १,४५७,०४८।२५ | ३,७५०,८१९।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | २७८ | ३०६,४९७,७२५।५० | ६,६८९,३६९।३० | ५,०१७,०२६।९८ | ८१,७३८।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | १०४ | ९०,३२७,०२८।०० | ३,८८६,५४७।६८ | २,९१४,९१०।७६ | - | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ७७ | १३८,६१९,३०१।२५ | ३,६६५,६८६।०० | २,७४९,२६४।५० | ११०,२५०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ३८ | १८७,५०३,४२८।५९ | ३,७२९,७२८।५२ | २,७९७,२९६।३९ | ५५४,८९६।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | १९७ | ५६,१७२,६२६।९० | २,४९५,५३७।२७ | १,८७१,६५२।९५ | ५०,०००।०० | |
| १६ | राष्टिय बीमा कं. लि. | १२ | ३,४००,३६०।०० | १७०,०१८।०० | १२७,५१३।५० | २,३६०,४२६।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ७७ | १६४,१९६,९९१।०० | ५,१२०,६७०।९५ | ३,८४०,५०३।२१ | ४७५,३८०।०० | |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | - | - | - | - | - | |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | ७२ | १२१,२५३,११८।०० | ३,७८५,०९८।०० | २,८३८,८२३।५० | ८४२,४३८।१८ | |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | ११४ | १०७,०३०,६३३।०० | ३,४२६,३१९।३६ | २,५६९,७३९।५२ | २०,०००।०० | |
| | जम्मा | ४,२७८ | ३,००३,२६१,३०८।०४ | १०१,०४२,८७२।६४ | ७५,७८२,१५४।४८ | ८६,८०१,४९८।२२ | - |

## आ.व. २०७५/७६ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | १,४०६ | ७७४,०५९,९०२।८० | ३२,८९४,३८३।६२ | २४,६७०,७८७।७२ | ७,५६५,५५२।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २,०३१ | ४०९,६३७,७३१।७५ | १८,०२५,८५४।५४ | १३,५१९,३९०।९१ | १२,६८२,४३६।४९ | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ४,८६४ | २६०,४४३,१८४।२० | १३,०२१,७४५।०१ | ९,७६६,३०८।७६ | २१,७७०,४९६।०५ | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ३,९२३ | ५०२,८११,५९२।६० | २४,९४५,८५९।८२ | १८,७०९,३९४।८७ | ३५,४९४,९८९।५५ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ३,५९५ | ५८२,५१७,७८१।०० | २८,९५९,६२०।८० | २१,७१९,७१५।६० | १९,६९७,१०९।०० | |
| ६ | नेको इन्सुरेन्स लि. | ३,७५२ | ८७८,९३३,३७५।५० | ४१,८७१,४०९।५० | ३१,४०३,५५७।१३ | २५,१६०,२७८।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ३,५९१ | ७५३,२०७,८०४।१८ | ३६,०१३,५५०।११ | २७,०१०,१६२।५८ | २५,१६०,१७६।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | २,३८८ | ४६१,१३३,०२५।५० | २२,८७६,०७८।०९ | १७,१५७,०५८।५७ | २,४३५,४००।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ९,४६९ | १,४२०,९२४,६९३।२० | ६८,१२२,६४१।२७ | ५१,०९१,९८०।९५ | ३६,८६३,१२७।६० | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १५,२०० | १,४९४,२५५,०१२।०० | ७३,९३०,५७१।२० | ५५,४४७,९२८।४० | ५९,६९३,४०४।०० | |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | ७,१४२ | १,६५५,३०३,६४३।१२ | ७४,८१४,४४४।७९ | ५६,११०,८३३।५९ | २७,६६८,६४८।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | २६,४०५ | ३,३६२,०२५,५२६।९३ | १६६,७८२,००३।४७ | १२५,०८६,५०२।६० | ९६,३०७,६८०।४२ | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ४,३९७ | १,४३२,४००,५३३।२५ | ७०,७५९,५६९।२५ | ५३,०६९,६७६।९४ | २४,६३५,२५०।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ५,७१६ | ८५६,३१०,९१३।०० | ४२,६२९,६७८।३४ | ३१,९७२,२५८।७६ | २०,३९३,९२०।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २,८९८ | ५७९,८८१,५६३।०५ | २७,८२८,७९६।३१ | २०,८६८,८४८।१३ | ८,३१९,९००।५५ | |
| १६ | राष्टिय बीमा कं. लि. | ५८५ | ६४,१९५,५९०।०० | ३,१६७,४२४।५० | २,३७५,५६८।३८ | १,७३९,५३६।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ६,९२४ | २,१२७,६१५,२२७।२५ | ८३,९९१,७६७।७३ | ६२,९९३,८२५।८० | ४५,२८५,०४७।०० | |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | १,५९१ | २३१,१०७,१४०।०० | ११,५५१,६०७।०० | ८,६६३,७०५।२५ | ७७९,५२७।८६ | |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | २,०१९ | ५४०,०२८,८२९।१० | २६,२२९,८९८।१६ | १९,६७२,४२३।६२ | ५,०६०,९५८।४३ | |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | ४,६८४ | ७०४,८२१,३३८।२० | ३५,३०३,५७२।८४ | २६,४७७,६७९।६३ | ४,२५२,५००।०० | |
| | जम्मा | ११२,५८० | १९,०९१,६१४,८०६।६३ | ९०३,७२०,४७६।३५ | ६७७,७८७,६०८।१६ | ४८०,९६५,९३६।९५ | - |

## आ.व. २०७५/७६ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र. सं | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | १,५३२ | १,०६३,६०७,२५६।८० | ३८,४७६,३०९।०४ | २८,८५७,२३१।७८ | ८,४९६,४४२।०० | |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २,०५७ | ४३४,६०२,९८८।५० | १८,८०७,३६८।६३ | १४,१०५,५२६।४७ | १३,२०२,९४६।४९ | |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ४,८८७ | ३०२,७९३,७१५।०२ | १५,१३१,१९३।२५ | ११,३४८,३९४।९४ | २२,७७६,३४३।७० | |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ४,०५० | ५६७,५६२,५७०।७३ | २७,४४३,६७८।९७ | २०,५८२,७५९।२३ | ४२,१२२,२६५।८८ | |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ३,६९८ | ६३३,२३५,४३१।०० | ३०,७५२,००३।३० | २३,०६४,००२।४८ | १९,९०१,५८९।४१ | |
| ६ | नेको इन्सुरेन्स लि. | ३,८९६ | १,२८१,२४८,८१०।५८ | ५०,५६०,२७४।५० | ३७,९२०,२०५।८८ | २९,८५९,८५६।०० | |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ३,६६८ | ८८१,३०४,६२४।१८ | ४०,०३५,१५२।९१ | ३०,०२६,३६४।६८ | २६,८२९,८२५।०० | |
| ८ | प्रभु इन्स्योरेन्स लि. | २,४२० | ४८०,५६१,९२२।५० | २३,८०९,६८८।२१ | १७,८५७,२६६।१६ | २,५१४,९००।०० | |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | १२,०४१ | २,१३७,५०८,१९३।७२ | १०७,८४६,६४०।५१ | ८०,८८४,९८०।३८ | ९९,६८०,९४७।२५ | |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १५,२७९ | १,५८३,७५८,६८५।५० | ७५,८७३,३०२।२० | ५६,९०४,९७६।६५ | ६३,४४४,२२३।०० | |
| ११ | प्रूडेन्सियल इन्स्योरेन्स कं. लि. | ७,४२० | १,९६१,८०१,३६८।६२ | ८१,५०३,८१४।०९ | ६१,१२७,८६०।५७ | २७,७५०,३८६।०० | |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | २६,५०९ | ३,४५२,३५२,५५४।९३ | १७०,६६८,५५१।१५ | १२८,००१,४१३।३६ | ९६,३०७,६८०।४२ | |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ४,४७४ | १,५७१,०१९,८३४।५० | ७४,४२५,२५५।२५ | ५५,८१८,९४१।४४ | २४,७४५,५००।०० | |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ५,७५४ | १,०४३,८१४,३४१।५९ | ४६,३५९,४०६।८६ | ३४,७६९,५५५।१५ | २०,९४८,८१६।०० | |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | ३,०९५ | ६३६,०५४,१८९।९५ | ३०,३२४,३३३।५८ | २२,७४०,५०१।०९ | ८,३६९,९००।५५ | |
| १६ | राष्टिय बीमा कं. लि. | ५९७ | ६७,५९६,३५०।०० | ३,३३७,४४२।५० | २,५०३,०८१।८८ | ४,०९९,९६२।०० | |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ७,००१ | २,२९१,८१२,२१८।२५ | ८९,११२,४३८।६८ | ६६,८३४,३२९।०१ | ४५,७६०,४२७।०० | |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | १,५९१ | २३१,१०७,१४०।०० | ११,५५१,६०७।०० | ८,६६३,७०५।२५ | ७७९,५२७।८६ | |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | २,०९१ | ६६१,२८१,९४७।१० | ३०,०१४,९९६।१६ | २२,५११,२४७।१२ | ५,९०३,३९६।६१ | |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | ४,७९८ | ८११,८५१,९७१।२० | ३८,७२९,८९२।२० | २९,०४७,४१९।१५ | ४,२७२,५००।०० | |
| | जम्मा | ११६,८५८ | २२,०९४,८७६,११४।६७ | १,००४,७६३,३४८।९९ | ७५३,५६९,७६२।६४ | ५६७,७६७,४३५।१७ | - |

## आ.व. २०७६/७७ को कृषि बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | २४५ | १५२,५७०,५४६।६९ | ७,७८५,५०७।०० | ५,८३९,१३०।२५ | ४५,०००।०० | १ |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | ४७ | ३२,१८३,६४४।४५ | १,६३३,६३७।२३ | १,२२५,२२७।९२ | ७२६,८५०।०० | १३ |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ५७ | ५१,१८५,२०९।९५ | २,५५९,२६०।५१ | १,९१९,४४५।३८ | ३२४,१०८।८५ | ५ |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १५२ | ६५,८०१,२६१।२८ | ३,२००,४४५।०८ | २,४००,३३३।८१ | १३,१०१,०९८।०० | १९६ |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | २५ | १०,३७३,०८६।०० | ४७०,९८३।५० | ३५३,२३७।६३ | ८४०,६६३।०० | १ |
| ६ | नेको इन्सुरेन्स लि. | २४ | ४३,६३८,५१०।०० | २,१४०,५१५।०० | १,६०५,३८६।२५ | २४८,४३०।०० | ६ |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ६२ | ५३,६४७,८५८।६४ | २,३७६,३९३।०७ | १,७८२,२९४।८० | - | - |
| ८ | प्रभु इन्स्योरेन्स लि. | ५७ | ११,५६९,२१४।३८ | ५८३,४६०।७६ | ४३७,५९५।५७ | १७६,२५८।०० | ५ |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | १,९९८ | ७१४,२९९,६४८।१६ | ३७,४०८,१२७।८३ | २८,०५६,०९५।८७ | २०,३११,७०४।७६ | २८८ |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ६ | ६९०,०००।०० | ३४,५००।०० | २५,८७५।०० | - | - |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | ५३ | २४,५२४,०३६।०१ | १,४३२,६०८।५० | १,०७४,४५६।३८ | २१०,०००।०० | ४ |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | १४६ | ६९,०४८,३२२।०० | ३,६३३,१११।८९ | २,७२४,८३३।९२ | ४,७३३,१२१।७० | ३३ |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ५६ | ३०,१३०,३६७।९२ | १,५३२,९९५।१७ | १,१४९,७४६।३८ | - | - |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ४८६ | १०७,८८२,००६।४८ | ६,२८८,१२७।१९ | ४,७१६,०९५।३९ | - | - |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २३४ | ४५,२९२,३०३।०० | २,२६४,६१५।१५ | १,६९८,४६१।३६ | - | - |
| १६ | राष्टिय बीमा कं. लि. | ३९ | १२,२०५,२५६।०० | ६१०,२६२।८० | ४५७,६९७।१० | ११,८८०।०० | १ |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ७२ | १०९,३५२,२३०।९६ | ५,४०४,२९१।८० | ४,०५३,२१८।८५ | १,२०५,७४९।०० | ५ |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | २ | १,२३८,९१४।०० | ६१,९४५।७० | ४६,४५९।२८ | - | - |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | ६ | ७,७०७,५००।०० | ३८५,३७५।०० | २८९,०३१।२५ | ११७,९१२।०० | २ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | ४४ | ६३,६९४,०९१।०० | ३,११७,३६९।५५ | २,३३८,०२७।१६ | १७,९४४,०००।०० | ३ |
|  | जम्मा | ३,८११ | १,६०७,०३४,००६।९२ | ८२,९२३,५३२।७३ | ६२,१९२,६४९।५५ | ५९,९९६,७७५।३१ | ५६३ |

## आ.व. २०७६/७७ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | १,८०९ | १,२३५,५११,४७५।६० | ३९,६२२,५८६।00 | २९,७१६,९३९।५० | ११,१४२,२५९।४३ | २९९ |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | १,७०९ | ६३३,५५३,४१०।३० | २५,७६६,६७१।३५ | १९,३२५,00३।५१ | १५,३०६,९१४।२२ | १,१७७ |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १,६०६ | १५९,९९६,७००।00 | ७,९९९,८३५।00 | ५,९९९,८७६।२५ | ८,९५२,४३९।७८ | ३५० |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ४,३५६ | ६७०,२७१,७९९।00 | ३१,५९१,३३३।00 | २३,६९३,४९९।७५ | १७,६३५,७३२।00 | ३३६ |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ५,४०५ | ५९९,२५२,५७५।00 | २८,५०८,५२५।२४ | २१,३८१,३९३।९३ | २२,०६९,६९१।६० | ४४६ |
| ६ | नेको इन्सुरेन्स लि. | १,४२२ | १,३२१,६४१,३३६।६१ | ४९,०२२,५६०।९० | ३६,७६६,९२०।६८ | २२,१६२,८४७।०७ | ३४६ |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४,०१० | १,०५१,६८२,३६३।७५ | ४५,२३६,६९४।१६ | ३३,९२७,५२०।६२ | २६,३८६,६१७।00 | ४६१ |
| ८ | प्रभु इन्स्योरेन्स लि. | १,२२५ | ५१९,२५४,७०९।२५ | २५,३३८,३५०।२६ | १९,00३,७६२।७० | २,३२२,८00।00 | १३९ |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ९,५३२ | १,६२०,६२८,३१९।८० | ७४,३१५,४९५।८६ | ५५,७३६,६२१।९० | ३१,९८७,९०४।00 | ४४७ |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १४,३४८ | १,५२३,३४३,२४३।00 | ७३,९२१,५४०।५० | ५५,४४१,१५५।३८ | ९,९७१,२६२।00 | २९४ |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १२,७३८ | २,५९१,०८०,६३८।२३ | ११३,६३८,६६१।८५ | ८५,२२८,९९६।३९ | ६७,५६४,२९२।00 | ९७९ |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | २९,४४० | ४,१२०,८४९,६३९।०१ | २००,३३६,२८८।२३ | १५०,२५२,२१६।१७ | १२६,६३६,0३३।८१ | २,६१४ |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ३,४८१ | १,६५६,१७३,३२९।५८ | ७२,५१४,६४१।४६ | ५४,३८५,९८१।०९ | १९,४७४,१२३।00 | ३८७ |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ५,८९३ | १,२३१,६०४,७८२।00 | ५६,४७२,६०८।७९ | ४२,३५४,४५६।५९ | ३०,१४८,९00।00 | ७६५ |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २,२६८ | ४५८,७४७,९११।00 | २१,७५५,४८६।८९ | १६,३१६,६१५।१७ | २०,२५७,0७७।00 | ३६० |
| १६ | राष्टिय बीमा कं. लि. | १,०७६ | १२३,४५८,५०३।00 | ५,८७५,५४६।४० | ४,४०६,६५९।८० | २,७५३,८८१।३१ | १३२ |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ८,३९९ | २,२०३,६८८,३५२।८७ | ८५,७३३,00८।९७ | ६४,२९९,७५६।७३ | ३९,९४१,९८९।00 | ९९२ |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | २,२४४ | ५१७,०८१,११५।९० | २४,६९४,७७७।२९ | १८,५२१,0८२।९७ | ८,५२७,६२०।00 | २६९ |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | ३,६४४ | ७४१,०७०,८५६।४४ | ३१,६५४,६६०।९७ | २३,७४०,९९५।७३ | ४८,४८१,१२२।६९ | ४८१ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | १०,५८५ | १,७९४,२९४,५३१।५० | ८४,७७६,९८२।०९ | ६३,५८२,७३६।५७ | ३०,३१६,२६०।00 | ६०१ |
|  | जम्मा | १२५,१९० | २४,७७३,१८५,५९१।८४ | १,0९८,७७६,२५५।२१ | ८२४,0८२,१९१।४१ | ५६२,0३९,७६५।९१ | ११,८७५ |

## आ.व. २०७६/७७ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | २,०५४ | १,३८८,०८२,०२२।२९ | ४७,४०८,०९३।०० | ३५,५५६,०६९।७५ | ११,१८७,२५९।४३ | ३०० |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | १,७५६ | ६६५,७३७,०५४।७५ | २७,४००,३०८।५८ | २०,५५०,२३१।४४ | १६,०३३,७६४।२२ | १,१९० |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १,६६३ | २११,१८१,९०९।९५ | १०,५५९,०९५।५१ | ७,९१९,३२१।६३ | ९,२७६,५४८।६३ | ३५५ |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ४,५०८ | ७३६,०७३,०६०।२८ | ३४,७९१,७७८।०८ | २६,०९३,८३३।५६ | ३०,७३६,८३०।०० | ५३२ |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | ५,४३० | ६०९,६२५,६६१।०० | २८,९७९,५०८।७४ | २१,७३४,६३१।५६ | २२,९१०,३५४।६० | ४४७ |
| ६ | नेको इन्सुरेन्स लि. | १,४४६ | १,३६५,२७९,८४६।६१ | ५१,१६३,०७५।९० | ३८,३७२,३०६।९३ | २२,४११,२७७।०७ | ३५२ |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ४,०७२ | १,१०५,३३०,२२२।३९ | ४७,६१३,०८७।२३ | ३५,७०९,८१५।४२ | २६,३८६,६१७।०० | ४६१ |
| ८ | प्रभु इन्स्योरेन्स लि. | १,२८२ | ५३०,८२३,९२३।६३ | २५,९२१,८११।०२ | १९,४४१,३५८।२७ | २,४९९,०५८।०० | १४४ |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | ११,५३० | २,३३४,९२७,९६७।९६ | १११,७२३,६२३।६९ | ८३,७९२,७१७।७७ | ५२,२९९,६०८।७६ | ७३५ |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १४,३५४ | १,५२४,०३३,२४३।०० | ७३,९५६,०४०।५० | ५५,४६७,०३०।३८ | ९,९७१,२६२।०० | २९४ |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | १२,७९१ | २,६१५,६०४,६७४।२४ | ११५,०७१,२७०।३५ | ८६,३०३,४५२।७६ | ६७,७७४,२९२।०० | ९८३ |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | २९,५८६ | ४,१८९,८९७,९६१।०१ | २०३,९६९,४००।१२ | १५२,९७७,०५०।०९ | १३१,३६९,१५५।५१ | २,६४७ |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ३,५३७ | १,६८६,३०३,६९७।५० | ७४,०४७,६३६।६३ | ५५,५३५,७२७।४७ | १९,४७४,१२३।०० | ३८७ |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ६,३७९ | १,३३९,४८६,७८८।४८ | ६२,७६०,७३५।९८ | ४७,०७०,५५१।९९ | ३०,१४८,९००।०० | ७६५ |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २,५०२ | ५०४,०४०,२१४।०० | २४,०२०,१०२।०४ | १८,०१५,०७६।५३ | २०,२५७,०७७।०० | ३६० |
| १६ | राष्टिय बीमा कं. लि. | १,११५ | १३५,६६३,७५९।०० | ६,४८५,८०९।२० | ४,८६४,३५६।९० | २,७६५,७६१।३१ | १३३ |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ८,४७१ | २,३१३,०४०,५८३।८३ | ९१,१३७,३००।७७ | ६८,३५२,९७५।५८ | ४१,१४७,७३८।०० | ९९७ |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | २,२४६ | ५१८,३२०,०२९।९० | २४,७५६,७२२।९९ | १८,५६७,५४२।२४ | ८,५२७,६२०।०० | २६९ |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | ३,६५० | ७४८,७७८,३५६।४४ | ३२,०४०,०३५।९७ | २४,०३०,०२६।९८ | ४८,५९९,०३४।६९ | ४८३ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | १०,६२९ | १,८५७,९८८,६२२।५० | ८७,८९४,३५१।६४ | ६५,९२०,७६३।७३ | ४८,२६०,२६०।०० | ६०४ |
| | जम्मा | १२९,००१ | २६,३८०,२१९,५९८।७६ | १,१८१,६९९,७८७।९४ | ८८६,२७४,८४०।९५ | ६२२,०३६,५४१।२२ | १२,४३८ |

## आ.व. २०७७/७८ को कृषि बीमाको तथ्याङ्क

| क्र.सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशूल्क | अनूदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३५३।०० | २५५,१३०,६४६।२० | १२,४९६,४१७।०० | ९,३७२,३१२।७५ | - | - |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | ६६।०० | ८४,१०६,२१४।३६ | ४,२८२,८९२।४३ | ३,२१२,१६९।३२ | २,२०६,७५०।६० | ३४ |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | ४१।०० | ५०,६१०,९६७।१२ | १,३३३,७४८।६९ | १,०००,३११।५२ | १२,२२७,९५८।०६ | २५ |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | २६७।०० | १२६,४३५,१९४।८४ | ६,१९५,९५९।७७ | ४,६४६,९६९।८३ | २,५७२,३४६।०० | १४ |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | २१।०० | ९,०६७,५०१।८८ | ६०४,०७४।०० | ४५३,०५५।५० | १०,८१०।०० | १ |
| ६ | नेको इन्सुरेन्स लि. | २३४।०० | १६३,९०८,७९७।०३ | ८,१४५,५२६।५७ | ६,१०९,१४४।९३ | - | - |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | १२०।०० | १२७,१६३,३२४।५० | ६,१४३,६६९।०५ | ४,६०७,७५१।७९ | ३१२,८५०।५० | २ |
| ८ | प्रभु इन्स्योरेन्स लि. | २६।०० | २५,९७९,६२०।०० | १,२९८,९८१।०० | ९७४,२३५।७५ | ३००,०००।०० | २ |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | २,७५०।०० | १,३८२,०५६,९८८।३० | ७७,१८८,६२७।९० | ५७,८९१,४७०।९३ | ८४,१९८,०४९।३७ | १,७८१ |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | ३४।०० | १६,७६८,३८५।०० | ८३८,४१९।२५ | ६२८,८१४।४४ | १२५,०००।०० | २ |
| ११ | प्रूडेन्सियल इन्स्योरेन्स कं. लि. | ७६१।०० | १९९,४२८,७८६।२४ | ११,६११,३२५।२५ | ८,७०८,४९३।९४ | २५५,०००।०० | ५ |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | १८२।०० | १०८,०७७,५७५।७० | ५,६६०,४३८।७८ | ४,२४५,३२९।०९ | ४७३,९१५।१० | ३४ |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ११७।०० | ६६,८५६,२६९।१४ | ३,३६५,२२१।०७ | २,५२३,९१५।८० | २६८,७७५।०० | १० |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | १३।०० | १६,२०२,४९०।०० | ७५९,८२०।२० | ५६९,८६५।१५ | - | - |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २६।०० | २५,१४७,९७९।०२ | १,२३२,२९०।७५ | ९२४,२१८।०६ | - | - |
| १६ | राष्टिय बीमा कं. लि. | ८२।०० | ३४,०९१,२५५।०० | १,७०४,५६२।७५ | १,२७८,४२२।०६ | - | - |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ५७।०० | १७३,९३८,२८२।४६ | ८,६४६,२९३।७७ | ६,४८४,७२०।३३ | ५९८,३२०।०० | ८ |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | २।०० | २,६००,०००।०० | १३०,०५०।०० | ९७,५३७।५० | - | - |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | ३।०० | ३,३०७,४४६।०० | १६५,३७२।३० | १२४,०२९।२३ | ४०८,४००।०० | २ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | ५१।०० | ४०,९६५,५०३।६५ | २,०४८,३७५।१८ | १,५३६,२८१।३९ | ८९,०००।०० | ३ |
| | जम्मा | ५,२०६।०० | २,९११,८४७,२२६।४४ | १५३,८५२,०६५।७१ | ११५,३८९,०४९।२८ | १०४,०४७,१७४।६३ | १,९२३ |

## आ.व. २०७७/७८ को पशुपन्छी बीमाको तथ्याङ्क

| क्र. सं. | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भूक्तानी रकम | दावी भूक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३,५१६।०० | २,२१२,८१७,८७७।०४ | ६४,९१०,७५३।०० | ४८,६८३,०६४।७५ | १,७१७,१००।०० | १६७ |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २,८५८।०० | ७८२,१२८,६७७।४७ | ३७,०१९,३२६।४५ | २७,७६४,४९४।८४ | १९,७८४,५९८।९४ | २,२४९ |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १,५१५।०० | २४५,०४४,९००।०० | १२,२५२,२४३।०० | ९,१८९,१८२।२५ | ८,२५१,४७२।३२ | ३४७ |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | ९,९६२।०० | १,८८१,५६४,२४१।४३ | ८९,२१८,१९६।७० | ६६,९१३,६४७।५२ | २३,२७९,९६४।०० | ४७१ |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | २,१९१।०० | ४७१,८०८,०८०।०० | १९,१५१,२८८।१४ | १४,३६३,४६६।११ | २०,३७९,८१४।०० | ३९० |
| ६ | नेको इन्सुरेन्स लि. | ३,१२७।०० | २,५२५,५१३,१८२।२६ | ९४,१६८,२०१।५३ | ७०,६२६,१५१।१५ | १,९३९,२५०।०० | ५१ |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ५,४६४।०० | १,६७७,०४०,३३९।०६ | ७६,६१३,२८६।७५ | ५७,४५९,९६५।०६ | ३०,१३५,३६४।०० | ६८९ |
| ८ | प्रभु इन्स्योरेन्स लि. | १,२३६।०० | ४२८,८०५,९२८।०० | २१,१०५,३४५।३५ | १५,८२९,००९।०१ | ४६२,८००।०० | ३४ |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | १७,०९८।०० | ३,२५०,६७६,१७५।१९ | १४९,९५८,९१९।६९ | ११२,४६९,१८९।७७ | ४५,७५९,५०२।०० | १,०३४ |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | २४,८८१।०० | २,६८२,३२८,९७४।०० | १३०,१६५,९२५।१० | ९७,६२४,४४३।८३ | ६८,२८८,४२०।०० | ४,८६४ |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | २७,४७६।०० | ६,१२५,६४६,०४८।३७ | २७०,७१३,४५७।५२ | २०३,०३५,०९३।१४ | ५४,७१७,२००।०० | ९५७ |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ४१,१९१।०० | ६,१७४,९६५,९३६।३४ | ३००,४७३,९२५।१० | २२५,३५५,४४३।८३ | ११९,३७९,५३३।०० | ४,७८४ |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ४,६२८।०० | १,८६२,६६७,८२८।७५ | ७९,०६६,६६१।९७ | ५९,२९९,९९६।४८ | २०,४१५,०२२।०० | ४३२ |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ६,७६९।०० | १,७९०,९८३,४८०।०० | ८२,३८४,२२१।०० | ६१,७८८,१६५।७५ | २०,०७२,६५५।०० | ४६८ |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २,२६९।०० | ६७०,०१४,४९४।३८ | ३२,०२९,६९४।४९ | २४,०२२,२७०।८७ | ९,१९२,६७६।०५ | १८५ |
| १६ | राष्टिय बीमा कं. लि. | २,८५६।०० | ३१९,०२२,९०५।०० | १५,७६२,६३८।३५ | ११,८२१,९७८।७६ | २,४७४,४२९।०० | ११० |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं. लि. | ८,९३९।०० | ३,११९,९९१,११८।२० | ११६,९३७,१६८।३१ | ८७,७०२,८७६।२३ | ३७,६११,९७०।०० | १,३८५ |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | २,२५२।०० | ७०४,८९७,४९९।०० | ३२,८७५,४४१।८८ | २४,६५६,५८१।४१ | १७,३६४,१८०।२० | ३०१ |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | २,४१३।०० | ४९६,९७७,९३७।८८ | २२,०००,६९०।०८ | १६,५००,५१७।५६ | १५,१६५,१५०।०० | ३३४ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | १७,९०९।०० | २,९६८,२५५,८००।७८ | १३९,२०५,४३६।१५ | १०४,४०४,०७७।११ | २८,८७१,५७०।०० | ५०० |
|  | जम्मा | १८८,५५०।०० | ४०,३९१,१५१,४२३।१५ | १,७८६,०१२,८२०।५६ | १,३३९,५०९,६१५।४२ | ५४५,२६२,६७०।५१ | १९,७५२ |

## आ.व. २०७७/७८ को कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्क

| क्र.सं | विवरण | बीमालेख संख्या | बीमांक | बीमाशुल्क | अनुदान रकम | दावी भुक्तानी रकम | दावी भुक्तानी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्स्योरेन्स कं. लि. | ३,८६९।०० | २,४६७,९४८,५२३।२४ | ७७,४०७,१७०।०० | ५८,०५५,३७७।५० | १,७१७,१००।०० | १६७ |
| २ | दि ओरिएण्टल इन्स्योरेन्स कं. लि. | २,९२४।०० | ८६६,२३४,८९१।८३ | ४१,३०२,२१८।८८ | ३०,९७६,६६४।१६ | २१,५९१,३४९।५४ | २,२८३ |
| ३ | नेशनल इन्स्योरेन्स कं.लि. | १,५५६।०० | २९५,६५५,८६७।१२ | १३,५८५,९९१।६९ | १०,१८९,४९३।७७ | २०,४७९,४३०।३८ | ३७२ |
| ४ | हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | १०,२२९।०० | २,००८,००३,४३६।२७ | ९५,४१४,१५६।४७ | ७१,५६०,६१७।३५ | २५,८५२,३१०।०० | ४८५ |
| ५ | प्रिमियर इन्स्योरेन्स कं.(नेपाल) लि. | २,२१२।०० | ४८०,८७५,५८१।८८ | १९,७५५,३६२।१४ | १४,८१६,५२१।६१ | २०,३९०,६२४।०० | ३९१ |
| ६ | नेको इन्सुरेन्स लि. | ३,३६१।०० | २,६८९,४२१,९७९।२९ | १०२,३१३,७२८।१० | ७६,७३५,२९६।०८ | १,९३९,२५०।०० | ५१ |
| ७ | सगरमाथा इन्स्योरेन्स कं. लि. | ५,५८४।०० | १,८०४,२०३,६६३।५६ | ८२,७५६,९५५।८० | ६२,०६७,७१६।८५ | ३०,४४८,२१४।५० | ६९१ |
| ८ | प्रभु इन्स्योरेन्स लि. | १,२६२।०० | ४५४,७८५,५४८।०० | २२,४०४,३२६।३५ | १६,८०३,२४४।७६ | ७६२,८००।०० | ३६ |
| ९ | शिखर इन्स्योरेन्स कं. लि. | १९,८४८।०० | ४,६३२,७३३,१६३।४९ | २२७,१४७,५४७।५९ | १७०,३६०,६६०।६९ | १२९,९५७,५५१।३७ | २,८१५ |
| १० | लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | २४,९१५।०० | २,६९९,०९७,३५९।०० | १३१,००४,३४४।३५ | ९८,२५३,२५८।२६ | ६८,४१३,४२०।०० | ४,८६६ |
| ११ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | २८,२३७।०० | ६,३२५,०७४,८३४।६१ | २८२,३२४,७८२।७७ | २११,७४३,५८७।०८ | ५४,९७२,२००।०० | ९६२ |
| १२ | एनएलजी इन्स्योरेन्स कं. लि. | ४१,३७३।०० | ६,२८३,०४३,५१२।०४ | ३०६,१३४,३६३।८८ | २२९,६००,७७२।९१ | ११९,८५३,४४८।१० | ४,८१८ |
| १३ | सिद्धार्थ इन्स्योरेन्स लि. | ४,७४५।०० | १,९२९,५२४,०९७।८९ | ८२,४३१,८८३।०४ | ६१,८२३,९१२।२८ | २०,६८३,७९७।०० | ४४२ |
| १४ | युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ६,७८२।०० | १,८०७,१८५,९७०।०० | ८३,१४४,०४१।२० | ६२,३५८,०३०।९० | २०,०७२,६५५।०० | ४६८ |
| १५ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | २,२९५।०० | ६९५,१६२,४७३।४० | ३३,२६१,९८९।२४ | २४,९४६,४८८।९३ | ९,१९२,६७६।०५ | १८५ |
| १६ | राष्टिय बीमा कं. लि. | २,९३८।०० | ३५३,११४,१६०।०० | १७,४६७,२०१।१० | १३,१००,४००।८३ | २,४७४,४२९।०० | ११० |
| १७ | आइ एम इ जनरल इन्स्योरेन्स कं.लि. | ८,९९६।०० | ३,२९३,९२९,४००।६६ | १२५,५८३,४६२।०८ | ९४,१८७,५९६।५६ | ३८,२१०,२९०।०० | १,३९३ |
| १८ | सानिमा जनरल इन्स्योरेन्स कं. लि. | २,२५४।०० | ७०७,४९७,४९९।०० | ३३,००५,४९१।८८ | २४,७५४,११८।९१ | १७,३६४,१८०।२० | ३०१ |
| १९ | जनरल इन्स्योरेन्स कं. लि. | २,४१६।०० | ५००,२८५,३८३।८८ | २२,१६६,०६२।३८ | १६,६२४,५४६।७९ | १५,५७३,५५०।०० | ३३६ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | १७,९६०।०० | ३,००९,२२१,३०४।४३ | १४१,२५३,८११।३३ | १०५,९४०,३५८।५० | २८,९६०,५७०।०० | ५०३ |
|  | जम्मा | १९३,७५६।०० | ४३,३०३,९३९,१४९।५९ | १,९३९,८६४,८८६।२७ | १,४५४,८९८,६६४।७० | ६४९,३०९,८४५।१४ | २१,६७५।०० |

# कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७

**प्रस्तावनाः** कृषि तथा पशुपन्छी क्षेत्रमा हुने जोखिमलाई बीमाको माध्यमबाट न्यूनीकरण गरी बीमा प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८(घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम **"कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७"** रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(१) "अनुदान" भन्नाले यस निर्देशिका अनुसार जारी हुने बीमालेखको बीमा शुल्कमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले उलब्ध गराउने रकमलाई अनुदान सम्झनु पर्छ।

(२) "एकाघरको परिवार" भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, धर्मपुत्र, धर्मपुत्री, बावु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनु पर्छ।

(३) "कृषि तथा पशुपन्छी बीमा अभिकर्ता" भन्नाले कृषि तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्न समितिबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा अभिकर्ता (व्यक्ति वा संस्था) सम्झनु पर्छ।

(४) "कृषि विज्ञान" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थामा अध्यापन हुने कृषि वा वनस्पति संग सम्बन्धित बिषय सम्झनु पर्छ।

(५) "गुणस्तर परीक्षण" भन्नाले बीमा गर्न प्रस्तावित वनस्पति तथा जीवजन्तु बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा परीक्षण गर्ने कार्य सम्झनु पर्छ।

(६) "दावी" भन्नाले बीमा गरिएको वस्तुको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(७) "नजिकको नातेदार" भन्नाले एकाघर वा सगोलको अंशियार वा दाजु, भाउजु, सासु, ससुरा, भाई, भाई वुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी ज्वाईं, साला, साला बुहारी, साली, जेठान, साढुदाई, साढुभाई, नन्द, आमाजु, जेठी सासु, काका, काकी, मामा,

माइजु, छोरा, बुहारी, छोरी, छोरी ज्वाईं, नातिनी, नातिनी बुहारी, नातिनी ज्वाईं, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाईं, फुपु, फुपाजु सम्झनु पर्छ।

(८) “नियमावली” भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ।

(९) “पशु विज्ञान” भन्नाले मान्यताप्राप्त शिक्षण संस्थामा अध्यापन हुने पशुपन्छी, माछा वा किट सम्बन्धी बिषय सम्झनु पर्छ।

(१०) “प्राविधिक” भन्नाले एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि वा पशु वा वनस्पति विज्ञानमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा कृषि वा पशु विज्ञानमा सो भन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(११) “बीमा अवधि” वा “बीमालेखको अवधि” भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार रक्षावरणको अवधि सम्झनु पर्छ।

(१२) “बीमा गरिने वस्तु” वा “बीमा गरिएको वस्तु” भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(१३) “बीमाङ्क” भन्नाले रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(१४) “बीमालेख” भन्नाले यस निर्देशिका बमोजिम जारी गरिने बीमालेख सम्झनु पर्छ।

(१५) “बीमा शुल्क” भन्नाले बीमा गरे बापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(१६) “बीमित” भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(१७) “महाविपत्ति” भन्नाले मानवीय वा प्राकृतिक विपदको कारणले जनजीवन असामान्य भएको अवस्था सम्झनु पर्छ।

(१८) “मूलभूत विवरण” भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(१९) “रक्षावरण” भन्नाले बीमा गरिएको वस्तुको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(२०) “सङ्केत पट्टा” भन्नाले बीमा गरिएको पशुपन्छीलाई पहिचान गर्ने उद्देश्यले प्राविधिकले लगाई दिने पहिचान खुल्ने सङ्केत वा प्रतिक चिन्ह; जस्तैः ट्याग, चिप्स, माइक्रो चिप्स, मौरीको घारमा लगाउने सिल आदि सम्झनु पर्छ।

(२१) “समानुपातिक दर” भन्नाले बार्षिक बीमादरको अनुपातमा तोकिएको निश्चित अवधिको लागि लाग्ने बीमादर सम्झनु पर्छ।

(२२) “समिति” भन्नाले ऐन बमोजिम गठित बीमा समिति सम्झनु पर्छ।

(२३) “स्वास्थ्य परीक्षण” भन्नाले बीमा गर्न प्रस्तावित जीवजन्तु बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा परीक्षण गर्ने कार्यलाई सम्झनु पर्छ।

(२४) “क्षति” भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा रोग वा किरा लागि बीमा गरिएको वस्तुको हानी भई, नोक्सानी भई, विग्रिई, मृत्यु भई, नष्ट वा नास भई हुने आर्थिक नोक्सानी सम्झनु पर्छ।

(२५) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस निर्देशिकाको अधीनमा रही जारी भएका बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(२६) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

(२७) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले यस निर्देशिकाको अधीनमा रही बीमक वा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको मृत्यु, क्षति, नष्ट वा नास भई आर्थिक नोक्सानी भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ।

## परिच्छेद –२
# कृषि तथा पशुपन्छी बीमा व्यवसाय

**१. कृषि तथा पशुपन्छी बीमा व्यवसाय गर्नुपर्ने:**

(१) यो निर्देशिका प्रारम्भ भए पछि प्रत्येक निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले यस निर्देशिकामा उल्लेख भए बमोजिमको कृषि तथा पशुपन्छी बीमा व्यवसाय गर्नुपर्नेछ।

(२) बीमकले अनुसूची-१ बमोजिम तोकिएका जिल्लाहरूमा अनिवार्य रूपमा उपदफा (१) बमोजिमको बीमा व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमका जिल्लाहरू समितिले समय समयमा हेरफेर गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले तोकिएका जिल्लाहरू बाहेक अन्य जिल्लाहरूमा समेत कृषि तथा पशुपन्छी बीमा व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(५) बीमकले बार्षिक रूपमा बिक्री गर्ने कूल बीमालेखको संख्या मध्ये कम्तीमा पाँच प्रतिशत बीमालेख कृषि तथा पशुपन्छी बीमालेख हुनु पर्नेछ।

**२. कृषि तथा पशुपन्छी बीमाको किसिमः**

(१) कृषि तथा पशुपन्छी बीमाको किसिम देहाय बमोजिम हुनेछः

(१) वनस्पतिको बीमा

(२) जीवजन्तुको बीमा

(२) उपदफा (१) को किसिम अन्तर्गत पर्ने बीमाको प्रकार अनुसूची-२ बमोजिम हुनेछ।

**३. कृषि तथा पशुपन्छी बीमालेखः**

(१) बीमकले कृषि तथा पशुपन्छी बीमा व्यवसाय गर्दा अनुदान प्राप्त नहुने बीमाको हकमा पूरै रकम र अनुदान प्राप्त हुने बीमाको हकमा अनुदानबाट प्राप्त हुने रकम

बाहेक बाँकी रकम प्राप्त गरे पश्चात मात्र बीमालेख जारी गर्नु पर्नेछ ।

(२) बीमालेखमा उपलब्ध हुने अनुदानको प्रतिशत र कुन बीमालेखमा अनुदान प्रदान गर्ने भन्ने कुरा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) प्रदेश सरकार तथा स्थानीय तहले समेत अनुदान उपलब्ध गराएको हकमा सो बमोजिमको अनुदान समेत प्रदान गरिनेछ ।

(४) यस दफा बमोजिमको अनुदानको भुक्तानी सम्बन्धी कार्यविधि नेपाल सरकारले अनुदान उपलब्ध गराएको हकमा नेपाल सरकारले, प्रदेश सरकारले अनुदान उपलब्ध गराएको हकमा प्रदेश सरकारले र स्थानीय तहले अनुदान उपलब्ध गराएको हकमा स्थानीय तहले समितिको समन्वयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बीमितले बीमा गर्न चाहेको वस्तुको आंशिक बीमा गर्न पाउने छैन ।

**४. कानूनले निषेध गरेको बाहेक अन्यको लागि बीमालेख जारी गर्न सकिने:**

(१) प्रचलित कानूनले निषेध गरेको बाहेकको वनस्पति तथा जीवजन्तुको लागि कृषि तथा पशुपन्छी बीमालेख जारी गर्न सकिनेछ ।

(२) यस निर्देशिका बमोजिम बीमा गर्नको लागि आयातित पशुपन्छीको हकमा क्वारेन्टिन जाँचपास गरेको र आयातित वनस्पतिको हकमा प्रचलित कानून बमोजिमको क्वारेन्टिन सहित फाइटोस्यानिटरी प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

## परिच्छेद-३
# कृषि तथा पशुपन्छी बीमालेख

**५. बीमा करार:**

(१) बीमकले यस निर्देशिका बमोजिम जारी गरेको बीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ ।

(२) बीमालेखमा उल्लेख भएका शर्त ब्यवस्था लगायत सम्पूर्ण प्रावधान बीमक तथा बीमित दुवैले पालना गर्नु पर्नेछ ।

**६. बीमालेखको अवधि:**

(१) बीमालेखको अवधि बीमालेखमा उल्लेख भए अनुसार हुनेछ ।

(२) बीमालेख जारी गर्दा बीमालेख जारी भएको समय तथा जोखिम प्रारम्भ हुने मिति (घण्टा र मिनेट सहित) उल्लेख गर्नु पर्नेछ ।

(३) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुनेगरी बीमालेख जारी गर्न पाइने छैन।

(४) बीमालेखमा उल्लेख भएको बीमा समाप्त हुने दिनको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

**७. छोटो अवधिको बीमाः**

(१) बीमकले अनुदान प्राप्त नहुने बीमालेखको हकमा छोटो अवधिको लागि बीमालेख जारी गर्न सक्नेछ।

(२) छोटो अवधिको बीमालेख एक पटक जारी भैसकेपछि पुनः समय बढाउन पाइने छैन।

(३) छोटो अवधिको लागि बीमा शुल्क गणना गर्दा समानुपातिक हिसाबमा गणना गर्नु पर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान प्राप्त हुने कुनै पनि बीमालेख छोटो अवधिका लागि जारी गर्न पाइने छैन।

***स्पष्टिकरणः*** *यस दफाको प्रयोजनको लागि छोटो अवधिको बीमा भन्नाले सम्बन्धित बीमालेखमा उल्लेख भएको पूरा अवधि भन्दा कम अवधिको बीमा सम्झनु पर्छ।*

**८. अन्य बीमालेख जारी गर्न नपाइनेः**

(१) बीमकले यस निर्देशिका बमोजिम जारी भएका कृषि तथा पशुपन्छी बीमालेख बाहेक अन्य जीवजन्तु तथा वनस्पति सम्बन्धी बीमालेख बिक्री गर्न पाउने छैन।

(२) यस निर्देशिका बमोजिम जारी भएका कृषि तथा पशुपन्छी बीमालेखको, अन्तरवस्तु (कन्टेन्ट), शब्दावली, बीमालेखहरूको शर्त तथा सुविधाहरु तथा अन्य कुरा समितिले तोकिदिए बमोजिम हुनेछ।

**९. बीमायोग्य हित कायम हुनुपर्नेः**

(१) बीमा गरिने वस्तुमा बीमितको बीमायोग्य हित रहेको हुनु पर्नेछ।

(२) बीमा प्रस्ताव फाराममा बीमितले सम्पूर्ण विवरणहरू स्पष्ट र यथार्थपरक रूपमा भरेको यकिन गर्नु पर्दछ।

(३) प्रस्ताव फाराम पूरा भरेको हुनुपर्नेछ र भर्नुपर्ने कुनै ठाँउ बीमितको लागि सान्दर्भिक नहुने भएमा अ.प्रा. (अप्रासंगिक) वा अंग्रेजीमा एन/ए (नट एप्लिकेवल) लेख्नु पर्नेछ।

(४) पूरा नभरेको फारामको आधारमा बीमालेख जारी गर्न पाइने छैन।

(५) “मोटामोटी” वा “अन्दाजी” जस्ता अनिश्चयात्मक शब्द राखी बीमालेख जारी गर्न पाइने छैन

**१०. फोटो तथा भिडियो क्लिप राख्नु पर्नेः**

(१) बीमकले बीमालेख जारी गर्नु अघि बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँच वटा र कम्तीमा तीन मिनेट सम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनुपर्नेछ।

(२) उपदफा (१) र (२) बमोजिमको फोटो तथा भिडियो प्राविधिक आफैंले खिचेको हुनुपर्नेछ।

**११. बीमाङ्क कायम गर्नेः**

बीमालेखमा उल्लेख भएको हकमा बीमालेख बमोजिम र अन्यको हकमा बजार मूल्य, बीजक मूल्य र स्थानीय चलनचल्तीको मूल्यलाई आधार लिई आपसी सहमतिको आधारमा बीमाङ्क कायम गर्नु पर्नेछ।

**१२. बीमादर अनुसार बीमा शुल्क लिनुपर्नेः**

(१) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमा शुल्क गणना गर्नु पर्नेछ।

(२) बीमालेख अनुसारको बीमा शुल्कमा कुनै पनि प्रकारको छुट वा सहुलियत दिन वा कटौति गर्न पाइने छैन।

(३) बीमालेखमा बीमा शुल्क गणना गर्दा हुन आउने कूल बीमा शुल्क रकममा अतिरिक्त रकम लिन पाइने छैन।

**१३. बीमाङ्क परिवर्तनः**

(१) बीमालेख जारी भैसकेपश्चात बीमाङ्क परिवर्तन गर्न पाइने छैन।

(२) कुनै बीमितको बीमा गरिएको वस्तुमा बीमा अवधि भित्र बीमा गर्नु पर्ने वस्तु थप गर्नु परेमा त्यसरी थप गरिने वस्तुको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

**१४. बीमालेख पुनर्स्थापना नहुनेः**

अनुदान प्राप्त हुने बीमालेख अन्तर्गत दावी परेपछि उक्त बीमालेख पुनर्स्थापना गर्न पाइने छैन। तर, अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान प्राप्त नहुने बीमालेख दावी परेपछि बाँकी अवधिको लागि बीमितको इच्छानुसार समानुपातिक बीमा शुल्क लिई पुनर्स्थापना गर्न सकिनेछ।

**१५. बीमा अस्वीकार गर्न नपाइने:**

(१) बीमकले आफूलाई तोकिएको जिल्लामा आफूलाई प्राप्त कृषि तथा पशुपन्छी बीमाको प्रस्ताव अस्वीकार गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राप्त प्रस्ताव स्वीकार गर्दा जालसाजी हुने देखिएमा समितिलाई लिखित जानकारी गराई उक्त बीमा प्रस्ताव अस्वीकार गर्न सकिनेछ ।

**१६. बीमालेख रद्द गर्न सकिने:**

(१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः

- (१) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
- (२) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
- (३) बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भीर लापरवाही गरेको,
- (४) बीमा गरेको वस्तु त्याग गरेको,
- (५) गैरकानूनी तवरले बीमा गराएको,
- (६) बीमायोग्य हित कायम नभएको ।

(२) कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ। तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई सात दिनको लिखित स्पष्टिकरणको मौका दिनु पर्नेछ ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र बीमा समितिमा जानकारी गराउनुपर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमा शुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नु पर्ने छैन ।

**१७. अन्य बीमालेख लिनुपर्ने:**

(१) बीमितले बीमा गरिने वस्तुको लागि निर्माण गरेको भौतिक संरचनाको छुट्टै बीमालेख लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बीमा सम्बन्धी अन्य व्यवस्था सम्पत्ति बीमा निर्देशिका, २०७५ अनुसार हुनेछ र सो बमोजिम जारी हुने बीमा लेखको लागि अनुदान प्राप्त हुने छैन ।

परिच्छेद-४

# कृषि तथा पशुपन्छी बीमा मध्यस्थकर्ता

## १८. प्राविधिकः

(१) प्राविधिकले बीमा गरिने वस्तुको स्वास्थ्य परीक्षण वा गुणस्तर परीक्षण गरी उक्त वस्तुको स्वास्थ्य वा गुणस्तरको आधारमा बीमा गर्न योग्य छ वा छैन भनी प्रस्ताव फाराममा भरी बीमितलाई प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन सहितको प्रस्ताव फाराम प्राप्त नगरी बीमकले बीमालेख जारी गर्नु हुँदैन।

(३) प्राविधिकले देहायको काम गरे बापत बीमा शुल्कमा पाँच प्रतिशत कमिसन रकम प्राप्त गर्नेछः-

(क) बीमा गरिने वस्तुको स्वास्थ्य परीक्षण वा गुणस्तर परीक्षण गरे बापत,

(ख) बीमा गरिने वस्तुमा पहिचानका लागि संकेत वा चिप्स वा ट्याग जडान गरे बापत र

(ग) यस निर्देशिका तथा सम्बन्धित बीमालेख अनुसार गर्नु पर्ने अन्य काम गरे बापत।

(४) कुनै संस्थाले प्राविधिकको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, वनस्पति वा पशुपन्छी कार्यसँग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने,

(ख) संस्थाको उद्देश्यमा कृषि, वनस्पति तथा पशुपन्छी बीमाको प्रावधिक भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने,

(ग) संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मूख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले यस निर्देशिकाको दफा २ को खण्ड (ञ) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्ने।

(६) प्राविधिकले बीमालेखमा उल्लेख भएको भए साही बमोजिम र बीमालेखमा उल्लेख नभएको भए आफ्नो बिशेषज्ञता भएको बीमा (कृषि वा पशुपन्छी मध्ये कुनै एक) सम्बन्धी कार्य मात्र गर्न पाउने छ।

## १९. प्राविधिकले गर्न नहुने कार्यः

(१) प्राविधिकले देहायका कार्य गर्न वा गराउन हुँदैनः-

(क) कुनै पनि बीमा गरिने वस्तुको गलत स्वास्थ्य परीक्षण वा गुणस्तर परीक्षण गर्न वा गर्न सघाउन वा गर्न लगाउन,

(ख) आफनो वा आफ्नो एकाघर परिवारको वा नजिकको नातेदारको बीमा गरिने वस्तुको स्वास्थ्य परीक्षण वा गुणस्तर परीक्षण गर्न,

(ग) गलत नियतले वा गलत तरिकाले बीमितलाई उक्साउन वा बीमा गराउन,

(घ) गलत ढंगले संकेत पट्टा लगाउन वा गलत वस्तुमा संकेत पट्टा लगाउन,

(ङ) कृषि तथा पशुपन्छी बीमाबाट कुनै अनुचित लाभ लिन ,

(च) बीमालेख लिनेको हकहित विरूद्ध कुनै कार्य गर्न,

(छ) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा बीमालेख बिपरित कुनै कार्य गर्न ।

(२) उपदफा (१) मा उल्लेख गरिएको कुनै कार्य प्राविधिकले गरेको पाइएमा बीमकले सोको प्रमाण सहित समितिमा जानकारी गराउनु पर्नेछ र समितिले सम्बन्धित निकायमा कारवाहीको लागि लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्ने प्रावधिकलाई कृषि तथा पशुपन्छी बीमा सम्बन्धी कार्यमा लगाउन पाइने छैन ।

**२०. कृषि तथा पशुपन्छी बीमा अभिकर्ता:**

(१) कृषि तथा पशुपन्छी बीमा अभिकर्ता सम्बन्धी अनुसूची-३ बमोजिमको तालिम लिई समितिबाट बीमा अभिकर्ताको ईजाजतपत्र प्राप्त गरेको व्यक्ति वा संस्थालाई बीमकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रुपमा कार्य गराउन सक्नेछ ।

(२) कुनै संस्थाले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि कार्यसँग सम्बन्धित कृषि वा बस्तपति सम्बन्धी सहकारी संस्था वा कृषि सहकारी समूह वा कृषक समूह वा कृषि सम्बन्धी फर्म वा कम्पनी हुनुपर्ने,

(ख) संस्थाको उद्देश्यमा कृषि तथा पशुपन्छी बीमा अभिकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने,

(ग) संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मूख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्ति कृषि तथा पशुपन्छी बीमा सम्बन्धी तालिममा सहभागी भएको हुनुपर्ने ।

**२१. कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको आचारसंहिता: कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको आचारसंहिता अनुसूची-४ बमोजिम हुनेछ ।**

**२२. कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको काम तथा कर्तव्य:**

(१) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा समितिले समय समयमा दिएको

आदेश समेतको अधीनमा रही कृषि तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्तव्य देहाय बमोजिम हुनेछ:

(१) बीमा व्यवसायका आधारभूत सिद्धान्त अन्तर्गत रही बीमककोतर्फबाट कृषि तथा पशुपन्छी बीमा सम्बन्धी कार्य गर्ने वा गराउने,

(२) कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा बीमितलाई बीमककोतर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने,

(३) कृषि तथा पशुपन्छी बीमाको प्रस्ताव फाराम भर्न लगाउने तथा भर्न सघाउने,

(४) बीमितलाई कृषि तथा पशुपन्छी बीमालेख उपलब्ध गराउने,

(५) आवश्यकता अनुसार कृषि तथा पशुपन्छी बीमालेख नवीकरण गराइदिने,

(६) बीमितलाई दावी परेको बेला आवश्यक सहयोग गर्ने, र

(७) कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा समितिले तोकिदिएका अन्य कार्य गर्ने गराउने।

(२) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको अन्य योग्यता, काम, कर्तव्य र अधिकार सो सम्बन्धी अन्य व्यवस्था बीमा नियमावली, २०४९ अनुसार हुनेछ।

२३. **कमिशन:** कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले कृषि तथा पशुपन्छी बीमा गरे बीमा शुल्क वापतको दश प्रतिशत कमिशन प्राप्त गर्नेछ।

२४. **क्षति मूल्याङ्कनकर्ता:** बीमकले आफैंले गर्न सक्ने बाहेक अन्य कृषि तथा पशुपन्छी बीमा दावी अन्तर्गत क्षतिको मूल्याङ्कन क्षति मूल्याङ्कनकर्ताले गर्नु पर्नेछ।

२५. **क्षति मूल्याङ्कनकर्ताको लागि योग्यता:**

(१) क्षति मूल्याङ्कनकर्ताको योग्यता देहाय बमोजिम हुनेछ :

(१) नेपाली नागरिक,

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी सम्बन्धी बिषयमा कम्तीमा दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(३) समिति वा समितिको स्वीकृति लिई बीमकले सञ्चालन गरेको क्षति मूल्याङ्कनकर्ता सम्बन्धी अनुसूची-५ बमोजिमको तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको।

(२) कुनै संस्थाले क्षति मूल्याङ्कनकर्ताको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः

(१) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि कार्यसँग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने,

(२) संस्थाको उद्देश्यमा कृषि तथा पशुपन्छी बीमाको क्षति मूल्याङ्कनकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने,

(३) संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मूख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले उपदफा (१) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्ने ।

**२६. क्षति मूल्याङ्कनकर्ताको काम तथा कर्तव्य:**

(१) क्षति मूल्याङ्कनकर्ताको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :

(१) बीमा व्यवसायका आधारभूत सिद्धान्त अन्तर्गत रही कृषि तथा पशुपन्छी बीमाको क्षतिको मूल्याङ्कन गर्ने,

(२) घटना र वस्तुस्थिति बारे सत्य तथ्यमा आधारित मूल्याङ्कन प्रतिवेदन तयार गर्ने,

(३) क्षति मूल्याङ्कनको सिलसिलामा आवश्यकतानुसार सम्बन्धित को पेशागत विशेषज्ञको राय लिने,

(४) क्षतिसँग सम्बन्धित सम्पूर्ण आवश्यक विवरणहरु स्पष्ट रूपमा खुलाई प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्ने ।

(५) समितिले तोकिदिएका अन्य कार्य गर्ने गराउने ।

(२) क्षति मूल्याङ्कनकर्ताले यस निर्देशिका बमोजिमको बीमा बाहेक अन्य बीमाको क्षतिको मूल्याङ्कन गर्न पाउने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुई लाख रूपैंया भन्दा कम रकमको बीमाङ्क भएको बीमालेख अन्तर्गतको दावीको हकमा बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले आवश्यक ठानेमा जुनसुकै अवस्थामा क्षति मूल्याङ्कनकर्ताको सहयोग लिन सक्नेछ ।

(५) क्षति मूल्याङ्कनकर्ताको पारिश्रमिक बीमकले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) क्षति मूल्याङ्कनकर्ताले आफ्नो बिशेषज्ञता भएको बीमाको (वनस्पति वा जीवजन्तु मध्ये कुनै एक) मात्र क्षति मूल्याङ्कन गर्न पाउने छ ।

**२७. कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनर्तालेले गर्न नहुने कार्य:**

(१) क्षति मूल्याङ्कनकर्ताले देहायका कार्य गर्न वा गराउन हुँदैन

(क) कुनै पनि बीमा गरिने वस्तुको गलत वा झुठो मूल्याङ्कन प्रतिवेदन तयार गर्न वा गर्न सघाउन,

(ख) वास्तविक क्षतिको मूल्याङ्कनलाई घटाउन वा बढाउन,

(ग) आफनो वा आफ्नो एकाघर परिवार वा आफ्नो नजिकको नातेदारको बीमा गरिने वस्तुको क्षति मूल्याङ्कन गर्न,

(घ) गलत नियतले वा गलत तरिकाले बीमितलाई उक्साउन वा बीमा गर्न लगाउन,

(ङ) कृषि तथा पशुपन्छी बीमाबाट कुनै अनुचित लाभ लिन ,

(घ) बीमालेख लिनेको हकहित विरूद्ध कुनै कार्य गर्न

(ङ) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा बीमालेखमा बिपरित कुनै कार्य गर्न वा गराउन

(२) उपदफा (१) मा उल्लेख गरिएको कुनै कार्य क्षति मूल्याङ्कनकर्ताले गरेको पाइएमा बीमकले सोको प्रमाण सहित समितिमा जानकारी गराउनु पर्नेछ।

(३) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले प्राविधिक वा कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गर्न पाउने छैन।

२८. **क्षति मूल्याङ्कनकर्ताको आचारसंहिता:** क्षति मूल्याङ्कनकर्ताको आचार संहिता अनुसूची-६ मा उल्लेख गरिए बमोजिम हुनेछ।

२९. **ढिलो गरी लागू हुने:**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि क्षति मूल्याङ्कनकर्ता सम्बन्धी व्यवस्था वि.सं. २०७८ साल माघ १ गतेदेखि लागू हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएको मितिभन्दा अगावै क्षति मूल्याङ्कन गर्नु परेमा बीमकले गुणस्तर परीक्षण, योग्यता परीक्षण तथा संकेत पट्टा लगाउने लगायत बीमा जारी गर्नु अघि गर्नुपर्ने कुनै पनि कार्यमा संलग्न नगराएको प्रावधिकलाई क्षति मूल्याङ्कन गर्न लगाउनु पर्नेछ।

३०. **बीमक जिम्मेवार हुने:**

(१) बीमकको कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी, कृषि तथा पशुपन्छी बीमा अभिकर्ता वा क्षति मूल्याङ्कनकर्ताले कृषि तथा पशुपन्छी बीमालेख लिनेको हकहित विरुद्ध कुनै काम गरी क्षति पुर्याएमा त्यसको जिम्मेवारी बीमकले लिनु पर्नेछ।

३१. **सूची तयार गर्नुपर्ने:** बीमकले आफूले काममा लगाउने कृषि प्रावधिक, कृषि तथा पशुपन्छी बीमा अभिकर्ता तथा कृषि क्षति मूल्याङ्कनकर्ताको अनुसूची-७ बमोजिमको सूची तयार गरी सर्वसाधारणको जानकारीको लागि आफ्नो वेभसाइटमा राख्नु पर्नेछ।

## परिच्छेद-५
# बीमा दावी

३२. **क्षतिको सूचना प्राप्त गर्नुपर्ने:** बीमा गरिएको वस्तु बीमा गरिएको जोखिमको कारणले क्षति भएको खण्डमा बीमालेखमा उल्लेख भएकोमा साही बमोजिम र अन्यको हकमा यथासम्भव छिटो वा क्षतिको प्रमाण नष्ट हुनु अगावै वा निरन्तर क्षति भइरहेको अवस्था भएमा त्यसरी क्षति भइरहेको अवधि भित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, इमेल, एसएमएस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट खबर वा जानकारी गराउनु पर्नेछ।

३३. **दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरू:**

(१) बीमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिमको कागजातहरू माग गर्नु पर्नेछः

(१) पूर्ण रूपले भरिएको दावी फाराम,

(२) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति

(३) सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत)

(४) स्थानीय तहको वडा कार्यालयको सिफारिस

(५) सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

(२) दावी भुक्तानीका लागि बीमकले बीमालेख बमोजिमका अन्य आवश्यक कागजात माग गर्नु पर्ने भएमा उपदफा (१) बमोजिमका कागजातहरू संगै माग गर्नु पर्नेछ।

३४. **दावी फछर्यौट:**

(१) बीमकले आफू समक्ष परेको कृषि तथा पशुपन्छी बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भए पछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्दछ।

(३) बीमकले उपदफा (१) बमोजिम कृषि तथा पशुपन्छी बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा तीन मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ।

(५) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले समितिको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (३) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।

(१०) बीमकले दावी निवेदन अस्वीकार गरेमा, दावी भुक्तानी नदिएमा वा मर्का पर्ने गरी दावी बापतको दायित्व निर्धारण गरेमा बीमा समितिमा उजुरी गर्न सकिनेछ।

**३५. महाविपत्ति सम्बन्धी व्यवस्थाः**

(१) यस निर्देशिका बमोजिम दावी भुक्तानी गर्ने समय सीमा र कार्यविधि नेपाल सरकारले महाविपत्ति घोषणा गरेको क्षेत्रमा लागू हुने छैन।

(२) महाविपत्ति घोषणा भएको क्षेत्रमा महाविपत्ति घोषणा अवधिभर समितिले दावी भुक्तानी सम्बन्धी संक्षिप्त कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**३६. कावु बाहिरको परिस्थितिः**

(१) कावु बाहिरको परिस्थिति परी वा दफा ३६ बमोजिम महाविपत्ति घोषणा भई तोकिएको समय भित्र बीमकले क्षति मूल्याङ्कनकर्ता खटाउन तथा क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन बीमक समक्ष पेश गर्न नसकेमा यथासम्भव छिटो उक्त कार्य गर्ने गरी बीमक र बीमितको समझदारीमा समय सीमा तय गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको परिस्थितिमा बीमक र बीमितले आपसी समझदारीमा समय सीमा तय गरी समितिमा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद –६

# तालिम

**३७. तालिम सञ्चालन गर्नु पर्ने:** बीमकले आफूलाई तोकिएको जिल्लामा प्रत्येक बर्ष कम्तीमा एक पटक नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा समितिसंग समन्वय गरी कृषि प्राविधिक तथा क्षति मूल्याङ्कनकर्ताको लागि अलग अलग कृषि तथा पशुपन्छी बीमा सम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेछ।

**३८. विभाग स्थापना गर्नुपर्ने:**

(१) बीमकले कृषि तथा पशुपन्छी बीमा विभाग स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विभागमा आवश्यकता अनुसार कृषि तथा पशुपन्छीको प्राविधिक कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

(३) बीमकले आफ्नो कार्यक्षेत्रको रूपमा तोकिएको जिल्लामा आफ्नो शाखा कार्यालय खोली आवश्यकता अनुसार प्राविधिक कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

**३९. तालिम प्राप्त गरेको हुनु पर्ने:**

(१) बीमकले कृषि तथा पशुपन्छी बीमा विभागमा नियुक्त हुने कर्मचारीलाई काममा लगाउनु पूर्व कृषि तथा पशुपन्छी बीमा सम्बन्धी तालिम उपलब्ध गराउनु पर्नेछ।

(२) बीमकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ता सम्बन्धी तालिम सञ्चालन गर्न चाहेमा समितिको स्वीकृति लिई सञ्चालन गर्न सक्नेछ।

**४०. सूची तयार गरिने:**

कृषि तथा पशुपन्छी बीमा अभिकर्ता तथा कृषि तथा बीमा क्षति मूल्याङ्कनकर्ताको तालिमको प्रशिक्षकको लागि समितिले सूची तयार गरी समय समयमा अद्यावधिक गर्नेछ।

**४१. तालिम सम्बन्धी अभिलेख:** कृषि तथा पशुपन्छी बीमा अभिकर्ता तथा क्षति मूल्याङ्कनकर्ताको तालिम सञ्चालन गरे पश्चात देहायका बिवरणहरू तालिमको आयोजकले सुरक्षित रूपमा राख्नु पर्नेछः

(१) तालिम सञ्चालन गर्न गरिएको निर्णय र तालिम सञ्चालन मिति, स्थान र अवधि

(२) तालिम संयोजकको विवरण

(३) तालिमका लागि प्रशिक्षार्थीको निवेदन तथा हाजिरीको विवरण

(४) तालिम लिन चाहने उम्मेदवारहरूको योग्यता पुगेको कागजात

(५) तालिममा प्रदान गरिएको प्रमाणपत्रको छाँयाप्रति

४२. **तालिमको कार्यविधिः** कृषि तथा पशुपन्छी बीमा सम्बन्धी तालिमको अन्य कार्यविधि आयोजकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७
# विविध

४३. **न्यूनतम क्षेत्रफलः**

(१) प्रत्येक बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल पहाडमा चार आना र तराईमा आधा कट्ठा हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने सम्पत्ति भएको जग्गाको कित्ता नं. र कित्ता नं. नभएको जग्गा वा एलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला लगायतका प्रमाण लिनु पर्नेछ ।

४४. **बीमालेखको नामसारीः** बीमा गरिएको वस्तुको स्वामित्व हस्तान्तरण भएको खण्डमा बीमकले सो कुराको जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ ।

४५. **म्यानुअल बनाउन सक्नेः बीमकले यस निर्देशिकाको अधीनमा रही** कृषि तथा पशुपन्छी बीमा सम्बन्धी म्यानुअल तयार गरी लागू गर्नु पर्नेछ ।

४६. **सफ्टवेयर सम्बन्धी ब्यवस्थाः**

(१) यस निर्देशिका अन्तर्गत जारी गरिने बीमालेखको लागि कम्तिमा देहाय बमोजिमको सुविधा उपलब्ध हुनेगरी यो निर्देशिका जारी भएको एक बर्षभित्र सफ्टवेयरको ब्यवस्था गर्नुपर्नेछः

(१) अनलाइनबाट बीमालेख प्रस्ताव फाराम भर्ने ब्यवस्था ।

(२) अनलाइनबाट बीमालेख जारी गर्ने ब्यवस्था ।

(३) वेभसाइटमा बीमालेख राख्ने ब्यवस्था ।

(४) बीमितले अनलाइन, इमेल तथा मोवाइलबाट आफ्नो बीमालेखको अवस्थाको विस्तृत जानकारी पाउने ब्यवस्था ।

(५) बीमालेखमा संलग्न सबै कागजी अभिलेखहरू इलेक्ट्रोनिक अभिलेखमा समेत रहने ब्यवस्था ।

(६) बीमालेखको म्याद सकिन लागेको भएमा अनलाइन, इमेल तथा मोवाइलबाट सोको जानकारी गराउने ब्यवस्था ।

(७) मासिक रूपमा तोकिए बमोजिमको अनलाइनको माध्यमबाट समितिमा पठाउने व्यवस्था।

**४७. विवरण पठाउनु पर्ने:**

(१) बीमकले कृषि तथा पशुपन्छी बीमा व्यवसायको बीमा शुल्क संकलन, बीमा दावी, पुनर्बीमा तथा अनुदान सम्बन्धी मासिक तथा बार्षिक विवरण अवधि समाप्त भएको सात दिनभित्र समितिले निर्धारण गरे बमोजिमको ढाँचामा समितिमा पठाउनु पर्नेछ ।

(२) समितिले आवश्यक ठानेमा कुनै बीमकबाट कृषि तथा पशुपन्छी बीमा सम्बन्धी अन्य आवश्यक सूचना, कागजात तथा विवरण माग गर्न सक्नेछ।

**४८. अनुगमन:**

(१) बीमकले गरेको कृषि तथा पशुपन्छी बीमा व्यवसाय सम्बन्धमा समितिले आवश्यकता अनुसार आफैं वा कुनै विशेषज्ञ मार्फत अनुगमन गर्नेछ।

(२) बीमकले आफूले बिक्री गरेको कृषि तथा पशुपन्छी बीमालेख सम्बन्धमा बीमितको समय समयमा अनुगमन गरी सोको अभिलेख राख्नु पर्नेछ।

**४९. अभिलेख सुरक्षित राख्नु पर्ने:** बीमकले बीमालेख जारी गर्दा वा बीमा दावी फछर्यौट गर्दा आवश्यक सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

**५०. निर्देशन दिन सक्ने:**

(१) समितिले कृषि तथा पशुपन्छी बीमाको दावी भुक्तानीका सम्बन्धमा बीमकलाई आवश्यकतानुसार निर्देशन दिन सक्नेछ।

(२) यस निर्देशिकाको पालना गर्नु प्रत्येक बीमकको कर्तव्य हुनेछ।

**५१. व्याख्या गर्ने अधिकार:** यस निर्देशिकाको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

**५२. खारेजी र बचाऊ:**

(१) बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ खारेज गरिएको छ।

(२) बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
(दफा ३(२) सँग सम्बन्धित)

**कृषि तथा पशुपंक्षी बीमाको लागि बीमकको लागि तोकिएको जिल्ला**

**जिल्ला विभाजनका मुख्य आधारहरू:**

(1) भौगोलिक आधार (यथासम्भव बीमकहरूको हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई गरी तीनै क्षेत्रमा उपस्थिति)

(2) आर्थिक आधार (मुख्य आर्थिक केन्द्रहरू सकेसम्म फरक फरक बीमकमा विभाजन)

| प्रदेश नं. | हिमाली तथा उच्च पहाडी भेग | | पहाडी क्षेत्र | | तराई मधेस क्षेत्र | |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | नेको ई.लि. | पाँचथर | नेको ई.लि. | झापा | नेको ई.लि. |
| | संखुवासभा | लुम्बिनी जनरल ई.कं.लि. | तहथुम | दि ओरिएण्टल ई.कं.लि. | मोरङ | सानिमा जनरल ई.कं.लि. |
| | सोलुखुम्वु | आइएमइ जनरल ई.कं.लि. | धनकुटा | दि ओरिएण्टल ई.कं.लि. | सुनसरी | दि ओरिएण्टल ई.कं.लि. |
| | - | | भोजपुर | लुम्बिनी जनरल ई.कं.लि. | - | |
| | - | | खोटाङ | लुम्बिनी जनरल ई.कं.लि. | - | |
| | - | | ओखलढुंगा | आइएमइ जनरल ई.कं.लि. | - | |
| | - | | इलाम | नेको ई.लि. | - | |
| | - | | उदयपुर | लुम्बिनी जनरल ई.कं.लि. | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | - | | - | | सप्तरी | दि ओरिएण्टल ई.कं.लि. |
| | - | | - | | सिराहा | जनरल ई.कं.(नेपाल) लि. |
| | - | | - | | धनुषा | आइएमइ जनरल ई.कं.लि. |
| | - | | - | | महोत्तरी | आइएमइ जनरल ई.कं.लि. |
| | - | | - | | सर्लाही | प्रिमियर ई.कं.(नेपाल) लि. |
| | - | | - | | रौतहट | अजोड ई.कं.लि. |
| | - | | - | | बारा | हिमालयन जनरल ई. कं. लि. |
| | - | | - | | पर्सा | जनरल ई.कं.(नेपाल) लि. |
| बागमती | दोलखा | प्रिमियर ई.कं.(नेपाल) लि. | रामेछाप | प्रिमियर ई.कं.(नेपाल) लि. | चितवन | शिखर ई.कं.लि. |
| | सिन्धुपाल्चोक | हिमालयन जनरल ई. कं. लि. | सिन्धुली | प्रिमियर ई.कं.(नेपाल) लि. | - | |
| | रसुवा | जनरल ई.कं.(नेपाल) लि. | काभ्रेपलान्चोक | हिमालयन जनरल ई. कं. लि. | - | |
| | - | | काठमाण्डौं | राष्ट्रिय बीमा कम्पनी लि. | - | |
| | - | | भक्तपुर | सानिमा जनरल इन्स्योरेन्स क. लि. | - | |
| | - | | ललितपुर | हिमालयन जनरल ई. कं. लि. | - | |
| | - | | नुवाकोट | शिखर ई.कं.लि. | - | |
| | - | | धादिङ | शिखर ई.कं.लि. | - | |
| | - | | मकवानपुर | शिखर ई.कं.लि. | - | |
| | - | | | | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गण्डकी प्रदेश | गोर्खा | प्रुडेन्सियल ई.कं.लि. | तनहुँ | प्रुडेन्सियल ई.कं.लि. | नवलपुर | सानिमा जनरल ई.कं.लि. |
| | मनाङ | सिद्धार्थ ई.लि. | कास्की | सिद्धार्थ ई.लि. | - | |
| | मुस्ताङ | प्रभु ई.लि. | लमजुङ | प्रुडेन्सियल ई.कं.लि. | - | |
| | - | | पर्वत | अजोड ई.कं.लि. | - | |
| | - | | स्याङ्जा | प्रभु ई.लि. | - | |
| | - | | बागलुङ | प्रभु ई.लि. | - | |
| | | | म्याग्दी | प्रभु ई.लि. | | |
| लुम्बिनी प्रदेश | - | | पाल्पा | सिद्धार्थ ई.लि. | नवलपरासी | प्रुडेन्सियल ई.कं.लि. |
| | - | | गुल्मी | अजोड ई.कं.लि. | रूपन्देही | सिद्धार्थ ई.लि. |
| | - | | अर्घाखाँची | नेशनल ई.कं.लि. | कपिलवस्तु | सानिमा जनरल ई.कं.लि. |
| | - | | प्युठान | नेशनल ई.कं.लि. | दाङ | नेशनल ई.कं.लि. |
| | - | | पूर्वी रूकुम | अजोड ई.कं.लि. | बाँके | एनएलजी ई.कं.लि. |
| | - | | रोल्पा | नेशनल ई.कं.लि. | बर्दिया | एभरेष्ट ई.कं.लि. |
| कर्णाली प्रदेश | डोल्पा | एनएलजी ई.कं.लि. | पश्चिम रुकुम | एनएलजी ई.कं.लि. | - | |
| | मुगु | सगरमाथा ई.कं.लि. | जाजरकोट | सगरमाथा ई.कं.लि. | - | |
| | हुम्ला | युनाइटेड ई.कं. (नेपाल) लि. | जुम्ला | सगरमाथा ई.कं.लि. | - | |
| | - | | कालीकोट | एभरेष्ट ई.कं.लि. | - | |
| | - | | दैलेख | एभरेष्ट ई.कं.लि. | - | |
| | - | | सल्यान | एनएलजी ई.कं.लि. | - | |
| | - | | सुर्खेत | एभरेष्ट ई.कं.लि. | - | |
| सुदूरपश्चिम प्रदेश | बझाङ | राष्ट्रिय बीमा कं. लि. | अछाम | युनाइटेड ई.कं. (नेपाल) लि. | कैलाली | राष्ट्रिय बीमा कं. लि. |
| | बाजुरा | युनाइटेड ई.कं. (नेपाल) लि. | डोटी | राष्ट्रिय बीमा कं. लि. | कन्चनपुर | नेपाल ई.कं.लि. |
| | दार्चुला | नेपाल ई.कं.लि. | बैतडी | नेपाल ई.कं.लि. | - | |
| | - | | डडेलधुरा | नेपाल ई.कं.लि. | - | |

# अनुसूची-२

(दफा ४ (२) सँग सम्बन्धित)

## कृषि प्रयोजनको लागि पालिने जीवजन्तु तथा खेती गरिने वनस्पतिको बीमाको प्रकार

| क्र.सं. | जीवजन्तु | क्र.सं. | बनस्पति |
|---|---|---|---|
| (1) | गाइभैंसी | (1) | अन्नबाली |
| (2) | भेडाबाख्रा | (2) | दलहन |
| (3) | घोडा वर्ग | (3) | तेलहन |
| (4) | सुंगुर वर्ग | (4) | तरकारी |
| (5) | घरपालुवा जनावर | (5) | च्याऊ |
| (6) | पन्छी | (6) | फलफूल |
| (7) | माछा | (7) | सुख्खा फल (नट वर्ग) |
| (8) | किरा | (8) | कन्दमूल |
| (9) | अन्य पशुपन्छी | (9) | चिनीजन्य बाली |
| | | (10) | पेय |
| | | (11) | मसला |
| | | (12) | फूल |
| | | (13) | जडिबुटी |
| | | (14) | घाँसेबाली |
| | | (15) | किरा (वनस्पति वर्गमा राखिने किरा बर्ग) |
| | | (16) | खाद्यान्न |
| | | (17) | अन्य वनस्पति |

## अनुसूची-३

(दफा २२(१) सँग सम्बन्धित)

## कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको तालिमको पाठ्यक्रम

| क्र.सं. | | घण्टा |
|---|---|---|
| 1. | **पूर्व परीक्षा (प्रि-टेष्ट)** | १ |
| 2. | **जोखिम र जोखिम व्यवस्थापन**<br>• जोखिमको परिचय, जोखिमको प्रकार,<br>• जोखिम र बीमाको सम्बन्ध, जोखिम व्यवस्थापन | २ |
| 3. | **बीमा**<br>• बीमाको परिचय, बीमाको महत्व, बीमाको प्रकार<br>• जीवन बीमा व्यवसाय, निर्जीवन बीमा व्यवसाय, पुनर्बीमा व्यवसाय<br>• कृषि तथा पशुपन्छी बीमा व्यवसाय | २ |
| 4. | **बीमाका आधारभूत सिद्धान्तहरू**<br>• परम सद्विश्वासको सिद्धान्त<br>• बीमायोग्य हितको सिद्धान्त<br>• क्षतिपूर्तिको सिद्धान्त<br>• योगदानको सिद्धान्त<br>• प्रत्यासनको सिद्धान्त<br>• निकटतम कारणको सिद्धान्त | २ |
| 5. | **बीमा सम्बन्धी कानूनी व्यवस्था**<br>• बीमा ऐन, बीमा नियमावली,<br>• बीमा समिति, बीमा कम्पनी (बीमक)<br>• कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७<br>• बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७०<br>• कृषि बीमा अभिकर्ताको आचार संहिता<br>• बीमा अभिकर्ता सम्बन्धी कानूनी व्यवस्था | २ |
| 6. | **कृषि तथा पशुपन्छी बीमालेख**<br>• जीवजन्तु सम्बन्धी बीमालेखको अध्यापन (अभ्यास सहित कम्तीमा पाँच वटा)<br>• बनस्पति सम्बन्धी बीमालेखको अभ्यास (अभ्यास सहित कम्तीमा पाँच वटा) | ६<br>६ |
| 7. | **मूल्याङ्कन परीक्षा (पोष्ट-टेष्ट)** | १ |

*पूर्व परीक्षाको नतिजाको आधारमा तालिम संयोजकले कृषि तथा पशुपन्छी बीमालेख सम्बन्धी प्रशिक्षण समय थपघट गर्न सक्नेछ।*

## अनुसूची-४

(दफा २३ सँग सम्बन्धित)

# कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको आचार संहिता

**(१) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले पालना गर्नुपर्ने कुराहरुः -**

(१) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले कृषि तथा पशुपन्छी बीमा अभिकर्ता सम्बन्धी कार्य मात्र गर्नुपर्ने।

(२) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले बीमा समितिबाट प्राप्त बीमाको किसिम (कृषि तथा पशुपन्छी बीमा) समेत खुलेको बीमा अभिकर्ताको इजाजत पत्र सँधै साथमा राख्नु पर्नेछ र ग्राहकले चाहेमा त्यस्तो इजाजतपत्र देखाउनु पर्ने।

(३) बीमितले आफू अभिकर्ता भएको बीमकको बारेमा जानकारी माग गरेको खण्डमा पूँजीगत संरचना, लगानी नीति, आर्थिक स्थिति आदिको बारेमा यथार्थ जानकारी गराउनु पर्ने।

(४) बीमितलाई प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरु खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात बीमितबाट प्राप्त गरी बीमक समक्ष पेश गर्नु पर्ने।

(५) कृषि तथा पशुपन्छी बीमाको लागि आवश्यक पर्ने प्रस्तावकले भर्नुपर्ने फारामहरु प्रस्तावकहरु स्वयंबाटै भराउनु पर्नेछ र यदि प्रस्तावक निरक्षर वा असमर्थ भए प्रस्तावकले विश्वास गरेको व्यक्तिबाट त्यस्ता फारामहरु भराउनु पर्ने।

(६) बीमितलाई बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधा बारे पूर्ण रूपमा जानकारी गराउनुपर्ने।

(७) बीमितको पेशा, सामाजिक हैसियत र स्तर बारे बीमकलाई छुट्टै जानकारी दिनुपर्ने।

(८) आवश्यकतानुसार बीमकलाई अण्डरराइटिङ्ग कार्यका लागि आवश्यक पर्ने थप विवरण उपलब्ध गराउनुपर्ने।

(९) बीमितले अनुरोध गरेमा निर्दिष्ट समयमा बीमा शुल्क बुझाउने र बीमा अवधि समाप्त भएमा पुनः बीमा गर्न सहयोग गर्नु पर्ने।

(१०) बीमामा दावी परेमा दावी भुक्तानी सम्बन्धमा बीमितलाई सहयोग गरी समन्वयकारी भूमीका निर्वाह गर्नु पर्ने।

**(२) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले गर्न नहुने कुराहरुः–**

(१) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र नवीकरण नगरी बीमालेख विक्रि गर्न।

(२) बीमितबारे आफूले थाहा पाएको कुनै पनि बीमासंग सम्बन्धित आवश्यक विवरणहरु सम्बन्धित बीमकलाई नबताई लुकाउन।

(३) बीमित बारेको आफुलाई जानकारी भएको विवरणहरु सम्बन्धित बीमक बाहेकका व्यक्ति वा संस्था सामु प्रकट गर्न।

(४) बीमित प्रति दुर्व्यवहार गर्न।

(५) बीमितलाई अनावश्यक करकाप गर्न।

(६) बीमितलाई प्रलोभनमा पार्न आफूले प्राप्त गर्ने कमिशनको कुनै पनि अंश दिन वा दिन्छु भनी कबोल गर्न।

(७) अस्वस्थ प्रतिस्पर्धा गरी अन्य बीमा अभिकर्ताको व्यवसायमा अनावश्यक दखल पुर्याउन।

(८) बीमालेख वापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन।

(९) कृषि तथा पशुपन्छी बीमा अभिकर्ता(सँस्थागत कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको कार्यकारी प्रमुख बाहेक) ले कुनै पनि बीमकको तलबी कर्मचारी भई काम गर्न।

(१०)आफू अभिकर्ता भएको बीमकको सँस्थापक, सञ्चालक हुन वा एक प्रतिशत भन्दा बढी शेयर धारण गर्न

(११)आफू, आफ्नो एकाघर परिवार वा नजिकको नातेदारको बीमा गराउन

(१२)आफू अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न।

(१३)आफ्नो पेशागत व्यवसाय संचालन गर्दा अन्य प्रचलित कानून उल्लघंन गरी व्यवसाय गर्न।

## अनुसूची-५

(दफा २७(१) सँग सम्बन्धित)

# क्षति मूल्याङ्ककर्ताको तालिमको पाठ्यक्रम

| क्र.सं. | | घण्टा |
|---|---|---|
| 1. | **पूर्व परीक्षा (प्रि-टेष्ट)** | १ |
| 2. | **जोखिम र बीमा**<br>• जोखिमको परिचय, जोखिमको प्रकार, जोखिम र बीमाको सम्बन्ध, जोखिम व्यवस्थापन<br>• बीमाको परिचय, बीमाको महत्व, बीमाको प्रकार<br>• जीवन बीमा व्यवसाय, निर्जीवन बीमा व्यवसाय, पुनर्बीमा व्यवसाय | १ |
| 3. | **बीमा बीमाका आधारभूत सिद्धान्त**<br>• परम सद्विश्वासको सिद्धान्त,<br>• बीमायोग्य हितको सिद्धान्त,<br>• क्षतिपूर्तिको सिद्धान्त,<br>• योगदानको सिद्धान्त, प्रत्यासनको सिद्धान्त र निकटतम कारणको सिद्धान्त | २ |
| 4. | **बीमा सम्बन्धी कानूनी व्यवस्था**<br>• बीमा ऐन, बीमा नियमावली,<br>• बीमा समिति, बीमा कम्पनी (बीमक)<br>• कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७<br>• क्षति मूल्याङ्कनकर्ताको आचार संहिता<br>• बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७० | २ |
| 5. | **कृषि तथा पशुपन्छी बीमालेख**<br>• जीवजन्तुको बीमाको अध्यापन (कम्तीमा पाँच वटा)<br>• बनस्पतिको बीमाको अभ्यास (कम्तीमा पाँच वटा) | ५ |
| 6. | **कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कन**<br>• बीमा र क्षतिपूर्ति<br>• क्षति मूल्याङ्कनको अवधारणा<br>• क्षति मूल्याङ्कनको तरिका<br>• क्षति मूल्याङ्कनमा आइपर्ने समस्या तथा समाधानका उपाय | ५ |
| 7. | **कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कन प्रतिवेदन**<br>• क्षति मूल्याङ्कन प्रतिवेदनमा समेट्नु पर्ने<br>• क्षति मूल्याङ्कन प्रतिवेदन र सूचना प्रविधि<br>• क्षति मूल्याङ्कन प्रतिवेदनको ढाँचा<br>• क्षति मूल्याङ्कन प्रतिवेदनको कार्यान्वयन | ५ |
| 8. | **मूल्याङ्कन परीक्षा (पोष्ट-टेष्ट)** | १ |

***पूर्व परीक्षाको नतिजाको आधारमा तालिम संयोजकले कृषि तथा पशुपन्छी बीमालेख सम्बन्धी प्रशिक्षण समय थपघट गर्न सक्नेछ ।***

## अनुसूची-६

(दफा ३० सँग सम्बन्धित)

# क्षति मूल्याङ्ककर्ताको आचार संहिता

(१) **क्षति मूल्याङ्कनकर्ताले पालना गर्नुपर्ने कुराहरुः–**

(१) बीमा ऐन, २०४९ तथा सो अन्तर्गतको नियमावली तथा आदेश, निर्देशनको अधिनमा रही कार्य गर्नु पर्ने।

(२) पेशासंग सम्बन्धित सूचना तथा प्रविधिको पूर्ण ज्ञान हासिल गरेको हुनु पर्ने।

(३) आफ्नो पेशागत नैतिकता तथा इमान्दारिता कायम गरी कार्य गर्नु पर्ने।

(४) व्यवसायिक तथा प्राविधिक सीपको प्रयोग गरी क्षतिको मूल्याङ्कन गर्नु पर्ने।

(५) आफू क्षति मूल्याङ्कन गर्न नियुक्त भएको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्ने।

(६) बीमितलाई क्षति कम गर्ने उपाय र तरिकाको सम्भव भएसम्म जानकारी दिनुपर्ने।

(७) क्षति मूल्याङ्कनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा तत्कालै सम्बन्धित सबै पक्षलाई जानकारी दिनु पर्ने।

(८) घटना र वस्तुस्थिति बारे सत्य तथ्यमा आधारित मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(९) क्षति मूल्याङ्कनको सिलसिलामा आवश्यकतानुसार सम्बन्धित बीमकलाई मान्य हुने पेशागत विशेषज्ञको राय लिनु सकिने।

(१०) क्षति मूल्याङ्कन प्रतिवेदन बीमक समक्ष पेश गरेको सारांश बीमितलाई दिनु पर्ने।

(११) क्षतिसंग सम्बन्धित सम्पूर्ण आवश्यक विवरणहरु खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात बीमितबाट लिइ प्रतिवेदनका साथ बीमक समक्ष पेश गर्नु पर्ने।

(१२) आफूले गरेको कामको लगत अद्यावधिक गरी राख्नु पर्ने।

(१३) बीमक समक्ष पेश गरेको प्रतिवेदन, सम्बन्धित कागजातहरु तथा तस्वीरहरुका प्रतिलिपी सामान्यतः एक वर्षसम्म सुरक्षितसाथ राख्नुका साथै बीमा समिति, सम्बन्धित बीमक तथा कानून बमोजिम पेश गर्नु पर्ने निकायले मागेको बखत उपलब्ध गराउनु पर्न।

(१४) विवादास्पद दावीको हकमा विवादको अन्तिम टुंगो नलागेसम्म उल्लिखित कागजात सुरक्षित राख्नु पर्नेछ।

(२) **क्षति मूल्याङ्कनकर्ताले गर्न नहुने कुराहरुः–**

(१) इजाजत पत्र नलिई वा इजाजतपत्र नवीकरण नगरी क्षति मूल्याङ्कनकर्ताको रुपमा कार्य गर्न।

(२) दावीसंग सम्बन्धित आफूले थाहा पाएको आवश्यक विवरणहरु सम्बन्धित बीमकलाई नबताई लुकाउन।

(३) बीमित बारेको आफुलाई जानकारी भएको विवरणहरु सम्बन्धित बीमक तथा कानून बमोजिम पेश गर्नु पर्ने निकाय, व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्था सामु प्रकट गर्न।

(४) बीमित वा निजको प्रतिनिधि वा अन्य सम्बन्धित प्रति दुर्व्यवहार गर्न।

(५) बीमितलाई अनावश्यक करकाप गर्न।

(६) अस्वस्थ प्रतिस्पर्धा गरी अन्य क्षति मूल्याङ्कनकर्ताको व्यवसायमा अनावश्यक दखल पुर्याउन।

(७) दावी वापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन वा अन्य लाभ प्राप्त गर्न।

(८) कुनै पनि बीमकको संस्थापक, संचालक वा तलबी कर्मचारी भई काम गर्न वा कुनैपनि बीमकको एक प्रतिशत वा सो भन्दा बढी शेयर लिन।

(९) आफू, आफ्नो एकाघर परिवार तथा नजिकको नातेदारको क्षति मूल्याङ्कन गर्न।

(१०) कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न।

(११) आफ्नो पेशागत कार्य गर्दा प्रचलित कानून उल्लघंन गर्न।

## अनुसूची-८

(दफा ३३ सँग सम्बन्धित)

# कृषि तथा पशुपन्छी बीमा प्राविधिक, कृषि तथा पशुपन्छी बीमा अभिकर्ता र क्षति मूल्याङ्कनकर्ताको सूची

### कृषि तथा पशुपन्छी बीमा प्राविधिक

| नाम | ठेगाना | कार्यरत स्थान | सम्पर्क नं. | इमेल | योग्यता | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### कृषि तथा पशुपन्छी बीमा अभिकर्ता

| नाम | ठेगाना | कार्यरत स्थान | सम्पर्क नं. | इमेल | योग्यता | अभिकर्ता कोड संकेत नं. (कोड) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### क्षति मूल्याङ्कनकर्ता

| नाम | ठेगाना | कार्यरत स्थान | सम्पर्क नं. | इमेल | योग्यता | तालिम प्रमाणपत्र नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय : .................................................................

फोन नं. – ............ फ्याक्स – .................. ईमेल............................

# तरकारी खेती बीमालेख

तरकारी खेतीको धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमा लेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र तरकारी खेतीको विवरण तालिकामा उल्लेख भए बमोजिमका तरकारी खेतीको क्षति/हानी-नोक्सानी भएमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

## बीमालेखले रक्षावरण गर्ने जोखिमहरू

यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित तरकारी खेतीको बीमा अवधिभित्र हानी-नोक्सानी भएमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम भुक्तानी दिनेछ । बीमकले उक्त अनुसूचीमा उल्लिखित बीमाङ्क रकमको ९० प्रतिशत रकम बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान /खडेरी

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानी-नोक्सानी ।

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :

(१) तरकारी खेतीको धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट क्षति भएमा ।

(२) कानूनी निकायको आदेशमा धान बालीलाई नष्ट गर्नुपर्ने भएमा ।

(३) तरकारी चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । तर कानून बमोजिम जग्गाको स्वामित्व स्वतः परिवर्तन हुन अवस्थामा यो प्रावधान लागू हुने छैन ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित तरकारी खेतीको क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमित तरकारी खेतीको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलनसमेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) तरकारी खेतीको धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा बीमक दावीप्रति उत्तरदायी हुने छैन ।

## शर्तहरु

१) तरकारी खेतीमा कुनै रोग/किरा वा दुवै लागेमा तरकारी खेती धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख गराउनु पर्नेछ ।

२) बीमकले चाहेको जुनसुकै समयमा तरकारी खेती परीक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई तरकारी खेतीको धनीले निरीक्षण/अनुगमन गर्न दिनु पर्नेछ । निरीक्षण/अनुगमन गर्दा बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमिकले बीमितलाई सात (७) दिनको सूचना

दिई बीमालेख रद्द गर्न सक्नेछ । तर सोको प्रमाण राखी १५ दिन भित्र बीमा समितिमा जानकारी गराउनुपर्ने छ ।

३) तरकारी खेती धनीले तरकारी खेतीको क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिनभित्र लिखित जानकारी स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमक वा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म तरकारी खेतीको धनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ । तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन ।

४) यस बीमालेख अन्तर्गत बीमित तरकारी खेतीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

५) रोग तथा किराबाट भएको हानी नोक्सानी/क्षतिको कारण एकिन गर्न कठिन भएको अवस्थामा बीमकले आवश्यकता अनुसार प्रयोगशाला परिक्षण गराउन सक्ने छ । तर प्रयोगशालाको प्रतिवेदन प्राप्त पश्चात तुरुन्त कारबाही अगाडि बढाउनु पर्ने ।

६) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

## बीमाशुल्क

क) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति खेती (बाली) का दरले लाग्नेछ ।

ख) दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

ग) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

## दावी सम्बन्धी प्रक्रिया

यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमितको तरकारी खेतीको हानी भएमा सोको १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारणसहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ :

१) सक्कल बीमालेख
२) पूर्ण रूपले भरिएको दावी फाराम
३) सम्बन्धित प्राविधिकको प्रतिवेदन
४) सम्बन्धित गा.वि.स वा न.पा.वा वडा वा कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको तरकारी खेतीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको तरकारी खेती संझनु पर्दछ।

**बीमाङ्क रकम** भन्नाले बीमित तथा बीमकबाट मान्यता प्राप्त प्राविधकले संयुक्त रूपमा भरी बीमाको प्रस्ताव फारामको साथमा पेश भएको तरकारी खेती बीमाको लागत मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य संझनु पर्दछ।

**प्राविधिक** भन्नाले कृषि सेवा केन्द्र, उपकेन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा आधारभूत ज्ञान हासिल गरेको प्राविधिक व्यक्ति संझनु पर्दछ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा १ वर्षसम्मको अवधिलाई संझनु पर्दछ।

**बाली हानी-नोक्सानी/प्रमाण-पत्र** भन्नाले सम्बन्धित सदस्य संस्था र प्राविधिकले बीमित बालीको हानी-नोक्सानी भएको भनी प्रमाणित गरि दिएको प्रमाणपत्रलाई संझनु पर्दछ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना संझनु पर्दछ।

# तरकारी खेती बीमालेखको
# अनुसूची

| | |
|---|---|
| तरकारी खेती धनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................फोन नं.................. इमेल............................. | बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>कुल क्षेत्रफल :<br>कुल बीमाङ्क रु. :<br>कुल बीमाशुल्क : |
| जात : (खुलाउनु पर्ने)<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :<br>कित्ता नं. :<br>क्षेत्रफल : | |
| तरकारी खेती लगाइएको स्थान :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................<br>कित्ता नं........... | |
| इच्छाईएको व्यक्तिको<br>नाम थर :<br>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :<br>इच्छाईएको व्यक्तिको पिताको नाम :<br>इच्छाईएको व्यक्तिको माताको नाम :<br>सम्पर्क नं.: मोबाइल............ आवास :.................... | |
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको
हस्ताक्षर :
नाम :
पद :
मिति :

# .............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## तरकारी खेती बीमा प्रस्ताव फाराम

१) तरकारी खेती धनीको नाम :............................................

२) पुरा ठेगाना :

प्रदेश.....................जिल्ला....................महा/उपनगर/नगर/गा.पा....................

वडा नं......... टोल :..................... फोन नं..................

इमेल.............................

३) पेशा : ..........................................................

४) बीमा अवधि :...............................................

५) इच्छाईएको व्यक्तिको नाम थर :

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम:

सम्पर्क नं.: मोबाइल...............

इच्छाईएको व्यक्तिको पिताको नाम:

सम्पर्क नं.: मोबाइल...............

६) कृपया बीमाका लागि प्रस्तावित तरकारी खेतीको तल उल्लिखित विवरण तालिकामा भर्नुहोस् :

तरकारी खेतीको किसिम :

| क्र.सं. | जात | क्षेत्रफल | वर्तमान लागत मूल्य (कृषि मन्त्रालय मार्फत उपलब्ध तथ्याङ्क बमोजिम) | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| | | | | | | |

७) तरकारी खेती लगाईएको स्थानको पूर्ण विवरण/ठेगाना :

प्रदेश.....................जिल्ला....................महा/उपनगर/नगर/गा.पा....................

वडा नं........ टोल :..................... फोन नं................. इमेल.............................

८) तरकारी खेती तपाइको एकल स्वामित्व वा साझेदारीमा हो ? साझेदारीमा भए साझेदार को विवरण भर्नुहोस् :

नाम : ..................................................................., प्रदेश..............................

जिल्ला.....................महा/उपनगर/नगर/गा.पा............................. वडा नं.......

टोल :..................... फोन नं................. इमेल................................................

वडा नं. ........... टोल :.............................फोन नं : ......................................

९) उक्त बालीमा किरा वा रोग लागेको छ ? यदि छ भने रोगहरुको स्पष्ट विवरण दिनुहोस्

...............................................

१०) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने त्यो कहाँबाट प्राप्त गर्नुभयो ?

क) सरकारी कृषि सेवा केन्द्र .............................................

ख) निजी कृषि सेवा केन्द्र .............................................

ग) कृषिकेन्द्रबाट धान बाली लगाइएको स्थानको अन्दाजी दूरी ..............................

घ) सरकारी वा निजी कृषि प्राविधिकद्वारा बीमित बालीहरूलाई गरिने चेकजाँचको विवरण :...........................................................................

११) विगत १ वर्षमा तपाईको कुनै तरकारी खेतीको हानी-नोक्सानी भएको छ ? छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण |
|---|---|---|
| | | |

११) यस पूर्व कुनै बीमा कम्पनीमा तरकारी खेतीको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस्

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

१२) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त तरकारी खेतीमा लगानी गरेको छ ? छ भने, उक्त बैङ्क वा वित्त कम्पनी वा सहकारीको निम्न विवरण उल्लेख गर्नुहोस् :

नाम :........................................................ प्रदेश.............................

जिल्ला.....................महा/उपनगर/नगर/गा.पा..............................वडा नं..........

टोल :..................... फोन नं.......................... इमेल.......................................

लिएको ऋणको रकम : रु. ................................(अक्षरमा)................................

म/हामीले माथि उल्लिखित बाली(हरू)को बीमा ............................... कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौं । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, बाली(हरु) लाई यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै कम्पनी र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको

सही :

नाम :

मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## कृषि प्राविधिकको प्रमाणपत्र

(प्रस्तावक सँगै संलग्न हुनु पर्ने)

१) तरकारी खेती धनीको नाम :.................................................

२) ठेगाना :

प्रदेश.................... जिल्ला................... महा/उपनगर/नगर/गा.पा...................

वडा नं......... टोल :..................... फोन नं................. इमेल.............................

३) पेशा :.............................................................

४) बीमाको लागि प्रस्तावित प्रत्येक तरकारी खेतीहरूको विवरण :

| क्र.सं. | जात | क्षेत्रफल | लागत मूल्य* |
|---|---|---|---|
| १) | | | |
| २) | | | |
| ३) | | | |

५) तरकारी खेती असल अवस्थामा छ ?

................................................................................................

६) तरकारी खेती कहिल्यै कुनै रोग वा किराबाट प्रभावित थियो ? यदि थियो भने विवरण दिनुहोस् : ....................................................

७) तरकारी खेती राम्रोसँग स्याहार गरिएको जस्तो देखिन्छ ?

................................................................................................

८) तरकारी खेतीको नजिकमा कुनै सरुवा वा सङ्क्रामक रोग फैलिएको थियो ?

................................................................................................

९) उक्त तरकारी खेतीको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस्।

.....................................................................

१०) तपाईं उक्त तरकारी खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

................................................................................................

अनुसूचीमा उल्लिखित तरकारी खेतीहरुको मैले ध्यानपूर्वक परीक्षण गरैं। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु।

प्राविधिकको
नाम :
सही :
ठेगाना:
फोन/मोबाईल नं.:
मिति :

* नेपाल सरकारद्वारा उपलब्ध गराइएको तथ्याङ्कको आधारमा

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

**कार्यालय :** ........................................................................

फोन नं.:.................... फ्याक्स: ................. ईमेल:............................

## तरकारी खेती बीमालेख (उत्पादनमा आधारित)

तरकारी खेतीको धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्क रकम भुक्तानी भएको आधारमा ....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमा अवधिभित्र तरकारी खेतीको विवरण अनुसूचीमा उल्लेख भए बमोजिमका तरकारी खेतीको क्षति/हानी-नोक्सानी भएमा उत्पादन मूल्य अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

## बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लेखित तरकारी खेतीको बीमा अवधिभित्र हानी-नोक्सानी भएमा उत्पादन मूल्यको आधारमा, यस बीमालेखको दावीमा व्यवस्था भए अनुसार वास्तविक क्षतिको ९० प्रतिशत सम्म रकम बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान/भारी वर्षा/खडेरी,

(घ) पहिरो/भू-स्खलन,

(ङ) आँधीबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) कीरा तथा रोगबाट हुने हानि-नोक्सानी,

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु :

बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :

(१) तरकारी खेतीको धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जन वा रिसईबी साध्ने कार्यको कारणबाट क्षति भएमा ।

(२) कानूनी निकायको आदेशमा बीमा गरिएको तरकारीलाई नष्ट गर्नुपर्ने भएमा ।

(३) तरकारी चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । कानून बमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागु हुने छैन । तर जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा बीमालेख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ताविप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरिएको तरकारीको क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएका तरकारी खेतीको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहन अणुको विच्छेदनको ज्वलनसमेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) तरकारी खेती धनीले प्रस्ताव फाराम एवम अन्य विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा विवरण उल्लेख गरेमा बीमक दावी प्रति उत्तरदायी हुने छैन ।

(८) बीउको कारणबाट क्षति भएमा ।

(९) नेपाल सरकारबाट उन्मोचन (Released)/सुचिकृत नगरिएका जातहरुको बीउ प्रयोग गरिएमा ।

(१०) उन्मोचन/सुचिकृत वा पन्जिकृत भएका तरकारीका जातहरु शिफारीस गरिएको क्षेत्र तथा उपयुक्त समयमा नलगाइएमा ।

## शर्तहरु

**बीमितले निम्न शर्तहरु पालना गर्नुपर्नेछ :**

१) तरकारी खेतीका लागि प्रयोग गरिने बीउको श्रोत नेपाल सरकारबाट स्वीकृत प्राप्त सरकारी, अर्धसरकारी निकाय वा निजीक्षेत्र, कृषक समूह, कृषि सहकारीको हुनुपर्नेछ । साथै, तरकारी खेतीको लागि लगाईने जात राष्ट्रिय बीउ बीजन समितिबाट उन्मोचन/सूचिकृत वा पंजिकृत भई नेपाल सरकारबाट क्षेत्रगत सिफारिस गरिएको जात हुनुपर्नेछ ।

२) तरकारी तोकिएको मापदण्ड अनुसार लगाइएको/खेती गरिएको हुनुपर्दछ ।

३) तरकारी खेती गर्दा झारपातको उचित व्यवस्थापन भएको हुनुपर्ने र जमिनको तयारी समेत उचित किसिमले भएको हुनुपर्ने छ ।

४) तरकारी खेतीको लागि तराईको हकमा न्यूनतम ५ कठ्ठा, मध्य पहाडको हकमा न्यूनतम २ रोपनी र उच्च पहाडको हकमा न्यूनतम १ रोपनी हुनुपर्नेछ । तर तरकारी खेती लगाइएको ब्लक एकै कृषक वा एक भन्दा बढी कृषकको पनि हुन सक्नेछ । एकभन्दा बढी कृषक भएमा सबैको नाम र कित्ता नम्बर प्रस्ताव फारममा उल्लेख हुनुपर्नेछ । सार्वजनिक जग्गाको हकमा आधिकारीक निकायबाट उपलब्घ भएको भोगाधिकारको (चार किल्ला खुलेको) क्षेत्रफल सहितको विवरण पेश गर्नुपर्ने छ ।

तरकारी खेती गरिने जग्गा भाडामा लिई प्रयोग गरिएको अवस्थामा जग्गा धनीसँग भएको संझौता पत्र र जग्गाको लालपुर्जाको प्रतिलिपी वा भोगाधिकार सम्बन्धि कागजात बीमा प्रस्ताव फारम साथ पेश गर्नु पर्नेछ ।

५) तरकारी बालीको बीमा गर्न इच्छुक कृषकहरुले बीमा प्रस्ताव फारम तथा प्रविधिक सिफारिस फारम (समूहमा बीमा गर्दा प्रत्येक बिमितको छुट्टा छुट्टै फारम) सम्बन्धित बीमा कम्पनीमा बुझाउनु पर्दछ ।

६) यो बीमालेख एकै समयमा लगाइएको बालीको हकमा मात्र लागू हुनेछ । बेर्ना लगाईने तरकारी बालीको हकमा १० दिन भित्र र बीउ छरी लगाइने तरकारी बालीको हकमा बीउ उम्रेको १० दिन भित्र बीमा गरिसक्नु पर्नेछ । एक कृषकले एकै स्थानमा लगाईएको एकै प्रकारको बालीको हकमा आंशिक बीमा गर्न पाइनेछैन ।

७) तरकारी खेतीमा कुनै रोग/कीरा/झारपात/सुक्ष्मतत्वको कमी वा सबै लागेमा तरकारी खेती उत्पादन धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख तथा व्यवस्थापन गर्नु पर्नेछ । साथै, तरकारी खेती धनीले उचित रेखदेख तथा

| मौरी धनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................<br>फोन नं................. इमेल....................<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :<br>मौरीको किसिम :..............................<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................<br>कित्ता नं........... | बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>प्रति मौरी घार (घार स्टेण्ड) सहितको वास्तविक खरिद मूल्य = रु. (I)<br>प्रति मौरी गोलाको वास्तविक खरिद मूल्य = रु. (II)<br>औषत प्रति मौरी घार पालन तथा व्यवस्थापन खर्च = रु. (III) |
| इच्छाईएको व्यक्तिको | कुल बीमाङ्क : |
| नाम थर : | कुल बीमाशुल्क : |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता : | छुट :“क” को....... % (यदि भएमा) : |
| इच्छाईएको व्यक्तिको पिताको नाम : | (क-ख) छुट पछिको बीमाशुल्क : |
| इच्छाईएको व्यक्तिको माताको नाम : | ”ग” को........प्रतिशतले हुन आउने अनुदान रकम : |
| सम्पर्क नं.: मोबाइल............ आवास :................. | ( ग -घ ) जम्मा |
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय<br>संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर :<br>बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च)<br>**बीमितले दुर्घटना बीमा वापत तिर्नुपने बीमाशुल्कः**<br>बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको
हस्ताक्षर :
नाम :
पद :
मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## प्राविधिकको प्रमाणपत्र

(प्रस्ताव फारम सँगै संलग्न हुनु पर्ने)

१) मौरी धनीको नाम :............................................................

२) ठेगाना : अञ्चल....................... जिल्ला ....................... न.पा./गा.वि.स. .................. वडा नं. ...... टोल :..........................फोन नं : ................

३) पेशा :............................................................

४) बीमा अवधि :..............................................

५) इच्छाईएको व्यक्तिको नाम थर :

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल..............

इच्छाईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल..............

६) बीमालेखको लागि प्रस्तावित प्रत्येक मौरीको विवरण :

मौरीको किसिम :

| क्र.सं. | जात | मूल्य |
|---|---|---|
| १) | | |
| २) | | |
| ३) | | |

७) मौरी/घार बीमा योग्य अवस्थामा छ ?

..........................................................................................

८) मौरी/घार राम्रोसँग पालन गरिएको छ ?

..........................................................................................

९) उक्त मौरी/घारको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

..........................................................................................

९) तपाईं उक्त मौरी/घार जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

.......................................................................................................

अनुसूचीमा उल्लिखित मौरी/घार हरुको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

| मौरी/घार धनीको | प्राविधिकको |
| --- | --- |
| नाम : | नाम : |
| सही : | सही : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |
| | फोन नं.: |

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

**कार्यालय :** ...............................................................................

फोन नं.: .................... फ्याक्सः .................. ईमेलः............................

## अन्न बीउ बाली उत्पादन बीमालेख

अन्न बीउ बाली उत्पादनको धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेशभएको मानिने विषयमा सहमति जनाई बीमाशुल्क रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं. लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखकोअनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरीबीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमा अवधिभित्र अन्न बीउ बाली उत्पादनको विवरण तालिकामा उल्लेख भए बमोजिमका अन्न बीउ बाली उत्पादनको क्षति/हानी-नोक्सानी भएमा **उत्पादन मूल्य** अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाईभुक्तानी गर्नेछ।

**बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :**

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखितअन्न बीउ बाली उत्पादनको बीमा अवधिभित्र हानी-नोक्सानी भएमा उत्पादनमूल्य अनुसारको वास्तविक क्षतिको ९० प्रतिशत सम्म रकम बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान/खडेरी

(घ) पहिरो/भू-स्खलन,

(ङ) आँधीबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानि-नोक्सानी

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :

(१) अन्न बीउ बाली उत्पादनको धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनकोउद्देश्यबाट वा रिसइवी साध्ने कार्यको कारणबाट क्षति भएमा ।

(२) कानुनी निकायको आदेशमा बीमा गरिएको अन्न बीउ बालीलाई नष्ट गर्नुपर्ने भएमा ।

(३) अन्न बीउ बाली चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । कानुन बमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन । तर जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा बीमालेख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ताविप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरि एको अन्न बीउ बाली उत्पादनको क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएकाअन्न बीउ बाली उत्पादनको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो धर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) अन्न बीउ बाली उत्पादन गर्दा नेपाल सरकारद्वारा तोकिएका नियम, नीति, निर्देशन, कार्यविधी तथा यस बीमालेखको शर्तमा तोकिए बमोजिम निश्चित प्रक्रिया पुरा नगरेको अवस्था ।

(८) अन्न बीउ बाली उत्पादनको धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा विवरण उल्लेख गरेमा बीमक दावीप्रति उत्तरदायी हुने छैन ।

(९) बीउको बंशाणुगत कारणबाट क्षति भएमा ।

## शर्तहरु

बीमितले निम्न शर्तहरु पालना गर्नुपर्नेछ :

(१) बीउ उत्पादनको लागि प्रयोग गरिने बीउको श्रोत नेपाल सरकारबाट स्वीकृत प्राप्त सरकारी, अर्धसरकारी निकाय वा निजी क्षेत्रको हुनुपर्नेछ । साथै बीज उत्पादन गरिने बालीको जात राष्ट्रिय बीउ बीजन समितिबाट उन्मोचन/रजिष्ट्रेशन(पंजिकृत)/दर्ता भई नेपाल सरकारबाट क्षेत्रगत सिफारिस गरिएको जात हुनुपर्नेछ ।

(२) उल्लेखित बालीहरुको बीज बृद्धि गर्दा कुन स्तरको अन्न बीउ बाली उत्पादन गर्नको लागि वीजबृद्धि गरिएको, सो स्तर खुल्नुपर्नेछ । जस्तैः मूल बीउ (Foundation Seed), प्रमाणित बीउ (Certified Seed) वा उन्नत बीउ (Truthful Lebel)

(३) परागसेचनको प्रकारको आधारमा (स्वसेचित/परसेचित) बालीका जातहरुको न्युनतम पृथकता दूरी तथा समय कायम भएको हुनुपर्ने छ ।

(४) अन्न बीउ बाली उत्पादन गरिने जग्गाको माटोको बढीमा ३ वर्ष अघि सम्मको अवधिमा परिक्षण गरी सो को नतिजाको आधारमा सिफारिस मलखाद तथा सुक्ष्म खाद्य तत्वको प्रयोग भएको हुनुपर्नेछ ।

(५) अन्न बीउ बाली उत्पादन गर्दा झारपातको उचित व्यवस्थापन भएको हुनुपर्ने र जमिनको तयारी समेत उचित किसिमले भएको हुनुपर्ने छ ।

(६) बाली विशेष अनुसारको संवेदनशिल अवस्था (Critical Stage) मा सिंचाईको व्यवस्थापन भएका हुनुपर्ने छ ।

(७) अन्न बीउ बाली उत्पादन गरिंदा प्रयोग हुने बाली बिशेष अनुसार सम्बन्धित सरकारी निकायले तोकेको बीउको न्युनतम स्तर (Minimum Seed Standard) कायम भएको हुनु पर्नेछ । बीउ परिक्षण नेपाल सरकारको प्रयोगशाला वा नेपाल सरकारबाट स्वीकृति प्राप्त प्रयोगशालामा भएको हुनुपर्ने छ ।

(८) बाली, बीउको स्तर र प्रमाणिकरण पद्धति विशेषका आधारमा न्यूनतम खेतबाली स्तर (Minimum Field Standard) कायम गर्नका लागि नेपाल सरकार, बीउ बीजन गुणस्तर नियन्त्रण केन्द्रबाट निर्धारित फर्मेट अनुसारको खेतबाली निरिक्षणको प्रक्रिया पुरा गरेको हुनुपर्नेछ ।

(९) माथि उल्लेखित शर्तहरुको हकमा सो अनुसार भए नभएको तथ्य नेपाल

सरकारको सम्बन्धित निकायद्वारा तोकिएको बाली निरीक्षक (Crop Inspector) बाट सिफारिस भएको हुनुपर्नेछ ।

(१०) बीउ उत्पादन स्थलको ब्लकको क्षेत्रफल तराई/भित्री मधेशमा न्यूनतम १ हेक्टर (३० कट्ठा) र पहाडमा ०.५ हेक्टर (१० रोपनी) हुनुपर्नेछ । तर अन्न बीउ बाली लगाइएको ब्लक एकै कृषक वा एक भन्दा बढी कृषकको पनि हुन सक्नेछ । एकभन्दा बढी कृषक भएमा सबैको नाम र कित्ता नम्बर प्रस्ताव फारममा उल्लेख हुनुपर्नेछ ।

(११) बीउ उत्पादक कृषक तथा बीउ खरिद/बिक्री कर्ता बीच संझौता भएको अवस्थामा संझौता पत्रको प्रतिलिपी ।

(१२) अन्न बीउ बाली उत्पादनको बीमा गरिएको बीमालेखको अनुसूचीको प्रतिलिपी सम्बन्धित जिल्लाको गा.वि.स./वडा/न.पा. तथा जिल्ला कृषि बिकास कार्यालयलाई बुझाउनुपर्नेछ ।

१३) अन्न बीउ उत्पादन बालीमा कुनै रोग/किरा/झारपात वा सबै लागेमा अन्न बीउ बाली उत्पादन धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख गर्नु पर्नेछ ।

१४) बीमकले चाहेको जुनसुकै समयमा अन्न बीउ बाली उत्पादन बाली परीक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई अन्न बीउ बाली उत्पादनको धनीले अवलोकन तथा निरीक्षण गर्न दिनु पर्नेछ ।

१५) अन्न बीउ बाली उत्पादन धनीले बालीको क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिन भित्र लिखित वा अन्य संचार माध्यमबाट स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई जानकारी दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ७२ घण्टा भित्र बीमक वा बीमकद्वारा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधि सम्म बीज बाली उत्पादन धनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ । तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुर्‍याउने छैन ।

१६) यस बीमालेख अन्तर्गत बीमा गरिएको अन्न बीउ बाली उत्पादनको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

१७) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको

मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

## बीमाङ्क गणना

**१) बीमाङ्क रकम कायम गर्ने तरिका :**

बीमाङ्करकम = I X II

I = १ हेक्टरमा उब्जनी हुने परिमाण (कृषि बिकास मन्त्रालयको तथ्याङ्क अनुसार सम्बन्धित बालीको अघिल्लो बर्षको राष्ट्रिय उत्पादकत्वलाई उत्पादनको परिमाणको आधार मानिनेछ।)

II = प्रति टनको वास्तविक मूल्य (राष्ट्रिय बीउ बिजन कम्पनीले तोकेको अघिल्लो बर्षको सो बाली/जातको सोही स्तरको बीउको मूल्यलाई जनाउँछ। राष्ट्रिय बीउ बिजन कम्पनीले नतोकेको बीउको मूल्यको हकमा नेपाल कृषि अनुसन्धान परिषदले तोकेको बीउको मूल्यलाई आधार मानिनेछ।)

२) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत दरले लाग्नेछ।

३) दुर्घटना वापत बीमाशुल्क : रु. ०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु. ०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

## दावी सम्बन्धी प्रक्रिया

यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमितको अन्न बीउ बाली उत्पादन बालीको हानी भएमा सोको १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारणसहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ:

१) सक्कल बीमालेख (आंशिक क्षतिको अवस्थामा बीमा लेखको छाँया प्रति)

२) पूर्ण रूपले भरिएको दावी फाराम

३) बाली निरिक्षणको प्रतिवेदन

४) सम्बन्धित गा.वि.स/न.पा./वडा वा कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का

५) क्षति भएको अन्न बीउ बालीको फोटो

६) यस बीमालेख अर्न्तगत एक पटक बीमा दावी परी दावी भुक्तानी भैसकेको अवस्थामा बीमालेख स्वत : खारेज भएको मानिनेछ।

७) बीउ रोपाई भएको १५ दिन भित्र क्षति भई बीमा दावी परेको अवस्थामा बीमाङ्कको

५० प्रतिशत मात्र दावी भुक्तानी गरिनेछ।

८) बीउ रोपाई भएको १६ दिन देखि ४५ दिन भित्र क्षति भई बीमा दावी परेको अवस्थामा बीमाङ्कको ७० प्रतिशत मात्र दावी भुक्तानी गरिनेछ।

९) बीउ रोपाई भएको ७० दिनपछि आशिक क्षति भई दावी परेको अवस्थामा उक्त बीउ बालीको अन्तिम कटान भै फरक-फारक हुन आउने परिमाणको ९० प्रतिशत मात्र दावी भुक्तानी गरिनेछ।

न्यून उपादन (Short fall) = न्यूनतम ग्यारेन्टी उत्पादन (प्रति हेक्टर) - वास्तविक उत्पादन (प्रति हेक्टर)

बीमा दावी रकम = कम उत्पादन (प्रति हेक्टर) X मूल्य (प्रति इकाई)

## स्पष्टिकरण :

न्यूनतम ग्यारेन्टी उत्पादन भन्नाले कृषि बिकास मन्त्रालयको तथ्याङ्क अनुसार सम्बन्धित बालीको अघिल्लो बर्षको प्रति हेक्टर औषत उपादकत्वको हिसाबले हुन आउने कुल उत्पादन परिमाण लाई जनाउँछ ।

वास्तविक उत्पादन भन्नाले बीमित बालीको तोकिएको क्षेत्रमा उत्पादन भएको बीमित बालीको उत्पादन परिमाणलाई जनाउँछ ।

न्यून उपादन (Short fall) भन्नाले न्यूनतम ग्यारेन्टी उत्पादनबाट वास्तबिक उत्पादन घटाउदा हुन आउने परिमाण लाई जनाउँछ ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएकोअन्न बीउ बाली उत्पादनको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको अन्न बीउ बाली उत्पादनसम्झनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित तथा बीमकबाट मान्यता प्राप्त प्राविधकले संयुक्त रूपमा भरी बीमाको प्रस्ताव फारामको साथमा पेश भएको अन्न बीउ बाली उत्पादन बीमाको उत्पादन मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य सम्झनु पर्दछ ।

**बाली निरिक्षक** भन्नाले बीउ बीजन ऐन, २०४५, (पहिलो संसोधन, २०६४) तथा बिउबिजन नियमावली २०६९ मा व्यवस्था भए अनुसार नियुक्त भएको व्यक्ति सम्झनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनूसार बीमा जोखिम स्वीकार गरिने बाली बिशेष/जात अनुसारको अवधिलाई संझनु पर्दछ ।

**बाली हानीनोक्सानी/प्रमाण-पत्र** भन्नाले सम्बन्धित प्राविधिक (बाली निरिक्षक)ले बीमित बालीको हानी-नोक्सानी भएको भनी प्रमाणित गरि दिएको प्रमाणपत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना संझनुपर्दछ ।

**अन्न बीउ बाली उत्पादन** भन्नाले नेपालका प्रमुख अन्नबालीहरु जस्तै : धान, गहुँ, मकै, कोदो,फापर, जौ, उवा, करु आदिबालीको बीउ उत्पादन बुझिनेछ ।

**उन्मोचन (Release)** भन्नाले नेपालमा जातिय विकास गरी नेपाल सरकारको राजपत्रमा प्रकाशन गरी खेतीका लागि सिफारिस गरिएका जातहरु भन्ने बुझिनेछ ।

**पंजिकृत (Registration)** भन्नाले नेपालमा जातिय विकास भएको वा बाहिरबाट ल्याइएका जातहरु लाई कम्तिमा दुई (२) सिजनको डाटा /प्राविधिक तथ्याङ्क प्रयोग गरि नेपालमा खेती गर्न सकिने गरीनेपाल सरकारद्वारा राजपत्रमा प्रकाशन गरिएका जातहरु भन्ने बुझिनेछ ।

दर्ता भन्नाले नेपालमा खेती गर्न सकिने गरी नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशन गरिएका जातहरु भन्ने बुझिनेछ ।

**मूल बीउ (Foundation Seed)** भन्नाले प्रजनक बीउ (Breeder Seed) बाट सरकारी फार्म, केन्द्रमा कृषि बिशेषज्ञको निगरानीमा तयार गरिएको र बीउ प्रमाणिकरण निकायले प्रमाणिकरण गरेको (सेतो ट्याग युक्त) बीउ भन्ने बुझिनेछ ।

**प्रमाणित बीउ (Certified Seed)**भन्नाले मूल बीउ (Foundation Seed) बाट बीउ उत्पादकले बीउ प्रमाणिकरण निकायको निगरानीमा तयार गरिएको (निलो ट्याग युक्त) बीउ भन्ने बुझिन्छ ।

**उन्नत बीउ** (**Improved Seed/ Truthful Labeled Seed)** भन्नाले प्रमाणित बीउ (Certified Seed) बाट कृषकको खेतबारीमा तयार गरिएको र बीउ उत्पादक स्वयंबाट बीउको गुणस्तर घोषित (पहेंलो ट्याग युक्त) बीउ भन्ने बुझिन्छ ।

## अन्न बीउ बाली उत्पादन बीमालेख

अनुसूची

<table>
<tr><td>धनीको नाम :................................<br>नागरिकता नं.:<br>ठेगाना :<br>प्रदेश.................... जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं........... टोल :................ फोन नं.................. इमेल ......................</td><td colspan="2" rowspan="3">बीमालेख नं :<br><br>अभिकर्ताको नाम :<br><br>कोड नं. :<br><br>बीमालेख जारी स्थान :<br><br>बीमालेख जारी मिति :<br><br>बीमालेख जारी समय :<br><br>नगदी रसिद नं. :<br><br>नगदी रसिद जारी मिति :<br><br>नगदी रसिद जारी समय :<br><br>बीउ बाली लगाइएको जम्मा क्षेत्रफल (हेक्टर) :<br>बीमाङ्क रकम = I X II<br>I = १ हेक्टरमा उब्जनी हुने परिमाण<br>II = प्रति टनको वास्तविक मूल्य</td></tr>
<tr><td>अन्न बालीको नाम : (खुलाउनु पर्ने)<br>जात :<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :</td></tr>
<tr><td>अन्न बीउ बाली लगाइएको स्थान :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................<br>कित्ता नं...........</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको</td><td>कुल बीमाङ्क :</td><td>रु.</td></tr>
<tr><td>नाम थर :</td><td>कुल बीमाशुल्क :</td><td>रु.<br>“क”</td></tr>
<tr><td>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :</td><td>छुट :“क” को....... % (यदि भएमा) :</td><td>रु.<br>“ख”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको पिताको नाम :</td><td>(क-ख) छुट पछिको बीमाशुल्क :</td><td>रु.<br>“ग”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको माताको नाम :</td><td>“ग” को........प्रतिशतले हुन आउने अनुदान रकम :</td><td>रु.<br>“घ”</td></tr>
<tr><td>सम्पर्क नं.: मोबाइल............... आवास :..................</td><td>(ग -घ) जम्मा</td><td>रु.<br>“ङ”</td></tr>
</table>

| | | |
|---|---|---|
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय<br>संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर : | रु.<br>"च" |
| | बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च) | रु.<br>"छ" |
| | **बीमितले दुर्घटना बीमा वापत तिर्नुपने बीमाशुल्क :** | **रु.**"ज" |
| | बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) | रु. |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको
हस्ताक्षर :
नाम :
पद :
मिति :

**नोट : यो अनुसूचीको प्रतिलिपी सम्बन्धित जिल्लाको गा.वि.स./वडा/न.पा. तथा जिल्ला कृषि बिकास कार्यालयलाई बुझाउनु पर्नेछ।**

# ............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## अन्न बीउ बाली उत्पादन बीमा प्रस्ताव फाराम

१) अन्न बीउ बाली उत्पादन धनीको नाम :............................................

२) पुरा ठेगाना :

प्रदेश.................. जिल्ला ................... महा/उपनगर/नगर/गा.पा ....................

वडा नं......... टोलः.................. फोन नं :............ इमेल ....................

३) पेशा : ....................................................

४) बीमा अवधि :................................................

५) कृपया बीमाका लागि प्रस्तावित अन्न बीउ बाली उत्पादनको विवरण उल्लेखित तालिकामा भर्नुहोस् :

| क्र. स. | जात | बाली | बाली लगाइने/ लगाइएको कित्ता नं. | क्षेत्रफल (हेक्टर) | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

६) अन्न बीउ बाली तपाईको एकल स्वामित्व वा साझेदारीमा हो ? साझेदारीमा भए साझेदारको विवरण भर्नुहोस् :

..........................................................................................

७) सिंचाईको व्यवस्था कस्तो छ ?

..........................................................................................

८) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने त्यो कहाँबाट प्राप्त गर्नुभयो ?

क) सरकारी कृषि/निजी कृषि सेवा केन्द्र ..............................................

ख) कृषि केन्द्रबाट बीज बृद्धि बाली लगाइएको स्थानको अन्दाजी दूरी ..............................

ग) सरकारी वा निजी कृषि प्राविधिकद्वारा बीमित बालीहरूलाई गरिने चेकजाँचको विवरण :

..........................................................................................

९) विगत १ वर्षमा तपाईको कुनैअन्न बीउ बाली हानी-नोक्सानी भएको छ ? छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण |
|---|---|---|
| | | |

१०. अन्न बीउ बाली उत्पादन बाली लगाईएको स्थानको पूर्ण विवरण/ठेगाना :

प्रदेश.................. जिल्ला.................... महा/उपनगर/नगर/गा.पा................. वडा नं................ टोल :..................... फोन नं :................ इमेल.............................

११. बीजभण्डारण बीमा गर्ने भए भण्डारण गर्ने स्थानको पूर्ण विवरण/ठेगाना :

अञ्चल........................जिल्ला.........................न.पा. /गा.वि.स.......................

वडा नं............ टोल :.........................

| क्र.सं. | जात | के.जी./प्याकेटको संख्या | लट नं. | तोकिएको मूल्य | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

१२) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्तअन्न बीउ बाली उत्पादनमा लगानी गरेको छ ? छ भने, उक्त वैङ्क वा वित्तकम्पनी वा सहकारीको नाम र ठेगाना उल्लेख गर्नुहोस्:

नाम :.............................................

प्रदेश..................जिल्ला....................महा/उपनगर/नगर/गा.पा..................

वडा नं.... ...... टोल :.................... फोन नं :.................... इमेल.......................

लिएको ऋणको रकम : रु. .........................(अक्षरमा).........................................

म/हामीले माथि उल्लिखित अन्न बीउ बाली(हरू) को बीमा ..................... कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौँ । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, अन्न बीउ बाली(हरु) लाई यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौँ । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यो प्रस्ताव नै कम्पनी र म/हामी बिच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको

हस्ताक्षर :

नाम :

मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

**कृषि प्राविधिक (बाली निरीक्षक)को प्रमाणपत्र**

(प्रस्तावक सँगै संलग्न हुनु पर्ने)

१) अन्न बीउ बाली उत्पादन धनीको नाम :...............................................

२) ठेगाना :

प्रदेश..................जिल्ला....................महा/उपनगर/नगर/गा.पा.................. वडा नं................. टोल :..................... फोन नं :.................इमेल.......................

३) कार्यरत कार्यालय :.................................... फोन नं : ..............................

४) इच्छ्याईएको व्यक्तिको नाम थर :

बीमित र इच्छ्याईएको व्यक्तिको बीचको नाता :

इच्छ्याईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल...............

इच्छ्याईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल...............

५) बीमाको लागि प्रस्तावित अन्न बीउ बालीको विवरण :

| क्र.स. | जात | क्षेत्रफल (हेक्टर) | उब्जनी हुने प्रमाण (टनमा) | प्रति टन मूल्य | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

६) अन्न बीउ बाली लगाइएको स्थानको विवरण/ठेगाना :

प्रदेश.............जिल्ला.....................महा/उपनगर/नगर/गा.पा..................

वडा नं....... टोल :...................... फोन नं :................. इमेल....................

७) अन्न बीउ बाली उत्पादन पूर्वाधारहरुको अवस्थामा सन्तोषजनक छ ?

....................................................................................................

८) यस पूर्व लगाइएको अन्न बीउ बालीमा कुनै रोग वा किराबाट प्रभावित भएको थियो ? यदि थियो भने विवरण दिनुहोस् ?

....................................................................................................

९) अन्न बीउ बाली नजिक कुनै बालीनालीमा सरुवा वा सङ्क्रामक रोग फैलिएको छ ?

....................................................................................................

१०) उक्त अन्न बीउ बाली उत्पादनको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

..........................................................................................................

११) तपाईं उक्तअन्न बीउ बाली उत्पादनको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

..........................................................................................................

अनुसूचीमा उल्लिखित अन्न बीउ बाली उत्पादनको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको
नाम :
हस्ताक्षर :
मितिः
ठेगाना :
कार्यरत कार्यालय :

**अन्न बाली बीउ उत्पादन भण्डारणको बीमा सम्बन्धी सम्पुष्टी** (Endorsement)

| | |
|---|---|
| धनीको नाम थर :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा....................<br>वडा नं........... टोल :................ फोन नं.................. इमेल............................. | बीमालेख नं.:<br>सम्पुष्टि जारी गर्ने कार्यालय :<br>बीमा अवधि :<br>जारी मिति : |
| वीज भण्डारण गरिएको स्थानको विवरण<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................फोन<br>नं.................. इमेल....................... <br>घरको बनावट : | भण्डारण गरिएको बीजको परिमाण :........... Kg/Pack<br>प्रति Kg/Pack को मूल्य :<br>कुल मूल्य :<br>लट नं.<br>बीउको स्तर : |

बीज भण्डारण गर्दाको समयावधी बीमामा थप समाबेश गर्नुपर्ने भए :

(१) यो स्वीकार तथा मन्जुर गरिन्छ की यो सम्पुष्टी सम्बन्धित बीमालेखसंग संलग्न भई सो को अभिन्न अंग हुनेछ ।

(२) अतिरिक्त २.५ प्रतिशत बीमाशुल्क भुक्तानीको आधारमा बीमा भएको अन्न बाली बीउ भण्डारणको सम्बन्धमा आगलागी, चट्याङ, भूकम्प, बाढी, डुवान, पहिरो, भूस्खलन, आकस्मिक, दुर्घटनाजन्य बाह्य कारणहरु बाट भएको हानि-नोक्सानी बीमकले वहन गर्नेछ ।

(३) विदेशी शत्रुको कार्यद्वारा भएको युद्ध, आक्रमण, झगडा वा यस्तै समान कार्य, गृहयुद्ध, बिद्रोह, नागरिक उपद्रव, सैनिक गतिविधिको असर, नागरिक बिद्रोह, क्रान्ति, राज्य विरुद्ध वा विध्वंशात्मक कार्य, सैनिक बिद्रोह वा कुनै राजनैतिक दल वा संस्थाको पक्षमा भएको बल प्रयोगबाट हुने आतंक वा अशान्ति जस्ता गतिविधिबाट भएको हानि-नोक्सानीमा बीमकको कुनै दायित्व हुनेछैन ।

(४) उप दफा (३) बमोजिमको कारणबाट भएको कुनै पनि दावीलाई सो कारणबाट नभई अरु नै कारणबाट सृजना भएको भन्ने कुरा प्रमाणित गर्ने दायित्व बीमितको हुनेछ । सो कुरा बीमितबाट प्रमाणित हुन नसकेको अवस्थामा यस प्रकारको दावीको भुक्तानी दिन बीमक जिम्मेवार हुनेछैन ।

(५) अन्न बीउ बाली उत्पादनमा लगाईएको बाली र जात विशेष अनुसार उपयुक्त परिपक्व अवस्था (Optimum Maturity Stage) मा बाली कटानी गर्ने, सुकाउने, ग्रेडिङ गर्ने, गुणस्तर परीक्षण गर्ने, प्याकेजिङ्ग, लेवलिङ्ग र भण्डारण प्राविधिक दृष्टिकोणबाट उपयुक्त किसिमले गरिएको हुनुपर्ने छ ।

(६) भण्डारण र आगामी सिजन (मौसम) सम्मको लागि बीमालेख जारी गरिने हकमा भण्डारण घर, प्याकेजिङ्ग मेटेरियल तोकिएको न्यूनतम स्तर भन्दा घटीको हुनु नहुने ।

(७) बिज भण्डारणको हकमा बिज भण्डारण गरी बीमक समक्ष बिज भण्डारण गरिएको प्रमाण पेश गरी सकेपछि मात्र बीमा सुरक्षण लागू हुनेछ । सम्बन्धित जिल्लाको जिल्ला कृषि कार्यालयको प्रावधिकबाट बिज भण्डारण गरिएको प्रमाण प्रमाणित गराई बीमक समक्ष पेश गनुपर्नेछ ।

(७) मुल बीउ र प्रमाणित बीउको हकमा क्षेत्रीय बीउ वीजन प्रयोगशालाबाट प्रमाणित हुनुपर्ने छ । उन्नत बीउ (Improved Seed÷Truthful Labelled Seed) को हकमा बीउ उत्पादककर्ता स्वंयमले प्रमाणित गरेको हुनुपर्ने छ ।

(८) बीमालेखमा जुनसुकै कुरा लेखिएको भएता पनि बीमाको अवधि समाप्त हुनु अगावै बीमितले यो सम्पुष्टीको प्रभाव हटाइयोस भनि अनुरोध गरेको अवस्थामा थप बीमा शुल्क वा सो को कुनै अंश फिर्ता गरिने छैन ।

(९) बीमालेखमा उल्लिखित अन्य अपवाद, शर्त र सीमाहरु यथावत रहनेछन् ।

अधिकार प्राप्त अधिकारीको)

नाम :

बीमकको छाप :

हस्ताक्षर :

पद :

मिति :

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

**कार्यालय :** ..............................................................................

फोन नं.: ................... फ्याक्सः ................. ईमेलः...........................

## च्याउ खेती बीमालेख

च्याउ खेती धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमा शुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र च्याउखेतीको विवरण तालिकामा उल्लेख भए बमोजिमका च्याउखेतीको हानी-नोक्सानी/क्षति भएमा बीमाङ्क को सीमा भित्र रहि सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ।

**बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :**

यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित च्याउको बीमा अवधिभित्र हानी-नोक्सानी भएमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम भुक्तानी दिनेछ। बीमकले उक्त अनुसूचीमा उल्लिखित बीमाङ्कको सीमा सम्म वास्तविक क्षतीको रकम  बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान /खडेरी

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानी-नोक्सानी।

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :

(१) च्याउ खेतीधनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट क्षति भएमा ।

(२) सरकारी निकायको आदेशमा च्याउखेतीलाई नष्ट गर्नुपर्ने भएमा ।

(३) च्याउ चोरी भएमा वा मान्यता प्राप्त आधिकारीक स्रोतको बिउ प्रयोग नगरेमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । तर कानुन बमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन । सो बाहेक अन्य कारणबाट बीमालेख रद्ध गरेमा बीमाशुल्क फिर्ता हुने छैन ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरिएको च्याउ खेतीमा क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएको च्याउ खेतीमा क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलनसमेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) च्याउ धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा बीमक दावीप्रति उत्तरदायी हुने छैन ।

## शर्तहरु

१) च्याउमा कुनै रोग/किरा वा दुवै लागेमा च्याउ धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख गराउनु पर्नेछ ।

२) बीमकले चाहेको जुनसुकै समयमा च्याउखेती परीक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई च्याउखेतीको परीक्षण गर्न दिनु पर्नेछ ।

३) च्याउ धनीले च्याउखेतीको क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिनभित्र लिखित जानकारी स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमक वा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म च्याउ खेतीधनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ । तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन ।

५) यस बीमालेख अन्तर्गत बीमा गरिएको च्याउखेतीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

६) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

## बीमाङ्क गणना

क) बीमाङ्क कायम गर्ने तरिका :

बीमाङ्क = I + II + III

I = उत्पादन सामग्रीको वास्तविक मूल्य (पराल, ल्पाष्टिक थैला, बिउ, दाउरा, डोरी, ज्यामी ज्याला, फर्मालिन, आदि)

II = मेशिनरी औजारको वास्तविक मूल्य (पराल काट्ने मेशिन, स्प्रेयर पम्प, पराल बफाउने ड्रम, आदि)

III = टहरा खर्च तथा व्यवस्थापन खर्च (बाँस, पराल, प्लाष्टिक, डोरी, जाली, ज्याला, तार, आदि)

ख) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत दरले लाग्नेछ ।

ग) दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

घ) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

ङ) बीमा गर्दा कुल लागत मूल्यमा गर्नुपर्ने छ ।

च) बिउ लगाइ सकेपछि च्याउको बीमा सुरक्षण लागू हुनेछ । तर टहराको हकमा बीमा अवधिको शुरुवात देखिनै लागू हुनेछ ।

छ) बीमालेखको अवधि मध्य पहाडी र पहाडी क्षेत्रमा तीन (३) महिना तथा तराईमा दुई (२) महिनाको हुनेछ ।

ज) अर्को वर्ष सोही स्थान (गत वर्षको टहरा) मा नै च्याउ खेती गर्नु पर्दा निम्नानुसार बीमाङ्क कायम गर्नुपर्छ :

बीमाङ्क = I + II/२ + III/२

## दावी सम्बन्धी प्रक्रिया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमा गरिएको च्याउ खेतीको हानिनोक्सानी/क्षति भएमा सोको १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारणसहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ :

क) सक्कल बीमालेख (आंशिक क्षतिको हकमा प्रमाणित प्रतिलिपी)

ख) पूर्ण रूपले भरिएको दावी फाराम

ग) प्राविधिकको प्रतिवेदन

घ) सम्बन्धित गा.वि.स. वा न.पा. वा वडा र कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का

२) दावी भुक्तानी प्रकृया :

| अवस्था/चरण | च्याउ खेतीमा मात्र क्षति भएको अवस्था | पूर्ण क्षतिको अवस्था |
|---|---|---|
| पहिलो पटक नटिप्दै | I को ९० प्रतिशत | I को ९० प्रतिशत + II + III |
| पहिलो पटक टिपिसकेपछि | I को ७० प्रतिशत | I को ७० प्रतिशत + II + III |
| दोस्रो पटक टिपिसकेपछि | I को ५० प्रतिशत | I को ५० प्रतिशत + II + III |

३) बीमा दावी भुक्तानी गर्दा बीमाङ्क कायम गर्दा लिइएको मूल्यमा नै गणना गरी दावी भुक्तानी गर्नुपर्छ ।

४) बीमकले एक बीमा अशवधिभित्र जति पटक हानि नोक्सानी भएता पनि बीमाङ्क रकम भन्दा बढी भुक्तानी गर्ने छैन् ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको च्याउखेतीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा च्याउको जात र विवरण उल्लेख भएको च्याउखेती संझनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित तथा बीमकबाट मान्यता प्राप्त प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्ताव फारामको साथमा पेश भएको च्याउखेती बीमाको लागत मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य संझनु पर्दछ ।

**प्राविधिक** भन्नाले कृषि सेवा केन्द्र, उपकेन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिषयमा आधारभूत ज्ञान हासिल गरेको प्राविधिक व्यक्ति संझनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा १ बर्षसम्मको अवधिलाई संझनु पर्दछ ।

**च्याउ खेतीको हानीनोक्सानी/क्षति प्रमाण-पत्र** भन्नाले सम्बन्धित जिल्ला कृषि बिकास कार्यालय, कृषि सेवा केन्द्र/उपकेन्द्रमा कार्यरत प्राविधिकले बीमा गरिएको च्याउखेतीको हानी-नोक्सानी/क्षति भएको भनी प्रमाणित गरि दिएको प्रमाणपत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना संझनु पर्दछ ।

# च्याउखेती बीमालेखको

## अनुसूची

<table>
<tr><td>च्याउखेती धनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................फोन<br>नं.................. इमेल.............................</td><td rowspan="3">बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>उत्पादन सामग्रीको वास्तविक मूल्य = रु. (I)<br>मेशिनरी औजारको वास्तविक मूल्य = रु. (II)<br>टहरा खर्च तथा व्यवस्थापन खर्च = रु. (III)</td></tr>
<tr><td>च्याउको जात :......................<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :</td></tr>
<tr><td>च्याउ खेती गरिएको स्थान :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................<br>कित्ता नं...........</td></tr>
<tr><td>इच्छाईएको ब्यक्तिको</td><td>कुल बीमाङ्क :</td></tr>
<tr><td>नाम थर :</td><td>कुल बीमाशुल्क :</td></tr>
<tr><td>बीमित र इच्छाईएको ब्यक्तिको बीचको नाता :</td><td>छुट :“क” को....... % (यदि भएमा) :</td></tr>
<tr><td>इच्छाईएको ब्यक्तिको पिताको नाम :</td><td>(क-ख) छुट पछिको बीमाशुल्क :</td></tr>
<tr><td>इच्छाईएको ब्यक्तिको माताको नाम :</td><td>”ग” को........प्रतिशतले हुन आउने अनुदान रकम :</td></tr>
<tr><td>सम्पर्क नं.: मोबाइल...............<br>आवासः..................</td><td>( ग -घ ) जम्मा</td></tr>
<tr><td>समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय<br>संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. :</td><td>टिकट दस्तुर :</td></tr>
</table>

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर :

नाम :

पद :

मिति :

# .............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## च्याउ खेती बीमा प्रस्ताव फाराम

१) च्याउ खेती धनीको नाम :.............................................

२) पुरा ठेगाना :

अञ्चल.......................... जिल्ला........................ न.पा./गा.वि.स.

वडा नं. ......... टोल :................................ फोन नं : ...............................

३) च्याउ खेती गरिएको स्थान :

प्रदेश........................ जिल्ला.......................... महा/उपनगर/नगर/गा.पा.

....................वडा नं.......... टोल :........................ कित्ता नं. ..........................

४) पेशा : ..........................................................

५) बीमा अवधि :..................................................

६) इच्छाईएको व्यक्तिको नाम थर :

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल...............

इच्छाईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल...............

७) तपाई वर्षभरीमा एक बालीको मात्र वा सो भन्दा बढि बालीको बीमा गर्न चाहनुहुन्छ ? यदि बढि चाहनुहुन्छ भने प्रत्येक बालीको समयावधी खुलाउनुहोस्:

| बाली पद्धती | चिन्ह लगाउनुहोस |
|---|---|
| प्रथम बाली | |
| दोस्रो बाली | |
| तेस्रो बाली | |

८) कृपया बीमाका लागि प्रस्तावित च्याउखेतीको तल उल्लेखित विवरण तालिकामा भर्नुहोस् :

| क्र. सं. | विवरण | जात | टहराको क्षेत्रफल | वर्तमान लागत मूल्य | बाली अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | प्रथम बाली | | | | | | |
| | दोस्रो बाली | | | | | | |
| | तेस्रो बाली | | | | | | |

९) च्याउ खेती तपाईको एकल स्वामित्व वा साझेदारीमा हो ? साझेदारीमा भए

साझेदारको विवरण भर्नुहोस् :

नाम : .........................................................................,

ठेगाना :

प्रदेश.................. जिल्ला ................................ महा/उपनगर/नगर/गा.पा
................. वडा नं......... टोल :......................... कित्ता नं. .......................

१०)उक्त खेतीमा यस पूर्व किरा वा रोग लागेको छ ? यदि छ भने रोगहरुको स्पष्ट विवरण दिनुहोस् : ......................................................

११) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने त्यो कहाँबाट प्राप्त गर्नुभयो ?

क) सरकारी कृषि सेवा केन्द्र ..............................................

ख) निजी कृषि सेवा केन्द्र ..................................................

ग) कृषि केन्द्रबाट च्याउ खेती गरिएको स्थानको अन्दाजी दूरी ..................

घ) सरकारी वा निजी कृषि प्राविधिकद्वारा बीमित बालीहरूलाई गरिने चेकजाँचको विवरण : .................................................................................

१२) विगत १ वर्षमा तपाईको च्याउ खेतीको हानी-नोक्सानी/क्षति भएको छ ? छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण |
|---|---|---|
| | | |

१३) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त च्याउ खेतीमा लगानी गरेको छ ? छ भने, उक्त वैङ्क वा वित्त कम्पनी वा सहकारीको निम्न विवरण उल्लेख गर्नुहोस् :

नामः...........................................प्रदेश..................जिल्ला....................

महा/उपनगर/नगर/गा.पा................................................ वडा नं............

टोल :......................... कित्ता नं. ................ लिएको ऋणको रकम : रु. .................... (अक्षरमा)...................................

म/हामीले माथि उल्लिखित च्याउखेतीको बीमा ...................... कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौं । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, च्याउखेती बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि

सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै कम्पनी र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको
सही :
नाम :
मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## कृषि प्राविधिकको प्रमाणपत्र

(प्रस्ताव सँगै संलग्न हुनु पर्ने)

१) च्याउखेती धनीको नाम :..............................................................

२) पेशा :...............................................................

३) ठेगाना :

प्रदेश..............................जिल्ला.................... महा/उपनगर/नगर/गा.पा .................. वडा नं. ......... टोलः ..................... कित्ता नं. .......................

४) च्याउ खेती गरिएको स्थान :

प्रदेश..............................जिल्ला.................... महा/उपनगर/नगर/गा.पा .................. वडा नं. ......... टोलः ..................... कित्ता नं. .......................

५) इच्छाईएको व्यक्तिको नाम थर :

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल...............

इच्छाईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल...............

६) बीमाको लागि प्रस्तावित च्याउ खेतीको विवरण :

| **क्र. सं.** | **जात** | **क्षेत्रफल** | **लागत मूल्य** |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |

७) च्याउ खेती बीमा योग्य अवस्थामा छ ?

.........................................................................................

८) च्याउ खेती लगाईएको स्थान च्याउ खेती योग्य छ ? ..............................

९) च्याउ खेतीको उचित रेखदेख को व्यवस्था छ/छैन ?

.........................................................................................

१०) च्याउ खेतीको नजिकमा सो बाली सँग सम्बन्धित कुनै सरुवा वा सङ्क्रामक

रोग फैलिएका थियो ?

..............................................................................................

११) च्याउ खेतीको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

..............................................................................................

१२) तपाईं च्याउ खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

..............................................................................................

१३) च्याउको बिउ आधिकारीक स्रोत बाट उपलब्ध गरिएको हो ?

..............................................................................................

१४) तपाइको बिचारमा कृषकले प्रस्ताव गरेको बीमाङ्क रकम उचित छ ?

..............................................................................................

अनुसूचीमा उल्लिखित च्याउखेतीको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र जवाफ मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको

नाम :

सही :

ठेगाना :

मिति :

फोन नं. :

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

**कार्यालय :** .........................................................................

फोन नं.: ................... फ्याक्सः ................. ईमेलः...........................

## अलैंची खेती बीमालेख

अलैंची खेती धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमा शुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र अलैंची खेतीको विवरण तालिकामा उल्लेख भए बमोजिमका अलैंची खेतीको क्षति/हानी-नोक्सानी भएमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

**यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :**

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लेखित अलैंची **बीमा अवधिभित्र अलैंचीको बोट (गाँज) क्षति (मरेमा)/हानी नोक्सानी भएमा** लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम भुक्तानी दिनेछ । बीमकले उक्त अनुसूचीमा उल्लेखित बीमाङ्क रकमको सीमासम्म वास्तविक क्षतिको ९० प्रतिशत रकम सम्म बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान /खडेरी

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानी-नोक्सानी ।

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

**बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :**

(१) अलैंचीखेती धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट क्षति भएमा ।

(२) कानुनी निकायको आदेशमा बीमा गरिएको अलैंची खेतीलाई नष्ट गर्नु पर्ने भएमा ।

(३) बीमा गरिएको अलैंची चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । तर कानुन बमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन । जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा बीमाले ख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरि एको अलैंची खेतीमा क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल यो गदानबाट उत्पन्न कारणले बीमा गरिएको अलैंची खेतीको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) अलैंची खेती धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा बीमक दावीप्रति उत्तरदायी हुने छैन ।

(८) अलैंचीको बाँझोपन (Sterility) को कारणबाट अलैंची उत्पादन नभएमा यस बीमालेखले सुरक्षण प्रदान गर्ने छैन ।

## शर्तहरु

**बीमितले पालना गर्नुपर्ने शर्तहरु :**

१) अलैंची खेतीमा कुनै रोग/किरा वा दुवै लागेमा अलैंची खेती धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख तथा उपचार गराउनु पर्नेछ । साथै, अलैंची खेती

धनीले उचित रेखदेख तथा उपचार गराएको कागजात/प्रमाण सुरक्षित साथ राख्नु पर्छ । बीमा दावीको अवस्थामा सोको प्रमाण पेश गर्नु पर्नेछ ।

२) बीमकले चाहेको जुनसुकै समयमा अलैंची खेती परीक्षण/निरीक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई अलैंची खेतीको धनीले परीक्षण/निरीक्षण गर्न दिनु पर्नेछ । बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार बीमा गरिएको बालीको उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमकले बीमितलाई सात (७) दिनको लिखित सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ ।

३) अलैंची खेती धनीले अलैंची खेतीको क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिन भित्र लिखित जानकारी स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टा भित्र बीमक वा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म अलैंचीखेती धनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ । तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन ।

५) यस बीमालेख अन्तर्गत बीमित अलैंची खेतीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

६) यस बीमा लेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

७) अलैंची खेती गरिने जग्गा भाँडामा लिई प्रयोग गरिएको अवस्थामा जग्गा धनी सँग भएको संझौताको प्रतिलिपी बीमा प्रस्ताव फारम साथ पेश गर्नु पर्नेछ ।

८) अलैंची खेतीको बीमा गर्नका लागि न्यूनतम आधा रोपनी जग्गा वा न्यूनतम ३०० वोट (गाँज) हुनु पर्नेछ ।

९) अलैंची खेतीको बीमा अलैंची रोपिएको शुरु वर्ष देखी सोह्र (१६) बर्ष सम्म गर्न सकिनेछ ।

१०) अलैंची खेतीको जोखिम रक्षावरण तथा बीमा दावी प्रति बोट (गाँज)को उत्पादन लागतको आधारमा गरिनेछ ।

**बीमाङ्क कायम गर्ने तरिका :**

* क) बीमाङ्क प्रति वोट (गाँज) = लागत मूल्य (प्रति हेक्टर)/बिरुवाको संख्या (प्रति हेक्टर)

लागत मूल्य (प्रति हेक्टर) = I परिवर्तित लागत (variable cost) + II अपरिवर्तित लागत (fixed cost)

I = जग्गाको तयारी, तारवार, रोपाई, श्रमिक, ढुवानी खर्च, सिँचाई, बिषादी, अलैंचीको बेर्ना, उतिस बोट, मल तथा खाद्यतत्व, गोडमेल, अन्य बगैंचा व्यवस्थापनका कार्यहरु, जग्गाको धितो मूल्य आदिको वास्तविक मूल्य

II = जग्गाको कर, सिंचाईको कर, कृषि उपकरणको ह्रास कट्टी, कृषि उपकरणहरुको मर्मत संभार आदिको वास्तविक मूल्य

ख) शुरु बीमाङ्क गणना गर्दा नेपाल सरकारको सम्बन्धित निकायद्वारा अघिल्लो वर्ष तोकिएको औषत लागत मूल्यलाई आधार मान्नु पर्छ र सो मूल्यमा ५ प्रतिशतका दरले थपघट गर्न सकिनेछ ।

ग) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति बालीका दरले लाग्नेछ ।

घ) बीमा गर्दा कुल लागत मूल्यमा गर्नुपर्ने छ ।

ङ) अलैंचीको बेर्ना लगाईसकेपछि मात्र बीमा गर्नुपर्ने छ र बढीमा ५००० प्रति हेक्टर बिरुवा (गाँज) का दरले बीमा गर्न सकिनेछ ।

च) दोस्रो बर्ष देखि सोह्र वर्ष सम्म अलैंची खेतीको बीमाङ्क तालिकामा उल्लेख भए अनुसार हुनेछ ।

छ) दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

*कायम बीमाङ्क रकम सम्बन्धित जिल्लाको जिल्ला कृषि बिकास कार्यालयबाट प्रमाणित गराई बीमक समक्ष पेश गर्नु पर्नेछ ।

## दावी सम्बन्धी प्रक्रिया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमितको अलैंची खेतीको हानि भएमा सोको १५ दिन भित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछः

क) सक्कल बीमालेख (आंशिक क्षति भएको अवस्थामा बीमालेखको छाँया प्रति)

ख) पूर्ण रूपले भरिएको दावी फाराम

ग) सम्बन्धित प्राविधिकको प्रतिवेदन

घ) सम्बन्धित गा.वि.स वा न.पा.वा वडा वा कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का

ङ) क्षति भएको अलैंचीको फोटो

२) बीमा अवधिभित्र प्रति हेक्टर ५ (पाँच) प्रतिशत भन्दा बढी बिरुवा (गाँज) क्षति (मरेको) भएमा मात्र बीमा दावी भुक्तानी गरिनेछ ।

३) बीमा अवधिभित्र बीमा गरिएको अलैंची खेती ७५ प्रतिशत भन्दा बढी क्षति भएमा पूर्ण क्षति अनुसार दावी भुक्तानी गरिनेछ ।

४) बीमा अवधिभित्र बीमा गरिएको अलैंचीको बोट (गाँज) मरी नयाँ बिरुवा प्रतिस्थापन गरेको अवस्थामा नया बिरुवा गन्तीको आधारमा चालु बीमाशुल्क दर अनुसार बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको अलैंची खेतीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको अलैंची खेती संझनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित तथा बीमकबाट मान्यता प्राप्त प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्ताव फारामको साथमा पेश भएको अलैंची खेती बीमाको लागत मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य संझनु पर्दछ ।

**प्राविधिक** भन्नाले कृषि सेवा केन्द्र, उपकेन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिषयमा आधारभूत ज्ञान हासिल गरेको प्राविधिक व्यक्ति संझनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा १ वर्ष सम्मको अवधिलाई संझनु पर्दछ ।

१) कागती खेतीको बीमाको लागि प्रस्तावकको नाम :..........................................

२) पुरा ठेगाना : प्रदेश.................. जिल्ला.................... महा/उपनगर/नगर/गा.पा ........................ वडा नं............ टोल :..................... फोन नं :..................... इमेल .............................

३) कागती लगाइएको स्थानको विवरण/ठेगाना :

प्रदेश .................. जिल्ला....................
महा/उपनगर/नगर/गा.पा.................वडा नं............ टोल :..................... फोन नं :.................इमेल.............................

४) बीमाको लागि प्रस्तावित कागती खेतीको विवरण :

| क्र.सं. | जात | क्षेत्रफल | बोटको मूल्य | बीमाङ्क रकम |
|---|---|---|---|---|
| क) | | | | |
| ख) | | | | |

५) कागत खेतीबीमा योग्य अवस्थामा छ ?

.........................................................................................

६) कागत खेतीमा कुनै रोग वा किराबाट प्रभावित छ ? यदि छ भने विवरण दिनुहोस् ?

.......................................................

७) कागत खेतीको पूर्वाधारहरुको अवस्थामा सन्तोषजनक छ ?

.......................................................

८) कागत खेतीको उचित रेखदेख गरिएको छ ?

.......................................................

९) ..........................................................................................

१०) उक्त कागत खेतीको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

.......................................................

११) तपाईं उक्त कागत खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

.......................................................

अनुसूचीमा उल्लिखित कागत खेतीको को मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको
नाम :
सही :
ठेगानाः
मिति :
फोन/मोबाईल नं. :

# .................................इन्स्योरन्स कम्पनी लिमिटेड

**...............कार्यालय** ................................................काठमाण्डौ

## दावी फारम

१. प्रस्तावकको नाम :

२. ठेगाना :

| | | | |
|---|---|---|---|
| प्रदेश नं............ | जिल्ला :.................... | महा/उपनगर/नगर/गा.पा :..................... | वडा नं.: ................ |
| टोल :............. | ईमेल :.................... | फोन नं/मो.न. :......................... .................. | |

३. बीमाको किसिम : उत्पादन ( ) बोट ( ) उत्पादन र बोट ( )

४. दावी सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| बीमालेख नं :............. | क्षति भएको मिति :............................ | | क्षतिको प्रकार : पूर्ण/आंशिक |
| क्षति भएको क्षेत्रफल : | | | |
| क्षति भएको बालीको बीमांक (बीमा रकम) : | | | |
| क्षतिको कारण : रोग किरा अन्य | | | |
| क्षतिको विवरण : | | | |
| क्षति भएको स्थान : | प्रदेश नं.............. | जिल्ला :.................... | महा/उपनगर/नगर/गा.पा :................... |
| वडा नं.: ............ | टोल :............. | फोन नं/मो.न. :................ ........................ | ईमेल :.................... |

५.क्षति नियन्त्रणको लागि अपनाइएको विधिहरुको विवरण दिनुहोस् :

.........................................................................................................

| | |
|---|---|
| प्राविधिकबाट क्षतिको निरीक्षण भएको मिति :.... ........................... | प्राविधिकको नाम : .......................... ................. |

६. क्षति हुदाको अवस्थामा कुनै साक्षी भए :

| | | |
|---|---|---|
| नाम:.................... | ठेगाना:......................... | फोन नं/मो.न. :........................... |

७. यस भन्दा अघि बाली बीमा अन्तर्गत दावी भुक्तानी लिनु भएको भए सोको विवरण दिनुहोस?

.............................................................................................

८. तपाईले क्षति भएको बालीको अर्को बीमा कम्पनीसंग बीमा गराउनु भएको छ ? यदि छ भने बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस :

.............................................................................................

म/हामी घोषणा गर्दछु/गर्दछौ किम/हामीलाई विवेक संगत ज्ञान भए सम्म बालीलाई उचित हेरचाह पुर्‍याएको तथा क्षति कम गर्न प्रयास गर्दागर्दै माथि उल्लेख भए अनुसारको कारणबाट बाली क्षति भएकोहो ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

मिति :

# ........................इन्स्योरन्स कम्पनी लिमिटेड

**...............** **कार्यालय**...............................................काठमाण्डौ

## प्राविधिकको प्रमाणपत्र

१. प्रस्तावकको नाम :

२. ठेगाना :

| | | | |
|---|---|---|---|
| प्रदेश नं............ | जिल्ला :.................... | महा/उपनगर/नगर/गा.पा :..................... | वडा नं.: ............. |
| टोल :............. | ईमेल :.................... | फोन नं/मो.न. :............................ ..... | |

३. दावी सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| बीमालेख नं :............................ | क्षति भएको मिति :.......................... | | |
| क्षतिको प्रकार : पूर्ण/आंशिक | | | |
| क्षतिभएको क्षेत्रफल : | | | |
| क्षति भएको बालीको बीमांक (बीमा रकम) : | | | |
| क्षतिको कारण : रोग/किरा अन्य | | | |
| क्षतिको विवरण : | | | |
| क्षति भएको स्थान : | प्रदेश नं............. | जिल्ला :.................... | महा/उपनगर/नगर/गा.पा :..................... |
| वडा नं.: ............ | टोल :................ | फोन नं/मो.न. :............................ | ईमेल :.................... |

४. वस्तुस्थिती हेर्दा कृषकले क्षति नियन्त्रणको लागि प्राविधिकको सिफारिस बमोजिम रोकथामको प्रयास गरेको जस्तो देखिन्छ ?

.............................................................................................

५. वस्तुस्थिती हेर्दा क्षति हुनुपूर्व बालीलाई उचित हेरचाह गरिएको जस्तो देखिन्छ ?

.............................................................................................

म प्रमाणित गर्दछु कि प्रस्तावक श्री ....................................को बाली क्षति सम्बन्धमा माथि उल्लेखित विवरणहरु साँचो हो ।

प्राविधिकको नाम :
हस्ताक्षर :
मिति :
मोवाईल नं.:
कार्यरत कार्यालयको नाम र ठेगाना :
कार्यालयको फोन नं. :
कार्यालयको छाप :

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

**कार्यालय :** ..........................................................................

फोन नं.: .................... फ्याक्सः .................. ईमेलः............................

## चिया खेती बीमालेख

चिया खेती धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमा शुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र विवरण तालिकामा उल्लेख भए बमोजिम चिया खेतीमा क्षति/हानी-नोक्सानी भएमा बीमाङ्क रकम सम्मको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

**यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :**

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लेखित **बीमा अवधिभित्र चिया खेती (बोट/हरीयो पत्ति/मुना) हानी नोक्सानी भएमा** अनुसूचीमा उल्लेखित बीमाङ्क रकमको सीमा सम्म वास्तविक क्षतिको ९० प्रतिशत रकम सम्म बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान /खडेरी

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानी-नोक्सानी ।

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

**बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :**

(१) चिया खेती धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट क्षति भएमा ।

(२) कानुनी निकायको आदेशमा बीमा गरिएको चिया खेतीलाई नष्ट गर्नु पर्ने भएमा ।

(३) बीमा गरिएको चिया खेती/बोट (गाँज) चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । तर बीमालेख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ । कानुन बमोजिम जग्गाको स्वामित्व स्वतः परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरिएको चिया खेतीमा क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएको चिया खेतीको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) चिया खेती धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा ।

## शर्तहरु

बीमित (चिया खेती धनी) ले पालना गर्नुपर्ने शर्तहरु :

१) चिया खेतीमा कुनै रोग/किरा वा दुवै लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख तथा उपचार गराउनु पर्नेछ । साथै, सोको कागजात/प्रमाण सुरक्षित

साथ राख्नु पर्छ र बीमा दावीको अवस्थामा पेश गर्नु पर्नेछ ।

२) चिया खेतीमा नियमित मलखाद ब्यवस्थापन, काँटछाँट, प्रति टिपाई, बगान सम्भार, गोडमेल तथा अन्य कार्यहरु नियमित रुपमा गर्नुपर्नेछ । साथै, सोको नियमित रुपमा कृषक डायरी अभिलेख राख्नु पर्छ ।

२) बीमकले चाहेको जुनसुकै समयमा चिया खेती परीक्षण/निरीक्षण गर्न आउने बीमकको प्रतिनिधिलाई परीक्षण/निरीक्षण गर्न दिनु पर्नेछ ।

३) बीमालेखमा तोकिए बमोजिमको शर्त अनुसार बीमा गरिएको बालीको उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमकले बीमितलाई सात (७) दिनको लिखित सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ ।

४) चिया खेतीमा क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिन भित्र बीमकलाई लिखित जानकारी दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टा भित्र बीमक वा तोकिएको प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ। तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन ।

५) यस बीमालेख अन्तर्गत चिया खेतीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

६) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा रातको बाह्र (१२) बजे पछि बीमालेखको अवधि समाप्त हुनेछ ।

७) चिया खेती गरिने जग्गा भाँडामा लिई प्रयोग गरिएको अवस्थामा जग्गा धनीसँग भएको संझौताको प्रमाण बीमा प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

८) चिया खेतीको बीमा गर्नका लागि न्यूनतम ०.०५ हेक्टर जग्गामा अधिकतम ६५० वोट (गाँज) तराईमा र पहाडमा ७५० सम्म हुनु पर्नेछ ।

९) चिया खेतीको बीमा चिया रोपिएको शुरु वर्ष देखी बीमा गर्न सकिनेछ ।

१०) एक कृषकले एकै क्षेत्रफलमा लगाईएको चिया खेतीको आंशिक बीमा गर्न पाइनेछैन ।

## बीमाङ्क कायम गर्ने तरिका :

१)* क) बीमाङ्क कायम गर्दा यस बीमालेखको अनुसूचीमा - १ मा उल्लेख भए अनुसार चिया खेती (बोट (गाँज) को वर्ष, उत्पादन दर तथा मूल्यको आधारमा निर्धारण गरिनेछ ।

बीमाङ्क रकम = I X II X III

I = (बोट (गाँज) संख्या)

II = प्रति के.जी.वार्षिक औसत मूल्य

III = बार्षिक औसत उत्पादन प्रति ग्राम/प्रति गाँज

ग) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत दरले लाग्नेछ ।

घ) नयाँ चिया बगानको हकमा चियाको बेर्ना लगाईसकेपछि मात्र बीमा गर्नुपर्ने छ ।

* कायम बीमाङ्क रकम सम्बन्धित जिल्लाको राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको कार्यालय वा अन्य सरकारी निकायको कृषिसँग सम्बन्धित कार्यालयबाट प्रमाणित गराई बीमक समक्ष पेश गर्नु पर्नेछ ।

**२) दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि)**

## दावी सम्बन्धी प्रक्रिया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुको कारणबाट बीमितको चिया खेती/बोट (गाँज) मा क्षति/हानी-नोक्सानी भएमा सोको १५ दिन भित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ :

क) सक्कल बीमालेख (आंशिक क्षति भएको अवस्थामा बीमालेखको छाँया प्रति)

ख) पूर्ण रूपले भरिएको दावी फाराम

ग) सम्बन्धित प्राविधिकको प्रतिवेदन

घ) सम्बन्धित गा.पा वा न.पा.वा वडाको सर्जमिन मुचुल्का

ङ) क्षति भएको चिया खेती/बोट (गाँज)को फोटो

च) कृषक डायरी अभिलेखको प्रतिलिपी

२) बीमा अवधिभित्र जून मौसम (महिना) मा दावी पर्छ सोही मौसम (महिना) अनुसारको अनुसूची -१ मा उल्लेख भए अनुसार बीमा दावी भुक्तानी गरिनेछ ।

३) बीमा अवधिभित्र कुल उत्पादनको ५ (पाँच) प्रतिशत भन्दा बढी क्षति भएमा मात्र बीमा दावी भुक्तानी गरिनेछ ।

४) बीमा अवधिभित्र बीमा गरिएको चिया खेती ८० प्रतिशत भन्दा बढी क्षति भएमा पूर्ण क्षति अनुसार दावी भुक्तानी गरिनेछ । यस अवस्थामा बीमा दावी

वार्षिक औसत मूल्य अनुसार भुक्तानी गरिनेछ ।

५) चिया खेतीको बोट(गाँज) काम नलाग्ने भई प्रतिस्थापन गर्नु पर्ने भएको अवस्थामा बीमा दावी वार्षिक औसत मूल्य अनुसार भुक्तानी गरिनेछ ।

६) बीमा अवधिभित्र बीमा दावी परेको क्षेत्रफललाई पून: बीमामा समावेश गर्न पाईनेछैन ।

न्यून उपादन (Short fall) = न्यूनतम ग्यारेन्टी कुल उत्पादन - वास्तविक उत्पादन

न्यूनतम ग्यारेन्टी उत्पादन = बीमा गरिएको कुल बोट (गाँज) संख्या X प्रति बोट (गाँज) उत्पादन (अनूसुचीमा उल्लेख भए बमोजिम)

वास्तविक उत्पादन = यस बीमालेख अर्न्तगत बीमा गरिएको क्षेत्रमा उत्पादन भएको बीमित चिया खेतीको उत्पादनको परिमाणलाई जनाउँछ ।

बीमा दावी रकम = न्यून उपादन (Short fall) X मूल्य/प्रति ग्राम (अनूसुचीमा उल्लेख भए बमोजिम)

## परिभाषा

**बीमित** भन्नाले यसै बीमालेख अन्तर्गत बीमा गरिएको चिया खेतीको स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा जात, प्रकार र विवरण उल्लेख भएको चिया खेती संझनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमाको प्रस्ताव फारामको साथमा पेश भएको चिया खेती बीमाको मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य संझनु पर्दछ ।

**प्राविधिक** भन्नाले **राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको कार्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिषयमा आधारभूत ज्ञान हासिल गरेको प्राविधिक व्यक्ति संझनु पर्दछ ।**

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा १ वर्ष सम्मको अवधिलाई संझनु पर्दछ ।

**बाली हानीनोक्सानी/प्रमाण-पत्र** भन्नाले **बीमकबाट मान्यता प्राप्त** प्राविधिक वा राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको कार्यालयका प्राविधिकले बीमित बालीको हानी-नोक्सानी भएको भनि प्रमाणित गरी दिएको प्रमाणपत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना संझनु पर्दछ ।

# चिया खेती बीमालेख

## अनुसूची

| | | |
|---|---|---|
| चिया खेती धनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोलः................फोन नं..................<br>इमेल............................. | बीमालेख नं :<br>अभिकर्ताको नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय : | |
| जात : (खुलाउनु पर्ने)<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति : | चिया खेती गरिएको जम्मा क्षेत्रफल (हेक्टर) : | |
| चिया खेती लगाइएको स्थान :<br>प्रदेश....................जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं...........टोल :................<br>कित्ता नं........... | बीमाङ्क रकम रु. : I X II X III<br><br>जम्मा **बोट (गाँज)** संख्या : | |
| इच्छाईएको व्यक्तिको | कुल बीमाङ्क : | रु. |
| नाम थर : | कुल बीमाशुल्क : | रु.<br>“क” |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता : | छुट :“क” को....... % (यदि भएमा) : | रु.<br>“ख” |
| इच्छाईएको व्यक्तिको पिताको नाम : | (क-ख) छुट पछिको बीमाशुल्क : | रु.<br>“ग” |
| इच्छाईएको व्यक्तिको माताको नाम : | ”ग” को........प्रतिशतले हुन आउने अनुदान रकम : | रु.<br>“घ” |
| सम्पर्क नं.: मोबाइल............... आवास :................. | ( ग -घ ) जम्मा | रु.<br>“ङ” |
| समुह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर : | रु.<br>“च” |
| | बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च) | रु.<br>“छ” |
| | बीमितले दुर्घटना बीमा वापत तिनुपने बीमाशुल्क : | रु.<br>“ज” |
| | बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) | रु. |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर :

नाम :

पद :

मिति :

# ............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## चिया खेती बीमा प्रस्ताव फाराम

१) चिया खेती धनीको नाम :...........................................

२) पुरा ठेगाना :

प्रदेश.......... जिल्ला ....................महा/उपनगर/नगर/ गा.पा....................
वडा नं.... टोलः..................... फोन नंः................. इमेल .............................

३) पेशा : .......................................................

४) बीमा अवधि :..............................................

५) इच्छाईएको व्यक्तिको नाम थर :

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल...............

इच्छाईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल...............

५) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस् :

| क्र.सं. | जात | **बोट (गाँज) को उमेर** | क्षेत्रफल | **जम्मा बोट (गाँज)** संख्या | बीमा अवधि | | जम्मा बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | |
| | | | | | | | |

७) चिया खेती लगाईएको स्थानको पूर्ण विवरण/ठेगाना :

प्रदेश.......... जिल्ला ....................महा/उपनगर/नगर/ गा.पा....................
वडा नं.... टोलः..................... फोन नंः................. इमेल .............................

८) चिया खेती तपाईको एकल स्वामित्व वा साझेदारीमा हो ? साझेदारीमा भए साझेदारको विवरण भर्नुहोस् :

नाम : ..............................................,

ठेगाना :

प्रदेश......... जिल्ला ....................महा/उपनगर/नगर/ गा.पा....................
वडा नं.... टोलः..................... फोन नंः................. इमेल ..............................

९) तपाईले यस पूर्व गर्नु भएको चिया खेतीमा किरा वा रोग लागेको थियो ? यदि छ भने किरा वा रोगहरुको स्पष्ट विवरण दिनुहोस् :

...........................................

१०) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने त्यो कहाँबाट प्राप्त गर्नुभयो ?

क) सरकारी/निजी कृषि सेवा केन्द्र ..............................................

ख) कृषि केन्द्रबाट चिया बाली लगाइएको स्थानको अन्दाजी दूरी .....................

ग) सरकारी वा निजी कृषि प्राविधिकद्वारा बीमा गरिएको बालीलाई गरिने चेकजाँचको विवरण :

.................................................................................................

११) यस पूर्व चिया खेती किरा वा रोग बाहेक अन्य कारण बाट हानी-नोक्सानी भएको थियो ? यदि छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण | प्राप्त रकम |
|---|---|---|---|
| | | | |

१२) यस पूर्व कुनै बीमा कम्पनीमा चिया खेतीको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

१३) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त चिया खेतीमा लगानी गरेको छ ? छ भने, उक्त वैङ्क वा वित्त कम्पनी वा सहकारीको निम्न विवरण उल्लेख गर्नुहोस् :

नाम :............................................................... अञ्चल.....................
जिल्लाः.......................न.पा./गा.वि.स. ...................................... वडा नं. ......... टोल : ..........................फोन नं : ....................................
लिएको ऋणको रकम : रु. ......................(अक्षरमा)..................................

म/हामीले माथि उल्लिखित चिया खेतीको बीमा ...................... कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौँ । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, अलैंचीखेती बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौँ । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै कम्पनी र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको

सही

नाम :

मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## कृषि प्राविधिकको प्रमाणपत्र

(प्रस्ताव फारम साथ संलग्न हुनु पर्ने)

१) चिया खेती धनीको नाम :.............................................................

२) पुरा ठेगाना :

प्रदेश......... जिल्ला ....................महा/उपनगर/नगर/ गा.पा...................

वडा नं.... टोलः..................... फोन नंः................. इमेल ..............................

३) चिया खेती लगाइएको स्थानको विवरण/ठेगाना :

प्रदेश......... जिल्ला ....................महा/उपनगर/नगर/ गा.पा...................

वडा नं.... टोलः..................... फोन नंः................. इमेल ..............................

४) बीमाको लागि प्रस्तावित चिया खेतीको विवरण :

| **क्र. सं.** | **जात** | **क्षेत्रफल** | **बोट (गाँज) मूल्य** | बीमाङ्क रकम |
|---|---|---|---|---|
| क) | | | | |
| ख) | | | | |

५) चिया खेती बीमा योग्य अवस्थामा छ ?

.........................................................................................

६) चिया खेती कुनै रोग वा किराबाट प्रभावित छ ? यदि छ भने विवरण दिनुहोस् ?

.......................................................

७) चिया खेतीको पूर्वाधारहरुको अवस्थामा सन्तोषजनक छ ?

.........................................................................................

८) चिया खेतीको उचित रेखदेख गरिएको छ ?

.........................................................................................

९) .........................................................................................

१०) उक्त चिया खेतीको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

.........................................................................................

११) तपाईं उक्त चिया खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

..........................................................................................................

अनुसूचीमा उल्लिखित चिया खेतीको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको
नाम :
सही :
ठेगानाः
मिति :
फोन/मोबाईल नं. :

**कृषि बीमालेख नं.०१।०७८/०७९**

**मितिः२०७८।०६।०८**

# ................................इन्स्योरेन्स कम्पनी लिमिटेड

## कफी खेती बीमालेख

(उत्पादनमा आधारित)

यस बीमालेखमा उल्लेख भएको कफी खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमा शुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ...........बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरिएको छ।

परिच्छेद -१

## प्रारम्भिक

**1. बीमालेखको नाम र प्रारम्भः**

(१) यस बीमालेखको नाम "कफी खेती बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमा शुल्क भुक्तानी गरे पश्चात प्रारम्भ हुनेछ।

**2. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

**(1)** "**अप्रत्यक्ष क्षति**" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

**(2)** "**अभिलेख**" भन्नाले यस बीमालेखमा उल्लेख भएको कफी खेतीको लागि आवश्यक पर्ने छहारी, चिस्यान, मलजल एवं नियमित रूपमा बगैंचा व्यवस्थापन आदिका लागि तयार गरिएको अभिलेख सम्झनु पर्छ।

**(3)** "**कफी खेती**" भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएको कफीको जात, उपजात, प्रकार वा कफीको दाना वा चेरी वा फलको विवरण सम्झनु पर्छ।

**(4)** "**गुणस्तर परीक्षण**" भन्नाले बीमा गर्न प्रस्तावित कफी खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा परीक्षण गर्ने कार्यलाई सम्झनु पर्छ।

**(5)** **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

**(6)** **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

**(7)** "**प्राविधिक**" भन्नाले एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा सो भन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(8) **"बीमक"** भन्नाले बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ ।

(9) **"बीमा अवधि"** भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ ।

(10) **"बीमाङ्क रकम"** भन्नाले बीमालेख बमोजिम कफी खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ ।

(11) **"बीमालेख"** भन्नाले बीमकले जारी गर्ने कफी खेती बीमालेख सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसँग संलग्न कागजातहरू सम्झनु पर्छ ।

(12) **"बीमा शुल्क"** भन्नाले बीमालेखमा उल्लेख गरिएको कफी खेतीको बीमा गरे बपत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ ।

(13) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(14) **"बीमाको बिषयवस्तु"** भन्नाले वा बीमा गरिएको वस्तु भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको कफीको बोट वा बिरूवा वा चेरी वा फल वा दुवैलाई सम्झनु पर्छ ।

(15) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ ।

(16) **"रक्षावरण"** भन्नाले बीमालेखमा उल्लेख भएको कफी खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(17) **"लापरवाही"** भन्नाले बीमितले बीमा गरिएको वस्तुको उचित स्याहार, हेरचाह र उपचार नगराएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ ।

(18) **"सामूहिक कफी खेती"** भन्नाले व्यक्तिगत साना किसान वा किसान समूह वा सहकारी समूह वा कम्पनीले सामूहिक रूपमा गरिएको कफी खेती क्षेत्र सम्झनु पर्छ ।

(19) **"क्षति मूल्याङ्कनकर्ता "**भन्नाले यस निर्देशिकाको अधीनमा रही जारी भएका बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(20) **"क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले कफीको दाना वा चेरी वा बोट वा फलको क्षति, नष्ट वा नास भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ ।

(21) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागि बीमा गरिएको वस्तुको हानी/नोक्सानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ ।

(22) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ ।

परिच्छेद-२

## रक्षावरण

3. **रक्षावरणः** (१) देहायका कारणबाट बीमा गरिएको कफी खेतीमा क्षति भएमा यस बीमालेखमा उल्लेखित बीमा अवधिभित्र रही बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः-

**(1) अग्नीजन्य क्षतिः**

(1) आगलागी वा अग्नीको कारणले भएको क्षति

**(2) हावाजन्य क्षतिः**

(1) हुरीबतासको कारणले भएको क्षति

(2) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति

**(3) पानीजन्य क्षतिः**

(1) अति बृष्टिको कारणले भएको क्षति

(2) असिना, हिउँवा तुसारोको कारणले भएको क्षति

(3) बाढी वा डुबानको कारणले भएको क्षति

**(4) मौसमजन्य क्षति**

(1) खडेरीको कारणबाट भएको क्षति

**(5) भूमिजन्य क्षति**

(1) भूकम्पको कारणले भएको क्षति

(2) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति

**(6) चट्याङ्जन्य क्षति**

(1) चट्याङको कारणले भएको क्षति

**(7) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति**

(1) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर, खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति।

**(8) रोग वा किराजन्य क्षति**

(1) रोगको कारणले भएको क्षति

(1) किराको कारणले भएको क्षति

4. **अतिरिक्त सुविधाः यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधि भित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्कको अतिरिक्त दुर्घटना बीमाबापत बीमाङ्क रकम रु.२,००,०००।- (अक्षरेपी दुईलाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछ।**

परिच्छेद-३

## *अपवाद*

5. **अपवादः** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः-

(1) अप्रत्यक्ष क्षतिः- कफी खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा।

(2) अधिकारप्राप्त निकायबाट पुर्याइएको क्षतिः अधिकारप्राप्त निकायको आदेशमा कफी खेती नष्ट गरिएमा।

(3) विकिरणयुक्त पदार्थः विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट क्षति भएमा।

(4) आणविक, रसायनिक तथा जैविक हतियारः आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा।

(5) युद्ध वा युद्ध सरहको अवस्थाः सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही, वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा।

**(6) अन्य क्षतिः** देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(1) बीमा गरिएको वस्तु हराएमा वा चोरी भएमा ।

(2) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले कफी खेतीमा क्षति पुर्याएमा।

(3) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइवीपूर्ण व्यवहारको कारणबाट कफी खेतीमा क्षति भएमा।

परिच्छेद-४

## बीमा सम्बन्धी शर्त

7. **प्रस्ताव तथा स्वीकृतिः**

(१) बीमालेख जारी गर्नुपूर्व बीमितले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

**8. गुणस्तर परीक्षण प्रमाणपत्रः-** बीमकले पूर्णरूपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित कफी खेती योग्य छ वा छैन भनी गुणस्तर परीक्षण गरेको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ।

**9. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः**

(१) बीमालेखसहित बीमा प्रस्ताव फाराम, तालिका, अनुसूची, बीमा शुल्क भुक्तानी रसिदलाई एकमुष्ठ कफी खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका बीमासँग सम्बन्धित प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

**10.बीमालेख रद्द हुने अवस्थाः** देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(1) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको

(2) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको

(3) बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भीर लापरवाही गरे

(4) बीमा गरेको वस्तु त्याग गरेको

(5) गैरकानूनी तवरले बीमा गराएको

(6) बीमायोग्य हित कायम नभएको

(7) बीमाङ्क गणना गर्दा बढी बीमाङ्क कायम गरी बीमालेख जारी गरेको

(8) बीमकले बीमा शुल्क बापतको रकम आफ्नो खातामा प्राप्त नगरी बीमालेख जारी गरेको

**11. योगदानः**

(१) यस बीमालेखबाट बीमा गरिएको कफी खेतीको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको कफी खेतीको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो कफी खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नुपर्नेछ।

**12.प्रत्यासनः-**

(१) बीमा गरिएको कफी खेतीको क्षति बापत बीमितले बीमकबाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

**13.स्वामित्व परिवर्तन:**

(१) बीमितले आफूले गरेको कफि खेतीको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिनभित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले तत्काल बीमालेखको निशुल्क नामसारी गरिदिनु पर्नेछ।

**14.बीमालेखको पुनर्स्थापना:** कफी खेती बीमालेख अन्तर्गत दावी परेपश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

**15. बीमालेखको अवधि:**

(१) कफी खेती बीमालेख जारी गर्दा जारी भएको समय (घण्टा र मिनेटसहित) तथा जोखिम प्रारम्भ हुने मिति उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने भनिएको  मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

**16. बीमकको कर्तव्य:** यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछ।

(1) बीमकले आफुले गर्ने कफी खेतीको बीमाङ्क कफी खेती गणना तालिका अनुसार गर्नुपर्नेछ।

(2) बीमालेख जारी गर्नु पूर्व बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँचवटा स्थिर फोटो र कम्तीमा तीन मिनेटसम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(3) बीमितद्वारा पूर्ण रूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा गर्नुपर्नेछ।

(4) कफी खेती बीमालेख लिने बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुर्याउनु हुँदैन।

(5) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(6) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमा शुल्क गणना गर्नुपर्नेछ।

**17. बीमितको दायित्वयस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछः ।**

(१) बीमा गरिएको वस्तु वा बिषयवस्तुको उचित स्याहार, ममर्त सम्भार गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ ।

(२) दावी, छानबिन, अनुसन्धान वा सर्भेको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नुपर्नेछ ।

(३) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ ।

**18. आंशिक बीमा गर्न नपाईने: एकै क्षेत्रफलमा लगाइएको कफी खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन ।**

परिच्छेद ५

## बीमाङ्क तथा बीमा शुल्क

**18. बीमांक तथा बीमा शुल्क निर्धारणः**

(१) यस बीमालेख बमोजिम गरिने कफी खेतीको बीमांक तथा बीमा शुल्क अनुसूची-३ मा उल्लेख भए बमोजिमको बीमांक तथा बीमा शुल्क गणना तालिका अनुसार कायम गरिनेछ ।

(2) यस बीमालेख अन्तर्गत कफीको उत्पादन (चेरी) वा बोट वा दुवैको बीमा गर्न सकिनेछ ।

(3) यस बीमालेख बमोजिम गरिने कफी खेतीको बीमा शुल्क गणना गर्दा निम्न शुत्रको आधारमा गरिनेछः-

| क्र.सं. | शुत्र | विवरण |
|---|---|---|
| 1. | कफी बोटको बीमाङ्क = कफी बोटको संख्या X प्रति बोटको मूल्य | |
| 2. | कफी उत्पादन (चेरी) को बीमाङ्क = कफी बोटको संख्या X प्रति बोटले उत्पादन गर्ने दाना वा फल X दाना वा फलको मूल्य प्रति के.जी. | |
| 3. | कफी बोट र उत्पादन = (क+ख) | |
| 4. | कफीको बीमा शुल्क = ग X बीमाङ्क रकमको पाँच तशतप्रि (५) | |
| 5. | व्यक्तिगत दुर्घटना बीमा शुल्क = रू. ००५ (पाँच सय) | |
| 6. | जम्मा बीमा शुल्क = घ + ङ | |
| 7. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | |
| 8. | बीमितले तिर्नु पर्ने रकम = च-छ | |

**19. बीमाङ्क कायम गर्ने**: बीमाङ्क रकम कायम गर्दा सम्बन्धित जिल्लाको राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यालय भएका जिल्लामा उक्त कार्यालयबाट र अन्य जिल्लाको हकमा संघीय प्रदेश तथा स्थानीय सरकारको सम्बन्धित निकायको कृषिसँग सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई बीमक समक्ष पेश गर्नुपर्नेछ।

**20. बीमाङ्क परिवर्तन**:

(१) बीमालेख जारी भइसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) कुनै बीमितको बीमा गरिएको वस्तुमा बीमा अवधिभित्र बीमा गर्नुपर्ने वस्तु थप गर्नु परेमा त्यसरी थप गरिने वस्तुको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

**21. बीमा शुल्क गणना:**

(१) यस बीमालेख अनुसार जारी हुने कफी खेतीको बीमा शुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशतका दरले लाग्नेछ।

(2) यस बीमालेख बमोजिम बीमांक निर्धारण गर्नका गरिने लागत तय गर्दा अनुसूची-४ बमोजिमको सूचकमा ढंगले उल्लेख गर्नुपर्नेछ।

(3) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा बापत बीमा शुल्क प्रति बीमित पाँचसय रूपैयाँ लाग्नेछ।

(4) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमा शुल्क लाग्नेछ।

**22. सामूहिक बीमा**:- सामूहिक रूपमा वा साझेदारीमा गरिएको कफी खेती बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ।

**23. बीमा शुल्क भुक्तानी:**

(१) बीमितले बीमा शुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

तर, अनुदानमा प्राप्त हुने बीमालेखको हकमा अनुदानबाट प्राप्त हुने रकम कट्टा गरी बाँकी रकम बीमकको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ।

परिच्छेद-६

## कफी बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

**24.पालना गर्नुपर्ने व्यवस्था**:

**(१) बीमितले कफी खेतीका लागि देहायका व्यवस्था पालना गरेको हुनुपर्नेछ:-**

(1) नयाँ कफी बगैँचाको हकमा कफीको बेर्ना रोपी सकेपछि मात्र बीमा गर्नुपर्नेछ।

(2) कफी खेती ६०० देखि २००० मिटर सम्मको उचाईमा तथा छहारीभित्र गरेको हुनु पर्नेछ ।

(3) कफी खेतीका लागि प्राविधिक रूपमा आवश्यक पर्ने छाहारी, चिस्यान, मलजल एवं चिया तथा कफी बिकास बोर्डद्वारा उल्लेख गरिएको मापदण्ड अनुसार कफी खेतीको व्यवस्थापन गर्नुपर्नेछ ।

(4) कफीको बगैंचा व्यवस्थापन गर्दा यस बीमालेखको अनुसूची-५ मा उल्लेख गरिए बमोजिम (छाहारी, चिस्यान, मलजल आदि) नियमित रूपमा अभिलेख खडा गरी राख्नु पर्नेछ ।

(5) बीमा गरिएको कफी खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, स्याहार सम्भार तथा उपचार गराई सोको प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(6) बीमकको प्रतिनिधिलाई जुनसुकै समय परीक्षण वा निरीक्षण गर्न दिनु पर्नेछ ।

**(२) कफी रोपेकै वर्षबाट कफी खेतीको बीमा प्रारम्भ गर्न सकिनेछ र यसरी बीमा प्रारम्भ गर्दा बीमितले देहायको प्राविधिक पक्ष पूरा गरेर नयाँ बिरूवा रोपण गरेको हुनुपर्नेछः-**

(क) रोपण गरिने बिरूवा पोली ब्यागमा तयार गरेको कम्तीमा १ फिट अग्लो, कम्तीमा शिशा कलम जत्रो मोटो, कम्तीमा ६ जोडी पात भएको, १४ देखि १८ महिनाको, रोग/कीरा नलागेको स्वस्थ्य बेर्ना हुनुपर्नेछ ।

(ख) कफी विरूवा लगाउनुभन्दा कम्तीमा एकमहिना पूर्व नै रेखाङ्कन गरी कम्तीमा ४५ से.मी. गहिरो र ४५ से.मी चौडा खाडल तयार गर्नुपर्नेछ ।

(ग) बिरूवा रोपण वर्षा सुरु भएपश्चात वा असार देखि साउन महिनासम्म गर्नुपर्नेछ । तर, सिंचाईको सुविधा भएको ठाउँमा भने फागुन वा चैत महिनामा पनि रोपण गर्न सकिनेछ ।

परिच्छेद -७

## दावी

**25. क्षतिको सूचनाः**

(१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट कफी खेतीको क्षति भएमा क्षति भएको तीन (३) दिनभित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, इमेल, एसएमएस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भएपश्चात क्षति मूल्याङ्कनकर्ताले

निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ ।

(३) बीमितले दावी भुक्तानी प्रक्रियाको लागि देहायका कागजात संलग्न गरी बीमक समक्ष पेश गर्नु पर्नेछः-

(1) पूर्ण रुपले भरिएको दावी फाराम,

(2) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(3) कम्तीमा पाँचजना व्यक्तिको सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई) ।

(4) स्थानीय तहको सिफारिस ।

(5) बीमालेखमा उल्लेख भए बमोजिमको कफी खेती सम्बन्धी अद्यावधिक अभिलेखको प्रति ।

**26.दावी फछर्यौट सम्बन्धी व्यवस्थाः**

(१) बीमकले आफूसमक्ष परेको कफी खेती बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नुपर्नेछ ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नुपर्नेछ ।

(३) बीमकले उपदफा (१) बमोजिम कफी खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि, बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ ।

(४) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुईलाख रूपैयाँभन्दा कम रकमको बीमाङ्क भएको बीमालेख अन्तर्गतको दावीको हकमा बीमक आफैंले मूल्याङ्कन गर्न सक्नेछ ।

(५) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच प्रति फोटो र कम्तीमा तीन मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसँगै संलग्न गरेको हुनुपर्नेछ ।

(६) कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी अनुसूची-६ बमोजिम बीमक समक्ष पेश गर्नुपर्नेछ ।

(७) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले समितिको स्वीकृतिमा पुनः अर्को

मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ ।

(८) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ ।

(९) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नुपर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित लिखित जानकारी दिनु पर्नेछ ।

(१०) उपदफा (३) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नुपर्नेछ।

(१२) बीमकले दावी निवेदन अस्वीकार गरेमा, दावी भुक्तानी नदिएमा वा मर्का पर्ने गरी दावी बापतको दायित्व निर्धारण गरेमा बीमा समितिमा उजुरी गर्न सकिनेछ ।

परिच्छेद -८

## विविध

**27. अधिक:यस बीमालेख अन्तर्गत कुल बीमाङ्कको ५ (पाँच) प्रतिशत वा रू. १०,००० मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ ।**

**28. बिबाद समाधानः**

(१) देहायका कुनै अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई बीमा समितिमा उजुरी दिन सक्नेछः

(1) बीमकले दावी वापतको निवेदन अस्वीकार गरेमा,

(2) बीमकले दावी वापतको रकम दिन अस्वीकार गरेमा वा,

(3) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा, वा

(4) बीमित वा बीमलेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(5) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा ।

**(२) बीमा दावी सम्बन्धमा बीमा समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय प्राप्त भएको मितिले पैंतिस (३५) दिनभित्र उच्च अदालतमा पुनरावेदनका लागि उजुरी दिन सक्नेछ ।**

## ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची -१

**कफी खेती प्रस्ताव फाराम**

(दफा ६ सँग सम्बन्धित)

१) कफी खेती प्रस्तावक (व्यक्ति वा संस्था) को नामः............................................

२) पूरा ठेगानाः प्रदेश............ जिल्ला................. पालिका/म. नगर/उपनगर/नगर/गा.पा ................. वडा नं...........टोलः .................... मोबाइल नं. ......................... फोन नं. .................... इमेल.........................................

३) पेशाः..........................................................

४) प्रस्तावित बीमाको किसिमः उत्पादनमा आधारित ( ) बोट संख्यामा आधारित ( ) उत्पादन र बोटमा आधारित ( )

५) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्ः

| क्र. सं. | कफी खेतीको प्रकार | | कफी खेतीको जात | | बोटको उमेर | क्षेत्रफल | *बोटहरू बीचको औषत दूरी* | जम्मा बोट संख्या | प्रतिबोट उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | जात | उपजात | | | | | |
| | | | | | | | | | |

६) कफी खेती लगाईएको स्थानको पूर्ण विवरण/ठेगानाः

प्रदेश..................जिल्ला...................पालिका/गा.पा/महा/उपनगर/नगर.................वडा नं.................टोलः...................कित्ता नं. ......................चार किल्ला (ऐलानी जग्गाको हकमा).......................जग्गाको क्षेत्रफलः.................................

जग्गाको किसिमः समथर भिरालो मिश्रित अन्य

७) कफी खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस ?

८) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः

नामः ...............................................

कफी खेती लगाइएको स्थान ....................................

ठेगानाः प्रदेश....................जिल्ला...................पालिका/गा.पा/ म.न./उपनगर/नगर .................. कित्ता नं. चार किल्ला (ऐलानी जग्गाको हकमा) ............... वडा नं. .........टोलः..................... मोबाइल नं. .........................फोन नं.......................... इमेल...............................................

८) कफी खेती लगाईएको मितिः ..........................

९) कफी खेती लगाउनुभन्दा पूर्व लगाएको बालीको विवरण .........................

१०) कफीको बगैंचाको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ? यदि छ भने, उक्त बालीको नाम उल्लेख गर्नुहोस्...............................

११) सिंचाईको स्रोत उल्लेख गर्नुहोस् ...........................

१२) कफी बगैंचामा छायाँदार बोट लगाउनु भएको छ ? ............................

क) प्रति रोपनी छायाँदार बोटको संख्याः................

ख) छायाँदार बोटको रूपमा के के रूख लगाउनु भएको छ ? उल्लेख गर्नुहोस् ..............................

ग) छायाँदार बोटको उमेरः .......................

१३) प्रति बोट कफी खेतीमा मलखाद प्रयोगको स्थिति

कम्पोष्ट मल (के.जी.) ............................

युरीया (ग्राम) ......................

डी.ए.पी. (ग्राम) ........................

पोटास (ग्राम) ...........................

अन्यः ...............................

१४) कफी खेतीका लागि प्राविधिक सरसल्लाह कहाँबाट प्राप्त गर्नुभएको छ ?

.................................

१५) कफी खेती तालिम लिनुभएको छ ? यदि छ भने, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस्। साथै तालिम दिने संस्थाको नाम उल्लेख गर्नुहोस्।

.................................

१६) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने, कहाँबाट के के प्राप्त गर्नुभएको छ ?

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

१७) तपाईले यस अघि गर्नु भएको कफी खेतीमा किरा वा रोग लागेको थियो ?

.......................................................................

यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो ? ...........................................

...................

१८) यदि किरा वा रोगबाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्ः

| वर्ष | क्षतिको कारण | क्षति भएको परिमाण | प्राप्त रकम |
|---|---|---|---|
| | | | |

१९) यस अघि कुनै बीमा कम्पनीमा कफी खेतीको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमांक रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

२०) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त कफी खेतीमा लगानी गरेको छ ? छ भने, उक्त बैङ्क वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः

नाम/ठेगानाः ..................................................................

प्रदेश..................जिल्ला...................महा/उपनगर/नगर/गा.पा...................................

वडा नं................. टोलः.................... सम्पर्क नं. ....................................

लिएको ऋणको रकमः रु........................ अक्षरेपी (..................................................

................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, कफी खेतीबारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौँ । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं ।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

नाम (संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधि):

मितिः

## ................इन्स्योरेन्स कम्पनी लिमिटेड
काठमाण्डौ, नेपाल

अनुसूची -२

**कृषि प्राविधिकको गुणस्तर परीक्षण प्रमाणपत्र**

(दफा ७ सँग सम्बन्धित)

**(प्रस्ताव फारम साथ संलग्न हुनु पर्ने)**

१) कफी खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः...............................................

२) पूरा ठेगानाः

प्रदेश..................जिल्ला.................पालिका/गा.पा/महा/उपनगर/नगर..........................
वडा नं............. टोलः.............................. फोन नं. ................. मोबाइल
नं. ............................ इमेल....................................

३) पेशाः ...................

४) कफीको जातः.......................................... कफीको प्रकारः ................................
...... उपजातः........................ औषत दूरी........................ क्षेत्रफलः ....................
जग्गाको किसिमः समथर भिरालो मिश्रित अन्य

५) बीमाको लागि प्रस्तावित जम्मा बोट संख्याः ...................

प्रदेश..................जिल्ला.................पालिका/गा.पा/महा/उपनगर/नगर..........................
वडा नं............. टोलः.............................. फोन नं. ................. मोबाइल
नं. ............................ इमेल....................................

६) कफी खेती लगाईएको स्थानको पूर्ण विवरणः

प्रदेश...................जिल्ला....................पालिका/गा.पा/महा/उपनगर/नगर..................
वडा नं. **................** टोलः.................कित्ता नं. ..................... चार किल्ला (ऐलानी जग्गाको हकमा)...........जग्गाको क्षेत्रफलः..................................
जग्गाको किसिमः समथर भिरालो मिश्रित/अन्य

७) कफी बोट लगाईएको जग्गाको भौगोलिक अवस्थितिः

क) त्यस क्षेत्रको हावापानीः ..................

ख) समुन्द्र सतहबाट कफीखेती लगाईएको जग्गाको उचाईः ...................

ग) जग्गाको मोहडा (Topography): ..................

घ) सिंचाईको स्रोतः..............................

८) कफी बगैंचामा निकासको (Drainage) प्रवन्ध छ वा छैन ? ..................

९) कफी बगैंचामा अन्तरबाली लगाएको भए बालीको नाम ..........................

१०) प्रतिबोट प्रयोग गरिएको मलखादको मात्रा .....................................

११) कफी बगैंचामा कुनै रोग/कीराको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोग/कीराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस। ..............................................................

१२) त्यस क्षेत्रमा बिगतमा कफी बालीमा कुनै संक्रामक रोग/कीरा लागेको थियो? यदि थियो भने कहिले कुन रोग/कीराबाट क्षति भएको हो उल्लेख गर्नुहोस् ................................ ...............................

१३) उक्त कफी खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण दिनुहोस्।..........................................................................

१४) तपाई उक्त कफी खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

.................................................................................................................

१५) कफी खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ? .........................

ठान्नुहुन्छ भने कुन जाँच गर्नु पर्ने हुन्छ ?.......................................

१६) यदि जाँच गरेको भए कागजात संलग्न गरी कफी खेती बीमा गर्न मिल्ने वा नमिल्ने राय दिनुहोस्।

..............................................................................................................

यस अनुसूचीमा उल्लिखित कफी खेतीको मैले ध्यानपूर्वक गुणस्तर परीक्षण गरेँ। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु।

**प्राविधिकको**
नाम (व्यक्तिगत वा संस्थागत)
सहीः
ठेगानाः
मितिः
फोन/मोबाईल नः
प्रमाणपत्र जारी गर्ने संस्थाः
प्रमाणपत्र नं.

## ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-३

## कफी खेती बीमांक गणना तालिका

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

<table>
<tr>
<td>कफी बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं.<br>संस्था वा फार्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको बाबुको नामः<br>प्रस्तावकको आमाको नामः<br>ठेगानाः<br>प्रदेशः...................जिल्ला................<br>पालिका/ग.पा/का/न.पा/उप.म.न.पा/<br>म.न.पा....................वडा नं. ............<br>टोल...................<br>फोन नं. .............आवास................<br>मोबाइल................<br>इमेल............................</td>
<td rowspan="2">बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता इजाजतपत्र नं.<br><br>प्राविधिकको नामः<br>प्राविधिकको कोड नं.<br><br>बीमालेख जारी मितिः<br>बीमालेख जारी हुने समयः<br><br><br>बीमालेख जारी स्थानः<br>नगदी बीजकजारी मिति तथा समय<br>नगदी बीजक नं.<br>बीमाङ्क रकम रुः<br>जम्मा बोट संख्याः</td>
<td></td>
</tr>
<tr>
<td>(खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>उत्पादनमा आधारित ( )<br>कफी बोटको कुल संख्या .....................<br>बीमा गरिएको बोटको संख्या ................<br>........................<br>बोटको उमेर......................................<br>...............<br>क्षेत्रफल ....................................<br>जातः..................................<br>बीमा प्रारम्भ मितिः ........................<br>बीमा समाप्ति मितिः.............................<br>बीमा अवधिः ..................</td>
<td></td>
</tr>
</table>

| | | |
|---|---|---|
| कफी खेती लगाइएको स्थानः<br>प्रदेशः....................<br>जिल्ला .............................<br>पालिका/ग.पा/न.पा/.उप.म.न.पा/<br>म.न.पा....................वडा नं. ...........<br>टोल.........................<br>कित्ता नं........... चार किल्ला नं.(ऐलानी जग्गाको हकमा) ...................... | **कफी गणना तालिका** | |
| **इच्छाईएको व्यक्तिको** | क. कफी बोटको बीमाङ्कः | रू. |
| नाम थरः | ख. कफी उत्पादन (चेरी) को बीमाङ्क | रू. |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः | ग. कफी बोट र उत्पादन | रू.<br>(क+ख) |
| इच्छाईएको व्यक्तिको पिताको नामः | घ. कफीको बीमा शुल्क | ग x बीमाङ्क रकमको ५ % |
| इच्छाईएको व्यक्तिको माताको नामः<br>इच्छाईएको व्यक्तिको श्रीमान/श्रीमतीको नामः | ङ. व्यक्तिगत दुर्घटना बीमा वापत | रू. ५०० |
| सम्पर्कनं. मोबाइल...............<br>आवासः..................<br>इमेल ठेगाना.................................... | च.जम्मा बीमा शुल्क | घ+ङ |
| | छ.नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | रू. |
| | ज.बीमितले तिर्नुपर्ने रकम | च-छ |

बीमालेख स्वीकृत गर्ने अधिकारीको दस्तखतः
हस्ताक्षरः
नामः
पदः
मितिः
कोड नं/ दर्ता नं.
संस्थाको हकमा कार्यालयको छापः

## ................इन्स्योरेन्स कम्पनी लिमिटेड
**काठमाण्डौ, नेपाल**

अनुसूची -४

**कफी बीमाङ्क निर्धारणका लागि सूचकहरू**

(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)

| उमेर (वर्ष) | प्रति बोट उत्पादन लागत खर्च (रू) | प्रति बोट संचयी लागत (रू.) |
|---|---|---|
| ० | १८५ | १८५ |
| १ | १२५ | ३१० |
| २२ | ११५ | ४२५ |
| ३ | १३५ | ५६० |
| ४ | १४५ | ७०५ |
| ५ देखि माथि | १४५ | ८५० |

| उमेर (बर्ष) | प्राङ्गारिक उत्पादन (Organic Product) | | परम्परागत उत्पादन (Conventional Product) | |
|---|---|---|---|---|
| | उत्पादन (के.जी बोट) | मूल्य(रू/के.जी) | उत्पादन (के.जी/बोट) | मूल्य (रू/के.जी) |
| ४ देखि १५ | ६ | | ८ | |
| १६ देखि ३० | ८ | | १० | |
| ३१ भन्दा माथि | ७ | | ९ | |

***नोट***- **मूल्य (रू/के.जी) : राष्ट्रिय चिया तथा कफी बिकास बोर्डबाट तोकिएको न्यूनतम मूल्य अनुसार।**

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

**काठमाण्डौ, नेपाल**

अनुसूची -५

**कफी खेती सम्बन्धी अभिलेखहरू**

(दफा २४ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

**अनुसूची ५.१ कफी वगैँचामा गरिएको क्रियाकलापहरूको विवरण**

| मिति | क्रियाकलापहरू | विवरण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| नोटः विरूवा रोपण, टिपाइ, सिंचाइ, गोडमेल, काँटछाँट, मल प्रयोग लगायत कफी बगैँचामा गरिएका क्रियाकलापहरू यसै विवरण बमोजिम भर्ने | | | |

**अनुसूची ५.२ कफी उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण**

| मिति | उत्पादन परिमाण (के.जी) | बिक्री परिमाण (के. जी) | घरमा उपयोग परिमाण (के.जी) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| कुल | | | | |

## अनुसूची ५.३ मल प्रयोग विवरण

| मिति | मलको नाम/प्रकार | परिमाण | मलको स्रोत (आफ्नै/किनेको) | किनेको भए | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | परिमाण | बिल नं. | रकम | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ५.४ जैविक विषादीको प्रयोग

| मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको श्रोत (आफ्नै/किनेको) | किनेको भए | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | परिमाण | बिल नं. | रकम | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

**अनुसूची- ६**

## कृषि बीमा क्षति मूल्याङ्कन प्रतिवेदन

(दफा २६ को उपदफा (६) सँग सम्बन्धित)

१. क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः............................................
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति ..........................................
प्यान (PAN) नं. .............................. कोड नं...............................................

२. क्षति मूल्याङ्कन गर्ने लागेको स्थानको पूरा ठेगानाः
प्रदेशः...................जिल्ला...............पालिका/गा.पा/न.पा./उप.म.न.पा/
म.न.पा...................वडा नं.........टोलः................. फोन नं. ................. मोबाइल नं. ..................... इमेल..........................................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः................................
क्षति मूल्याङ्कनका लागि लागेको अवधि: ...........................
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः ......................

३. दावीकर्ताको विवरणः
बीमा दावीकर्ताको नामः ...........................................
ठेगानाः ..............................................
बीमालेख नं. ................................................
क्षति भएको बीमाको किसिमः आंशिक .....................पूर्ण .........................

४. क्षति सम्बन्धी विवरणः
क्षति भएको मितिः ...........................................
क्षति भएको समयः ............................................
क्षति मूल्याङ्कन गरिएको कफी खेती भएको स्थानः ............................................
प्रदेशः.................. जिल्लाः ........................पालिका/गा.पा./न.पा./उप.म.न.पा/ म.न.पा .........................वडा नं. ......टोलः......................कित्ता नं. ..............चार किल्लाः (ऐलानी जग्गाको हकमा) .................

५. कफी बाली क्षति हुनुको कारणः

...................................................................................................................

.................................................................................................................

६. क्षति भएको कफी खेतीको विवरणः

......................................................................................................................

६.१ बोट संख्या क्षति भएको आधारमा मूल्याङ्कन

बीमा भएको कफीको क्षेत्रफलः..............................

जम्मा बीमा भएको बोट संख्याः ..............................

क्षति भएको जम्मा बोट संख्याः ...............................

क्षति भएको चेरी वा दाना वा फल जम्माः...............................

जम्मा क्षति प्रतिशतः ............................................

प्रतिबोट मूल्य रू. ...............................................

अधिक रकम रू. ..................................................

अधिक कट्टा गरी बाँकी हुन आउने रकम रू. ..............

खुद क्षति मुल्य रू. ...............................................

६.२ उत्पादनको आधारमा भएको क्षति मूल्याङ्कन

उत्पादन बीमा (५ वर्षभन्दा माथीका बोट)

प्रतिबोट औषत उत्पादन (के.जी.)..........................

प्रतिबोट उत्पादन क्षति (के.जी.) ..............................

कुल क्षति भएको बोट संख्याः ..................................

कुल उत्पादन क्षति (के.जी.)....................................

जम्मा क्षति प्रतिशत ...............................................

मूल्य रू. प्रति के.जी. .............................................

जम्मा क्षति रकम रू. ...............................................

७ फोटो संख्या ..........................................................

८ भिडियो क्लिपको समयः .............................................

९ क्षतिको मात्रा निर्धारणः

कुल क्षति प्रतिशतः................................................

खुद क्षति रकमः.....................................................

माथि उल्लिखित कफी खेतीमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन्। सोही

अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार "निष्पक्ष तथा पक्षपात रहित" रहेको स्व-घोषणा गर्दछु ।

**क्षति मूल्याङ्कनकर्ताको:**

नामः ........................................................

सम्पर्क नं.............................................

कोड नं./

दर्ता नं./

तालिम इजाजतपत्र नं. ....................................

हस्ताक्षरः

संस्थाको हकमाः

प्यान नं.: .....................

मितिः.......................

# ............इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय :** .................................... ..................................

फोन नं.: ............ ................ फ्याक्सः .............. ईमेल............................

## उखु खेती बीमालेख

उखु खेती धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा शिखर इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमा शुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र उखु खेतीको विवरण तालिकामा उल्लेख भए बमोजिमका उखु खेतीको क्षति/हानी-नोक्सानी भएमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

**यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :**

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लेखित उखु खेती बीमा अवधिभित्र हानी-नोक्सानी भएमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम भुक्तानी दिनेछ । बीमकले उक्त अनुसूचीमा उल्लेखित बीमाङ्क रकमको सीमा सम्म वास्तविक क्षतिको ९० प्रतिशत रकम सम्म बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान /खडेरी

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानी-नोक्सानी ।

(२) यस बीमालेखको बीमा अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,००० (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

**बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :**

(१) उखु खेती धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट क्षति भएमा ।

(२) कानुनी निकायको आदेशमा बीमा गरिएको उखु खेतीलाई नष्ट गर्नु पर्ने भएमा ।

(३) बीमा गरिएको उखु चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा । तर कानुन बमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन । जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा बीमालेख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरिएको उखु क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएको उखुको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) उखु खेती धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा बीमक दावीप्रति उत्तरदायी हुने छैन ।

(८) बीमा गरिएको उखु बंशाणुगत कारणबाट क्षति/हानी-नोक्सानी भएमा ।

## शर्तहरु

**बीमितले पालना गर्नुपर्ने शर्तहरु :**

१) उखु खेतीमा कुनै रोग/किरा वा दुवै लागेमा उखु खेती धनीले तत्काल आफ्नै खर्चमा उचित रेखदेख तथा उपचार गराउनु पर्नेछ । साथै, उखु खेती धनीले

उचित रेखदेख तथा उपचार गराएको कागजात/प्रमाण सुरक्षित साथ राख्नु पर्छ। बीमा दावीको अवस्थामा सोको प्रमाण पेश गर्नु पर्नेछ।

२) बीमकले चाहेको जुनसुकै समयमा उखु खेती परीक्षण/निरीक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई उखु खेतीको धनीले परीक्षण/निरीक्षण गर्न दिनु पर्नेछ। बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार बीमा गरिएको बालीको उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमिकले बीमितलाई सात (७) दिनको लिखित सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ।

३) उखुखेती धनीले उखु खेतीको क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिनभित्र लिखित जानकारी स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई दिनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमक वा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म उखु खेती धनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ। तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन।

५) यस बीमालेख अन्तर्गत बीमित उखु खेतीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन।

६) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनि उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ।

७) उखु कटानी (Harvest) गरीसकेपछि उखुमा हुने कुनै पनि प्रकारको क्षति/हानी-नोक्सानी भएमा यस बीमालेखले सुरक्षण प्रदान गर्ने छैन।

८) उखु खेती गरिने जग्गा भाँडामा लिई प्रयोग गरिएको अवस्थामा जग्गा धनीसँग भएको संझौताको प्रतिलिपी बीमा प्रस्ताव फारम साथ पेश गर्नु पर्नेछ।

क) बीमाङ्क कायम गर्ने तरिका :

*बीमाङ्क = I X II

बीमाङ्क = अधिकतम उत्पादन लागत प्रति/हेक्टर

I = अघिल्लो वर्ष नेपाल सरकारको सम्बन्धित निकायद्वारा सहजीकरण गरी/नेपाल चिनी उत्पादक संघ तथा नेपाल उखु उत्पादक कृषक महासंघ बीचको सहमती अनुसारको प्रति क्वीन्टल खरिद मूल्य

II = कृषि बिकास मन्त्रालयको अघिल्लो आ. व.को तथ्याङ्क अनुसार उखुको राष्ट्रिय

औषत उत्पादन (क्वीन्टल प्रति हेक्टर)

| मुख्य बाली Main Crop (A) | खुटी बाली Ratoon Crop (B) |
|---|---|
| I = अघिल्लो वर्ष तोकिएको मूल्य (A) - (A) को २५% | I =अघिल्लो वर्ष तोकिएको मूल्य (B) - (B) को ३५% |

* कायम बीमाङ्क रकम सम्बन्धित जिल्लाको जिल्ला कृषि बिकास कार्यालयबाट प्रमाणित गराई बीमक समक्ष पेश गर्नु पर्नेछ।

ख) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति बालीका दरले लाग्नेछ। दुर्घटना वापत बीमाशुल्क रु. ०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बदी अवधिको लागि) दुर्घटना वापत बीमाशुल्क रु. ०.२५ प्रति हजार (बीमा अवधि १ वर्षे भन्दा कम अवधिको लागि)

ग) उखु लगाए/रोपेकोको एक महिना भित्र बीमा गर्नुपर्ने छ।

घ) एक वर्ष भन्दा बढी अवधिको बीमाको लागि बार्षिक बीमाशुल्कको समानुपातिक (pro rata) हिसाबले थप बीमाशुल्क लिई बीमालेख जारी गर्न सकिनेछ। तर यस्तो अवधि पन्ध्र महिना भन्दा बढी हुने छैन।

## दावी सम्बन्धी प्रक्रिया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमितको उखु खेतीको हानि भएमा सोको १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ :

   क) सक्कल बीमालेख (आंशिक क्षति भएको अवस्थामा बीमालेखको छाँया प्रति)
   ख) पूर्ण रूपले भरिएको दावी फाराम
   ग) सम्बन्धित प्राविधिकको प्रतिवेदन
   घ) सम्बन्धित गा.वि.स वा न.पा.वा वडा वा कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का
   ङ) क्षति भएको उखुको फोटो

२) बीमा अवधिभित्र तल तालिकामा उल्लेख भए अनुसार जून समय (हप्ता) मा दावी पर्छ सोही समय (हप्ता) अनुसार बास्तविक क्षतिको आधारमा दावी भुक्तानी गरिनेछ।

| १२ महिने बाली | १५ महिने बाली | बीमांङ्क रकमको अधिकतम % भुक्तानी | |
|---|---|---|---|
| | | मुख्य बाली | खुट्टी बाली (Ratoon crop) |

| | | | |
|---|---|---|---|
| पहिलो ४ हप्ता | पहिलो ५ हप्ता | ४० % | १० % |
| ४ - ८ हप्ता | ५ - १० हप्ता | ६० % | ३५ % |
| ८ - १६ हप्ता | १० - २० हप्ता | ७५ % | ७५ % |
| १६ - २० हप्ता | २० - २५ हप्ता | ८० % | ८० % |
| २० - २८ हप्ता | २५ - ३५ हप्ता | ८५ % | ८५ % |
| २८ - ३६ हप्ता | ३५ - ४५ हप्ता | ९० % | ९० % |
| ३६ - ४४ हप्ता | ४५ - ५५ हप्ता | ९५ % | ९५ % |
| ४४ - ४८ हप्ता | ५५ - ६० हप्ता | १०० % | १०० % |

३) प्रति हेक्टर बीमाङ्कको २.५ प्रतिशत भन्दा कम बीमा दावी मूल्याङ्कन भएमा बीमा दावी हुने लाग्ने छैन ।

४) खेती गरिएको उखु क्षति भएको अवस्थामा बिक्री हुने उखु बिक्री गरी बाँकी हुन आउने क्षतीको मात्र दावी भुक्तानी गरिनेछ ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको उखु खेतीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ ।

**बीमित बाली** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको उखु खेती संझनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित तथा बीमकबाट मान्यता प्राप्त प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्ताव फारामको साथमा पेश भएको उखुखेती बीमाको लागत मूल्य निर्धारण फाराममा लेखिएको घोषित मूल्य संझनु पर्दछ ।

**प्राविधिक** भन्नाले कृषि सेवा केन्द्र, उपकेन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिषयमा आधारभूत ज्ञान हासिल गरेको प्राविधिक व्यक्ति संझनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भएअनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा १ बर्षसम्मको अवधिलाई संझनु पर्दछ । तर उखु बालीको हकमा यस्तो अवधि पन्ध्र महिना सम्म हुनेछ ।

**बाली हानीनोक्सानी/प्रमाण-पत्र** भन्नाले सम्बन्धित सदस्य संस्था र प्राविधिकले बीमित बालीको हानी-नोक्सानी भएको भनि प्रमाणित गरी दिएको प्रमाणपत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना संझनु पर्दछ ।

# उखु खेती बीमालेख

## अनुसूची

<table>
<tr><td>उखु खेती धनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>अञ्चल.................... जिल्ला....................<br>न.पा./गा.वि.स. .............. वडा नं...........<br>टोलः...................... फोन नंः.........................<br>इमेल.............................</td><td colspan="2" rowspan="3">बीमालेख नं :<br>अभिकर्ताको नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>उखु बाली लगाइएको जम्मा क्षेत्रफल (हेक्टर) :<br>बीमाङ्क = I X II<br>(बीमालेखको शर्तको बुदाँ नं. ८ “क” बमोजिम कायम गर्ने)</td></tr>
<tr><td>जात : (खुलाउनु पर्ने)<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :</td></tr>
<tr><td>उखु खेती लगाइएको स्थान :<br>अञ्चल......................जिल्ला...................<br>न.पा./गा.वि.स. ...............वडा नं...........<br>टोल ...................... कित्ता नं. ..............</td></tr>
<tr><td rowspan="8">समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. :</td><td>कुल बीमाङ्क :</td><td>रु.</td></tr>
<tr><td>कुल बीमाशुल्क :</td><td>रु. “क”</td></tr>
<tr><td>छुट :“क” को...... % (यदि भएमा) :</td><td>रु. “ख”</td></tr>
<tr><td>(क-ख)छुट पछिको बीमाशुल्क :</td><td>रु. “ग”</td></tr>
<tr><td>“ग” को........प्रतिशतले हुन आउने अनुदान रकम :</td><td>रु. “घ”</td></tr>
<tr><td>(ग -घ ) जम्मा</td><td>रु.</td></tr>
<tr><td>टिकट दस्तुर :</td><td>रु.</td></tr>
<tr><td>बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क :</td><td>रु.</td></tr>
</table>

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर :

नाम :

पद :

मिति :

# उखु खेती बीमा प्रस्ताव फाराम

१) उखु खेती धनीको नाम :.........................................

२) पुरा ठेगाना :

अञ्चल.................... जिल्ला..................... न.पा./गा.वि.स. ...............

वडा नं. ........टोल :..................फोन/मोबाइल नं : ........................

३) पेशा : ..........................................................

४) बीमा अवधि :...............................................

५) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस् :

| क्र. सं. | जात | क्षेत्रफल | बीमाङ्क I X II | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| | | | | | | |

६) उखु खेती लगाईएको स्थानको पूर्ण विवरण/ठेगाना :

अञ्चल...................जिल्ला...............न.पा./गा.वि.स. ........................ वडा नं. .............टोल :..............................कित्ता नं. ......................

७) उखु खेती तपाईको एकल स्वामित्व वा साझेदारीमा हो ? साझेदारीमा भए साझेदारको विवरण भर्नुहोस् :

नाम : ................................................,

ठेगाना :

अञ्चल..................जिल्ला......................न.पा./गा.वि.स. ......................

वडा नं. ............टोल :..................फोन/मोबाइल नं : ........................

८) तपाईले यस पूर्व गर्नु भएको उखु खेतीमा किरा वा रोग लागेको थियो ? यदि छ भने किरा वा रोगहरुको स्पष्ट विवरण दिनुहोस् : ..........................................

९) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने त्यो कहाँबाट प्राप्त गर्नुभयो ?

क) सरकारी/निजी कृषि सेवा केन्द्र .............................................

ख) कृषि केन्द्रबाट उखुबाली लगाइएको स्थानको अन्दाजी दूरी

.......................

ग) सरकारी वा निजी कृषि प्राविधिकद्वारा बीमा गरिएको बालीहरूलाई गरिने चेकजाँचको विवरण :

...............................................................................................

१०) यस पूर्व उखु खेती किरा वा रोग बाहेक अन्य कारण बाट हानी-नोक्सानी भएको

थियो ? यदि छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण | प्राप्त रकम |
|---|---|---|---|
| | | | |

११) यस पूर्व कुनै बीमा कम्पनीमा उखु खेतीको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस्

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

१०) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारीले उक्त उखु खेतीमा लगानी गरेको छ ? छ भने, उक्त बैङ्क वा वित्त कम्पनी वा सहकारीको निम्न विवरण उल्लेख गर्नुहोस्:

नाम :...............................................

अञ्चल..................... जिल्ला ........................न.पा. / गा.वि.स. ....................

वडा नं. .......... टोल :............................फोन नं : ........................

लिएको ऋणको रकम : रु. .................(अक्षरमा)...................................

म/हामीले माथि उल्लिखित उखु खेतीको बीमा ...................... कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौं । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, उखु खेती बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै कम्पनी र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको

सही :

नाम :

मिति :

# कृषि प्राविधिकको प्रमाणपत्र

(प्रस्ताव फारम साथ संलग्न हुनु पर्ने)

१) उखु खेती धनीको नाम :.............................................................

२) ठेगाना :

अञ्चल................ जिल्ला................. न.पा./गा.वि.स. ......................

वडा नं. .......... टोल :..........................फोन नं : .............................

३) उखु खेती लगाइएको स्थानको विवरण/ठेगाना :

अञ्चल................ जिल्ला................. न.पा./गा.वि.स. ......................

वडा नं. .......... टोल :..........................फोन नं : .............................

४) बीमाको लागि प्रस्तावित उखु खेतीको विवरण :

| **क्र.सं.** | **जात** | **क्षेत्रफल** | **लागत मूल्य** |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |

५) उखु खेती बीमा योग्य अवस्थामा छ ?

.................................................................................................

६) उखु खेती कुनै रोग वा किराबाट प्रभावित थियो ? यदि थियो भने विवरण दिनुहोस् ? .....................................................................................

७) उखु खेतीको पूर्वाधारहरुको अवस्थामा सन्तोषजनक छ ?

.................................................................................................

८) उखु खेतीको उचित रेखदेख गरिएको छ ?

.................................................................................................

९) उखु खेतीको नजिकमा कुनै सरुवा वा सङ्क्रामक रोग फैलिएको थियो ?

.................................................................................................

१०) उक्त उखु खेतीको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस्।

.................................................................................................

११) तपाईं उक्त उखु खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

........................................................................................................

अनुसूचीमा उल्लिखित उखु खेतीको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको
नाम :
सही :
ठेगान :
मिति :
फोन/मोबाईल नं. :

# .................इन्स्योन्स कम्पनी लिमिटेड

## मौसम सूचकाङ्क बीमा

यस बीमालेखको अनुसूचीमा नाम उल्लिखित बीमित (यस पछि बीमित भनिएको) ले शिखर इन्स्योरेन्स कम्पनी लि. (यस पछि कम्पनी भनिएको) समक्ष यस करारको आधार मानिने बीमा प्रस्ताव र उद्घोषण समाविष्ठ गरी निवेदन दिएको र बीमालेखको एउटा अंगको रुपमा रहने उल्लिखित शर्त र अवधिको अधिनमा रही बीमाशूल्क भुक्तान गरेकोले अनुसूचीमा उल्लेखित बाली वा त्यसको कुनै भाग बीमा अवधिभित्र बीमालेखको अनुसूची तथा शर्तहरुको अधिनमा रहने गरी क्षतिपूर्तिको लागि योग्य भएमा बीमकले बीमाङ्क रकमको अधिकतम हदमा नबढने गरी प्रत्येक उल्लिखित अवस्थाहरुको लागि क्षतिपूर्ति रकम भुक्तान गर्न मञ्जुर गर्दछः

### परिभाषा

१. बीमित भन्नाले यस बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको बालीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ।

२. बीमित बाली भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको बाली सम्झनु पर्दछ।

३. सम्बन्धित मौसम केन्द्र भन्नाले मौसम वा वातावरणीय अवस्थाको अध्ययन र मौसम सम्बन्धी तथ्याङ्क सूचनाको लागि प्रयोग हुने र यस बीमालेखको अनुसूचीमा उल्लेखित मौसम केन्द्र भन्ने सम्झनु पर्दछ जसको मौसम सम्बन्धी सूचना /तथ्याङ्क मौसमको अवस्था, शूरुवाती सूचकाङ्क अर्थात दावीको लागि बीमित योग्य हुने मौसमी अवस्था र अधिकतम दावी प्राप्त गर्ने अन्तिम सूचकाङ्क अवस्था निर्धारण गर्नको लागि प्रयोग गरिन्छ।

४. शूरुवाती सूचकाङ्क भन्नाले बीमित दावीको लागि योग्य हुने निर्धारित मौसमी अवस्था सम्झनु पर्दछ।

५. अन्तिम सूचकाङ्क भन्नाले बीमित बीमाङ्क रकमको शत प्रतिशत दावी प्राप्त गर्ने निर्धारित मौसमी अवस्था सम्झनु पर्दछ।

६. मौसमी अवस्था भन्नाले बीमालेखमा निर्धारित मौसमी मापदण्डको निर्धारण गर्नको लागि मौसमी सूचकाङ्कको उल्लेखित अवधिभित्र प्राप्त तथ्याङ्क हो जसको प्रयोग शुरुवाती सूचकाङ्क तथा अन्तिम सूचकाङ्कको निर्धारणको लागि प्रयोग गरिन्छ।

७. मापदण्ड भन्नाले यस बीमालेखको अनुसूचीमा संलग्न गरिने मौसमी सूचकाङ्कको साथै शुरुवाती सूचकाङ्क, अन्तिम सूचकाङ्क तथा दावी भुक्तानीको तालिका हो जसको आधारमा दावी भुक्तानी गरिन्छ ।

८. भुक्तानी भन्नाले बीमालेखको अनुसूचीमा समाविष्ठ गरिएको मापदण्ड भन्दा मौसमी तथ्याङ्क फरक परेमा प्रत्येक फरक एकाईको लागि बीमितलाई बीमकले दिनु पर्ने क्षतिपूर्ति सम्भनु पर्दछ ।

९. बीमाङ्क रकम भन्नाले बीमालेखको अनुसूची उल्लेखित दावी प्राप्त गर्न सक्ने रकम हो । यो रकम बीमकले कुनै एक वा एक भन्दा बढी मौसमी अवस्थाको लागि भुक्तानी गर्नु पर्ने अधिकतम दायित्व हो ।

१०. मौसमी सूचकाङ्क भन्नाले बीमालेख जारी गर्दा गणितीय आधारमा बनाइएको मौसमी सूचनाको निर्धारित मापदण्ड हो । मौसमी सूचकाङ्क तल उल्लेखित कुनै एक वा एक भन्दा बढी मौसमी अवस्था हो जसको उल्लेख प्रत्येक बीमालेखको अनुसूचीमा राखिएको हुन्छ ।

---- वर्षात
---- न्यूनतम तापक्रम
---- अधिकतम तापक्रम
---- आद्रता
---- तूषारो,
---- हावाको गति
---- हिमपात
---- अन्य कुनै मापन गर्न सक्ने मौसमी अवस्था

## रक्षावरण

१. बीमित बाली काट्दासम्म वा टिप्दा सम्मा खडेरी वा कम वर्षात र/वा अधिक वर्षात र/वा कम तापक्रम र/वा बढी तापक्रमको कारणबाट हानी-नोक्सानी भएको अवस्थामा बीमकले बीमितलाई क्षतिपूर्ति भुक्तानी गर्नेछ ।

२. यस बीमालेखको शर्त, अवस्था, अपबाद, सम्पूष्टि र बन्देजको अधिनमा रही मौसमी अवस्था, उल्लेखित भौगोलिक सीमा भित्र रहने बीमित बालीको लागि बीमालेखमा उल्लेखित शुरुवाती सूचकाङ्क भन्दा फरक परेमा बीमालेखमा समावेश गरिएको बीमित बालीको उत्पादन र/वा अन्य कृषि तथा गैर कृषि खर्चको बीमाङ्क रकमको हदमा नबढने गरी भुक्तानी दिन मञ्जुर गर्दछ ।

३. अनिवार्य दुर्घटना बीमा: यस बीमालेखको बीमा अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकमको रु.२,००००० (दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## सूचकाङ्क निर्धारण

बीमकले बीमितलाई पारदर्शी मौसमी सूचकाङ्कको आधारमा क्षतिको भुक्तानी दिनेछ। मौसमी सूचकाङ्क बालीको बढने, फसल लाग्ने जस्ता अवधिको मौसमी तथ्याङ्कबाट तयार गरिन्छ। बिगतका वर्षहरुको मौसमी तथ्याङ्कहरुको आधारमा दावी योग्य हुनको लागि आरम्भ बिन्दु निर्धारण गर्ने मौसमी सूचकाङ्क तयार गरिन्छ। वास्तविक मौसमी तथ्याङ्कलाई यस्तो मौसमी सूचकाङ्कसंग तुलना गरिन्छ । यदि वास्तविक मौसमी तथ्याङ्क निर्धारित मौसमी सूचकाङ्क भन्दा फरक परेमा बीमालेखको अनुसूचीमा रहेको पूर्व निर्धारित मापदण्ड अनुसार दावी भुक्तानी गरिन्छ ।

## अवलोकन

बीमालेख अन्तर्गत आउन सक्ने क्षति निश्चित गर्ने कार्यमा बीमितलाई सहयोग गर्नको लागि बीमकले स्थानीय प्रतिनिधि, कृषक वा स्थानीय कृषि प्राविधिकसंग मिलेर नियमित रुपमा सम्बन्धित मौसम केन्द्रबाट प्राप्त मौसमी सूचनाको अवलोकन गर्नेछ ।

## अपवाद

बीमक यस बीमालेख अन्तर्गत देहयाका अवस्थामा भुक्तानी गर्न बाध्य हुने छैन ।

१. आणविक बिकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहने बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको बिच्छेदनको ज्वलन समेत) को सक्रियताको संशर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हुने कुनै दुर्घटना,
२. आणविक हात-हतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना,
३. बीमालेखको अनुसूचीको अंगको रुपमा रहने मापदण्ड अनुसार मौसमी तथ्याङ्कमा फरक परेमा बाहेक वर्षात, भुकम्प, बाढी, पहिरो जस्ता दैवी प्रकोपबाट बीमित बालीको क्षति भएमा,
४. बीमालेखको अनुसूचीको अंगको रुपमा रहने मापदण्ड अनुसार मौसमी तथ्याङ्कमा फरक परेमा बाहेक अन्य कुनै पनि घटनाबाट र जुनसूकै प्रकारबाट भए पनि कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादनमा हुने कमी र क्षति वा कृषि कार्यको खर्च बढेमा बीमक क्षतिपूर्ति दिन बाध्य हुने छैन ।
५. युद्ध, आक्रमण, बिदेशी शत्रुको कारवाही वा कुनै युद्ध वा कुनै युद्ध सरहको कारवाही (घोषित वा अघोषित), गृहयुद्ध,

६. सैनिक बिद्रोह, दंगा, हडताल, नागरिक बिद्रोह, रिसइवीपूर्ण कार्य, बिध्वंसात्मक गतिविधि, आतंकबाद, क्रान्ति, सैनिक वा शक्ति अपहरण वा जंगी कानून पालन वा घेराबन्दी स्थितिको घोषण,
७. बीमितले बीमालेखमा उललेख गरे अनुसारको बाली नलगाएमा वा बाली लगाएर वा भएको बालीलाई राम्रोसंग हेरचाहा नगरेमा,
८. परिणाम स्वरुप हुने कुनै पनि हानी-नोक्सानी,

## दावी प्रकृया

यस बीमालेख अन्तर्गत बीमितले दावी गरेमा वा बीमित दावी योग्य भएको निर्क्यौल गर्नको लागि दावी प्रकृया निम्न अनुसार हुनेछ।

१. बीमकले सम्बन्धित मौसम केन्द्र वा सम्बन्धित मौसम केन्द्रबाट मौसमी अवस्था प्राप्त नभएको अवस्थामा बैकल्पिक मौसम केन्द्रबाट मौसमी अवस्थाको विवरण प्राप्त गरी अभिलेख राख्नेछ र सोही अनुसार वास्तविक मौसमी अवस्थाको गणना गरिनेछ।
२. बीमालेखको अनुसूचीमा उल्लेखित भौगोलिक क्षेत्र र अवधिभित्र वास्तविक मौसमी अवस्था शुरुवाती सूचकाङ्क भन्दा फरक परेमा अनुसूचीको अंगको रुपमा रहेको मापदण्ड अनुसार तर बीमाङ्क रकमको हदमा नबढने गरी दावी रकम मूल्याङ्कन गरिनेछ।
३. मौसमी सूचकाङ्क बढी भएमा दावी योग्य हुने अवस्थामा मौसमी अवस्था शुरुवाती सूचकाङ्क भन्दा कम भएमा र मौसमी सूचकाङ्क कम भएमा दावी योग्य हुने अवस्थामा मौसमी अवस्था शुरुवाती सूचकाङ्क भन्दा बढी भएमा बीमक दावी भुक्तानी गर्न बाध्य हुने छैन।
४. सम्बन्धित मौसम केन्द्रको मौसमी तथ्याङ्क यस बीमालेखको दावी भुक्तानी गर्ने आधार हुनेछ। अन्य मौसम केन्द्रको मौसमी तथ्याङ्कको दावी भुक्तानी गर्ने मापदण्डसंग कुनै सम्बन्ध हुने छैन र यस्तो मौसमी तथ्याङ्कको आधारमा कुनै विवाद गर्न पाइने छैन।
५. बीमित जोखिमको बीमा अवधि समाप्ति पछि मात्र बीमकले दावी योग्य भुक्तानी गर्नेछ।
६. बीमकले दावी भुक्तानी बीमित वा बैंक सम्बन्धी व्यवस्था अनुसार सम्बन्धित वित्तीय संस्थालाई गर्नेछ।
७. बीमकले आफ्नो नियन्त्रणमा लिएको वा नलिएको अवस्थामा बीमितले बीमा गरेको बालीलाई यसै छोड्न पाउने छैन।

## सामान्य शर्तहरु

### १. अवधिको सीमितता

दावी परेको अवस्थामा, दावी कानूनी प्रकृयामा रहेको अवस्थामा बाहेक, बीमकले मागेको सूचना बीमितले दिन नसकेमा बीमक दावी भुक्तानीको लागि बाध्य हुने छैन ।

### २. कानूनी स्वामित्व

बीमा अवधिभर बीमित कानूनी रुपमा बीमा गरेको बाली धनी हुनु पर्नेछ । बीमकले मागेको समयमा बीमितले बीमा गरेको बालीधनी भएको कागजपत्र पेश गर्नु पर्नेछ ।

## बिशेष शर्तहरु

### १. निर्विवादता र खुलासा गर्नु पर्ने कर्तव्य

असत्य वा गलत बयान, मिथ्या कथन, प्रस्ताव फारममा कुनै पनि विवरण गलत बर्णन गर्नु वा खुलासा नगर्नु, व्यक्तिगत बयान, घोषणा र सम्बन्धित कागजातहरु वा अन्य महत्वपूर्ण सूचना रोक्का गर्नु वा दावी कपटपूर्ण हुनु वा यस बीमालेख अन्तर्गतको कुनै पनि लाभ प्राप्त गर्नु बीमित वा बीमितको तर्फबाट भूमिका खेल्ने व्यक्तिले जाल साजी उपाय वा साधन प्रयोग गरेमा यो बीमालेख र हुनेछ र बीमित यसबाट पाउने सम्पूर्ण लाभहरुबाट बञ्चित हुनेछ ।

### २. हेरचाहा

बीमितले बीमा गरेको बालीमा हानी नोक्सानी हुनबाट बचाउन सबै उचित उपायहरुको अबलम्बन गर्नु पर्नेछ ।

### ३. बीमालेखका शर्तहरुको पालन

बीमितले पालन वा अनुसरण गर्नु पर्ने कुनै पनि कार्यसंग सम्बन्धित अवस्थामा यस बीमालेखका शर्त तथा नियम र बन्देजहरुको अनुसरण र परिपालन गरेमा मात्र यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी गर्नेछ ।

### ४. परिणाम जन्य सूचना नहुने

बीमकले पछिको लागि कुनै पनि बीमाशुल्क स्वीकार गरेको अवस्थामा बाहेक बीमकको कुनै पनि अधिकारको जिम्मामा रहेको बीमितसंग सम्बन्धित कुनै पनि ज्ञान वा कुनै पनि परिस्थितिको जानकारी वा अवस्थाले बीमकलाई सूचित गराएको बुझिने छैन वा बन्धनमा पार्ने वा पूर्वाग्रही रुपमा असर पार्न सक्ने छैन ।

## ५. सूचना दिनु

यस बीमालेखसंग सम्बन्धित गूठी, शुल्क, धितो, कार्य वा अन्य कारोबारका बारेमा बीमकले सरोकार राख्नु वा प्रभावित हुनु आवश्यक हुनै छैन। तर बीमालेख अन्तर्गत बीमकले बीमित वा बीमितको कानूनी प्रतिनिधिसंग बीमालेखको सम्बन्धमा गरेको कूनै पनि परिवर्तन, सूचना वा लेखापढीबाट सबै अवस्थाहरुमा बीमक आफ्नो दायित्वबाट छूटकारा पाएको मानिनेछ।

## ६. बिशेष व्यवस्था

यस बीमालेखमा राखिएको, दरपीठ गरिएको वा भिन्दै प्रलेखको रुपमा बीमालेखमा संलग्न गरिएको बिशेष व्यवस्था यसै बीमालेखको भाग मानिनेछ रत्यसको सोही अनुसार असर हुनेछ।

## ७. प्रत्याशन

यस बीमालेख अन्तर्गत दावी भूक्तानी गरि सके पछि अन्य पक्षबाट कुनै अधिकार, उपाय वा क्षतिपूर्ति प्राप्त गर्नु पर्ने रहेछ भने त्यस्तो कारवाही गर्न बीमक अधिकार सम्पन्न हुनेछ र यसको लागि आवश्यक काम कारवाही बीमकले गर्न सक्नेछ।

यस बीमालेख अन्तर्गत भएको कुनै हानी-नोक्सानीको सन्दर्भमा अन्य पक्षबाट कुनै अधिकार र उपाय वा क्षतिपूर्ति प्राप्त गर्नु पर्ने रहेछ भने बीमकले दावी भुक्तानी गरी सकेपछि यस क्रममा अरु कारवाही गर्न बीमक अधिकार सम्पन्न हुनेछ र बीमकलाई आवश्यक परेमा बीमितले बीमकबाट दावी भुक्तानी पाउनु अगाडि वा पछाडि जुन सुकै बेला पनि मनासिब र आवश्यक देखिएको काम कारवाही बीमकको खर्चमा बीमितले गर्नु पर्ने छ।

## ८. योगदान

बीमा गरिएको बाली हानी-नोक्सानी भएको समयमा सोही कुनै पनि प्रकारको बालीको अन्य बीमा भएको रहेछ भने बीमकले सो सम्पत्तिको लागि नोक्सानी भएको समानुपातिक रुपले दिनु पर्ने क्षतिपूर्ति भन्दा बढी दिने छैन।

## ९. जालसाज युक्त दावी

कुनै दावी जालसाजी पूर्ण भएमा वा त्यस सिलसिलामा झुट्टा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले यस बीमालेख अन्तर्गत कुनै लाभ उठाउन खोजेमा वा जानीजानी बीमित बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै दावी सिर्जना हुन सक्ने घटना घटनाएमा वा दावी अस्वीकार भएको तीन (३) महिना भित्र कुनै कारवाही वा नालिस उजुर नगरेमा वा बीमा समितिले निर्णय

दिएको मितिले ३५ दिनभित्र पूनरावेदन अदालतमा नालिस उजुर नगरेमा बीमित यो बीमालेखको सबै लाभबाट बन्चित हुनेछ ।

**१०. बीमालेख खारेजी**

बीमितको थाहा भएको अन्तिम ठेगानामा हुलाकबाट सात (७) दिने पत्र रजिस्टर्ड गरी बीमितलाई पठाई यो बीमालेख बीमकले खारेज गर्न सक्नेछ र समाप्त भइ नसकेको अवधिको बीमाशुल्क बीमकले दिन गन्तिको आधारमा फिर्ता दिनेछ ।

**११. बीमलेखमा विवाद**

यस बीमालेख अन्तर्गत कुनै मतभेद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम समाधान हुनेछ ।

**१२. नविकरण सूचना**

नविकरण बीमाशुल्क स्वीकार गर्न वा बीमाशुल्क तिर्न बाँकी छ भनी सूचना पठाउन बीमक बाध्य हुने छैन । प्रत्येक नविकरण बीमाशुल्क, बीमाको प्रस्तावबा घोषणामा पहिले उल्लेख भएका तथ्यहरु फेरबदल भएका छैनन् र बीमालेखमा समावेश गरिएको गरिएको जोखिमको बृद्धि हुने अवस्था वा कार्यको जानकारी बीमितलाई नभएको समझदारीमा तिर्ने र स्वीकार गरिनेछ । बीमकको आधिकार प्राप्त अधिकृतले हस्ताक्षर गरेको आधिकारिक नविकरण सूचना बाहेक नविकरणको लागि प्राप्त हुने अन्य कागजातहरु मान्य हुने छैन ।

**१३. सूचनाहरु**

यस बीमालेख अन्तर्गतका सूचना, निर्देशन वा आदेश लिखित रुपमा हुलाक मार्फत, फ्याक्स वा हस्ते पठाउनु पर्नेछ ।

बीमितको हकमा अनुसूचीको माउल्लेख भएको ठेगानामा ।

बीमकको हकमा, शिखर इन्स्योरेन्स बीमक लि., शिखर बिज सेन्टर (पाँचौ, छैटौ र सातौ) तल्ला, थापाथली, पो.ब.नं. १०६९२, काठमाण्डौ ।

**१४. ग्राहक सेवा**

बीमितलाई कुनै स्पष्टिकरण वा सहयोग चाहिएमा बीमितले सामान्य कार्यालय समयभित्र बीमकको कुनै पनि कार्यालयमा सम्पर्क गर्नसक्नेछ ।

# ............ इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

## स्याउ खेती बीमा प्रस्ताव फाराम

### प्रस्ताव फारम भर्नको लागि निर्देशन

१. कृपया सबै प्रश्नहरुको सही र पूर्ण उत्तर दिनुहोला । कुनै प्रश्न असान्दर्भिक भएमा सोही अनुसार लेख्नुहोला । यस प्रस्ताव फारमा उत्तर लेख्नको लागि दिइएको ठाँउ अपुग भएमा अतिरिक्त पानामा लेखेर दिन सकिनेछ ।

२. बीमा परम सद्विश्वासको सिद्धान्तमा आधारित प्रस्तावक / बीमितले बीमासंग सम्बन्धित सबै कुराहरु खुलस्त पारेर घोषणा गर्नु पर्छ र साथै प्रस्ताव फारम भर्दा कुनै तथ्यलाई लुकाउन, दवाउन तथा करार हो जसमा बङ्ग्याउन हुदैन । यदि तपाईलाई कुनै तथ्य उल्लेख गर्नु पर्ने लागेमा कृपया सत्य तथ्य नलुकाई लेख्नु होला ।

३. बीमित वा बीमितको प्रतिनिधिले प्रस्ताव फारम भर्दा व्यक्तिगत विवरण दिंदा र सम्बन्धित कागजात पेश गर्ने सिलसिलामा मूलभूत विवरण दिदा झुट्टा विवरण दिएमा, वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छूट हुन गएमा बीमकको इच्छामा यो बीमालेख रद्द हुन सक्नेछ ।

४. कम्पनीले यस प्रस्ताव फारम स्वीकार गरे पछि र बीमितले बीमाशुल्क तिरे पछि मात्र बीमा लागु हुनेछ ।

५. बीमालेख अनुसार अपेक्ष गरिए भन्दा उल्लेखित अवधिमा वर्षात कम भएको कारणबाट हुने स्याउको उत्पादनमा कमीको क्षतिपूर्ति यस बीमालेख अन्तर्गत बीमितले प्राप्त गर्नेछ । वर्षात कम भन्नाले मध्ये चैत्र देखि मध्ये जेष्ठ सम्म (अप्रिल तथा मे महिना) जम्मा वर्षात ६० मिलिलिटर वा सो भन्दा कम हुने अवस्था हो । क्षतिपूर्ति सम्बन्धी पूर्ण विवरण बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।

६. यस बीमालेख अन्तर्गत दावी योग्य अवस्था निर्धारण गर्नको लागि मौसम सम्बन्धी विवरण जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ६, बिजयनगर स्थित

क) प्रस्तावकको विवरण

- जन्म मितिः
- लिङ्गः
- परिवार सदस्य संख्याः
- पेशाः (कृषि / नौकरी / व्यापार / अन्य)
- पेशागत कामको प्रकृतिः
- वार्षिक आयः (परिवारको)
- प्रस्तावकको ठेगानाः (गाविस/नपा, टोल, वडा नं.)

  टेलिफोन नं.

  मोबाइल नं.

  इमेल

  बैक खाता नं. / खाताको प्रकार

  बैंकको नाम र ठेगाना

ख) प्रस्तावित स्याउ खेतीको विवरण

- स्याउ बगानको ठेगानाः
- स्याउ बगानको जम्मा क्षेत्रफलः (रोपनी, बर्गफिट वर्गमिटर)
- स्याउको बोटको संख्या र जातः
- स्याउको बोटको स्रोतः
- स्याउको बोटमा रोग वा किराको विवरण :
- कृषिजन्य सुविधा प्राप्त गर्ने स्थान वा व्यक्तिः
- स्याउको उत्पादन (किलोग्राम प्रति बोट) :
- जम्मा स्याउको उत्पादन (किलोग्राम) :
- स्याउको मूल्य (रुपैया प्रति किलोग्राम) : रु.
- स्याउको जम्मा मूल्य (बीमाङ्क रकम) : रु.२,००० स्याउको बोटको संख्या

ग) जोखिमको विवरण र अवधि

- आवश्यक जोखिम : खडेरी (खडेरी वा कम वर्षात अधिक वर्षात तुषारो)
- अन्य आवश्यक जोखिम : (असिनाबाट हुने क्षति समेतको बीमा गर्नु पर्ने भएमा उल्लेख गर्नुहोला। असिनाबाट हुने क्षतिको बीमा लागत मूल्यमा हुनेछ र यसको लागि कृषि प्राविधिकले मूल्याङ्कन गरी बनाएको भिन्दै लागत मूल्य विवरण आवश्यक हुनेछ र यसको लागि अतिरिक बीमाशुल्क लाग्नेछ)
- बीमाङ्क रकमः रु. ५००.५६ × स्याउको बोटको संख्या
- आवश्यक बीमा अवधिः ................ देखि ....... सम्म

## उद्घोषणाः

कम्पनी वा कम्पनीका प्रतिनिधिले माथिका सबै वा केही सूचनाहरु अन्य कम्पनी वा सरकारी/ कानूनी निकायलाई दिएमा वा देखाएमा वा बाँडेमा मेरो मन्जुरी रहनेछ। प्रस्ताव फारम वा व्यक्तिगत बयान वा घोषणा वा यससंग सम्बन्धित कागजपत्रमा उल्लेखित कुनै सूचना असत्य वा झूठो भएमा वा लुकाएमा वा बढाई चढाई गरेमा प्रस्तावित बीमा करार पूर्ण रुपमा रद्द हुनेछ भन्ने कुरामा म सहमत छु।
मैले जानेबुझेसम्म माथि उल्लेखित सम्पूर्ण विवरणहरु ठीक साँचा छन्। मैले कुनै वास्तविक सूचना लुकाएको, छिपाएको वा गलत बयान गरेको छैन भनी प्रमाणित र घोषणा गर्दछु। यो प्रस्ताव ................ इन्स्योरेन्स कम्पनी लि. र म बीच हुने करारको आधार हुनेछ भन्ने कुरामा मेरो मञ्जुरी छ र कम्पनीलाई मेरो पेशा, स्याउ बगानमा परिवर्तन भएमा सूचना दिन म मज्जर गर्दछु तथा कम्पनीद्वारा बीमालेख तथा संलग्न सम्पूष्टिमा उल्लेखित शर्त बन्देजर अपबाद स्वीकार गर्दछु। चेकद्वारा बीमाशुल्कको भुक्तानी गरिएमा सो रकम प्राप्त भएपछि मात्र बीमा लागू हुनेछ भन्ने कुरामा म सहमत छु।

प्रस्तावकको
स्थान : .................
सहीः......................
मिति : ..........................

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

कार्यालय : ..............................................................................

फोन नं. – ........................ फ्याक्स – .................. ईमेल.............................

## घाँसेबाली बीमालेख

घाँसेबाली धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्क रकम भुक्तानी भएको आधारमा ..................... इन्स्योरेन्स कं. लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लेखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमा अवधिभित्र घाँसेबालीको विवरण तालिकामा उल्लेख भए बमोजिमका घाँसेबालीको क्षति/हानी-नोक्सानी भएमा उत्पादन मूल्य अनुसारको क्षतिपूर्ति रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लेखित घाँसेबालीको बीमा अवधिभित्र हानी-नोक्सानी भएमा उत्पादन मूल्यको आधारमा वास्तविक क्षतिको बीमा दावीमा व्यवस्था भए अनुसार सम्मको रकम बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान/खडेरी/अत्यधिक वर्षा

(घ) पहिरो/भू-स्खलन,

(ङ) आँधीबेहरी, असिना, हिऊँ वा तुषारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानि-नोक्सानी,

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।–(अक्षरुपी दुई लाख) दुर्घटना बीमा बापत भुक्तानी गर्नेछ ।

## क्षतिपूर्ति नदिने अवस्थाहरु

बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी दिने छैन :

(१) घाँसेबाली धनी वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवी साध्ने कार्यको कारणबाट क्षति भएमा ।

(२) कानूनी निकायको आदेशमा घाँसेबालीलाई नष्ट गर्नुपर्ने भएमा ।

(३) घाँसेबाली चोरी भएमा ।

(४) बीमितले आफ्नो जग्गा बिक्री वा स्वामित्व हस्तान्तरण गरेको अवस्थामा, तर बीमालेख नामसारी गरी बीमा सुरक्षणलाई निरन्तरता दिन सकिनेछ । कानून बमोजिम जग्गाको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा यो प्रावधान लागू हुने छैन ।

(५) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमा गरिएको घाँसेबालीको क्षति भएमा ।

(६) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमा गरिएका घाँसेबालीको क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बे कम्मा पदार्थबाट निस्कने रेडियो धर्मिता (स्वतः जारी रहने अणुको विच्छे दनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(७) घाँसेबाली धनीले प्रस्ताव फाराममा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा विवरण उल्लेख गरेमा ।

(८) बीउको बंशाणुगतको कारणबाट क्षति भएमा ।

(९) नेपाल सरकारबाट उन्मोचन (Released)/सुचिकृत/पंजीकृत (Registered) नगरिएका जातहरुको बीउ प्रयोग गरिएमा ।

## शर्तहरु

बीमितले निम्न शर्तहरु पालना गर्नुपर्नेछ :

१) घाँसेबालीको लागि प्रयोग गरिने बीउको श्रोत नेपाल सरकारबाट स्वीकृत प्राप्त

सरकारी, अर्धसरकारी निकाय वा निजी क्षेत्र, कृषक समूह, कृषि सहकारीको हुनुपर्नेछ । साथै, घाँसेबालीको लागि लगाईने जात राष्ट्रिय बीउ बीजन समितिबाट उन्मोचन/रजिष्ट्रेशन (पंजिकृत)/सूचिकृत भई नेपाल सरकारबाट क्षेत्रगत सिफारिस गरिएको जात हुनुपर्नेछ ।

२) घाँसेबाली तोकिएको मापदण्ड अनुसार रोपाई गरेको/छरेको/लगाईएको हुनुपर्दछ ।

३) घाँसेबाली उत्पादन गर्दा झारपातको उचित व्यवस्थापन भएको हुनुपर्ने र जमिनको तयारी समेत उचित किसिमले भएको हुनुपर्नेछ ।

४) घाँसेबालीको प्रकृति अनुसार सिंचाईको सुविधा उपलब्ध भएको हुनुपर्नेछ ।

५) घाँसेबाली उत्पादन गर्दा उच्च पहाडमा न्यूनतम दुई रोपनी (२), पहाडमा पाँच रोपनी (५) र तराईमा दश (१०) कठ्ठा क्षेत्रफलमा लगाइएको हुनु पर्नेछ । तर घाँसेबाली लगाइएको ब्लक एकै कृषक वा एक भन्दा बढी कृषकको पनि हुन सक्नेछ । एकभन्दा बढी कृषक भएमा सबैको नाम र कित्ता नम्बर प्रस्ताव फारममा उल्लेख हुनुपर्नेछ ।

६) यो बीमालेख एकै समयमा एउटा कित्तामा एकै प्रकारको घाँसेबाली लगाइएको हकमा मात्र लागू हुनेछ । बेर्ना लगाईने घाँसेबालीको हकमा पन्ध्र (१५) दिन भित्र, बीउ छरी लगाइने घाँसेबालीको हकमा बीउ उम्रेको सात (७) दिन भित्र र सेट/कटिङ्ग प्रयोग गरी लगाउने (रोप्ने) घाँसेबालीको हकमा पन्ध्र (१५) दिन भित्र बीमा गरिसक्नु पर्नेछ । एक कृषकले एकै स्थानमा लगाईएको एकै प्रकारको घाँसेबालीको हकमा आंशिक बीमा गर्न पाइने छैन ।

७) घाँसेबालीमा कुनै रोग/किरा/झारपात वा सबै लागेमा घाँसेबाली उत्पादन धनीले (बिमित) तत्काल आफ्नै खर्चमा उचित रेखदेख तथा व्यवस्थापन गर्नु पर्नेछ ।

८) बीमकले चाहेको जुनसुकै समयमा घाँसेबालीको परीक्षण गर्न आउने बीमक वा तोकिएको प्रतिनिधिलाई घाँसेबाली धनीले अवलोकन तथा निरीक्षण गर्न दिनु पर्नेछ ।

९) घाँसेबाली उत्पादन धनीले बालीको क्षति/हानी-नोक्सानी भएमा सोको पाँच (५) दिन भित्र लिखित वा अन्य संचार माध्यमबाट अनिवार्य रुपमा बीमकलाई जानकारी दिनु पर्छ ।

१०)बीमकले त्यस्तो जानकारी प्राप्त भएको तीन (३) दिनभित्र बीमक वा बीमकद्वारा तोकिएको प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो

अवधि सम्म क्षति/हानी-नोक्सानी भएको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ। तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन।

११) यस बीमालेख अन्तर्गत बीमा गरिएको घाँसेबालीको क्षति भएको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको परिणाम जन्य खर्च (Consequential loss) दावी गर्न पाइने छैन।

१२) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ।

१३) तालिका १ मा उल्लेख भए बमोजिमको जात अनुसारको समयवाधी भित्र कृषकले रोप्ने तथा कटान गर्ने कार्य अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ। तोकिएको अवधिभित्र नरोपी वा कटान नगरी हानी नोक्सानी भएमा बीमा दावी लाग्ने छैन।

## बीमाङ्क गणना

१) बीमाङ्क रकम कायम गर्ने तरिका :

बीमाङ्क रकम = I × II

I = १ हेक्टरमा उब्जनी हुने परिमाण, मे.ट.मा (राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले उपलब्ध गराएको घाँसेबालीको पछिल्लो वर्षको राष्ट्रिय औसत उत्पादकत्वलाई आधार मानिनेछ।) हाल नार्कले उपलब्ध गराएको अध्यावधिक तालिका-१ बमोजिम गणना गरिनेछ।

II = प्रति टनको वास्तविक मूल्य (स्थानिय तहको बिषयगत ईकाइले तोकेको कृषक थलो मूल्य (Farm gate price) लाई जनाउँछ।)

२) बीमाशुल्क बीमाङ्क रकमको सात (७) प्रतिशत दरले लाग्नेछ।

३) दुर्घटना बापत बीमाशुल्क: रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

## दावी सम्बन्धी प्रक्रिया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमितको घाँसेबाली उत्पादन तथा घाँसेबाली बीजबृद्धिमा हानी नोक्सानी भएमा सोको १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ देहायका

कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछः

क) सक्कल बीमालेख (आंशिक क्षतिको अवस्थामा बीमालेखको छाँया प्रति)

ख) पूर्ण रूपले भरिएको दावी फाराम (प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दावी फारम)

ग) स्थानीय तहको बिषयगत ईकाइको प्राविधिकको प्रतिवेदन

घ) क्षति भएको घाँसेबालीको फोटो

ङ) सम्बन्धित महानगरपालिका वा उप नगरपालिका वा नगरपालिका वा गाँउपालिका वा वडा वा कम्तिमा नजिकको दुईजना छिमेकी वा संधियारको सर्जमिन मुचुल्का

२) माथि उल्लेखित (क देखि ङ) सम्मका सम्पूर्ण कागजातहरु बीमितले बीमा कम्पनीमा बुझाउनु पर्दछ ।

| ३) घाँसेबाली क्षति भई दावी परेको अवस्थामा उक्त घाँसेबालीको क्षति निम्नानुसार गणना गरिनेछ । अवस्था | घाँसेबाली बिउ उत्पादनमा क्षति भएमा | घाँसेबाली उत्पादनमा क्षति भएमा |
|---|---|---|
| घाँसेबाली पहिलो पटक नकाट्दै | वास्तविक क्षतीको ९० प्रतिशत | वास्तविक क्षतीको ९० प्रतिशत |
| घाँसेबाली पहिलो पटक काटिसकेपछि | वास्तविक क्षतीको ७० प्रतिशत | वास्तविक क्षतीको ६० प्रतिशत |
| घाँसेबाली दोस्रो पटक काटिसकेपछि | – | वास्तविक क्षतीको ४० प्रतिशत |
| घाँसेबाली तेस्रो पटक काटिसकेपछि | – | |

बीमा दावी भुक्तानी गर्दा बीमाङ्क कायम गर्दा लिईएको मूल्यको आधारमा नै गणना गरी दावी भुक्तानी गर्नुपर्छ ।

५) बीमकले एक बीमा अवधिभित्र जति पटक हानि नोक्सानी भएता पनि बीमाङ्क रकम भन्दा बढी भुक्तानी गर्ने छैन् ।

६) बीमा अवधिभित्र बीमा दावी परेको क्षेत्रफललाई पूनः बीमामा समावेश गर्न पाईने छैन ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको घाँसेबालीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने सम्झनु पर्दछ ।

**बीमित** बाली भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको घाँसेबाली सम्झनु पर्दछ ।

**बीमाङ्क** रकम भन्नाले १ हेक्टरमा उब्जनी हुने परिमाणलाई प्रति टनको वास्तविक मूल्यले गुणा गरी कायम हुन आउने रकमलाई सम्झनु पर्दछ ।

बीमा अवधि भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बाली विशेष/जात अनुसारको अवधिलाई सम्झनु पर्दछ ।

बाली हानी नोक्सानी/प्रमाण-पत्र भन्नाले सम्बन्धित प्राविधिकले बीमित बालीको हानी-नोक्सानी भएको भनी प्रमाणीत गरी दिएको प्रमाणपत्रलाई सम्झनु पर्दछ ।

दुर्घटना भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटना सम्झनु पर्दछ ।

**उन्मोचन (Release)** भन्नाले नेपालमा जातिय विकास गरी नेपाल सरकारको राजपत्रमा प्रकाशन गरी खेतीका लागि सिफारिस गरिएका जातहरु भन्ने बुझिनेछ ।

**पंजिकृत (Registration)** भन्नाले नेपालमा जातिय विकास भएको वा बाहिरबाट ल्याईएका जातहरुलाई कम्तिमा दुई (२) सिजनको डाटा /प्राविधिक तथ्याङ्क प्रयोग गरी नेपालमा खेती गर्न सकिने गरी नेपाल सरकारद्वारा राजपत्रमा प्रकाशन गरिएका जातहरु भन्ने बुझिनेछ ।

# घाँसेबाली बीमालेख

## अनुसूची

<table>
<tr><td>बीमितको नाम :<br>ठेगाना :<br>प्रदेश.................... जिल्ला.....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं......... टोल :.............................<br>फोन नं :..........................................<br>इमेल..............................................</td><td colspan="2" rowspan="3">बीमालेख नं :<br>अभिकर्ताको नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>घाँसेबाली लगाइएको जम्मा क्षेत्रफल (हेक्टर) :<br>बीमाङ्क रकम = I X II<br>I = (१ हेक्टरमा उब्जनी हुने परिमाण)<br>II = (प्रति टनको निर्धारित तोकिएको मूल्य)</td></tr>
<tr><td>घाँसे बालीको नाम :<br>जात :<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :</td></tr>
<tr><td>घाँसेबाली बीमा :<br>बिउ उत्पादनमा (.....)<br>घाँस उत्पादनमा (.....)<br>घाँसे बाली लगाइएको स्थान :<br>प्रदेश....................जिल्ला................<br>महा/उपनगर/नगर/गा.पा...............<br>वडा नं......... टोल :.....................<br>कित्ता नं :.........................</td></tr>
<tr><td rowspan="6">इच्छाईएको व्यक्तिको<br>नाम थर :<br>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :<br>इच्छाईएको व्यक्तिको पिताको नाम :<br>इच्छाईएको व्यक्तिको माताको नाम :<br>सम्पर्क नं.:<br>मोबाइल..............<br>आवास :...............</td><td>कुल बीमाङ्क :</td><td>रु.</td></tr>
<tr><td>कुल बीमाशुल्क :</td><td>रु. “क”</td></tr>
<tr><td>छुट :“क” को....... % (यदि भएमा) :</td><td>रु. “ख”</td></tr>
<tr><td>(क-ख) छुट पछिको बीमाशुल्क:</td><td>रु. “ग”</td></tr>
<tr><td>“ग” को........प्रतिशतले हुन आउने अनुदान रकम :</td><td>रु. “घ”</td></tr>
<tr><td>( ग -घ ) जम्मा</td><td>रु. “ङ”</td></tr>
</table>

| | | |
|---|---|---|
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा वित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर : | रु. "च" |
| | बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च) | रु. "छ" |
| | बीमितले दुर्घटना बीमा वापत तिर्नुपर्ने बीमाशुल्क : | रु. "ज" |
| | बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) | रु. |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको
हस्ताक्षर :
नाम :
पद :
मिति :

# .............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

## घाँसेबाली बीमा प्रस्ताव फाराम

१) घाँसेबाली उत्पादन धनीको नाम :

२) ठेगाना :

प्रदेश.................... जिल्ला....................

महा/उपमहानगर/नगर/गा.पा.............. वडा नं......... टोल : .....................

फोन नं :................. इमेल..............................

३) बीमा अवधि :..............................................

४) घाँसेबाली बीमा : बिउ उत्पादनमा/घाँस उत्पादनमा, उल्लेख गर्नुहोस्

.............

५) इच्छाईएको व्यक्तिको नाम थर :

बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल...............

इच्छाईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल...............

६) कृपया बीमाका लागि प्रस्तावित घाँसेबालीको विवरण उल्लेखित तालिकामा भर्नुहोस :

| क्र. सं. | जात | प्रकार | क्षेत्रफल (हेक्टर) | उब्जनी हुने परिमाण (के.जी. मा) | प्रति के.जी. मूल्य | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | |
| | | | | | | | | |
| | | | | | | | | |

७) सिंचाईको व्यवस्था कस्तो छ ?

.........................................................

८) घाँसेबाली खेतीको लागि पूर्वाधारको कस्तो व्यवस्था छ ?

.........................................................................................................

९) विगत १ वर्षमा यस पूर्व तपाईले लगाएको कुनै घाँसेबाली हानी-नोक्सानी भएको छ ? छ भने निम्न विवरण भर्नुहोस् :

| वर्ष | नोक्सानीको कारण | नोक्सान भएको परिमाण |
|---|---|---|
| | | |

१०) यस पूर्व कुनै बीमा कम्पनीमा घाँसेबाली बीउ उत्पादन/घाँसेबाली उत्पादनमा बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस्। बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

११) घाँसेबाली लगाईएको स्थानको पूर्ण विवरण/ठेगाना :

प्रदेश.................... जिल्ला.................... महा/उपमहानगर/नगर/गा.पा ............... वडा नं......... टोल :...................... कित्ता नं. ........................

म/हामीले माथि उल्लिखित घाँसेबालीको बीमा ...................... कम्पनी लिमिटेडसँग कम्पनीको शर्त तथा बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौं। म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, घाँसेबालीलाई यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछौं। मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यो प्रस्ताव नै कम्पनी र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछु/गर्दछौं।

प्रस्तावकको
हस्ताक्षर :
नाम :
मिति :
फोन नं. :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

## प्राविधिकको प्रमाणपत्र

(प्रस्ताव फारम सँगै संलग्न हुनु पर्ने)

१) घाँसेबाली धनीको नाम :

२) प्रदेश............ जिल्ला .................... महा/उपनगर/नगर/गा.पा ............... वडा नं ..... टोलः ..................... फोन नं :................. इमेल..............................

३) बीमाको लागि प्रस्तावित घाँसेबालीको विवरण :

| क्र.स. | जात | प्रकार | क्षेत्रफल (हेक्टर) | उब्जनी हुने परिमाण (के.जी. मा) | प्रति के.जी. मूल्य | बीमा अवधि | | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | |
| | | | | | | | | |

५) घाँसेबाली लगाइएको स्थानको विवरण/ठेगाना :

प्रदेश................... जिल्ला................... महा/उपनगर/नगर/गा.पा..............

वडा नं......... टोल :..................... कित्ता नं.:.....................

६) घाँसेबाली उत्पादन पूर्वाधारहरुको अवस्था सन्तोषजनक छ ?

.....................................................................................................

७) यस पूर्व लगाइएको घाँसेबालीमा कुनै रोग वा किराबाट प्रभावित भएको थियो ? यदि थियो भने विवरण दिनुहोस् ?

.....................................................................................................

८) प्रस्तावित घाँसेबाली लगाउने जग्गाको नजिक कुनै बालीहरुमा सरुवा वा सङ्क्रामक रोग फैलिएको छ ?

.....................................................................................................

९) प्रस्तावित घाँसेबालीको जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस् ।

.......................................................................

१०) तपाई प्रस्तावित घाँसेबालीको जोखिम स्वीकार गर्न कम्पनीलाई सुझाव दिन चाहनुहुन्छ ?

......................................................................................................

अनुसूचीमा उल्लिखित घाँसेबालीको मैले ध्यानपूर्वक परीक्षण गरेँ । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही छन् भन्ने कुरा प्रमाणित गर्दछु ।

प्राविधिकको
नाम :
हस्ताक्षर :
मिति :
ठेगाना :
कार्यरत कार्यालय :
सम्पर्क नं.:

# .............इन्स्योरेन्स कम्पनी लिमिटेड

**कार्यालय :** ....................................................................

फोन नं.:.................... फ्याक्सः ................. ईमेलः............................

## पशुधन बीमालेख

पशु धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने कुरामा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा .....................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकाले, यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र शर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र पशुधनको विवरण तालिकामा उल्लेख भए बमोजिमका पशुधनहरुको क्षति/हानी-नोक्सानी भएमा बीमाङ्क को सीमा भित्र रहि सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

(१) यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश छन् :

(क) आगलागी/चट्याङ,

(ख) भूकम्प,

(ग) बाढी/डुवान/खडेरी,

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी/असिना/हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) रोगबाट हुने हानि-नोक्सान,

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

उल्लेखित कुनै कारणबाट अनुसूचीमा उल्लिखित पशुधन बीमा अवधिभित्र मरेमा वा पूर्ण स्थायी रुपमा अशक्त भएमा बीमकले बीमितलाई निम्नानुसार भुक्तानी गर्नेछ :

क) मृत्यु भएमा बीमाङ्क रकमको ९० प्रतिशत

ख) पूर्ण स्थायी रुपमा अशक्त भएमा बीमाङ्क रकमको ५० प्रतिशत

ग) पूर्ण स्थायी रुपमा थुनेलो भएमा बीमाङ्क रकमको ३० प्रतिशत

## सामान्य शर्त

पशु धनीले निम्न शर्तहरु अनिवार्य रुपमा पालन गर्नु पर्नेछ :

१. पशुधनलाई तन्दुरुस्त राख्नको लागि बीमित पशुधनको मालिकले आफ्नो पशुलाई समय समयमा प्राविधिकबाट पशुको स्वास्थ जाँच गराउनु पर्नेछ ।

२. बीमा गरिएको पशुको सम्बन्धमा कुनै विवरण थपघट गर्नु परेमा पशुधनीले बीमकलाई लिखित जानकारी दिनु पर्नेछ ।

३. पशुधनको बीमा गर्ने पशुधनीले बीमालेखलाई निरन्तरता दिन तोकिएको बीमाशुल्क बीमक वा भुक्तानी गर्ने स्थान तोकिएको भए सोही स्थानमा बीमाशुल्क बुझाई प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ ।

४. बीमित पशुधनलाई लगाई राखिएको बीमाको सङ्केत पट्टा (ट्याग/माइक्रो चिप्स आदि) झरेमा वा हराएमा बीमितले अनिवार्य रूपमा तत्काल बीमक वा सम्बन्धित संस्था/वा बीमा अभिकर्तालाई जानकारी गराउनु पर्नेछ । कुनै सङगठित सहकारी संस्था वा कुनै संस्था मार्फत ऋण लिई सोको सुरक्षणको लागि बीमा गराएको अवस्थामा उक्त संस्थाको प्रतिनिधिलाई जानकारी गराई सोही संस्था मार्फत बीमकलाई जानकारी गराउनु पर्नेछ ।

५. यस बीमालेख अन्तर्गत बीमित पशुधन मरेको तीन (३) दिनभित्र बीमित पशुधनी वा निजको प्रतिनिधिले बीमकलाई लिखित जानकारी गराउनु पर्नेछ । बीमकलाई तत्काल खवर गर्न सम्भव नहुने भएमा सम्बन्धित समूह वा संस्थाको प्रतिनिधिलाई जानकारी गराउनु पर्नेछ । सोको जानकारी सम्बन्धित संस्थाको प्रतिनिधिले बीमा कम्पनीमा जानकारी गराउनु पर्नेछ ।

७. प्रजनन् तथा उत्पादनका लागि पालिने बीमित पशुधन (गाई, बहर, भैंसी, राँगा, घोडा, गधा, खच्चड, चौंरीगाई, याक र नाक, भेडा, बाख्रा, बोका, च्याङ्ग्रा, बङ्गुर आदि) को स्थायी रूपले पूर्ण रूपमा अनुत्पादक तथा अशक्त भएको प्रमाणित भएमा बीमाङ्कको ५० प्रतिशत क्षतिपूर्ति प्रदान गरिनेछ ।

८. यस बीमालेखमा उल्लेख भए बाहेक अन्य बन्देज र शर्त तथा सुविधाहरु “बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ बमोजिम हुनेछ । साथै यस बीमालेख अन्तर्गत कुनै किसिमको विवाद उत्पन्न भएमा सोको निराकरणको

लागि प्रचलित बीमा ऐन, नियम तथा निर्देशिकामा उल्लेख भए अनुसार विवाद समाधान गरिनेछ ।

९. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

१०. पशुधनको बीमा गर्दा बीमितले प्रस्ताव फारामसँग प्राविधिकको प्रमाणपत्र अनिवार्य रुपले संलग्न गर्नुपर्नेछ । तर नवीकरणको हकमा सो प्रावधान लागु हुने छैन ।

११. बीमा कम्पनी वा निजको प्रतिनिधिले निरीक्षण/अनुगमन गर्दा बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार वस्तुभाउ/बालीको उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमिकले बीमित लाई सात (७) दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ । तर सोको प्रमाण राखी १५ दिन भित्र बीमा समितिमा जानकारी गराउनुपर्ने छ ।

## दावी सम्बन्धी प्रकृया

बीमित पशुधन मरेमा वा पूर्ण स्थायी रुपमा अशक्त भएमा सोको कारण खोली बीमित पशुधनीले पन्ध्र (१५) दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ ।

१) सक्कल बीमालेख,

२) पूर्ण रुपले भरिएको दावी फाराम,

३) बीमित पशु मरेको प्रमाण-पत्र सम्बन्धित गा.वि.स.को पशु सेवा केन्द्र वा पशु सेवा केन्द्रका प्राविधिक वा मान्यता प्राप्त पशुसेवा प्राविधिकबाट प्रमाणित गराएको प्रमाणपत्र

४) गा.वि.स./न.पा./वडा/कम्तिमा सबभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का

५) बीमित पशुधनमा लगाएको सङ्केत पट्टा

६) स्थायी रूपले पूर्ण रूपमा अनुत्पादक तथा अशक्त भएको अवस्थामा जिल्ला पशु सेवा कार्यालयका प्रमुख वा सो कार्यालयको पशु चिकित्सकबाट प्रमाणित कागजात

७) औषधोपचार गर्दागर्दै पनि थुनेलो वा बाझोपन भई भविष्यमा निको नहुने

अवस्थामा रहेको भनी जिल्ला पशु सेवा कार्यालयका प्रमुख वा सो कार्यालयको पशु चिकित्सक बाट प्रमाणित कागजात

## बीमालेख रद्द हुने अवस्थाहरू :

निम्न अवस्थाहरुमा बीमालेख रद्द हुन सक्नेछ :

१. बीमित पशुधनको सम्बन्धमा सत्य तथ्य कुरा लुकाइ छिपाई झुट्टा विवरण दिएको पाइएमा बीमालेख स्वतः रद्द हुनेछ ।

२. बीमित पशुधनलाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा वा अन्य कुनै कारणले हक छाडी हस्तान्तरण गरेमा बीमालेख स्वतः रद्द हुनेछ । तर बीमकको स्वकृती लिई बीमालेख हस्तान्तरण गर्न सकिनेछ ।

## बीमित पशुधनको दावी नलाग्ने अवस्थाहरू

निम्न अवस्थाहरुमा पशुधनको दावी गर्न सकिने छैन :

१. बीमित पशुधन हराएमा वा चोरी भएमा ।

२. बाँझोपनको सम्बन्धमा तल उल्लेख गरे अनुसार बीमितले बीमा गरेको वस्तुभाउको औसत गर्भाधारण समयावधी भन्दा अघि बीमा दावी गर्न ।

| जनावरहरु | औसत गर्भाधारण अवधि |
|---|---|
| गाई | २८० दिन |
| भैंसी | ३१० दिन |
| घोडा | ३४० दिन |
| भेंडा | १५० दिन |
| बाखा | १५० दिन |
| सुंगुर | ११५ दिन |
| गधा | ३७० दिन |

३. निर्धारित अवधिभित्र दावी प्रक्रिया शुरु नगरेमा ।

४. बीमित पशुधनको बीमाशुल्क नबुझाएको अवस्थामा र नवीकरण गर्नुपर्ने बीमालेख समाप्त भएको ७ दिनभित्र नवीकरण गरी तोकिएको संस्थामा बीमाशुल्क प्राप्त नभएमा ।

५. बीमित पशुधनको शरीरमा लगाई राखिएको सङ्केत पट्टा मृत पशुधनको शरीरमा नभेटिएमा ।

६. बीमित पशुधनमा राखिएको सङ्केत पट्टा कुनै कारण विशेषले हराएमा सोको जानकारी तत्काल बीमक वा तोकिएको संस्थालाई नगराएमा ।

७. चरन, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि मात्र गोठदेखि पाँच (५) किलोमिटर भन्दा बढीको दूरीमा दुर्घटना भएमा । उच्च पहाडी तथा हिमाली भेगमा पालिने बस्तुभाउको हकमा सो लागू नहुने ।

८. बीमकको सहमति बेगर पशुलाई जून प्रयोजनको लागि पालिएको हो सो बाहेक अन्य प्रयोजनमा गरेमा ।

९. युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट पशुधन मरेमा वा हानी-नोक्सानी भएमा ।

१०. देहायको कुराबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट वा सोबाट उत्पन्न कारणबाट पशुधन मरेमा वा हानी-नोक्सानी भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वत:) जारी रहने अणुको विच्छेदनको ज्वलन समेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

११. बीमा गरिएको वस्तुभाउ प्रथम पटक बीमालेख जारी भएको मितिले १५ दिन भित्र रोगको कारणबाट मरेमा । तर यो व्यवस्था नविकरणको हकमा भने लागू हुने छैन ।

## विशेष व्यवस्थाहरू

१) दावी रहित छुट (No claim discount) को निम्नानुसार व्यवस्था गर्ने :

बीमा नवीकरण भएको प्रथम बर्ष -कुल बीमाशुल्कको ५%

बीमा नवीकरण भएको दोश्रो बर्ष-कुल बीमाशुल्कको ७%

बीमा नवीकरण भएको तेश्रो बर्ष देखि-कुल बीमाशुल्क को १०%

(गत बर्षको बीमालेखलाई आगामी वर्ष निरन्तरता दिएको हुनुपर्ने । बस्तुभाउको संख्या कम भएको कारणबाट छुट प्राप्त गर्न कुनै असर नपर्ने)

**२) बीमायोग्य उमेर :**

क) स्थानीय तथा उन्नत जातको गाई २ बर्ष (अथवा पहिलो वेत भएको) देखि १० वर्षसम्म

ख) भैसी ३ बर्ष (अथवा पहिलो वेत भएको) देखि १२ वर्षसम्म

ग) स्थानीय तथा उन्नत नश्लको बाच्छी-कोरेली वा पाडीको ६ महिनादेखि २ वर्षसम्म

घ) प्रजननको लागि उन्नत नश्लको साँढे वा राँगाको ३ वर्षदेखि ७ वर्षसम्म

ङ) ढुवानी वा जोत्नको लागि गोरु वा राँगा ३ वर्षदेखि १२ वर्षसम्म

च) भेडा, बाखा र बंगुर ३ महिनादेखि विक्रीका लागि तयार हुने अवधिसम्म

३) प्राविधिकले पशुधनमा सङ्केत पट्टा लगाउने कार्य गर्नेछ । साथै बीमा गरिएको वस्तुभाउ (पशु)मा अनिवार्य रुपमा संकेतपट्टा प्रयोग गर्नुपर्ने ।

४) बीमित पशुधनलाई लगाउने सङ्केत पट्टा र सो पट्टा लगाउँदा लाग्ने खर्च रु.२००/- भन्दा बढी हुने छैन ।

५) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति बर्षका दरले लाग्नेछ ।

६) दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

७) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

८) बीमा गरिएको वस्तुभाउलाई बीमा नगरिएको वस्तु भाउ भन्दा अनिवार्य रुपमा छुट्टा छुट्टै राख्ने व्यवस्था गर्नुपर्ने ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको पशुधनको स्वामित्व भएको पशुधनी वा संस्था भन्ने संझनु पर्दछ ।

**बीमित पशुधन** भन्नाले यस बीमालेखको पशुधन विवरण तालिकामा नाम र विवरण उल्लेख भएको दुध, मासु, ब्रिडिङ, पशुश्रम,ऊन आदिको लागि पालिने पशु संझनु पर्दछ ।

**बैङ्क** भन्नाले प्रचलित बैङ्क तथा वित्तीय कानुन बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न नियम बमोजिम इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय कम्पनी, लघु वित्त कम्पनी तथा पशुधन खरीदको लागि कर्जा दिने अन्य संस्था (सरकारी, सहकारी र गैर सरकारी संस्था आदि) तथा ग्रामीण क्षेत्रमा

सञ्चालित विभिन्न योजना समेतलाई संझनु पर्दछ ।

**सदस्य संस्था** भन्नाले दुध, मासु, ब्रिडिङ, पशुश्रम,ऊन आदि जस्ता कार्यसँग सम्बन्धित पशुधनीहरुको सहकारी संस्था संझनु पर्दछ । यसले अन्य प्रकारका सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वाबलम्बन समूह, आमा समूह, कृषक समूह आदि जस्ता समूह समेतलाई संझनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित पशुधन पशुधनी, सम्बन्धित सदस्य संस्था वा बैङ्क तथा बीमकबाट मान्यता प्राप्त पशु सेवा प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्तावको साथमा पेश भएको पशुधन बीमाको मूल्य निर्धारण फारममा घोषित मूल्य संझनु पर्दछ ।

## ............बीमालेख

### अनुसूची

<table>
<tr><td>पशुधनीको नाम :......................<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश...................जिल्ला...................<br>महा/उपनगर/नगर/गा.पा....................<br>वडा नं.......... टोल :............... फोन नं................. इमेल............................</td><td colspan="2" rowspan="2">बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>कुल .......... :</td></tr>
<tr><td>......... रहेको स्थान : जात :<br>(खुलाउनु पर्ने)<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको</td><td>कुल बीमाङ्क :</td><td>रु.</td></tr>
<tr><td>नाम थर :</td><td>कुल बीमाशुल्क :</td><td>रु.<br>“क”</td></tr>
<tr><td>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :</td><td>छुट :“क” को....... % (यदि भएमा) :</td><td>रु.<br>“ख”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको पिताको नाम :</td><td>(क-ख) छुट पछिको बीमाशुल्क :</td><td>रु.<br>“ग”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको माताको नाम :</td><td>”ग” को........प्रतिशतले हुन आउने अनुदान रकम :</td><td>रु.<br>“घ”</td></tr>
<tr><td>सम्पर्क नं.: मोबाइल.............. आवास :.................</td><td>( ग -घ )<br>जम्मा</td><td>रु.<br>“ङ”</td></tr>
</table>

| | | |
|---|---|---|
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय<br>संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर : | रु.<br>"च" |
| | बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च) | रु.<br>"छ" |
| | बीमितले दुर्घटना बीमा वापत तिर्नुपने बीमाशुल्क | **रु.**<br>"ज" |
| | बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) | रु. |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त ब्यक्तिको
नाम :
पद :
हस्ताक्षर :
मिति :

**नोट** : कुल पशुधन सङ्ख्या, कुल बीमाङ्क रु. र कुल बीमाशुल्क संलग्न "बीमित पशुधनको विवरण तालिका" मा उल्लेख भए बमोजिम कायम गरिएको ।

**बीमित पशुधनको विवरण तालिका**

| क्र. सं | नाम | जात | उमेर | उचाइ | रङ | पालिएको तरिका | | सङ्केत चिन्ह नं | हालको स्वास्थ स्थितिः | बीमाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ▪बँधुवा | ▪चरण | | | | |
| | | | | | | | | | | | |

▪ बँधुवा : गोठमै राखेर पालिने पशुधनीको नाम :

▪ चरण : चराएर पालिन

हस्ताक्षर/सही :

ना.प्र.नं. :

मिति :

# .............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## पशुधन बीमा प्रस्ताव फाराम

१) पशुधनीको नाम :.................................... नागरिकता नं.: .............

२) ठेगाना :

प्रदेश..................... जिल्ला.................... महा/उपनगर/नगर/गा.पा

.................... वडा नं...... टोल:................. फोन नं..............

इमेल........................

३) पेशा : ........................................................

४) बीमा अवधि :...............................................

५) बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :

इच्छाईएको व्यक्तिको पिताको नाम :

सम्पर्क नं.: मोबाइल...............

इच्छाईएको व्यक्तिको माताको नाम :

सम्पर्क नं.: मोबाइल...............

६) कृपया बीमाका लागि प्रस्तावित प्रत्येक पशुधनको विवरण तालिकामा उल्लेख गर्नुहोस् :

**(पशु सङ्ख्या बढी भएमा छुट्टै विवरण संलग्न गर्न सकिनेछ र पशुधनको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नुपर्नेछ )**

**पशुधनको किसिम :**

| बीमित पशुधनको विवरण तालिका | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | नाम | जात | उमेर | उचाइ | रङ | पालिएको तरिका | | सङ्केत पट्टा | हालको स्वास्थ्य स्थिति | बीमा अवधि | | बीमाङ्क |
| | | | | | | ▪बँधुवा | ▪चरन | | | देखि | सम्म | |
| | | | | | | | | | | | | |

▪ बँधुवा : गोठमै राखेर पालिने ▪ चरण : चराएर पालिने

७) पशुधनको प्रयोजन : दुध/मासु/ब्रिडिङ/पशुश्रम/ऊन

८) पशुधन पालिएको गोठको वास्तविक ठेगाना :

प्रदेश............. जिल्ला................ महा/उपनगर/नगर/गा.पा ....................

वडा नं......... टोल :................ फोन नं................ इमेल...............

९) पशुधन राखिने गोठको बनावटको विवरण दिनुहोस् ।

........................................................................

१०) उक्त पशुधनहरु स्वस्थ्य छन् ? यदि छैनन् भने रोगहरुको विवरण दिनुहोस :

..............................................................................................................

११) पशु स्वास्थ्य सेवा उपलव्ध छ ? यदि छ भने त्यो कुन प्रकारको छ :

क) सरकारी स्वास्थ्य सेवा.........................................................................

ख) निजी पशु स्वास्थ्य सेवा .........................................................................

ग) पशुधन राखिने गोठबाट पशु स्वास्थ्य सेवा केन्द्रको अनुमानित दूरी उल्लेख गर्नुहोस ? .........

घ) सरकारी वा निजी पशु चिकित्सक/प्राबिधिकद्वारा बीमित पशुहरूलाई गरिने चेकजाँचको विवरणः.........................................................................

१२) विगत १ वर्षमा तपाईको कुनै पशुधन मरेको छ ? छ भने

१३) यस पूर्व कुनै बीमा कम्पनीमा पशुको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? साथै दावी भए दावी रकम समेत उल्लेख गर्नुहोस् ।

१४) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूह आदिले उक्त पशुमा लगानी गरेको छ ? छ भने, उक्त बैङ्क वा वित्त कम्पनी वा सहकारी वा समूहको विवरण भर्नुहोस् :

नाम :.........................................................................................

प्रदेश.................. जिल्ला................. महा/उपनगर/नगर/गा.पा ........... वडा नं ......... टोलः ................. फोन नं.................. इमेल.............. लिएको ऋणको रकम : रु..................... अक्षेरेपी (...................................)

म/हामीले माथि उल्लिखित पशुहरुको बीमा कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौ । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, पशुहरूलाई यथार्थ ढङ्गले वर्णन गरिएको र पशुहरु तन्दुरुस्त र स्वस्थ रहेको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामीबीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको

सही :

नाम :

मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## पशुधन बीमा स्वास्थ्य विवरण

(पशु चिकित्सक/प्राविधिक प्रमाणपत्र)

(प्रस्ताव फारम साथै संलग्न हुनुपर्ने)

१) पशुधनीको नाम :................................................

२) ठेगाना :

प्रदेश..................... जिल्ला.................... महा/उपनगर/नगर/गा.पा .........

वडा नं......... टोल :..................... फोन नं.................. इमेल..................

३) पेशा :................................

४) बीमाको लागि प्रस्तावित प्रत्येक पशुहरूको विवरण :

(पशु सङ्ख्या बढी भएमा छुट्टै विवरण संलग्न गर्न सकिनेछ र पशुधनको किसिम अनुसार छुट्टाछुट्टै विवरण तालिका प्रयोग गर्नु पर्नेछ)

**बीमित पशुधनको किसिम :**

| क्र.सं. | सङ्केत पट्टा | उमेर | उचाई | वर्तमान बजार मूल्य |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| | | | | |

५) के उक्त पशुहरु स्वस्थ्य, निरोगी र असल अवस्थामा छन् ?

.......................................................................................................

६) के कुनै पशुहरु कहिल्यै कुनै रोगव्याधिबाट ग्रस्त थिए ? यदि थिए भने रोगको विवरण दिनुहोस् ?

.......................................................................................................

७) के तिनीहरु राम्रोसँग स्याहार गरिएका वा नियमितरूपले उचित आहारा खुवाए जस्ता देखिन्छन् ?

.......................................................................................................

८) के विगत वा वर्तमानमा थुनिलो (Mastitis) रोगको कुनै लक्षण देखिन्छ ?

..........................................................................................

९) पशुधन राख्ने स्थान वा त्यसको नजिकमा कुनै सरुवा वा सङ्क्रामक रोग फैलिएको छ ? यदि छ भने मिति उल्लेख गर्नुहोस् ?

..........................................................................................

१०) सबै पशुहरुलाई :

अ) क्षयरोग (Tuberculosis) परीक्षण गरिएको छ ? छ भने तिनीहरू क्षयरोगको सङ्क्रमणबाट मुक्त छन् ?

..........................................................................................

आ) ब्रुसेलोसिस (Brucellosis) नाम रोगको एगलुटिनेसन (Agglutination) परीक्षण गरिएको छ र नकारात्मक चरणहरूका लागि यस रोगको विरुद्ध खोप लगाइएको छ

..........................................................................................

६) पशुहरु आपूर्तिको स्रोत के हो ?

..........................................................................................

७) पशुधन राख्ने गोठको अवस्था राम्रो र पशुधनको स्वास्थ्यलाई सघाउ पुऱ्याउने खालको छ ? ..........................................................................

८) तपाईँलाई उक्त जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? भएमा विवरण दिनुहोस् । ..........................................................................

९) तपाईँले उक्त जोखिम स्वीकार गर्न मनासिव देख्नु भएको छ ? छैन भने कारण उल्लेख गर्नुहोस् । ..........................................................................

अनुसूचीमा उल्लिखित पशुधनहरुको मैले ध्यानपूर्वक परीक्षण गरें । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आए सम्म सही छन् भनी प्रमाणित गर्दछु ।

पशु चिकित्सक/प्राविधिकको
नाम :
सही :
ठेगाना :
फोन/मोबाईल न :
मिति :

# ............ इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय :** ..........................................................................

फोन नं. – ...................., फ्याक्स – ....................इमेल ............................

## बाखा बीमालेख

अनुसूचीमा उल्लेखित प्रस्तावकबाट ...........इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) लाई प्राप्त प्रस्ताव, आवश्यक कागजात, विवरण र उद्घोषणमा उल्लेखित विषयमा सहमत भई स्वीकार गरिएको तथा बीमाशुल्क समेत प्राप्त भएकोले बीमा अवधिभित्र बाखा मरेमा बीमालेखको अधिनमा रही प्रस्तावलाई क्षतिपूर्ति रकम भुक्तानी गर्न बीमक मन्जुर गर्दछ ।

### रक्षावरण गर्ने जोखिमहरु :

१) देहायको कुनै कारणबाट बाखा मरेमा अधिकतम् बीमाङ्क रकमको सीमा भित्र रही वास्तविक क्षतिको ९० प्रतिशत रकमभुक्तानी गरिनेछ :

| | |
|---|---|
| (क) आगलागी, चट्याङ, | (घ) आँधिबेहरी/असिना/हिऊँ/तुसारो, |
| (ख) भूकम्प, | (च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु, |
| (ग) बाढी/डुवान/खडेरी/पहिरो/भूस्खलन | (छ) रोगबाट हुने हानि-नोक्सानी |

२) प्रस्तावकको दुर्घटनाको प्रत्येक्ष कारणबाट मृत्यु भएमा दुर्घटना मृत्यु सुविधा रु.२,००,०००।– (दुई लाख) भुक्तानी गरिनेछ ।

### क्षतिपूर्ति नदिने अवस्थाहरु :

१) बाखाको सम्बन्धमा सत्य तथ्य कुरा लुकाइ छिपाई झुट्टा विवरण दिएको पाइएमा ।

२) प्रस्तावक वा निजको एकाघरका परिवारका सदस्यको लापरवाहीले वा जानाजान मनोरञ्जनको उद्देश्यले वा रिसइवी साध्ने कार्यबाटबाखा मरेमा ।

३) बाखा हराएमा वा चोरी भएमा ।

४) सरकारी निकायको आदेशमा बाखालाई नष्ट गर्नुपर्ने भएमा ।

६) बाखाको शरीरमा लगाई राखिएको सङ्केत पट्टा बीमा दावीको अवस्थामा शरीरमा नभेटिएमा ।

७) बीमा गरिएको बाखा प्रथम पटक बीमालेख जारी भएको मितिले १५ दिन भित्र रोगको कारणबाट मरेमा । तर यो व्यवस्था नविकरणको हकमा भने लागू हुने छैन ।

८) चरन, स्वास्थ्य उपचार र प्रजनन प्रयोजनको लागि गोठदेखि पाँच (५) किलोमिटर

भन्दा बढीको दूरीमा मरेमा भएमा ।

९) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणले बाख्रा मरेमा ।

१०) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः) जारी रहने अणुको विच्छेदनको ज्वलनसमेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुन कुनै दुर्घटनाको कारणलेबाख्रा मरेमा ।

११) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटनाको कारणले बाख्रा मरेमा ।

## प्रस्तावकले पालना गर्नु पर्ने शर्तहरु :

१) बीमा गर्दाको समयमा सबै बाख्राहरु स्वस्थ तथा कुनै चोटपटक नलागेको हुनुपर्नेछ ।बाख्रालाई जुकाको औषधी खुवाएको तथा PPR Vaccine विरुद्धको खोप लगाएको प्रमाण अनिवार्य रुपमा बीमा प्रस्ताव फारम साथ पेश गर्नुपर्नेछ ।

२) बीस (२०) वा सो भन्दा माथिको संख्यामा बाख्राको पालन गरिएकोमा हकमा सरुवासंक्रामक रोगहरु Goat Pox, Foot & Mount Disease, Anthrax and PPR Vaccine विरुद्धको खोप अनिवार्य रुपमा लगाएको हुनुपर्नेछ र सोको अभिलेख प्राविधिकबाट प्रमाणित गराई बीमकलाई उपलब्ध गराए पश्चात मात्र उल्लेखित रोगहरुको जोखीम वहन हुनेछ ।

३) बीस (२०) वा सो भन्दा माथिको संख्यामा बाख्राको पालन गरिएकोमा हकमा बयस्क बाख्राको वासस्थान (खोर) पशु सेवा विभाग द्वारा तोकिएको न्यूनतम मापदण्ड बमोजिम हुनुपर्नेछ ।

४) बीमा गरिएको बाख्राको संख्या थपघट गर्नु परेमा बाख्राधनीले बीमकलाई लिखितजानकारी दिनु पर्नेछ ।

५) दश (१०)वा सो भन्दा वढी बयस्क बाख्रा पालिएको अवस्थामाआंशिक बीमा गर्न पाईने छैन ।

६) कानुन बमोजिम बाख्राको स्वामित्व स्वत : परिवर्तन हुने अवस्थामा बाहेक प्रस्तावकलेबाख्रालाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा वा अन्य कुनै कारणले हक छाडी हस्तान्तरण गरेमा बीमालेख स्वतः रद्द हुनेछ । तर बीमकको स्वकृती लिई बीमालेख हस्तान्तरण गर्न सकिनेछ ।

७) बाख्रामा अनिवार्य रुपमा प्राविधिकबाट संकेतपट्टा लगाएको हुनुपर्ने छ । बीमित

बाख्रामा लगाएको सङ्केत पट्टा कुनै कारण विशेषले हराएमा सोको जानकारी तत्काल बीमकलाई दिनु पर्नेछ ।

८) प्राविधिकको परामर्शअनुसारबाखा लाई स्वस्थ्य र निरोगी राख्नु पर्नेछ र कुनै रोग लागेमा वा अस्वस्थ्य भएमा उचित रोकथाम वा उपचार गराउनु पर्नेछ । उपचारको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

९) बाख्राको लागि स्वस्थ्य तथा पर्याप्त आहार, पानी र सुरक्षित तथा ब्यवस्थित गोठको ब्यवस्था गरेको हुनुपर्दछ ।

१०)बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

**बीमाङ्क र बीमाशुल्क :**

१ बीमाङ्क गा.पा./न.पा./उ.ना.पा./म.न.पा. को स्थानियपशु सेवा शाखाले तोके बमोजिमको मूल्यमा हुनेछ ।नतोकिएको अवस्थामाबीमित, बीमक र प्रविधिकको सहमति अनुसार हुनेछ । तर तोकिएको मूल्य हालको स्थानिय बजार मूल्य भन्दा वढी हुने छैन ।

२. आयातितबाख्राको बीमाङ्क निर्धारणगर्दा अनिवार्य रुपमा सम्पुर्ण कागजात (बिजक, हवाई टिकट (हवाई मार्फत आएको अवस्थामा), राज्यस्व तिरेको कागज, क्वारेन्टाइन प्रमाणपत्र) पेश गर्नुपर्नेछ ।

३. आयातित जातको बाख्राका Cross Breeding बाट जन्मेको पाठापाठीको बीमा गर्दा अणुवंशिकिय गुण (Purity) को आधारमाबीमाङ्क कायम हुने छ । सोकोपशु सेवा वा भेटेनरी अस्पतालवा पशु सेवा विज्ञ केन्द्रबाट Pedigree Record प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४. बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति बर्षका दरले लाग्नेछ ।

५. प्रस्तावकको दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजारलाग्नेछ ।

६. पाँच (५)वर्ष उमेर सम्मको बाख्राको बीमा गर्न सकिनेछ ।

७. दावी रहित छुट (No claim discount) को व्यवस्था :

नवीकरणको प्रथम बर्ष बीमाशुल्कको ५%

नवीकरणको दोस्रो बर्ष बीमाशुल्कको ७%

नवीकरणको तेस्रो बर्ष देखी बीमाशुल्कको १०%

## दावी सम्बन्धी प्रकृया :

१) यस बिमालेख अन्तर्गत बीमित बाख्रामरेमा सोको कारण खोलीतीन (३) दिनभित्र प्रस्तावकले बीमकलाई लिखित जानकारी गराउनुपर्ने छ र पन्ध्र(१५) दिनभित्र वा सो अवधिभित्र सम्भव नभएमा सोको कारण सहित सम्भव हुनासाथ देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ ।

क) सक्कल बीमालेख,

ख) पूर्ण रुपले भरिएको दावी फाराम,

ग) गा.पा./न.पा./वडा/कम्तिमा सबभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का

घ) बीस (२०) वा सो भन्दा बढी बाख्राको बीमा गरिएको अवस्थामा अनिवार्य रुपमा सम्बन्धित स्थानिय निकायको पशुसेवा वा भेटेनरी अस्पतालवा पशु सेवा विज्ञ केन्द्रबाट प्रमाणित प्रमाण-पत्र

ङ) बाख्रामा लगाएको सङ्केत पट्टार सो देखिने गरी बाख्रा सहितको फोटो

२) यस बीमालेख अन्तर्गत मतभेद वा विवाद भएमा साठ्ठी (६०) दिनभित्र प्रस्तावकले बीमा समितिमा उजुरी दिन सक्नेछ ।

## परिभाषा :

**बाख्रा** भन्नाले सबै प्रजातिका बाख्रा, बोका, खसी, पाठापाठी, आदि संझनु पर्दछ ।

**प्रस्तावक** भन्नाले यस बीमालेख नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको बाख्राको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने संझनु पर्दछ ।

**लापरवाही** भन्नाले बीमितले आफ्नो बाख्रा लाई रोगहरु विरुद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको, बाख्राअस्वस्थ भएको अवस्थामा उचित हेरचाह, ब्यवस्थीत खोर तथा उपचार नगराएको अवस्था संझनु पर्दछ ।बीमालेखमा उल्लेख भएका शर्तहरु पालना नगरेको अवस्था समेत संझनु पर्दछ ।

**प्राविधिक ब्यक्ति** भन्नाले पशुसेवा शाखा, बिज्ञकेन्द्रका प्राविधिक वा भेटेरीनरी जे.टि.,जेटिए वा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा/पशु विज्ञान विषयमा ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति संझनु पर्दछ ।

**सङ्केत पट्टा** भन्नाले बीमा गरिएको बाख्रा लाई पहिचान गर्ने उद्देश्यले बाख्राप्राविधिकले लगाई दिने पहिचान खुल्ने सङ्केत (ट्याग/माइक्रो चिप्स, आदि) संझनु पर्दछ ।

**बाख्रा मृत्यु प्रमाणपत्र** भन्नाले सम्बन्धित पशु प्राविधिकले बीमित बाख्राको मृत्यु

भएको भनी प्रमाणित गरी दिएको प्रमाण पत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटनालाई संझनु पर्छ ।

**पशु सेवा शाखा** भन्नाले स्थानिय निकाय/न.पा/**गा.पा. मा रहेको पशु सेवा शाखा संझनु पर्दछ ।**

## बाखा बीमालेख

अनुसूची

<table>
<tr><td>प्रस्तावकको नाम :<br>नागरिकता नं. :<br>पेशा :<br>ठेगाना :<br>प्रदेश.................... जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं.....टोल :................ फोन नं.................. इमेल............................</td><td colspan="2" rowspan="3">बीमालेख नं :<br>अभिकर्ताको नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :</td></tr>
<tr><td>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति :</td></tr>
<tr><td>बाखाको गोठ रहेको स्थान :<br>प्रदेश.................... जिल्ला....................<br>महा/उपनगर/नगर/गा.पा.....................<br>वडा नं........... टोल :................</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको</td><td>कुल बीमाङ्क :</td><td>रु.</td></tr>
<tr><td>नाम थर :</td><td>कुल बीमाशुल्क :</td><td>रु.<br>“क”</td></tr>
<tr><td>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :</td><td>छुट :“क” को....... % (यदि भएमा) :</td><td>रु.<br>“ख”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको पिताको नाम :</td><td>(क-ख)छुट पछिको बीमाशुल्क :</td><td>रु.<br>“ग”</td></tr>
<tr><td>इच्छाईएको व्यक्तिको माताको नाम :</td><td>”ग” को........प्रतिशतले हुन आउने अनुदान रकम :</td><td>रु.<br>“घ”</td></tr>
<tr><td>सम्पर्क नं.: मोबाइल............... आवास :..................</td><td>( ग -घ ) जम्मा</td><td>रु.<br>“ङ”</td></tr>
</table>

| | | |
|---|---|---|
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय<br>संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर : | रु. "च" |
| | बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च) | रु. "छ" |
| | बीमितले दुर्घटना बीमा वापत तिर्नुपने बीमाशुल्क : | रु. "ज" |
| | बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) | रु. |

**बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको**

हस्ताक्षर :

नाम :

पद :

मिति :

## बीमित बाखाको विवरण तालिका

| जात | उमेर | उचाइ | रङ | तौल (वजन) | पालिएको तरिका बँधुवा/चरन | सङ्केत पट्टा न. | हालको स्वास्थ्य स्थिति | खरिद गरेको भए सोको मिति र खरिद मूल्य | प्रस्तावित बीमाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

- बँधुवा : गोठमै राखेर पालिने
- चरण : चराएर पालिने

बाखाधनीको नाम :

हस्ताक्षर/सही :

ना.प्र.नं. :

मिति :..............

# इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## बाखा बीमा प्रस्ताव फाराम

१) प्रस्तावकको नाम :............................ नागरिकता नं. :......................

२) ठेगाना : प्रदेश...................जिल्ला................... महा/उपनगर/नगर/गा.पा .................... वडा नं....... टोल :............... फोन नं................. इमेल............................

३) पेशा : ...........................................................

४) बीमा अवधि :.............................. देखी............................ सम्म

५) कृपया बीमाका लागि प्रस्तावित प्रत्येक बाखाको विवरण तालिकामा उल्लेख गर्नुहोस् :

| जात | उमेर | उचाई | रङ | तौल (वजन) | पालिएको तरिका बँधुवा/चरन | सङ्केत पट्टा न. | हालको स्वास्थ्य स्थिति | खरिद गरेको भए सोको मिति र खरिद मूल्य | प्रस्तावित बीमाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

▪बँधुवा : गोठमै राखेर पालिने ▪चरण : चराएर पालिने

६) बाखाको प्रयोजन : उल्लेख गर्नुहोस्......................(मासु/प्रजनन)

७) बाखापालिएको गोठको वास्तविक ठेगाना :
प्रदेश................... जिल्ला...................महा/उपनगर/नगर/गा.पा .................... वडा नं.......... टोल :...............

८) बाखा राखिने गोठको बनावटको विवरण दिनुहोस् :

...............................................................................

९) बाखाहरु स्वस्थ्य छन् ? यदि छैनन् भने रोगहरुको विवरण दिनुहोस् :

...............................................................................

१०)बाखाहरुलाई जुका, सरुवा तथा संक्रामक रोग विरुद्धको खोप दिईएको छ/छैन? छ भने कुन कुन खोप कुन मितिमा दिईएको विवरण दिनुहोस्:

...............................................................................

११)बाखाहरु कति पटक ब्याएका छन्? प्रति बेत कति संख्यामा पाठापाठी जन्माएका छन् :

...........................................................................

१२)बाख्राहरु मा Inbreadin नरोक्ने प्रयत्न गरिएको छ/छैन ?

..........................................................................................

१३) पशुस्वास्थ्य सेवा उपलव्ध छ ? यदि छ भने त्यो कुन प्रकारको छ :

..........................................................................................

१४) विगत २ वर्षमा तपाईको कुनै बाख्रा मरेको छ ? छ भने

| बाख्रा मरेको वर्ष | मृत्युको कारण | नोक्सान भएको बाख्राको सङ्ख्या |
|---|---|---|
| | | |

१५) यस पूर्व तीन वर्ष भित्र कुनै बीमा कम्पनीमा बाख्राको बीमा भएको भए निम्न विवरणहरु उल्लेख गर्नुहोस् ।

| वर्ष | बीमकको नाम | बीमा गरेको बाख्राको संख्या | बीमाङ्क रकम | दावी गरेको बाख्राको संख्या | दावी रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| पहिलोवर्ष | | | | | | |
| दोस्रोवर्ष | | | | | | |
| तेस्रोवर्ष | | | | | | |

१६) कुनै बैङ्क/वित्त कम्पनी/सहकारी आदिले उक्त बाख्रामा लगानी गरेको छ ? छ भने विवरण दिनुहोस :

नाम :........................................ प्रदेश.................... जिल्ला ....................

महा/उपनगर/नगर/गा.पा.................... वडा नं........... टोल : ............

ऋण रकम : रु...................... अक्षेरेपी (..........................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, बाख्राहरु वारे यथार्थ ढङ्गले वर्णन गरिएको र बाख्राहरु स्वस्थ रहेको व्यहोरा प्रत्याभूत गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

**प्रस्तावकको**

सही :

नाम :

मिति :

फोन/मोबाईल न **:**

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## बाख्रा बीमा स्वास्थ्य विवरण

(पशु चिकित्सक/प्राविधिक प्रमाणपत्र)

(प्रस्ताव फारम साथै संलग्न हुनुपर्ने)

१) प्रस्तावकको नाम :...............................................

२) ठेगाना

प्रदेश.................... जिल्ला.....................

महा/उपनगर/नगर/गा.पा..................... वडा नं.......... टोल :...............

३) पेशा :........................................

४) बीमाको लागि प्रस्तावित प्रत्येक बाख्राहरूको विवरण :

| जात | उमेर | उचाइ | पालिएको तरिका बँधुवा/चरन | सङ्केत पट्टा | हालको स्वास्थ्य स्थिति | हालको बजार मूल्य | प्रस्तावित बीमाङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

५) के उक्त बाख्राहरु स्वस्थ्य निरोगी अवस्थामा छन् ?

......................................................................................

६) के कुनै बाख्राहरु कुनै रोगव्याधिबाट ग्रस्त छन्? यदि छन् भने रोगको विवरण दिनुहोस् ?

......................................................................................

७) के तिनीहरु राम्रोसँग स्याहार गरिएका वा नियमितरूपले उचित आहारा खुवाए जस्ता देखिन्छन् ?

......................................................................................

८) बाख्रा राख्ने गोठ नजिकमा कुनै सरुवा वा सङ्क्रामक रोग फैलिएको छ ? यदि छ भने उल्लेख गर्नुहोस् ?

......................................................................................

९) के बाख्राहरुलाई जुका, सरुवा तथा संक्रामक रोग विरुद्धको खोप दिईएको छ? छ भने कुनकुन खोप कुन मितिमा दिईएको विवरण उल्लेख गर्नुहोस् ?

......................................................................................

१०) बाख्राहरु आपूर्तिको स्रोत के हो ?

........................................................................................................

११)बाख्राहरु मा Inbreadin नरोक्ने प्रयत्न गरिएको छ/छैन ?

..........................................................................................

१२) बाख्रा राख्ने गोठको अवस्था राम्रो र बाख्राको स्वास्थ्यलाई सघाउ पुऱ्याउने खालको छ ? .....................................................................................

१३)तपाईँले उक्त जोखिम स्वीकार गर्न मनासिव देख्नु भएको छ ? छैन भने कारण उल्लेख गर्नुहोस् । ................................................................................

माथि उल्लिखित बाख्राहरुको मैले ध्यानपूर्वक परीक्षण गरें । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आए सम्म सही छन् भनी प्रमाणित गर्दछु ।

पशु चिकित्सक/प्राविधिकको
नाम :
सही :
कार्यरत कार्यालयको नाम रठेगाना :
फोन/मोबाईल न :
मितिः

# ............ इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय :** ..........................................................................

फोन नं......................., फ्याक्स ........................ इमेल..........................

## पन्छी बीमालेख

पन्छी धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने कुरामा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा ......................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले, यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, बिशेष ब्यवस्था, अपवाद र शर्तहरु यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र अनुसूचीमा उल्लेख भए बमोजिमका पन्छी मरेमा बीमाङ्क को सीमा भित्र रहि सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित पन्छी बीमा अवधिभित्र मरेमा बीमकले उक्त पन्छीको दावी भुक्तानी यस बीमा लेखको दावी भुक्तानी प्रकृया शिर्षकको दफा (३) बमोजिम हुन आउने रकम बीमितलाई भुक्तानी गर्नेछ :

- (क) आगलागी, चट्याङ
- (ख) भूकम्प,
- (ग) बाढी/डुवान
- (घ) पहिरो/भूस्खलन,
- (ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,
- (च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,
- (छ) रोगबाट हुने हानि-नोक्सानी (बीमकले क्षतिपूर्ति नदिने अवस्थाहरुमा उल्लेखित रोगहरु बाहेक),

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## बीमकले क्षतिपूर्ति नदिने अवस्थाहरू

निम्न अवस्थाहरूमा यस बीमालेख अन्तर्गत दावी भुक्तानी हुने छैन :

१) पन्छीधनी वा निजको एकाघरका परिवारका सदस्यको लापरवाहीले वा जानाजान वा मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट बीमित पन्छी मरेमा ।

२) व्यापक संक्रामक रोग (बर्डफ्लु) को कारणबाट बीमित पन्छी मरेमा ।

३) सरकारी निकाय वा अन्य मान्यता प्राप्त कानुनी निकायको आदेशमा पन्छीलाई नष्ट गर्नुपर्ने भएमा ।

४) बीमित पन्छी हराएमा वा चोरी भएमा ।

५) व्यवसायिक प्रयोजनका लागि पालिएका पन्छीको हकमा पन्छी गृहको पचास (५०) मिटर भन्दा बढी दूरीमा र घरपालुवाको हकमा एक (१) किलोमिटर भन्दा बढीको दूरीमा भएको दुर्घटनाजन्य कारणबाट मरेमा ।

६) व्यावसायिक रुपमा पालन गरिएका पन्छीको सम्बन्धमा कुल समूहको ५% अधिक (excess) लाग्ने ।

७) बीमित पन्छी बिक्री गरी स्वामित्व हस्तान्तरण भएमा । तर बीमकको लिखित स्वीकृत लिई बीमालेख हस्तान्तरण गर्न पाइनेछ ।

८) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित पन्छीको मरेमा ।

९) देहायको कुराबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट वा सोबाट उत्पन्न कारणबाट बीमित पन्छी मरेमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः) जारी रहने अणुको विच्छेदनको ज्वलन समेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

१०) बीमित पन्छी राख्ने स्थानको सम्बन्धमा पन्छी धनीले मूलभूत विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै गल्तीबाट हुने दावीप्रति बीमक उत्तरदायी हुने छैन ।

११) बीमकको सहमति बेगर पशुपन्छीलाई जून प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा ।

## शर्तहरू

पन्छीको बीमा गर्दा बीमितले निम्न शर्तहरुको पालना गर्नु पर्नेछ :

१) बीमित पन्छीलाई पूर्ण स्वस्थ्य र निरोगी राख्न पन्छी धनीले हरसम्भव प्रयास गर्नु पर्नेछ। बीमित पन्छीलाई नियमित रूपमा रोग रोकथामको लागि अनिवार्य रुपमा खोप लगाएको हुनु पर्नेछ । बीमित पन्छीलाई कुनै रोग लागेमा पन्छी धनीले पशुपन्छी चिकित्सक वा सम्बन्धित प्राविधिकबाट तत्काल आफ्नै खर्चमा उचित उपचार गराउनु पर्नेछ ।

२) बीमित पन्छीहरू राख्ने खोर स्वच्छ, हावा जान सक्ने हुनु पर्छ । साथै पिउने पानी, दाना, आहारहरूको राम्रो व्यवस्था गरी सन्तुलित आहार दिनु पर्छ ।

३) बीमित पन्छीको सम्बन्धमा बीमकले चाहेको समयमा पन्छीधनीले जुनसुकै समयमा पन्छी पालन गरिएको परिसरमा परीक्षण/अनुगमन गर्न आउने बीमकको कुनै पनि आधिकारिक प्रतिनिधिलाई परीक्षण गर्न दिनु पर्नेछ। निरीक्षण/अनुगमन गर्दा बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमिकले बीमित लाई सात (७) दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ। तर सोको प्रमाण राखी १५ दिन भित्र बीमा समितिमा जानकारी गराउनुपर्ने छ ।

४) यदि खरीद गरेर, बिक्री गरेर, मरेर, थप उत्पादन भएर पन्छीको सुरुमा तोकिएको सङ्ख्याको १०% भन्दा बढीको तलमाथि भएको रहेछ भने तत्कालै पन्छी धनीले बीमकलाई खबर गर्नु पर्नेछ ।

५) बीमित पन्छी मरेमा सोको दुई (२) दिनभित्र लिखित जानकारी स्वयम् वा बैङ्क/सदस्य संस्था मार्फत बीमकलाई जानकारी दिनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमकले मृत पन्छीको निरिक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म पन्छी धनीले मृतपन्छी सुरक्षित राख्नु पर्नेछ । बीमकले सो अवधिभित्र मृतपन्छीको सम्बन्धमा आवश्यक प्रक्रिया पुरा गरी सिधै वा बैङ्क वा सदस्य संस्था मार्फत पन्छी धनीलाई जानकारी दिनेछ ।

६) यस बीमालेख अन्तर्गत बीमित पन्छी मरेको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

७) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

८) पन्छीको बीमा गर्दा बीमितले प्रस्ताव फारामसँग प्राविधिकको प्रमाणपत्र अनिवार्य रुपले संलग्न गर्नुपर्नेछ । तर नविकरणको हकमा सो प्रावधान लागू हुने छैन ।

## दावी सम्बन्धी प्रकृया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमित पन्छी मरेमा सोको सात (७) दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ ।

   १) सक्कल बीमालेख
   २) पूर्ण रुपले भरिएको दावी फाराम,
   ३) बीमित पन्छी मरेको प्रमाण-पत्र,
   ४) गा.वि.स. ⁄ न.पा. ⁄ वडा ⁄ कम्तिमा सबभन्दा नजिकको छिमेकीको सर्जमिन मुचुल्का
   ५) बीमितले पन्छी पालेको सम्बन्धी अध्यावधिक अभिलेखको प्रति

२) बीमा अवधिभित्र जून समय (हप्ता) मा दावी पर्छ सोही समय (हप्ता) अनुसारको अनुसूची १ र २ मा उल्लेखित निर्धारित गुणांकको आधारमा प्रस्तावकले बीमाङ्क गणना गर्दा प्रस्ताव फारम साथ पन्छी बीमा – बीमाङ्क निर्धारण फारममा उपलब्ध गराएको र बीमालेखमा उल्लेख भएको चल्लाको मूल्य र दानाको मूल्यलाई आधार मानेर दावी रकम मूल्याङ्कन गरिनेछ ।

३) दावी भुक्तानी रकम निम्न सॅत्र प्रयोग गरी निर्धारण गरिनेछ :
प्रति पन्छीको दावी भुक्तानी रु. = दाना खर्च x निर्धारित गुणांक + चल्लाको मूल्य
निर्धारित गुणांक : दावी परेको समय (हप्ता) अनुसारको अनुससूची १ र २ मा उल्लेखित निर्धारित गुणांक

४) यस बीमा अन्तर्गत बैङ्क र सदस्य संस्था र बीमक बीच मतभेद भएमा वा विवाद उत्पन्न भएमा सोको निरूपण प्रचलित कानुन अनुसार हुनेछ ।

५) यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी नदिएमा वा कम दिएमा सोको

जानकारी प्राप्त भएको पैंतीस (३५) दिनभित्र पन्छी धनीले बीमा समितिमा उजुरी दिन सक्नेछ ।

## विशेष व्यवस्थाहरु

१) पन्छीको बीमाशुल्क निम्नानुसार हुनेछ :-

क) पन्छीको बीमा बार्षिक रुपमा गरिएको हकमा प्रति बर्ष बीमाङ्क रकमको पाँच (५) प्रतिशतका दरले बीमाशुल्क लाग्नेछ ।

ख) पन्छीको बीमा प्रति ब्याच (समूह)को रुपमा गरिएको हकमा प्रति ब्याच (समूह) बीमाङ्क रकमको १.२५ प्रतिशतका दरले बीमाशुल्क लाग्नेछ ।

२) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

३) बीमाङ्क गणना

प्रति पन्छीको बीमाङ्क रकम स्थानिय बजारमा प्रचलित चल्लाको खरिद मूल्य र दाना प्रति के. जी. खरिद मूल्यको आधारमा देहायको समिकरणको योगफलको आधारमा कायम गरिनेछ :

प्रति पन्छीको बीमाङ्क रु. = दाना खर्च x निर्धारित गुणांक + चल्लाको मूल्य

चल्लाको मूल्य : एक दिनको स्थानिय वास्तबिक मूल्य

दाना खर्च : एक दिनको प्रति के. जी. स्थानिय वास्तबिक मूल्य

निर्धारित गुणांक : कुखुरा (ब्रोईलर) - ४.७५

कुखुरा (लेयर्स/प्यारेन्ट) र हाँस - १०.२

४ दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेख नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको पन्छीको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने संझनु पर्दछ ।

**बीमित पन्छी** भन्नाले यस बीमालेखको अनुसूचीमा नाम र विवरण उल्लेख भएको पन्छी संझनु पर्दछ ।

**बैङ्क** भन्नाले प्रचलित बैङ्क तथा वित्तीय कानुन बमोजिम सम्बन्धित निकायबाट

वित्तीय कारोबार गर्न नियम बमोजिम इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय कम्पनी, लघु वित्त कम्पनी तथा पशुधन खरीदको लागि कर्जा दिने अन्य संस्था (सरकारी, सहकारी, गैर सरकारी संस्था आदि,) तथा ग्रामीण क्षेत्रमा सञ्चालित बिभिन्न योजना समेतलाई संझनु पर्दछ ।

**सदस्य संस्था** भन्नाले मासु, अन्डा र चल्ला उत्पादन जस्ता कार्यसँग सम्बन्धित पन्छीधनीहरुको सहकारी संस्था संझनु पर्दछ । यसले अन्य प्रकारका सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वावलम्वन समूह, कृषि समूह, आमा समूह आदि जस्ता समूह समेतलाई संझनु पर्दछ ।

**बीमाङ्क रकम** भन्नाले बीमित पन्छीधनीको सम्बन्धित सदस्य संस्था वा बैङ्क तथा बीमकबाट मान्यता प्राप्त पशु प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्तावको साथमा पेश भएको पन्छीको बीमाको मूल्य निर्धारण फाराममा घोषित मूल्य संझनु पर्दछ ।

**लापरवाही** भन्नाले बीमितले आफ्नो पन्छीलाई रोगहरू विरुद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरु नलगाएको, पन्छी अस्वस्थ भएको अवस्थामा उचित हेरचाह तथा उपचार नगराएको तथा जानाजान बिषालु पदार्थ खुवाएको अवस्था समेत संझनु पर्दछ ।

**प्राविधिक व्यक्ति** भन्नाले पशु सेवा केन्द्र, उपकेन्द्रका प्राविधिक, भेटेरिनरी जे.टि.,जे.टि.ए वा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा/पशु विज्ञान विषयमा आधारभूत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति संझनु पर्दछ ।

**स्वास्थ्य परीक्षण** भन्नाले बीमाको लागि प्रस्तावित पन्छीको प्राविधिकबाट तन्दुरुस्त र निरोगी छ छैन, कुनै सरुवा, सङ्क्रामक, परजीवी वा अन्य रोग लागेको छ/छैन भनी तथा उमेर निर्धारण गर्नको लीग गरिने स्वास्थ्य परीक्षण गर्ने कार्य संझनु पर्दछ ।

**बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा एक (१) वर्षसम्मको अवधि संझनु पर्दछ । बीमकले नवीकरण गर्न स्वीकृति गरी सोको लागि लाग्ने बीमाशुल्क समेत बीमकलाई प्राप्त भएको अवस्थामा नवीकरण भएको अवधिलाई पनि बीमा अवधि संझनु पर्दछ ।

**पन्छी मृत्यु प्रमाणपत्र** भन्नाले सम्बन्धित बैङ्क र/वा सदस्य संस्था र पशु प्राविधिकले बीमित पक्षीको मृत्यु भएको भनी प्रमाणित गरि दिएको प्रमाण पत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटनालाई संझनु पर्छ ।

**व्यवसायिक रुपमा पालन गरिएको पन्छी** भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता गरी सञ्चालन गरेको पन्छी व्यवसाय सम्झनु पर्दछ ।

**अध्यावधिक अभिलेख** भन्नाले शर्त बुँदा न.(४) बमोजिम पन्छी संख्या थपघट भएको रेकर्ड तथा पन्छीलाई लाग्ने रोगहरू विरुद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरु लगाएको, पन्छी अस्वस्थ भएको अवस्थामा उचित हेरचाह तथा उपचार गराएको रेकर्ड ।

## पन्छी बीमालेख
## तालिका

| | | |
|---|---|---|
| पन्छी धनीको नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश...................जिल्ला...................<br>महा/उपनगर/नगर/गा.पा....................<br>वडा नं..........टोल :...............फोन नं................. इमेल............................ | बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय : | |
| जात : (खुलाउनु पर्ने)<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति : | | |
| खोर रहेको स्थान :<br>प्रदेश...................जिल्ला...................<br>महा/उपनगर/नगर/गा.पा....................<br>वडा नं..........टोल :...............<br>कित्ता नं.......... | | |
| इच्छाईएको व्यक्तिको | कुल बीमाङ्क : | रु. |
| नाम थर : | कुल बीमाशुल्क : | रु .<br>“क” |

| | | |
|---|---|---|
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता : | छुट :"क" को....... % (यदि भएमा) : | रु . "ख" |
| इच्छाईएको व्यक्तिको पिताको नाम : | (क-ख) छुट पछिको बीमाशुल्क : | रु . "ग" |
| इच्छाईएको व्यक्तिको माताको नाम : | "ग" को........प्रतिशतले हुन आउने अनुदान रकम : | रु . "घ" |
| सम्पर्क नं.: मोबाइल............... आवास :.................... | ( ग -घ ) जम्मा | रु . "ङ" |
| समुह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. : | टिकट दस्तुर : | रु . "च" |

बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर :

नाम :

पद :

मिति :

# ....................इन्स्योरेन्स कम्पनी लि.

**केन्द्रीय कार्यालय : ...........................................................................**

फोन नं. ................., फ्याक्स नं. ..................., इमेल.........................

## पन्छी बीमा – बीमाङ्क रकम निर्धारण फाराम

बीमाका प्रस्तावक पन्छी धनी श्री/श्रीमती/सुश्री .......................................... द्वारा बीमाको लागि प्रस्तावित निम्न विवरण भएको पन्छी मूल्य, उमेर, स्वास्थ्य स्थिति, उत्पादकत्व, बजारमा चलेको मूल्यको आधारमा तल उल्लेख भए अनुसार रहेको छ। उक्त मूल्य हामीले जानेबुझेसम्म प्रस्तावित पन्छीको उचित मूल्य भएको व्यहोरा प्रमाणित गर्दछौँ ।

| | |
|---|---|
| पन्छी धनीको नाम | |
| ठेगाना | अञ्चल................जिल्ला.................न.पा./गा.वि.स.................<br>वडा............फोन नं.:- आवास.................मोबाइल ................. |
| पिताको नाम | |
| बाजेको नाम | |
| पति/पत्नीको नाम | |
| प्रस्तावित पन्छीको किसिम | कुखुरा (लेयर्स/ब्रोइलर/ह्याचरी), हाँस |
| जात | |
| उमेर | |
| समुह (ब्याच) | |
| कुल संख्या | |
| खरिद गरेको भए मिति | |
| एक दिने चल्लाको मूल्य | |
| प्रति के.जी. दाना मूल्य | |
| कुल बीमाङ्क रकम | |

**नोट :**

**प्रति पन्छी बीमाङ्क :** स्थानीय बजारमा प्रचलित प्रति चल्लाको खरिद मूल्य रु + स्थानीय बजारमा प्रचलित प्रति के.जी. दानाको खरिद मूल्य निर्धारित गुणांक (ब्रोइलर कुखुराको हकमा ४.७५ र कुखुरा (लेयर्स/प्यारेण्ट), हाँसको हकमा १०.२)

माथि उल्लिखित विवरणहरु साँचो हुन् र मूल्य उचित हो भनी हामी मन्जुर गर्दछौँ । प्रस्तुत फाराम अनुसार प्रस्तावक र ............... इन्स्योरेन्स कम्पनी लि. बीच बीमाको करारको लागि मूल्याङ्कन आधार हुनेछ भन्ने कुरा पनि मन्जुर गर्दछौं ।

| प्रस्तावक (पन्छीधनी) को | सम्बन्धित सदस्य संस्थाको तर्फबाट (यदि भएमा) | मान्यता प्राप्त पशुपन्छी चिकित्सक वा प्राविधिकको |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : | नाम : | नाम : |
| | पद : | पद : |
| मिति : | मिति : | मिति : |
| | कार्यालयको छाप | कार्यालयको छाप (यदि भएमा) |

## .............. इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## पन्छी बीमा प्रस्ताव फाराम

१) पन्छीधनीको नाम :................................... नागरिकता नं. :...............

२) पुरा ठेगाना :

अञ्चल...................... जिल्ला................... न.पा./गा.वि.स. .................

वडा नं........टोल :.................... फोन नं : ......................

३) पेशा : .......................................................

४) बीमा अवधि :...............................................

५) इच्छाईएको ब्यक्तिको नाम थर :

बीमित र इच्छाईएको ब्यक्तिको बीचको नाता :

इच्छाईएको ब्यक्तिको पिताको नाम :

सम्पर्क नं.:...................................... मोबाइल........................

इच्छाईएको ब्यक्तिको माताको नाम :

सम्पर्क नं.:...................................... मोबाइल........................

६) कृपया बीमाका लागि प्रस्तावित प्रत्येक पन्छी समुह (ब्याच) को विवरण तालिकामा उल्लेख गर्नुहोस् ।

(पन्छीको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नु पर्नेछ)

**पन्छीको किसिम :**

| क्र. सं. | जात | उमेर | समुह (ब्याच) | पालिएको तरिका | | हालको स्वास्थ स्थिति | बीमा अवधि | | बीमाङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घरपालुवा | व्यावसायिक | | देखि | सम्म | |
| | | | | | | | | | |

७) पन्छी पालिएको खोरको वास्तविक ठेगाना :

प्रदेश....................जिल्ला.................... महा/उपनगर/नगर/गा.पा

................... वडा नं......... टोल :..................... फोन नं.................

इमेल.............................

८) पन्छी राखिने खोरको बनावटको विवरण दिनुहोस् :

...........................................................................................

९) के उक्त पन्छीहरु स्वस्थ्य र रोगमुक्त छन् ? यदि छैनन् भने रोगहरूको विवरण दिनुहोस : ..........................................................................

१०) पशु स्वास्थ्य सेवा उपलब्ध छ ? यदि छ भने उक्त सेवा कहाँबाट लिएको छः
 क) सरकारी पशु स्वास्थ्य सेवाहरु ..........................................................
 ख) निजी पशु स्वास्थ्य सेवाहरु ..............................................................
 ग) पन्छी राखिने खोरबाट पशु स्वास्थ्य सेवा केन्द्रको अनुमानित दूरी उल्लेख गर्नुहोस् । ..........................................................................
 घ) सरकारी वा निजी पशु चिकित्सक/प्राविधिकद्वारा बीमित पन्छीहरुलाई गरिने चेकजाँचको विवरण लेख्नुहोस् : ..........................................................

११) विगत एक (१) वर्ष भित्रमा तपाईको कुनै पन्छी मरेको छ ? छ भने

| वर्ष | मरेको कारण | नोक्सान भएको पन्छी संख्या |
|---|---|---|
| | | |

१२ यस पूर्व कुनै बीमा कम्पनीमा पशुको बीमा भएको भए सो बीमा कम्पनीको नाम उल्लेख गर्नुहोस् । बीमा भएको भए कति बीमाङ्क बराबरको बीमा भएको हो ? साथै दावी भए दावी रकम समेत उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

१३) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूह आदिले उक्त पन्छीमा लगानी गरेको छ ? छ भने, उक्त वैंक वा वित्त कम्पनी वा सहकारी वा समूहको नाम/ठेगाना : ..........................................................
 प्रदेश.................. जिल्ला.................... महा/उपनगर/नगर/गा.पा
 ................. वडा नं ........ टोल :..................... कित्ता नं. ......................
 लिएको ऋणको रकम : रु......................... अक्षरेपी (..........................
 ......................)

म/हामीले माथि उल्लिखित पन्छीहरुको बीमा कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौं । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, पन्छीहरुलाई यथार्थ ढङ्गले वर्णन गरिएको र पन्छीहरु तन्दुरुस्त र

स्वस्थ रहेको व्यहोरा प्रत्याभूत गर्दछौँ । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको सही :

नाम :

मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## पन्छी बीमा स्वास्थ्य विवरण

(पशु चिकित्सक/प्राविधिक प्रमाणपत्र)

(प्रस्ताव सँगै संलग्न हुनुपर्ने)

१) पन्छीधनीको नाम :..................................................

२) ठेगाना :

प्रदेश..................... जिल्ला.................... महा/उपनगर/नगर/गा.पा .................... वडा नं......... टोल :..................... फोन नं.................. इमेल.............................

३) पेशा :...............................................

४) बीमाको लागि प्रस्तावित प्रत्येक पन्छीहरुको विवरण :

**(पन्छीको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नुपर्नेछ )**

**पन्छीको किसिम :**

| **क्रं. सं.** | **जात** | **उमेर** | **समुह (ब्याच)** |
|---|---|---|---|
| १) | | | |
| २) | | | |
| ३) | | | |
| | | | |
| | | | |

५) के उक्त पन्छीहरू स्वस्थ, निरोगी र असल अवस्थामा छन् ?

...........................................................................................................

६) के कुनै पन्छीहरू कहिल्यै कुनै रोगव्याधिबाट ग्रस्त थिए ? यदि थिए भने विवरण दिनुहोस् ?

...........................................................................................................

७) के तिनीहरु राम्रोसँग स्याहार गरिएका वा नियमितरुपले उचित आहारा खुवाएर पालिएका जस्ता देखिन्छन् ?

.......................................................................................

८) के पन्छी राख्ने स्थान वा त्यसको नजिकमा कुनै सरुवा वा संक्रामक रोग

फैलिएको छ ? यदि छ भने मिति उल्लेख गर्नुहोस् ?

..........................................................................................

६) पन्छीहरु आपूर्तिको स्रोत के हो ? ..................................................

..........................................................

७) के पन्छी राख्ने खोरको अवस्था राम्रो र पन्छीको स्वास्थ्यलाई सघाउ पुर्‍याउने खालको छ ? ..............................................................

८) तपाईँलाई उक्त जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? भएमा विवरण दिनुहोस् । ..........................................................

९) के तपाईँले उक्त जोखिम स्वीकार गर्न मनासिव देख्नु भएको छ ? छैन भने कारण उल्लेख गर्नुहोस् ।

.....................................................................................

अनुसूचीमा उल्लेखित पन्छीहरुको ध्यानपूर्वक परीक्षण भएको र प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारी भए सम्म सही छन् भनी प्रमाणित गर्दछु ।

प्राविधिकको
नाम :
सही :
ठेगानाः
फोन/मोबाईल नं.:
मिति :

अनुसूची -१

## कुखुरा (ब्रोईलर) को साप्ताहिक निर्धारित गुणाङ्क तालिका
## (दावी रकम मूल्याङ्कन प्रयोजनका लागि)

| हप्ता | चल्लाको मूल्य | दाना खर्च | निर्धारित गुणांक | मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| १ | | | ०.१६ | | |
| २ | | | ०.३३६ | | |
| ३ | | | ०.७०९ | | |
| ४ | | | १.२७ | | |
| ५ | | | १.९६ | | |
| ६ | | | २.८८ | | |
| ७ | | | ३.८१ | | |
| ८ | | | ४.७५ | | |

# अनुसूची -२

कुखुरा (लेयर्स/प्यारेन्ट) र हाँस को साप्ताहिक निर्धारित गुणाङ्क तालिका

(दावी रकम मूल्याङ्कन प्रयोजनका लागि)

| हप्ता | चल्लाको मूल्य | दाना खर्च | निर्धारित गुणांक | मूल्याङ्कन |
|---|---|---|---|---|
| १ | | | ०.०७ | |
| २ | | | ०.२३४ | |
| ३ | | | ०.४४७ | |
| ४ | | | ०.८७ | |
| ५ | | | १.१२ | |
| ६ | | | १.५६ | |
| ७ | | | २.०३ | |
| ८ | | | २.५६ | |
| ९ | | | २.९८ | |
| १० | | | ३.३३४ | |
| ११ | | | ३.३९८ | |
| १२ | | | ३.९१३ | |
| १३ | | | ४.४३५ | |
| १४ | | | ४.९७८ | |
| १५ | | | ५.५२३ | |
| १६ | | | ६ | |
| १७ | | | ६.५ | |
| १८ | | | ६.९२५ | |
| १९ | | | ७.५३५ | |
| २० | | | ८.१७ | |
| २१ | | | ८.५६६ | |
| २२ | | | ९.२९३ | |
| २३ | | | ९.५४४ | |
| २४-३७ | | | १०.२ | |
| ३८-४५ | | | ७.२८५ | |
| ४६-५२ | | | ५.७९३ | |
| ५३-६२ | | | ५.५२३ | |
| ६३-७२ | | | ४.९२ | |
| ७२-८० | | | | |

# ………… इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय :** ………………………………………………………………

फोन नं. – …………………, फ्याक्स – …………………… इमेल……………………

## अष्ट्रिच बीमालेख

अष्ट्रिच धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने कुरामा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा …………………इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले, यस बीमालेखको अनुसूची, विवरण तालिका, बिशेष ब्यवस्था, अपवाद, शर्तहरु र परिभाषा यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमाशुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमाको अवधिभित्र अनुसूचीमा उल्लेख भए बमोजिमका अष्ट्रिच मरेमा/हानी नोक्सानी भएमा बीमाङ्क को सीमा भित्र रहि सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

**बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :**

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित अष्ट्रिच बीमा अवधिभित्र मरेमा/हानी नोक्सानी बीमकले उक्त अष्ट्रिचको दावी भुक्तानी यस बीमालेख बमोजिम हुन आउने रकम बीमितलाई भुक्तानी गर्नेछ :

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी/डुवान

(घ) पहिरो/भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) रोगबाट हुने हानि-नोक्सानी (बीमकले क्षतिपूर्ति नदिने अवस्थाहरुमा उल्लेखित रोगहरु बाहेक),

(२) यस बीमालेखको बीमाको अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।– (अक्षरुपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गर्नेछ ।

## बीमकले क्षतिपूर्ति नदिने अवस्थाहरू

१) अष्ट्रिचधनी वा निजको एकाघरका परिवारका सदस्य, कर्मचारी, पशुचिकित्सक, अवलोकनकर्ता, अन्य हेरचारमा संलग्न व्यक्तिको लापरवाहीले वा जानाजान वा मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट अष्ट्रिच मरेमा ।

२) व्यापक संक्रामक रोग (बर्डफ्लु) को कारणबाट बीमित अष्ट्रिच मरेमा । अष्ट्रिचको रोग रोकथामको लागि लगाउनु पर्ने खोप नलगाई मृत्यु भएमा ।

३) सरकारी निकायको आदेशमा अष्ट्रिचलाई नष्ट गर्नुपर्ने भएमा ।

४) अष्ट्रिच हराएमा वा चोरी भएमा ।

५) पालिएका स्थान भन्दा पचास (५०) मिटरको दूरीमा भएको दुर्घटनाजन्य कारणबाट मरेमा/हानी नोक्सानी भएमा ।

६) कुल दावीको १०% रकम ।

७) अष्ट्रिचको बिक्री वा अन्य कुनै कारण बाट स्वामित्व हस्तान्तरण भएमा । तर बीमकको लिखित स्वीकृत लिई बीमालेख नामसारी गर्न सकिनेछ ।

८) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट अष्ट्रिचको मरेमा ।

९) देहायको कुराबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट वा सोबाट उत्पन्न कारणबाट अष्ट्रिच मरेमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो धर्मिता (स्वतः) जारी रहने अणुको विच्छेदनको ज्वलन समेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

१०) अष्ट्रिच राख्ने स्थानको सम्बन्धमा अष्ट्रिचधनीले मूलभूत विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै गल्तीबाट हुने दावीप्रति बीमक उत्तरदायी हुने छैन ।

११) बीमकको सहमति बेगर अष्ट्रिचलाई जून प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा । बीमकको स्वीकृती बिना अष्ट्रिचको नसबन्दी गरिएमा वा प्रजननबिहिन गराएमा ।

१२) बीमा अवधि शुरु भएको दिनबाट ७ दिन भित्र कुनै पनि रोग लगेमा वा सोको

कारण बाट मृत्यु भएमा ।

१३) बीमकको स्वकृति बिना यातायातको कुनै पनि स्रोत मार्फत ढुवानी कार्य गरि क्षति भएमा ।

१४) अष्ट्रिच पालन गरिएको स्थान बीमकको स्वकृति बिना परिवर्तन गरेमा ।

१५) यो बीमालेखले देहायका मध्य कुनै पनि परिस्थितिमा प्रत्यक्ष वा परोक्ष रुपमा गरिएको बध वा मृत्युलाई समेट्ने छैन ।

(क) पशु शल्यचिकित्सकले वा चिकित्सकले गरेको कुनै शल्यक्रिया बाहेक र निजले बीमा अवधि कायम रहेकै अवस्थामा घटेको दुर्घटना, घाउचोट, बीमारी वा रोगका कारण कुनै अष्ट्रिचको ज्यान बचाउन आकस्मिक रुपमा शल्यक्रिया गर्न अनुमती दिएको अवस्था बाहेक अन्य अवस्थामा अष्ट्रिचलाई गरिएको शल्यक्रियाहरुको कारणबाट मरेमा

(ख) अत्यावश्यकीय प्रकृतिको वा अष्ट्रिचलाई लाग्न पुगेको कुनै दुर्घटना, घाउचोट, बिमारी वा रोगका कारण औषधी निर्माताको सिफारीशमा स्थानीय अधिकारीहरुद्वारा स्वीकृत र पशु शल्यचिकित्सक वा चिकित्सकद्वारा प्रमाणित गरिएको अवस्थामा दिइएको औषधी बाहेक अन्य अवस्थामा खुवाइएको वा लगाइएको औषधिहरुका कारण मरेमा ।

## शर्तहरू

अष्ट्रिचको बीमा गर्दा बीमितले निम्न शर्तहरुको पालना गर्नु पर्नेछ :

१) अष्ट्रिचलाई पूर्ण स्वस्थ्य र निरोगी राख्न अष्ट्रिचधनीले हरसम्भव प्रयास गर्नु पर्नेछ । अष्ट्रिचलाई नियमित रूपमा रोग रोकथामको लागि अनिवार्य रुपमा खोप लगाएको हुनु पर्नेछ । अष्ट्रिचलाई कुनै रोग लागेमा अष्ट्रिचधनीले पशु चिकित्सक वा सम्बन्धित प्राविधिकबाट तत्काल आफ्नै खर्चमा उचित उपचार गराउनु पर्नेछ । साथै सोको विवरण सहितको रेकर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२) अष्ट्रिच राख्ने स्थान स्वच्छ, सफा हुनु पर्छ । साथै पिउने पानी, दाना, आहार हरूको राम्रो व्यवस्था गरी सन्तुलित आहार दिनु पर्छ । अष्ट्रिचको उमेर अनुसार छुट्टा छुट्टै समूहमा राख्नु पर्नेछ ।

३) अष्ट्रिचको सम्बन्धमा बीमकले चाहेको समयमा अष्ट्रिचधनीले जुनसुकै समयमा अष्ट्रिचपालन गरिएको परिसरमा परीक्षण गर्न आउने बीमकको कुनै पनि आधिकारिक प्रतिनिधिलाई परीक्षण गर्न दिनु पर्नेछ ।

४) यदि खरीद गरेर, बिक्री गरेर, मरेर, थप उत्पादन भएर अष्ट्रिचको सुरुमा तोकिएको सङ्ख्याको १०% भन्दा बढीको तलमाथि भएको रहेछ भने तत्कालै अष्ट्रिचधनीले बीमकलाई खबर गर्नु पर्नेछ ।

५) अष्ट्रिच मरेमा सोको दुई (२) दिनभित्र लिखित जानकारी स्वयम् वा बैङ्क/सदस्य संस्था मार्फत बीमकलाई जानकारी दिनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमकले मरेको अष्ट्रिचको निरिक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म अष्ट्रिचधनीले मरेको अष्ट्रिच सुरक्षित राख्नु पर्नेछ । बीमकले सो अवधिभित्र मरेको अष्ट्रिचको सम्बन्धमा आवश्यक प्रक्रिया पुरा गरी सिधै वा बैङ्क वा सदस्य संस्था मार्फत अष्ट्रिचधनीलाई जानकारी दिनेछ ।

६) यस बीमालेख अन्तर्गत अष्ट्रिच मरेको कारणबाट हुने अन्य वा थप खर्च वा हानी-नोक्सानीको दावी गर्न पाइने छैन ।

७) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

८) अष्ट्रिचको बीमा गर्दा बीमितले प्रस्ताव फारामसँग प्राविधिकको प्रमाणपत्र अनिवार्य रुपले संलग्न गर्नुपर्नेछ । तर नविकरणको हकमा सो प्रावधान लागू हुने छैन ।

९) अष्ट्रिचलाई अनिवार्य रुपमा सङ्केत पट्टा (ट्याग/माइक्रो चिप्स आदि) लगाउनु पर्नेछ । अष्ट्रिचलाई लगाई राखिएको बीमाको सङ्केत पट्टा (ट्याग/माइक्रो चिप्स आदि) झरेमा वा हराएमा बीमितले तत्काल बीमकलाई जानकारी गराउनु पर्नेछ । सो जानकारी प्राप्त भए पछि सङ्केत पट्टाको ब्यवस्थापन गर्ने कार्य बमिकको हुनेछ तर सो सङ्केत पट्टा वापत लाग्ने खर्च बिमितले ब्यहोर्नु पर्नेछ ।

## दावी सम्बन्धी प्रकृया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट अष्ट्रिच मरेमा सोको सात (७) दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बीमित बैङ्क/सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ।

क) सक्कल बीमालेख (आंशिक क्षतिको हकमा प्रमाणित प्रतिलिपी)

ख) पूर्ण रुपले भरिएको दावी फाराम,

ग) अष्ट्रिच मरेको प्रमाण-पत्र,

घ) सम्बन्धित गा.पा. वा न.पा. वा वडा र कम्तिमा नजिकको दुईजना छिमेकी/संधियारको सर्जमिन मुचुल्का

ङ) अष्ट्रिच पालन सम्बन्धी अध्यावधिक अभिलेखको प्रति

च) अष्ट्रिचमा लगाएको सङ्केत पट्टा

२) यस बीमा अन्तर्गत बीमित/बैङ्क/सदस्य संस्था र बीमक बीच मतभेद भएमा वा विवाद उत्पन्न भएमा सोको निरूपण प्रचलित कानुन अनुसार हुनेछ ।

३) यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी नदिएमा वा कम दिएमा सोको जानकारी प्राप्त भएको पैंतीस (३५) दिनभित्र अष्ट्रिचधनीले बीमा समितिमा उजुरी दिन सक्नेछ।

४) अष्ट्रिचको अवशेष (carcus) बिक्रिबाट हुने आम्दानी बारे बीमक, बीमित र प्राविधिकले निर्धारण गरे बमोजिमको रकम कट्टा गरि बाँकी रकम दावी भुक्तानी गरिनेछ।

## ५) मरेको अष्ट्रिचको फोटो विशेष व्यवस्थाहरु

१) अष्ट्रिचको प्रति बर्ष बीमाङ्क रकमको दुई (२) प्रतिशतका दरले बीमाशुल्क लाग्नेछ।

२) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पाँच (५) प्रतिशत छुट दिइनेछ।

३) दुर्घटना वापत बीमाशुल्क : रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागि) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधिको लागि)

४) बीमाङ्क निर्धारण : बीमक, बीमित तथा सम्बन्घित प्राविधिक बिच मूल्यको आधार सहित बीमाङ्क कायम गर्नुपर्नेछ।

५) प्राविधिकद्वारा संकेत पट्टा लगाउनु पर्नेछ र सो कार्य वापत लाग्ने खर्च बीमकले ब्यर्होनेछ ।

## परिभाषा

**बीमित** भन्नाले यस बीमालेख नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको अष्ट्रिचको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने संझनु पर्दछ ।

**अष्ट्रिच** भन्नाले यस बीमालेखको अनुसूचीमा संकेत पट्टा र विवरण उल्लेख भएको अष्ट्रिच संझनु पर्दछ ।

**बैङ्क** भन्नाले प्रचलित बैङ्क तथा वित्तीय कानुन बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न नियम बमोजिम इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय कम्पनी, लघु वित्त कम्पनी तथा पशुधन खरीदको लागि कर्जा दिने अन्य संस्था (सरकारी, सहकारी ,गैर सरकारी संस्था आदि,) तथा ग्रामीण क्षेत्रमा सञ्चालित बिभिन्न योजना समेतलाई संझनु पर्दछ ।

**सदस्य संस्था** भन्नाले मासु, अन्डा र चल्ला उत्पादन जस्ता कार्यसँग सम्बन्धित अष्ट्रिचधनीहरुको सहकारी संस्था संझनु पर्दछ । यसले अन्य प्रकारका सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वावलम्वन समूह, कृषि समूह, आमा समूह आदि जस्ता समूह समेतलाई संझनु पर्दछ ।

**लापरवाही** भन्नाले बीमितले आफ्नो अष्ट्रिचलाई रोगहरू विरुद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरु नलगाएको, अष्ट्रिच अस्वस्थ भएको अवस्थामा उचित हेरचाह तथा उपचार नगराएको तथा जानाजान बिषालु पदार्थ खुवाएको अवस्था समेत संझनु पर्दछ ।

**प्राविधिक व्यक्ति** भन्नाले पशु सेवा केन्द्र, उपकेन्द्रका प्राविधिक, भेटेरिनरी जे.टि.,जे.टि.ए वा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा/पशु विज्ञान विषयमा आधारभूत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति संझनु पर्दछ ।

**स्वास्थ्य परीक्षण** भन्नाले बीमाको लागि प्रस्तावित अष्ट्रिचको प्राविधिकबाट तन्दुरुस्त र निरोगी छ छैन, कुनै सरुवा, सङ्क्रामक, परजिवी वा अन्य रोग लागेको तथा लगाउनु पर्ने आवश्यक खोप लगाएको छ/छैन भनी तथा उमेर निर्धारण गर्नको लाीग गरिने स्वास्थ्य परीक्षण गर्ने कार्य संझनु पर्दछ ।

# ……… बीमालेख

## अनुसूची

| | |
|---|---|
| अष्ट्रिच धनी (संघ/संस्था)को नाम :<br>नागरिकता नं. :<br>ठेगाना :<br>प्रदेश……………….. जिल्ला………………..<br>महा/उपनगर/नगर/गा.पा…………………<br>वडा नं……….टोल :…………….फोन नं……………… इमेल………………………… | बीमालेख नं :<br>अभिकर्ता :<br>नाम :<br>कोड नं. :<br>बीमालेख जारी स्थान :<br>बीमालेख जारी मिति :<br>बीमालेख जारी समय :<br>नगदी रसिद नं. :<br>नगदी रसिद जारी मिति :<br>नगदी रसिद जारी समय :<br>कुल संख्या : |
| जात : (खुलाउनु पर्ने)<br>बीमा अवधि<br>प्रारम्भ मिति :<br>समाप्ति मिति : | |
| अष्ट्रिचको किसिम :………………………<br>अष्ट्रिच पालन गरिएको स्थान :<br>प्रदेश………………..जिल्ला………………..<br>महा/उपनगर/नगर/गा.पा…………………<br>वडा नं……….टोल :……………. कित्ता नं………. | |

| | | |
|---|---|---|
| च्छाईएको व्यक्तिको | कुल बीमाङ्क : | रु. |
| नाम थर : | कुल बीमाशुल्क : | रु. "क" |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता : | छुट :"क" को…… %<br>(यदि भएमा) : | रु. "ख" |
| इच्छाईएको व्यक्तिको पिताको नाम : | (क-ख) छुट पछिको बीमाशुल्क : | रु. "ग" |
| इच्छाईएको व्यक्तिको माताको नाम : | "ग" को…….प्रतिशतले हुन आउने अनुदान रकम : | रु. "घ" |
| सम्पर्क नं.: मोबाइल………….. आवास :……………… | (ग -घ)<br>जम्मा | रु. "ङ" |
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा बित्तीय संस्थाको नाम :<br>ठेगाना :<br>फोन नं. :<br>बीमितले तिर्नुपर्ने बीमाशुल्क : (ङ + च)<br>**बीमितले दुर्घटना बीमा वापत तिर्नुपने बीमाशुल्क :**<br>बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क : (छ + ज) | टिकट दस्तुर : | रु. "च" |
| | रु. "छ" | |
| | रु. "ज" | |
| | रु. | |

**बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको**

हस्ताक्षर :

नाम :

पद :

मिति :

**.............. इन्स्योरेन्स कम्पनी लिमिटेड**

काठमाडौं, नेपाल

## अष्ट्रिच बीमा प्रस्ताव फाराम

१) अष्ट्रिच धनी (व्यक्ति/संघ/संस्था)को नाम :..............................
प्यान/मू.अ.क.नं. .......... प्रोपाइटरको नाम :.....................................
नागरिकता नं. :..................

२) पुरा ठेगाना :
प्रदेश.....................जिल्ला....................
महा/उपनगर/नगर/गा.पा................... वडा नं...... टोल :.....................
फोन नं................. इमेल ..............................

३) अष्ट्रिच पालन गरिएको स्थान :
प्रदेश.....................जिल्ला....................
महा/उपनगर/नगर/गा.पा................... वडा नं...... टोल :.....................
फोन नं................. इमेल ..............................

४) बीमा अवधि :.................................................

५) इच्छाईएको व्यक्तिको नाम थर :
बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :
इच्छाईएको व्यक्तिको पिताको नाम :
सम्पर्क नं.: मोबाइल...............
इच्छाईएको व्यक्तिको माताको नाम :
सम्पर्क नं.: मोबाइल...............

६) कृपया बीमाका लागि प्रस्तावित प्रत्येक अष्ट्रिच समूह (ब्याच) को विवरण तालिकामा उल्लेख गर्नुहोस् । साथै अष्ट्रिचको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नु पर्नेछ ।

| क्र. सं. | जात | उमेर | समूह (ब्याच) | पालिएको तरिका | हालको स्वास्थ स्थिति | बीमा अवधि | | बीमाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | |
| | | | | | | | | |

७) अष्ट्रिचहरु स्वस्थ्य र रोगमुक्त छन् ? यदि छैनन् भने रोग लागेको विवरण दिनुहोस :
..........................................................................................................

८) अष्ट्रिच स्वास्थ्य सेवा कहाँबाट लिएको छ :
क) सरकारी पशु स्वास्थ्य सेवाहरु .................................................................

ख) निजी पशु स्वास्थ्य सेवाहरु ...........................................................................

ग) अष्ट्रिचराखिने खोरबाट पशु स्वास्थ्य सेवा केन्द्रको अनुमानित दूरी उल्लेख गर्नुहोस.........

घ) सरकारी वा निजी पशु चिकित्सक/प्राविधिकद्वारा अष्ट्रिचहरुलाई गरिने चेकजाँच तथा खोपको विवरण लेख्नुहोस् : ...........................................................................

९) विगत एक (१) वर्ष भित्रमा तपाईको कुनै अष्ट्रिच मरेको छ ? छ भने

| वर्ष | मरेको कारण | नोक्सान भएको अष्ट्रिच संख्या |
|---|---|---|
| | | |

१०) कुनै बैङ्क वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूह आदिले उक्त अष्ट्रिचमा लगानी गरेको छ ? छ भने, उक्त वैंक वा वित्त कम्पनी वा सहकारी वा समूहको :

नाम :...........................................................................................

ठेगाना :

प्रदेश............. जिल्ला.................... महा/उपनगर/नगर/गा.पा

.................... वडा नं......... टोल :..................... फोन नं..................

इमेल............................. लिएको ऋणको रकम : रु..........................

अक्षरेपी (..........................................)

म/हामीले माथि उल्लिखित अष्ट्रिचहरुको बीमा कम्पनी लिमिटेडसँग कम्पनीको शर्त बन्देज बमोजिम गर्न प्रस्ताव गर्दछौँ । म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, अष्ट्रिचहरुलाई यथार्थ ढङ्गले वर्णन गरिएको र अष्ट्रिचहरु तन्दुरुस्त र स्वस्थ रहेको व्यहोरा प्रत्याभूत गर्दछौँ । मैले/हामीले उल्लेखित विवरण सम्बन्धि कुनै पनि सूचना, विवरण वा तथ्य नलुकाएको र यही प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा घोषणा गर्दछौं ।

प्रस्तावकको सही :

नाम :

मिति :

# ................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

## अष्ट्रिच बीमा स्वास्थ्य विवरण

(पन्छी चिकित्सक/प्राविधिक प्रमाणपत्र)

१) अष्ट्रिच धनी (व्यक्ति/संघ/संस्था)को नाम :.........................................
प्यान/ मू.अ.क.नं........... प्रोपाइटर/व्यवस्थापकको नाम :....................
नागरिकता नं. :.............

२) ठेगाना :
प्रदेश............................. जिल्ला.............................
महा/उपनगर/नगर/गा.पा .................................... वडा नं.........
टोल :.................... फोन नं................. इमेल ..............................

३) पेशा :.............................................

४) इच्छाईएको व्यक्तिको नाम थर :
बीमित र इच्छाईएको व्यक्तिको बीचको नाता :
इच्छाईएको व्यक्तिको पिताको नाम :
सम्पर्क नं.: मोबाइल...............
इच्छाईएको व्यक्तिको माताको नाम :
सम्पर्क नं.: मोबाइल...............

५) बीमाको लागि प्रस्तावित प्रत्येक अष्ट्रिचको विवरण :
(अष्ट्रिचको किसिम अनुसार छुट्टा छुट्टै विवरण तालिका प्रयोग गर्नुपर्नेछ)

| क्रं.सं. | जात | उमेर | समूह (ब्याच) |
|---|---|---|---|
| १) | | | |
| २) | | | |
| ३) | | | |

६) उक्त अष्ट्रिचहरू स्वस्थ, निरोगी र असल अवस्थामा छन् ?
..........................................................................................

७) अष्ट्रिचहरू कुनै रोगव्याधिबाट ग्रस्त थिए ? यदि थिए भने विवरण दिनुहोस् ?
..........................................................................................

८) अष्ट्रिचहरु उचित स्याहार तथा आहारा खुवाएर पालिएका जस्ता देखिन्छन् ?

........................................................................................

९) अष्ट्रिच राख्ने स्थान वा त्यसको नजिकमा कुनै सरुवा वा संक्रामक रोग फैलिएको छ ? यदि छ भने विवरण दिनुहोस् ?

........................................................................................

१०) अष्ट्रिचहरु आपूर्तिको स्रोत खुलाउनु होस ? ..........................................

११) तपाइँलाई उक्त जोखिमलाई स्वीकार्न नमिल्ने अरु कुनै जानकारी छ ? भएमा विवरण दिनुहोस् । ..........................................................................

१२) उक्त जोखिम स्वीकार गर्न मनासिव देख्नु भएको छ ? छैन भने कारण उल्लेख गर्नुहोस् ।

........................................................................................

अनुसूचीमा उल्लेखित विवरणहरु मेरो जानकारी भए सम्म सही छन् भनी प्रमाणित गर्दछु ।

प्राविधिकको नाम :

सही :

ठेगाना :

मिति :

## .. .. .. ... ... ... ... ... ... इन्स्योरेन्स कम्पनी लिमिटेड

# कालिज बीमालेख

यस बीमालेखको तालिका, प्रस्ताव फाराम तथा विवरणमा उल्लेख भएको पन्छीको क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले पूरा बीमा शुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा ... ... ... ... ... ... ... ... **बीमा कम्पनी लिमिटेड (बीमक)** ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

1. **बीमालेखको नाम र प्रारम्भः** (१) यस बीमालेखको नाम **"कालिज बीमालेख"** रहेको छ।

   (२) यो बीमालेख बीमितले बीमा शुल्क भुक्तानी गरे पश्चात प्रारम्भ हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

   (1) "**अद्यावधिक अभिलेख**" भन्नाले यस बीमालेखमा उल्लेख भएको पन्छी संख्या थपघट भएको रेकर्ड, पन्छीलाई लाग्ने रोगहरू विरूद्ध समयसै आवश्यक प्रतिरोधात्मक खोपहरू लगाएको, पन्छी अस्वस्थ भएको अवस्थामा उचित हेरचाह तथा उपचार गराएको रेकर्ड सम्झनु पर्छ।

   (2) "**कालिज**" भन्नाले प्रचलित कानूनले निषेध गरिएका बाहेकका फिजेन्ट (Pheasant) जातका घरपालुवा पन्छीहरूलाई जनाउंछ र जसलाई यस बीमालेखमा बीमित पन्छी सम्झनु पर्छ।

   (3) **"दावी"** भन्नाले बीमा गरिएको पन्छीको क्षति वापत बीमितद्वारा माग गरिएको रकम सम्झनु पर्छ।

   (4) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ।

   (5) **"प्राविधिक व्यक्ति"** भन्नाले भेटनरी, जे.टि., जे.टि.ए वा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा वा पशु विज्ञान विषयमा आधारभुत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

   (6) **"बीमक"** भन्नाले यो बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ।

(7) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था वा बीमालेख धारक सम्झनु पर्छ।

(8) **"बीमालेख"** भन्नाले बीमकले जारी गर्ने कालिज बीमालेख, अनुसूची, तालिका, सम्पुष्टि तथा बीमालेखको संशोधन तालिकालाई एकमुष्ठ रूपमा सम्झनु पर्छ।

(9) **"बीमा शुल्क"** भन्नाले यस बीमालेमा उल्लेख भएको पन्छीको बीमा गरे वापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(10) **"बीमाङ्क रकम"** भन्नाले यस बीमालेख बमोजिम पन्छीको मूल्य निर्धारण फाराममा घोषित मूल्य सम्झनु पर्छ।

(11) **"मृत्यु प्रमाणपत्र"** भन्नाले सम्बन्धित बैङ्क वा सदस्य संस्था र पशु प्राविधिकले बीमित पन्छीको मृत्यु भएको भनी प्रमाणित गरिदिएको प्रमाणपत्रलाई सम्झनु पर्छ।

(12) **"रक्षावरण"** भन्नाले यस बीमालेखमा उल्लेख भएको बीमित पन्छीको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(13) **"लापरवाही"** भन्नाले बीमितले बीमित पन्छीलाई रोगहरू विरूद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको, अस्वस्थ भएको अवस्थामा उचित हेरचाह र उपचार नगराएको तथा जानाजान बिषालु पर्दाथ वा हानी हुने पदार्थ खुवाएको अवस्था समेत सम्झनु पर्छ।

(14) **"वित्तीय संस्था"** भन्नाले प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न इजाजत पत्र प्राप्त संस्था सम्झनुपर्छ र सो शब्दले वित्त कम्पनी, लघु वित्त कम्पनी तथा कृषि प्रयोजनका लागि कर्जा दिने अन्य सरकारी, गैर सरकारी, सहकारी लगायत ग्रामीण क्षेत्रमा सञ्चालित विभिन्न वित्तीय संस्थाहरूलाई समेत सम्झनु पर्छ।

(15) "**व्यवसायीक रूपमा पालन गरिएको पन्छी**" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता गरी व्यवसायीक रूपमा पालन गरेको पन्छी सम्झनु पर्छ।

(16) **"बीमा अवधि"** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा एक (१) वर्षसम्मको अवधि सम्झनु पर्छ र यदि बीमकले नवीकरण गर्न स्वीकृति गरी सोको लागि लाग्ने बीमा शुल्क समेत बीमकलाई प्राप्त भएको अवस्थामा नवीकरण भएको अवधिलाई समेत बीमा अवधि सम्झनु पर्छ।

(17) **"सदस्य संस्था"** भन्नाले उत्पादक कृषक तथा कृषि व्यवसायीहरूको संस्था सम्झनुपर्छ र यसले अन्य प्रकारका दर्ता भएका सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वावलम्बन समूह, आमा समूह, कृषक समूह तथा कृषिसँग सम्बन्धित पेशागत समूह आदि समेतलाई सम्झनुपर्छ।

**(18)** **"स्वास्थ्य परीक्षण"** भन्नाले बीमाको लागि प्रस्तावित पन्छीको प्राविधिकबाट तन्दुरूस्त र निरोगी छ वा छैन, कुनै सरूवा, संक्रामक, परजीवी वा अन्य रोग लागेको छ वा छैन भनी यकिन गर्ने तथा उमेर निर्धारण गर्नको लागि गरिने स्वास्थ्य परीक्षण गर्ने कार्य सम्झनु पर्छ।

**(19)** **"क्षति"** भन्नाले बीमा गरिएको पन्छीको मृत्यु भएको अवस्था सम्झनु पर्छ।

**(20)** **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी वापतको रकम सम्झनु पर्छ।

परिच्छेद-२

## रक्षावरण

**3. रक्षावरणः (१) देहायका कुनै कारणबाट बीमा गरिएको पन्छीको यस बीमालेखमा उल्लेखित बीमा अवधि भित्र मरेमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः**

(क) आगलागी, चट्याङ

(ख) भूकम्प,

(ग) बाढी तथा डुवान

(घ) पहिरो तथा भूस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,

(च) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) रोगबाट हुने हानी वा क्षति (बीमकले क्षतिपूर्ति नदिने अवस्थाहरुमा उल्लेखित रोगहरु बाहेक),

**(२) यस बीमालेखमा उल्लेखित बीमा अवधि भित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्क रकम रु.२,००,०००।- (अक्षरुपी दुई लाख) भुक्तानी गर्नेछ।**

*परिच्छेद-३*

## अपवाद

**4. अपवादः** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

१) पन्छी धनी वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी (कामदार) को लापरवाहीले वा जानाजान वा मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट बीमित पन्छी मरेमा।

२) व्यापक संक्रामक रोग (बर्डफ्लु) को कारणबाट बीमित पन्छी मरेमा।

३) सरकारी निकाय वा अन्य मान्यता प्राप्त कानुनी निकायको आदेशमा बीमित पन्छीलाई नष्ट गरेको भएमा।

४) बीमित पन्छी हराएमा वा चोरी भएमा।

५) व्यवसायिक प्रयोजनका लागि पालिएका बीमित पन्छी वा घर पालुवा बीमित पन्छीको हकमा पन्छी गृह भित्र भन्दा अन्यत्र मरेमा।

६) बीमित पन्छी बिक्री गरी स्वामित्व हस्तान्तरण गरेको भएमा।

७) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयुद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित पन्छी मरेमा।

८) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्गबाट क्षति भएमा।

९) आणविक रासयनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा।

१०) बीमकको सहमति बेगर पन्छीलाई जुन प्रयोजनको लागि ल्याएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा।

परिच्छेद-४

## शर्तहरू

**5. यस बीमालेख अन्तर्गत पन्छीको बीमा गर्दा निम्न शर्तहरूको पालना गर्नु पर्नेछः**

1) बीमित पन्छीलाई पूर्ण स्वस्थ र निरोगी राख्न पन्छी धनीले हर सम्भव प्रयास गर्नु पर्नेछ।

2) बीमित पन्छीलाई नियमित रूपमा रोग रोकथामको लागि अनिवार्य रुपमा खोप लगाएको हुनु पर्नेछ।

3) बीमित पन्छीले एक अर्कालाई ठुंगी दुर्घटना हुनबाट रोक्नका लागि माक्स वा व्लाइन्डरको प्रयोग गरेको हुनु पर्नेछ।

4) बीमित पन्छीलाई कुनै रोग लागेमा पन्छी धनीले पशुपन्छी चिकित्सक वा सम्बन्धित प्राविधिकबाट तत्काल आफ्नै खर्चमा उचित उपचार गराउनु पर्नेछ।

5) बीमित पन्छीहरू राख्ने खोर स्वच्छ, हावा जान सक्ने हुनु पर्छ, साथै पिउने पानी, दाना, आहारहरूको राम्रो व्यवस्था गरी सन्तुलित आहार दिनु पर्छ।

6) बीमित पन्छीको सम्बन्धमा बीमकले चाहेको समयमा जुनसुकै समयमा पन्छी पालनको परीक्षण वा अनुगमन गर्न सक्नेछ।

7) बीमकले निरीक्षण वा अनुगमन गर्दा बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए

बमोजिमको शर्त अनुसार उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमिकले बीमितलाई सात (७) दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ र यसरी बीमालेख रद्द गर्दा बीमालेख रद्द गर्नुपर्नाको प्रमाण राखी पन्ध्र (१५) दिनभित्र बीमा समितिमा जानकारी गराउनुपर्ने छ।

8) व्यावसायिक रुपमा पालन गरिएका पन्छीको सम्बन्धमा कुल दावी रकमको समूहको ५% अधिक (Excess)

9) बीमित पन्छी बिक्री गरी स्वामित्व हस्तान्तरण गरेको सम्बन्धमा बीमकको लिखित स्वीकृत लिई बीमालेख हस्तान्तरण गर्न पाइनेछ।

10) बीमित पन्छी खरीद गरेर, बिक्री गरेर, मरेर, थप उत्पादन भएर सुरुमा तोकिएको सङ्ख्याको १०% भन्दा बढीको तलमाथि भएको रहेछ भने तत्कालै पन्छी धनीले बीमकलाई खबर गर्नु पर्नेछ।

11) बीमित पन्छी मरेमा सोको दुई (२) दिनभित्र लिखित जानकारी स्वयम् वा बैङ्क वा सदस्य संस्था मार्फत बीमकलाई जानकारी दिनु पर्नेछ।

12) बीमित पन्छी मरेको जानकारी प्राप्त भएको अड्चालिस (४८) घण्टाभित्र बीमकले मृत पन्छीको निरिक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म पन्छी धनीले मृतपन्छी सुरक्षित राख्नु पर्नेछ, बीमकले सो अवधिभित्र मृत पन्छीको सम्बन्धमा आवश्यक प्रक्रिया पुरा गरी सिधै वा बैङ्क वा सदस्य संस्था मार्फत पन्छी धनीलाई जानकारी दिनु पर्नेछ।

13) यस बीमालेख अन्तर्गत बीमित पन्छी मरेको कारणबाट बीमितलाई अन्य प्रकारको समेत क्षति हुने भएमा सो को दावी गर्न पाइने छैन।

14) बीमित पन्छी राख्ने स्थानको सम्बन्धमा पन्छी धनीले मूलभूत विवरण दिँदा झुट्ठा विवरण दिएमा वा जोखिम मूल्याङ्कन गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्ठा कुरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै गल्तीबाट हुने दावी प्रति बीमक उत्तरदायी हुने छैन।

15) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ। 16) पन्छीको बीमा गर्दा बीमितले प्रस्ताव फारामसँग प्राविधिकको प्रमाणपत्र अनिवार्य रुपले संलग्न गर्नुपर्नेछ भने नविकरणको हकमा सो प्रावधान लागू हुने छैन।

परिच्छेद -५

# दावी

## 6. दावी सम्बन्धी व्यवस्था:-

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमित पन्छी मरेमा सोको सात (७) दिनभित्र वा सो अवधि भित्र सम्भव नभएमा सोको कारण सहित सम्भव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ।

१) सक्कल बीमालेख

२) पूर्ण रुपले भरिएको दावी फाराम,

३) बीमित पन्छी मरेको प्रमाण–पत्र,

४) गा.पा. वा न.पा.वा वडा वा कम्तिमा सबभन्दा नजिकको छिमेकीको सर्जमिन मुचुल्का

५) बीमितले पन्छी पालेको सम्बन्धी अध्यावधिक अभिलेखको प्रति

२) बीमा अवधिभित्र जुन समय (हप्ता) मा दावी पर्छ सोहि समय (हप्ता) अनुसारको अनुसूची-१ मा उल्लेखित निर्धारित गुणांकको आधारमा प्रस्तावकले बीमाङ्क गणना गर्दा प्रस्ताव फारम साथ पन्छी बीमा बीमाङ्क निर्धारण फारममा उपलब्ध गराएको र बीमालेखमा उल्लेख भएको चल्लाको मूल्य र दानाको मूल्यलाई आधार मानेर दावी रकम मूल्याङ्कन गरिनेछ।

३) दावी भुक्तानी रकम निम्न सुत्र प्रयोग गरी निर्धारण गरिनेछः

प्रति पन्छीको दावी भुक्तानी रु. = दाना खर्च x निर्धारित गुणांक + चल्लाको मूल्य

निर्धारित गुणांकः दावी परेको समय (हप्ता) अनुसारको अनुसूची-१ मा उल्लेखित निर्धारित गुणांक

४) यस बीमालेख अन्तर्गत बैङ्क र सदस्य संस्था र बीमक बीच मतभेद भएमा वा विवाद उत्पन्न भएमा सोको निरूपण बीमा ऐन, २०४९ अनुसार हुनेछ ।

५) यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तानी नदिएमा वा कम दिएमा सोको जानकारी प्राप्त भएको पैंतीस (३५) दिनभित्र बीमितले बीमा समितिमा उजुरी दिन सक्नेछ।

## 7. बीमा शुल्क सम्बन्धी व्यवस्था:

(१) यस बीमालेख अन्तर्गत गरिने पन्छीको बीमा शुल्क निम्नानुसार हुनेछः-

क) पन्छीको बीमा बार्षिक रुपमा गरिएको हकमा प्रति बर्ष बीमाङ्क रकमको पाँच (५)

प्रतिशतका दरले बीमा शुल्क लाग्नेछ।

ख) पन्छीको बीमा प्रति ब्याच (समूह) को रुपमा गरिएको हकमा प्रति ब्याच (समूह) बीमाङ्क रकमको १.२५ प्रतिशतका दरले बीमा शुल्क लाग्नेछ।

(२) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमा शुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ।

४. बीमाङ्क गणना सम्बन्धी व्यवस्थाः (१) यस बीमालेख अन्तर्गत गरिने पन्छीको बीमाङ्क गणना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क. प्रति पन्छीको बीमाङ्क रकम स्थानीय बजारमा प्रचलित चल्लाको खरिद मूल्य र दाना प्रति के. जी.खरिद मूल्यको आधारमा देहायको समिकरणको योगफलको आधारमा कायम गरिनेछः

प्रति पन्छीको बीमाङ्क रु. = दाना खर्च X निर्धारित गुणांक +चल्लाको मूल्य

चल्लाको मूल्यः एक दिनको स्थानीय वास्तविक मूल्य

दाना खर्चः एक दिनको प्रति के. जी. स्थानीय वास्तविक मूल्य

निर्धारित गुणांकः दावी परेको समय (हप्ता) अनुसारको अनुसूची १ मा उल्लेखित निर्धारित गुणांक

ख. बीमितको दुई लाख बराबरको व्यक्तिगत दुर्घटना बीमा हुनेछ र जसको लागि देहाय बमोजिम बीमा शुल्क गणना गरिनेछ।

(अ) रु.०.५० प्रति हजार (बीमा अवधि १ वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधीको लागि)

(आ) रु.०.२५ प्रति हजार (बीमा अवधि १ वर्ष भन्दा कम अवधीको लागि)

## घर पालुवा कालिज बीमालेख
## तालिका

| | | |
|---|---|---|
| घर पालुवा कालिज धनीको नामः | | बीमालेख नंः |
| नागरिकता नंः | | अभिकर्ताको नामः |
| ठेगानाः<br>प्रदेश..............जिल्ला............... | | अभिकर्ताको कोड नंः<br>बीमालेख जारी स्थानः |
| गा.पा/न.पा/उप.म.नगर/मा.नगर पा. ...................... | | बीमालेख जारी मितिः |
| वडा नं. .................. टोलः ................... | | |
| फोन नं. .................................................. | | बीमालेख जारी समयः |
| इमेल...................................................... | | नगदी रसिद नंः |
| | | नगदी रसिद जारी मितिः |
| | | नगदी रसिद जारी समयः |
| जातः खुलाउनु पर्ने | | |
| बीमा प्रारम्भ मितिः<br>बीमा समाप्ति मितिः | | |
| खोर रहेको स्थानः | | |
| प्रदेश..............जिल्ला............... | | |
| गा.पा/न.पा/उप.म.नगर/मा.नगर पा. ....................... | | |
| कित्ता नं | | |
| इच्छाईएको व्यक्तिको नाम थरः | कुल बीमाङ्कः | रु. |
| | कुल बीमा शुल्कः | रु. “क” |
| बीमित र इच्छाईएको ब्यक्तिको बीचको नाताः | छुटः“क” को....... %<br>(यदि भएमा) | रु. “ख” |
| इच्छाईएको ब्यक्तिको पिताको नामः<br>इच्छाईएको व्यक्तिको माताको नामः | (क–ख) छुट पछिको<br>बीमा शुल्कः | रु. “ग” |
| सम्पर्क नं. मोबाइल..............<br>फोन नं. | ( ग ) जम्मा | रु. “घ” |
| समूह/संस्था/समिति/ऋण दिने बैङ्क तथा वित्तीय | टिकट दस्तुरः | रु. “ङ” |
| संस्थाको नामः | | |
| ठेगानाः | | |
| फोन नं. | | |

**बीमालेख स्वीकार गर्ने अधिकार प्राप्त व्यक्तिको**

हस्ताक्षरः

नामः

पदः

मितिः

**....................इन्स्योरेन्स कम्पनी लि.**

केन्द्रीय कार्यालयः ..........................................................................................

फोन नं. ................., फ्याक्स नं. ..................., इमेल.....................................

## कालिज बीमा — बीमाङ्क रकम निर्धारण फाराम

बीमाका प्रस्तावक पन्छी धनी श्री/श्रीमती/सुश्री ........................................ द्वारा बीमाको लागि प्रस्तावित निम्न विवरण भएको पन्छीको मूल्य, उमेर, स्वास्थ्य स्थिति, उत्पादकत्व, बजारमा चलेको मूल्यको आधारमा तल उल्लेख भए अनुसार रहेको छ । उक्त मूल्य हामीले जाने बुझेसम्म प्रस्तावित पन्छीको उचित मूल्य भएको व्यहोरा प्रमाणित गर्दछौँ ।

| | |
|---|---|
| पन्छी धनीको नाम | |
| ठेगाना | प्रदेशः...................जिल्ला................ ग.पा/न.पा./उप.म.न.पा/म.न.पा.................... वडा........फोन नं..– आवास................ मोबाइल ................ |
| पिताको नाम | |
| बाजेको नाम | |
| पति/पत्नीको नाम | |
| प्रस्तावित पन्छीको किसिम | |
| जात | |
| उमेर | |
| समूह ब्याच | |
| कुल संख्या | |
| खरिद गरेको भए मिति | |
| *एक दिने चल्लाको मूल्य* | |
| *प्रति के जी दाना मूल्य* | |
| कुल बीमाङ्क रकम | |

